CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आध्यात्मिक ~ चिन्तनादि निबन्ध ~ संग्रह

आ.६२

ॐ

लेखक
प्रा. रामचन्द्र पौडेल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वाल्मीकि विद्यापीठको पुस्तकालयका निमित्त सहर्ष उपहार रामचन्द्र पौडेल

ब.शा
628

आध्यात्मिक-चिन्तनादि निबन्ध-संग्रह

लेखक
प्रा. रामचन्द्र पौडेल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रकाशक

प्रा. डा. माधव वराल
भ. पु. लोकन्थली

संस्करण:
प्रथम १००१ प्रति २०५५ असार २१ गते
द्वितीय ५०१ प्रति २०५६ श्रावण ८ गते
तृतीय ५०१ प्रति २०६१ साल शुभ दीपावली

सर्वाधिकार

लेखकाधीन

मुद्रक:

डेल्टा अफसेट प्रेस
थापाथली फोन: ४२४०२९९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मेरा परम पूज्य स्वर्गीय पिता पं. पुरुषोत्तम पौडेलज्यू तथा समादररााीया माता पूर्ण कुमारी देवीज्यूका चरणारविन्दमा यो ग्रन्थ पुष्प सभक्ति तथा सादर समर्पण गर्दछु ।

पादधूलि रामचन्द्र पौडेल
२०५५ वैशाख शुक्ल पूर्णिमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF
छ.श्री 625

नम्र निवेदन

समादरणीय बन्धुवर्ग, मेरो जीवनको दौडानमा विक्रम सम्वत २००८ सालदेखि २०३६ सालसम्ममा वाल्मीकि संस्कृत महाविद्यालय मुखपत्रिका मर्यादामा अनुसन्धानात्मक "आदर्श जीवन", "मानव कर्तव्य", "धार्मिक पक्षहरूको वैज्ञानिकता" आदि १४ निबन्धहरू प्रकाशित छन् । त्यस्तै त्रिभुवन विश्व विद्यालयको आचार्य विभागको सुरभि र हैमवती संस्कृत मुखपत्रिकामा "संस्कृत व्याकरणस्य वैशिष्ट्यम्" "आर्य संस्कृति" "शान्तिमीमांसा" आदि निबन्धहरू प्रकाशित छन् । २०३७ सालमा "संस्कृत व्याकरण तथा वैयाकरण परिचय" नामको मौलिक ऐतिहासिक ग्रन्थ त्रि.वि.वि. पाठ्यक्रम विकास केन्द्रबाट प्रकाशित छ । त्यसपछि "आध्यात्मिक चिन्तन", "श्राद्धविवेचन", "आशौच निर्णय", "वर्तमान समय र धर्म एक विवेचना" आदि ठूला मझौला निवन्धहरू लेखेर त्यसै रहेका थिए ।

त्यस्तै मैले अध्ययन प्राध्यापन गरेका व्याकरण र साहित्य विषयमा शास्त्रीय प्राचीन परम्पराको प्राध्यापन प्रणालीलाई सुरक्षित राख्ने उद्देश्यले लेखेका धेरै शास्त्रीय निबन्ध र लेखहरू पनि त्यसै रहेका छन् । साधारण जनतालाई उपयोगि हुने निबन्ध जति आफैले छापेर धार्मिक जनता जनार्दनमा निःशुल्क वितरण गर्ने आन्तरिक इच्छा थियो । आर्थिक समस्याबाट आजसम्म त्यसै रहेकोमा अब आफ्नो जीवन ८३ बर्षमा प्रवेश गरिसकेकोले जति निबन्ध प्रकाश गर्न सकिन्छ, त्यति मात्र प्रकाशगरी धर्म प्रेमी बन्धुवर्गमा कृष्णार्पण गर्न लागेको छु । यसबाट केहि व्यावहारिक क्षेत्रमा र धेरै जसो धार्मिक र पारमार्थिक चिन्तनमा सहयोग हुनेनै छ भन्ने विश्वास लिएकोछु ।

सम्मान्य धार्मिक बन्धुवर्ग सदाचार, सन्मार्ग, सत्कर्म सत्यनिष्ठा, सद्भावना सद्विचार, सत्सङ्कल्प, सद्विनय, समभाव, परोपकार, निष्ठा, सदाप्रसन्न चित्त आदि मानवका अमूल्य अलङ्कारहरूले सुशोभित भई यस लोकमा सवैको आदर सम्मानको पात्र बनि आफ्नो अमूल्य मनुष्य जीवन सफलपारी परलोकका निमित्तपनि पुण्यकर्म कमाउनु हामी मानव मात्रको परम कर्तव्य हो । यसलाई हामी कहिल्यै नभुलौं । धनमाद, मानमाद, यौवनमाद आदिमा कहिल्यै नफसौं । सकल प्राणी वर्गमा समभाव राखी आफू भन्दा तलका दीन दुःखी दरिद्र आदिमा विशेष आदरका साथ आफूले सकेसम्म सहयोग गर्ने कसैको पनि खराव नचिताउने अभ्यास बढाऔं । भ्रष्टाचारको कमाईलाई दुर्गन्ध द्रव्य संझी पसिनाको आर्जनलाई मात्र अपनाऔं । त्यसैमा सन्तोष लिऔं । भ्रष्टाचारीले जति सुकै सुखशयल गरेको भएपनि त्यसको सुखमय जीवनलाई तुच्छ संझी निजलाई आदर सम्मानको दृष्टिले नहेरौ । पशु समानभएर वाच्नुको त कुनै अर्थ छैन । हेर्नुहोस् अहिले भ्रष्टाचार, दुराचार, चेली वेटी बेच बिखन, लागू पदार्थ सेवन, मद्य पान, तास जूवा आदिले हाम्रो पुण्यभूमि देश दुर्गन्धग्रस्त हुन लागेको छ । यी सबै दुर्व्यसनहरू आफ्नो धर्म मर्यादा सदाचार, संस्कृति आदिलाई वास्ता नगर्नाले भएको हो । आफ्नी समादरणीया जन्मभूमि नेपाल आमालाई कलङ्कित हुनबाट जोगाऔं । नेपालको गौरवलाई सुरक्षित राखौं । यो हाम्रो परम कर्तव्यका साथै महायज्ञ पनि हो । यसबाट हामी सबै दीक्षित बनौं । त्यसका निमित्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लेखपढ गर्न सक्ने स्त्री पुरुष दुवैले यस निवन्ध संग्रहका विषयहरूको राम्रो अध्ययन चिन्तन मनन् गर्नुहोस् । अक्षर नजान्नेले पनि आफ्ना घरका आफन्तद्वारा श्रवणगरी फायदा उठाउनुहोस् । आफ्नो अमूल्य मानवजीवन सफल पार्नुहोस् । यहि मेरो बान्धवहरूमा कर जोडी निवेदन छ ।

अन्त्यमा मेरो आयुष्मान प्रियपुत्र प्राविधिक प्रमुख सेनानी मोहन राज पौडेलले कम्प्युटर गराई सहयोग गरेकोले निज सुपुत्र धन्यवादका पात्र छन् । त्यस्तै तृतीय संस्करण प्रकाशन गर्न सहयोग गर्ने जामाता डा. श्री माधव वरालज्यू, तृतीय संस्करणमा कम्प्यूटरमा शुद्धा शुद्धि मिलाइ कम्प्यूटर प्रति समेत निकालि सहयोग गर्ने प्रियच्छात्र श्री मधुसूदन सुवेदीलाई र डेल्टा अपसेट पेशका कार्यकर्ताहरूमा पनि हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

विनीत
लेखक तथा प्रकाशक
रामचन्द्र पौडेल
ल.पु.ई. सानेपा–२

यसग्रन्थमा प्रतिपादित विषयहरूमा सदा प्रेम राख्नुनै यसको अमूल्य मूल्य हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विषय सूची

१.	अथ आध्यात्मिक चिन्तन प्रारम्भ	१
२.	आत्मसन्तोष	२८
३.	सदाचार	३३
४.	संयमी जीवन	४१
५.	अध्यात्मवाद निराशवाद होइन	४६
६.	धार्मिक पक्षहरुको बैज्ञानिकता	५२
७.	अथ आशौचनिर्णय	६२
८.	मानव कर्तब्य	७९
९.	अथ श्राद्ध बिवेचनम्	८९
१०.	आधुनिक समय र धर्म एक बिवेचना	१०५
११.	आदर्श जीवन	११९
१२.	संस्कृति	१२७
१३.	उपासना समीक्षा	१३४
१४.	संस्कारको महत्त्व	१४२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथ आध्यात्मिकचिन्तनप्रारम्भ:

आध्यात्मिक चिन्तनको प्रथमसोपान (पहिलो खुट्किलो)

१. हामी स्थावर कीट पतङ्ग पशु पंक्षी आदि तिर्यग् योनिका ८४ लाख योनिमा चक्कर लगाउंदा अतिदु:खदायी जीवनलाई पारगरी अहिले सर्वज्ञानसंम्पन्न कर्तव्य अकर्तव्य निर्धारणगर्न समर्थ विवेकयुक्त मनुष्ययोनिमा आएकाछौं । यो शुभअवसर हामीलाई परमदयालु परमपिता परमेश्वरवाट धेरै दु:खको अनुभव गरिसकेकोछ, चेती सकेकोछ । अव विषयवासनामा भुल्नेछैन, चौराशीको चक्करमा नपरोस्, कल्याणकारीकार्यमा लागोस् भनि एक ठूलोअवसर दिनुभएकोछ । यसलाई हामीले एकपलापनि व्यर्थमा नगुमाई असल कार्यमा लगाउनपर्दछ ।

२. हेर्नुहोस यो छोटो जीवनमापनि बाल्यकालमा यस्तोविवेक नआउने हुनाले समय व्यर्थमानै गयो । युवावस्थामा जोस् ज्यादैवढी होस्तर्फलाग्न उकालो परेपनि सावधान होऔं सत्कर्ममालागौं । सत्कर्मको आशय खालि भजन्कीर्तन पूजनआदिमा मात्र लाग्नु भनेकोहोइन । हामीले असल कार्यगर्न पहिले शरीरलाई स्वस्थ राखनु पर्दछ । भनेकोछ, "धर्माऽर्थकाममोक्षाणामारोग्यं मूलमुत्तमम्" धर्म र धन कमाउन, भोगविलास गर्न, मोक्षप्राप्त गर्न आरोग्य मुख्यसाधन छ । शरीर स्वस्थछैनभने यी वताएका कुनैकुरापनि प्राप्तगर्न सक्तैनौं । त्यसैले शरीर स्वस्थ सवल दीर्घायु आरोग्ययुक्त वनाउनु पनि सत्कर्मभित्र पर्दछ । त्यसका निमित्त अर्थको आवश्यकहुनाले अर्थोपार्जन पनि असल काम हो । तर पसिनाको कमाइलाई मात्र हामीले अपनाउनु पर्दछ । छलकपट र अनैतिकक्रियाकलापबाट अर्थोपार्जन गर्न हुदैन ।

३. छान्दोग्योपनिषदमा उल्लेख छ ,"आहारशुद्धौं सत्वशुद्धि: सत्वशुद्धौ ध्रुवा स्मृति: स्मृतिलम्भे सर्वग्रन्थीनां विप्रमोक्ष:" "अन्नमयं हि सौम्य मन:" "आहार शुद्ध नभई मनशुद्ध हुदैन, मंनशुद्धनभई परमेश्वरतर्फ स्थिरचित्त हुदैन, सदाहृदयमा सद्भावना सत्संकल्प भएपछि परमात्मा परमेश्वरको सदास्मरण भईरहन्छ, । त्यसो भएपछि विषयवासनाका गांठाहरू फुक्दैजान्छन् । खाएका वस्तुहरूबाट मन वन्दछ अर्थात जस्तो अन्नखायो त्यस्तै मन वन्दछ । त्यसैले खानेकुरा सात्विक पदार्थहरू हुनुपर्दछ । रजोगुण र तमोगुणलाई बढाउने राजस् र तामसवस्तु खान हुदैन । माछा मासु मदिरा लशुन प्याज छ्यापी आदिको सेवन गर्न हुदैन, सात्विक आहारावाट चित्तप्रसन्न सुखशान्ति विनय क्षमा धैर्य दया सद्भावना सद्विचार सत्संकल्प आदि दैवीगुणहरू प्राप्तभई निरोगी दीर्घायु वलवान् भई आनन्दमय जीवन वन्न सक्दछ । राजस् आहाराबाट अहंकार, राग, द्वेष, दु:ख, शोक, रोग, विषयवासना, अप्रसाद ममता आदि दुर्गुणहरूले घेरी दु:खमयजीवन बन्दछ । तामस आहाराबाट त आलस्य प्रमाद अतिनिद्रा, क्रोध अविनय, अधैर्य, अनारोग्य अनायुष्य आदिले व्याप्त गरी जीवननै नि:सार, निरर्थक वोझ वन्दछ । यसको उपदेश गीताको १७ अध्यायको ८,९,१० श्लोकले तल दिएकोछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४. "आयु:सत्वबलारोग्य सुखप्रीतिविवर्धना: । रस्या:स्निग्धा:स्थिराहृद्याआहारा:सात्विक प्रिया:" ॥ आयु सात्विकवृत्ति बल आरोग्य सुख प्रेम शान्तिलाई बढाउने रसिला चिल्ला धेरै समयसम्म नविग्रने मनलाई आनन्ददिने, रुचिवढाउने, सत्वगुणीलाई मनपर्ने आहार हुन् । अर्थात् सत्वगुणचाहनेले यस्तो आहारागर्नुपर्दछ । "कट्वम्ललवणात्युष्णतीक्ष्णरुक्षविदा हिन: । आहाराराजसस्येष्टा दु:खशोकामयप्रदा:" ॥ ज्यादैपीरो, ज्यादैअमिलो, ज्यादैनुनिलो, ज्यादैतातो, रुखो उत्तेजना गर्ने, पोल्ने, दु:खशोक, रोगवढाउने, खानेकुरा रजोगुणीलाई मनपर्दछ । "यातयामं गतरसं पूतिपर्युषितं च यत् । "उच्छिष्टमपि चाऽमेध्यं भोजनं तामसप्रियम्" खानेसमयवितेको, सडेको गलेको वासी रसनभएको, गन्हाउने, जुठो अपवित्र खानेकुरा तमोगुणीलाईमनपर्दछ । अव हामीपनि सत्वगुणी आहाराहरूलाई सेवनगरी आनन्दमयजीवन विताऔं । आर्युवेदको यो अमूल्य उपदेशलाईपनि कार्यरूपमापरिणतगरौं । "नित्यं हिताऽऽहारविहारसेवी समीक्ष्यकारी विषयेष्वसक्त: । दाता सम: सत्यपर: क्षमावान् आप्तोपसेवी च भवत्यरोग: ॥ सधै फायदा हुने कुरामात्र खाने ठीक ठीक समयमा घुमफिर तथा कार्य सम्पादनगर्ने, विचारगरेर हितहुने देखेमात्र काम सुरुगर्ने, भोग विलासमा आसक्तनहुने, दानी, सवैमासमभावराख्ने, सांचोवोल्ने, सहनशील हितचाहने, आफन्तको संगतगर्नेलाई रोग लाग्दैन । अर्को कुरा आहारशुद्धहुन खानेचीजमात्र शुद्धभएर पुग्दैन, खानेवस्तुकिन्ने द्रव्यपनि शुद्धहुनपर्दछ । छलकपट, भ्रष्टाचारबाट कमाएको द्रव्य हुनहुन्न । जस्तै एकदृष्टान्त अदालतका न्यायाधीशले जित्ने वादी वा प्रतिवादीलाई नहराई घुसखान पाउदैन अर्थात हार्ने मानिस्मात्र घुसदिन तम्सन्छ । त्यसरी जित्नेलाई हराई दिएपछि हार्ने मानिसको अन्तरात्माले त्यसलाई कति सरापदछ, होला । त्यो कुरा हामीहरूले जानेवुझेका छौं । त्यसमापनि घरजग्गाजस्तो चिरस्थायी वस्तुमाहराई दिएकोछ भने त त्यस्ताका पुस्तापुस्ताले सराप्छन् । त्यस्तो तुच्छ दुर्गन्ध, हेयद्रव्य भोगगर्नेको कसरी चित्तशुद्ध होला । यहांहरू आफैं विचार गर्नुहोस् ।

५. अहिले झट्टहेर्दा त्यसले र त्यसका परिवारले गरेको रैरवाफ देखेर आपातत: त्यस्तै कामगर्न हौसला मिल्ला, तर अन्त्यमा त्यसको भविष्य उज्वल हुदै हुदैन । त्यहीमानिस वृद्ध भएपछि पहिले आफूलेगरेको करतूत् संझी आफैंलाई भित्रभित्रै मनले धिक्कारगर्दछ । भित्रशुद्ध नभएकोले अरुलाई आफ्नो कुकृत्य भन्न हिचकिचाउंदछ, भित्रभित्रै भुसको आगाको रापले पिल्सिएर ज़स्तै छट्पटाई रहन्छ । कोही कोही त सहन नसकेर महात्माहरूका पाउपरी प्रायश्चित्ततर्फ लागेर सत्कर्ममा प्रवृत्तपनि हुन्छन् । यस्ता १,२ उदाहरण मैले देखेसुनेको छु ।

६. त्यसरी कमाएको संपत्तिपनि स्थिर हुदैन । कोही आफै मदिराआदिको सेवनगरी शरीरको साथै कमाएको दुर्गन्धद्रव्य सिध्याएर विदा हुन्छन् , कसैका सन्तानले विलासमा समाप्त गर्दिन्छन्, शास्त्रकारले भनेकापनिछन् "अन्यायोपार्जितद्रव्यं दशवर्षाणि तिष्ठति । प्राप्तेतु षोडशे वर्षे समूलंच विनश्यति" ॥ अन्यायले कमाएको धन दशवर्षसम्म रहन्छ । त्यसपछि सोह्र वर्षसम्म पुग्दा त अरुसमेत नासहुन्छ । मनुस्मृतिमाभनेको छ, "नाऽधर्मश्चरितोलोके सद्य:फलति गौरिव । शनैरावर्तमानस्तु कर्तुर्मूलानि कृन्तति" ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पालेको गाईवाट दूधपाएजस्तो अधर्मको परिणाम चांडैनै देखिदैन, अर्थात समय लाग्दछ, वारंवार अधर्म गर्नेको त जरोनै काटिन्छ । अर्थात् पछित्यसको सत्यनास हुनेछ ।

७. हामी अर्कोतर्फ दृष्टिदिऊं, हामीमध्येका कसैकसैले आजसम्मकोजीवन सुखसयल मोजमज्जामानै विताएका छन् । कसैले सदाचार संयमकोसीमामा रही नियमपूर्वक सदुपयोग गरेकाछन् । पहिलाकाले इन्द्रियसंयम नगरी भोग विलासमा मस्त भई मदिरादिको सेवनगरी जिभ्राको स्वादमा फसी सुगर कलेजो, मुटु आदिका कडा रोगको शिकारभई पैसा भएपनि केही खाननपाई जीर्ण शरीरलाई औषधीको बलले जिनतिन धानेर, दु:खमयजीवन विताउनथाले । कोहीले अकालमै जीवनयात्रा समाप्तगरे । दोस्रोले संयममा रही थोरैलेनै विहान वेलुका गुजारी सन्तुष्ट, स्वस्थ भई आनन्दमयजीवन विताउन लागेकाछन् । अव पछिपनि संयमी सदाचारीको जीवन शान्तिमयनै हुनेछ । शङ्का छैन । शास्त्रलेभनेकोपनिछ । "अकृत्वा परसन्तापमगत्वा खलमन्दिरम् । अनुत्सृज्य सतांवर्त्म यत्स्वल्पमपि तद् बहु" ॥ अरुहरूलाई दु:खसन्ताप नदिई दुष्टजनको कुसङ्गतमा नपरी सन्मार्गलाई नछोडी जो कमाइन्छ । त्यो थोरैभएपनि धेरै सम्झन पर्दछ । "वृत्तंयत्नेनसंरक्षेत् वित्तमायातियातिच । अक्षीणोवित्तत:क्षीणो वृत्ततस्तुहतोहत:" ॥ आफ्नो सदाचार मर्यादालाई सावधानीसाथ वचाओस्, धन त आउंदछ जान्छ । धनबाट क्षीण भएको क्षीणभएको होइन सदाचारवाट क्षीणभयो भने त खतम् भई हाल्यो अर्थात् धनभनेको संधैरहनेपनि होइन फेरी कमाउन नसकिने पनि होइन । संयम सदाचार त एकपटक उल्लंघनभएपछि फेरि त्यसलाई अपनाउन गाह्रो पर्दछ ।

८. छलकपटले कमाएको धनले व्यवहारचलाउने मानिस सजिलैसित प्रशस्त आएको धन मनमोजी काममा लगाउंदछ । भोगविलासमा आसक्तहुन्छ । अनि रोगलाई निम्त्याउंछ । अन्त्यमा जीर्ण शीर्ण अवस्थाभई सुखपाउँदैन । मरणपनिअसल हुँदैन अर्थात् विषयवासनातिर नै मनजान्छ । भगवान्को स्मरणतर्फ जादैन अन्त्य सप्रदैन । यमराजको अतिथि भइसकेपछि पनि छिमेकीहरूले अन्तरात्माले समवेदनां गर्दैनन् । आपस आपसमा त त्यस्ताको के सद्गति हुन्थ्यो भनि हेयदृष्टि राख्तछन् ।

९. अव माथिका विषयहरूलाई हृदयङ्गमगरी अरुको डाहरिस रागं नगरी आफ्नो आर्जनमा सन्तोष लिई संयमीजीवन विताउन अग्रसर होऔं । भनेको पनि छ "सर्वाएवा पदस्तस्य यस्य तुष्टं न मानसम् । सर्वा: संपत्तयस्तस्य यस्य तुष्टं न मानसम्" ॥ जसको मन संतुष्ट छैन त्यसलाई धेरै दु:ख आइ पर्दछ । जसको मन सन्तुष्ट छ त्यसलाई सवै सुखप्राप्ति हुन्छ । लोकोक्तिपनि छ, "असन्तोषी सदा दु:खीं" ।

१०. हामीले आजसम्म पछिलाई सामल जुटाउन नलागी स्वार्थी भएर कर्तव्यको विचार नगरी मनोमानीभई इन्द्रियहरूको वशमा परी सदाचारतर्फ नलागेको भए पनि अव हामी सदाचारीभई आजसम्म विचारनगरी गरेको दुष्कर्मत्यागी पश्चात्तापगरी सुकर्ममा लागौं । परमदयालु परमेश्वरसित माफीमागौं, भगवान् अवश्य क्षमागर्नु हुनेछ । भगवान्ले गीतामाभनेकोपनिछ "अपिचेत्सुदुराचारो भजते मामनन्यभाक् । साधुरेवस मन्तव्य:सम्यग् व्यवसितो हि स:" ॥ क्षिप्रं भवति धर्मात्मा शश्वत् शान्तिं निगच्छति । कौन्तेय प्रतिजानीहि न मे भक्त: प्रणश्यति" ॥ ज्यादै दुराचारी भएपनि अनन्यभावले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मलाई भजनगर्न थाल्योभने त्यो राम्रोकुरामा लागेकोले साधुनै मान्नुपर्दछ । त्यसले राम्रो विचारगरेकोले त्यो चांडै धर्मात्मा हुन्छ, संधै शान्तिपाउंछ । हे अर्जुन तिमी निश्चयगर कि मेरोभक्त कहिल्यैपनि विग्रदैन ॥

प्रथमसोपानको उपसंहार

११. चौरासीको चक्करवाट पार पाउने सन्दर्भमा चित्तशुद्ध नभई परमेश्वरतर्फ निश्चल मननहुने हामीले थाहापायौं, त्यसका निमित्त सात्विक आहार लिनुपर्ने त्यसवाट स्वस्थ सवल दीर्घायुष्यपाई भगवान्तर्फ उन्मुखभई जीवन यापनगर्न पाउने कुरा पनि वुझ्यौं । अव मात्र अध्यात्मतर्फ लागेपनि कल्याणहुनेपनि थाहा पायौं । अव हामी यसैतर्फ लागौं । आफ्नो अमूल्यजीवन सफलपारौं ।

अथ द्वितीयसोपान (अव दोस्रो खुट्किलो)

१२. वेदान्त विषयमा प्रवेश गर्न "साधन चतुष्टय" अर्थात ४ साधनको आश्रय लिनु पर्दछ, ती यी हुन्, १."नित्याऽनित्यवस्तुविवेक:" नित्यवस्तु र अनित्यवस्तु छुट्याउनु । २."इहाऽमुत्रचफलभोगविराग:" यसलोकमा र परलोकमापनि सुखभोगको लालसानगर्नु । ३."शमदमादिषट्कसंपत्ति:" शम दम उपरति, तितिक्षा समाधान श्रद्धा यी छसंपत्ति जम्मा गर्नु । ४."मुमुक्षुत्वम्" मोक्षको इच्छागर्नु । अव पहिलो साधनको व्याख्या १ नित्यवस्तु कुनकुन हुन्, अनित्यवस्तु कुन कुन हुन् यसमा पहिले अनित्यवस्तु धेरैहुनाले त्यसतर्फ जाऔं, चौरासीलाख योनिभित्रपर्ने वृक्षवनस्पति लहरा तिर्यग्योनिका सचेतनकीरा पुतली पशु पंक्षीआदि र विवेकयुक्त मनुष्यआदि केही समयमात्र रहने अस्थिर अनित्य छन् । १४ मनुको पालो वितिसकेपछि व्रह्माजीको एकदिन हुन्छ, त्यो एकदिन वितेपछि प्रलय हुन्छ । यसलाई नैमित्तिकप्रलय भन्दछन् । यो खण्डप्रलय हो । यसमा सवैवस्तु नष्ट हुन्छन् । खाली पृथ्वी जल तेज वायु आकाशमात्र रहन्छन् । यस्ता व्रह्माको आयु समाप्त भएपछि हुने प्राकृतप्रलय (महाप्रलय) हो यसवखत पृथ्वीआदि पनि रहदैनन् । खाली सत्चित् आनन्दस्वरूप परव्रह्ममात्र रहनु हुन्छ, यसवाट हामीले के थाहपायौं भने केही वस्तु चांडै नाशहुने केही धेरै समयसम्मरहने चिरस्थायी खास नित्यवस्तु त परव्रह्म मात्र रहेछ भन्ने अव हामी विचार गरौं । व्यवहारमापनि धेरै नखप्ने नक्कली वस्तु कसैलेपनि चाहदैन । आफ्नो शरीर स्त्री पति पुत्र बन्धुवर्गादि धन संपत्ति सबै संधैरहदैनन्, देहान्त भएपछि कुनै वस्तुपनि लिएर जान पाइदैन, कुनै वस्तु त आफू भन्दा अगाडिनै वित्दछन्, कसैको स्त्री कसैको पति कसैको पुत्र कसैको धन संपत्तिआदि अगाडिनै वितेको देखिएकैछ । भूत भविष्य वर्तमान तीनै कालमा रहने सच्चिदानन्द परमात्मा परव्रम्ह मात्रछ भनि वुझी वांहामा आस्था राखौं जो कहिल्यै मर्दैन जन्मदैन वूढो हुदैन अनादि अनन्त छ ।

१३. सत्य त्रेताआदि युगहरूको परिमाण र प्रलयका वारेमा केहि जानकारी गरि राखौं । हाम्रो एकमहिनाको पितृहरूको एक अहोरात्र हुन्छ, हाम्रो एकवर्षको देवताहरूको एक अहोरात्र हुन्छ । हाम्रो सत्ययुग १७२८००० सत्रलाख अट्ठाइसहजार वर्ष, त्रेतायुग १२९६००० वाह्रलाख छयान्नव्वेहजार वर्ष, द्वापरयुग ८६४००० आठलाख चौसठ्ठीहजार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वर्षहुन्छ, कलियुग ४३२००० चारलाख वत्तीसहजार वर्षको हुन्छ । सवै चारयुगको वर्ष जोड्दा ४३२०००० त्रिचालीसलाख वीसहजार वर्ष हुन्छ । यसैलाई महायुग अथवा दिव्ययुग भन्दछन् । यस्ता दिव्य युग ७१ एक मनुको पालो हुन्छ, यस्ता दिव्ययुग २ हजार वितेपछि ब्रह्माजीको एक अहोरात्र हुन्छ, त्यसमा १४ मनुको पालो पुगि सक्छ । दिव्ययुग एकहजार ब्रह्माजीको १ दिन मात्र हुन्छ । त्यसमा हाम्रो ४३२००००००० (चारअर्व वत्तीसकरोड) वर्ष विति सक्छ, ब्रह्माजीको रातपनि चारअर्व वत्तीसकरोड वर्ष नै हुन्छ । ब्रह्माजीको रात दिन अर्थात् अहो रात्रलाई कल्प भन्दछन् । पितृको यो भन्दा थोरै वर्ष हुन्छ, देवताको त त्यस भन्दा पनि थोरै वर्ष हुन्छ । ब्रह्माजीको दिनभरि सृष्टिक्रम चल्दछ । रात परेपछि प्रलय भएर सवै विलीन हुन्छन् । यसरी खण्डप्रलय र सृष्टि प्रतिअहोरात्र ब्रह्माजीको आयु रहेसम्म चलि रहन्छ । ब्रह्माजीको आयु समाप्त भएपछि त पृथिवी जल तेज वायु आकाश ब्रह्माजी सबै परब्रह्ममा विलीन हुन्छन्, संसार शून्य हुन्छ परब्रह्ममात्र रहनु हुन्छ, यसैलाई महाप्रलय अथवा प्राकृतप्रलय भन्दछन् । यसरी ब्रह्ममात्र संधै रहन्छ ।

१४. दोस्रो साधनको व्याख्या यस लोकको सुखभोग संधै नरहने कुरा त हामीलाई थाहा नै छ, अहिले पुण्यगरेर परलोकमा पाइने स्वर्गादिको सुखभोगपनि "ते तं भुकत्वा स्वर्गलोकंविशालंक्षीणेपुण्ये मर्त्यलोकंविशन्ति" । ती धर्मात्माहरू पुण्यरहेसम्म विशालस्वर्गलोकको भोगगरी पुण्यसकिएपछि मर्त्यलोकमा प्रवेशगर्दछन् । गीताअनुसार पुण्य सकिएपछि मर्त्यलोकमा खसी चौरांशीको चक्करमा पर्नुपर्ने हुनाले कल्प कल्पान्तरसम्म दु:खको भुमरीमा परी सुखपाइने भएन अत:स्वर्गादिको सुखभोगलाई पनि तुच्छ संझौं, अर्थात् स्वर्गादिको पछि भोगगर्न पाऔं भन्ने इच्छाराखी धर्मकार्यपनि नगरौं । जसवाट आत्यन्तिक दु:खनाश अर्थात् संधै दु:खनाश हुन्छ त्यसतर्फ लागौं । "आत्यन्तिक दु:खध्वंसो मोक्ष:" दु:ख कहिल्यैपनि नहुनु मोक्षहो, यसो भनेकोले मोक्ष कसरी पाइन्छ त्यसतर्फ लागौं । त्यसको निमित्त तेस्रो साधन आवश्यक छ ।

१५. अव तेस्रो साधनको व्याख्या १.शम नित्यवस्तु परब्रह्मकोश्रवण मनन् आदिमामात्र मनलगाउनु अर्थात् मन वशगर्नु शमहो । सुख दु:खआदिको साक्षात्कार यसले गर्दछ । २.दम बहिरिन्द्रियहरूलाई अरु विषयवासनाआदिबाट हटाई भगवान्को श्रवणकीर्तन आदिमामात्र लगाउनु अर्थात बहिरिन्द्रियहरूलाई वशराख्नु दमहो । ५ ज्ञानेन्द्रिय ५ कर्मेन्द्रिय गरी १० बहिरिन्द्रिय अर्थात् वाहिरिया इन्द्रियहुन् । आंखा कान नाक मुख छालामा रहने ५ इन्द्रिय ज्ञानेन्द्रिय हुन् । जिभ्रो हात पाउ गुदद्वार मूत्रद्वारमा रहने ५ इन्द्रिय कर्मेन्द्रिय हुन् । हाम्रो आंखामावस्ने इन्द्रियले छोड्योभने आंखा भएपनि हामी देख्न सक्दैनौं र अन्धोहुन्छौं । त्यस्तै कानमावस्ने इन्द्रियलेछोडे कानभएपनि सुन्न सक्दैनौं अरुपनि यस्तैछन् ।

१६. देख्ने सुन्नेआदि इन्द्रियहरुको मनसित संबन्ध नभइ कुनै कामपनि हुदैन, "आत्मा मनसा संयुज्यते मन इन्द्रियेण इन्द्रियं विषयेण तत: प्रत्यक्षम्" । हेर्ने इच्छाभएपछि आत्मा मनसित जोडिन्छ, मन चक्षुरिन्द्रियकासाथ मिल्दछ । चक्षुरिन्द्रिय विषय घडाआदिकासाथ संवद्धहुन्छ अनि हामी घडा आदिलाई देख्दछौं । यसरी सवैको मिलन एकसेकेण्डनभइ भित्रभित्रै भइसक्छ । मन अर्कोतर्फ गएको वखतमा हामीले देखेका सुनेका कुराहरू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

थाहानभएको हामी सवैलाई अनुभव छदैछ, मनलाई अन्तरिन्द्रिय (भित्रि इन्द्रिय) भन्दछन्, मनभनेको संकल्प विकल्पस्वरूप अन्त:करणको वृत्तिहो । ३. उपरति विषय वासनातर्फ विमुख भइ भगवान्को स्मरण कीर्तनतर्फ संमुख हुनु । ४. तितिक्षा जाडो गर्मी दु:ख आपत्तिमा नआतिई धैर्यवानभई सहनशील हुनु । ५. समाधान, मनलाई वशगरी निद्रा आलस्य प्रमाद त्यागी आफ्ना इष्टदेवको ध्यानगर्नु । ६. श्रद्धा, शास्त्रहरू र गुरुको उपदेशमा विश्वास राख्नुहो । ४ मुमुक्षुत्व मोक्षको इच्छा गर्नुहो । मोक्षको इच्छानभए मोक्षको अधिकारीनै हुन सक्दैन ।

१७. तेस्रो साधनमा मुख्य इन्द्रियहरूलाई दुर्भावनातर्फ जान नदिई सद्भावना सत्सङ्कल्पतर्फ लगाउनु भनेकोछ । हो पनि इन्द्रियहरू ज्यादै वद्मासछन्, मानिसले थाहै नपाउनेगरी आफ्नो विषयतर्फ तानी राखेका हुन्छन् । यी सवै इन्द्रियहरूलाई वश गर्नु सानो कुरा होइन । मृगहरूलाई शिकारी कुकुरको घण्टिको अवाजसुन्न ज्यादै...ज्यादै.. मनपर्दछ । आवाजतर्फ लाग्दछ त्यसैवाट मृत्यु हुन्छ । हात्तीहथिनीको स्पर्श अर्थात् छुन ज्यादै आसक्त हुन्छ त्यही मौका पारी वनकाहात्तीहरू पकडिन्छन् । पुतली वत्तिको ज्वालालाई मनपराउंदा त्यही होमिई जीवन समाप्त गर्दछ । भ्रमरा फूलको रसलिन आसक्तभईरहंदा सूर्यकमल रातमा खुम्ची दु:ख भोग्दछ मृत्युसम्मपनि हुनसक्दछ । माछालाई मासुको गन्ध ज्यादै मनपर्नाले वल्छिको मासु तान्दा वल्छिमापरि ज्यान गुमाउंदछ । यसरी पांच इन्द्रियहरुका रूप रस गन्ध स्पर्श शब्दमध्ये एउटा एउटाको मात्र वशपरेका माथिका मृग, हात्ति, पुतली, भमरा, माछाहरूले जीवन गुमाएभने हामीहरू त मीठो खान, राम्रो लगाउन, मधुरगीत संगीत सुन्न, सुगन्ध सुघ्न, आलिङ्गन गर्न आसक्तछौं अर्थात् चक्षुरिन्द्रिय घ्राणेन्द्रिय रसनेन्द्रिय त्वगिन्द्रिय श्रवणेन्द्रिय अर्थात् आंखा नाक जिभ्रो छाला कानमा रहने पांचै इन्द्रियहरूको वशमा छौं, यिनीहरूले आफू आफूतर्फ तानी रहेकाछन् । त्यसैले वडो सावधानीसाथ तिनीहरूलाई अधीनमा राखौं । मीठो नखाउं राम्रो नलाउं भोगविलास नगरौं राम्रा नहेरौं इत्यादि भनेको होइन आफ्नो गच्छे अनुसारको खान लाउन सुन्न आनन्दलिन सुखभोग्न पर्दछ । तर तिनीहरूमा नै लंपट हुनुहुन्न तटस्थ हुनुपर्दछ, यी अनित्य तुच्छ अनिष्टकारक हुन् भन्ने, धारणा लिन पर्दछ । शास्त्रले भनेको छ, "आपदां कथित: पन्था इन्द्रियाणामसंयम:। तज्जय: संपदां मार्गो येनेष्टं तेन गम्यताम्" ॥ इन्द्रियहरूलाई वशनगर्नु आपत्तिको वाटो लाग्नुहो, इन्द्रियहरूलाई वशमाराख्नु संपत्तिको वाटोहो, जुन मार्ग असल ठान्छौं त्यही वाटो जाऊं । अर्थात सुख चाहान्छौंभने संयमीवन, दु:ख चाहन्छौभने स्वेच्छाचारीवन । रातोदिन कमाएर विहानवेलुकाको छाकटार्नपर्ने हामी साधारणजनता निरन्तर परमेश्वरको स्मरणमा चिन्तनमा कसरि संलग्न हुन सक्छौंभनि शङ्का लिनपर्दैन, आत्तिन पर्दैन, अभ्यास हुनथालेपछि आफना व्यावहारिक कार्यगर्दापनि ईश्वरलाई संझन सकिन्छ । खालि प्रात:कालमा शौच र स्नानादिवाट पवित्रभइ आधाघन्टा एकाग्रमनले भगवान्को अथवा इष्टदेवताको चरणारविन्दको ध्यानगरेर व्यावहारिक कार्यमा संलग्नभए हुन्छ । जुन कामपनि भगवान्को सेवाहो भन्ने सद्भावना लिन पर्दछ । खाना पकाउंदापनि खाने शाशू शशुरा पति पुत्र आदिलाई भगवान्को अंशसंझेर यो कामपनि भगवान्कै सेवाहो भन्ने भावना राखेमा मन प्रसन्नभइ आनन्द प्राप्तहुन्छ । यी मोराहरूको सित्तै संधै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चाकरिगर्न पर्ने, भन्ने दुर्भावना लिएमा राग द्वेप वढी शरीरको स्वास्थ्यलाईपनि हानि गर्दछ । सद्भावना सद्विचार सत्सकल्पवाट लागेका रोगहरूपनि विस्तारै नष्ट हुन्छन् । आफ्नो भावनालाइ वदल्नु परेकोछ । दुर्भावनालाई हटाउन परेको छ ।

द्वितीयसोपानको उपसंहार

१८. माथि भनिएका विषयहरूमा क्रमश: अभ्यास बढाउदै लगेपछि आत्मामा एक अनौठो प्रसन्नताको अनुभूति हुनथाल्दछ । अभ्यास गर्दैगर्दै लैजान पर्दछ, अलिअलि गरेर इन्द्रियहरू समाल्दै रहेमापनि पछि कल्याणनै हुनेछ । यो एकैपटक हुनसक्ने कुरा होइन, किनभने हाम्रो बहिर्मुखीवृत्ति भएकोछ, अन्तर्मुखीवृत्तिहुन त्यत्ति सजिलो छैन, तर हताश हुनुहुदैन, उत्साह र विश्वासकासाथ लागेपछि सिद्ध हुनेनैछ । अभ्यास गर्दै लगेपछि आत्मामा प्रसन्नताको अनुभूति हुनथाल्दछ, अनि आत्मविश्वासपनि वढदै जानेछ । अनि उत्साह धैर्य आत्मसन्तोष, संयम, विवेक आदि गुणहरूपनि पछि लाग्नेछन् ।

अथ तृतीयसोपान (अव तेस्रो सिंढी)

१९. अब वेदान्त विषयक गीता रामगीता आत्मबोध भागवतको एकादशस्कन्ध आदिको संस्कृत नजान्नेले भाषाटीकाको सहारामा अध्ययन गर्दैजाने आफूलाई मनपरेका श्लोकहरू कण्ठस्थगराउने महातमाहरूमा श्रद्धाराख्ने, सज्जनको सङ्गतगर्ने । सवैको आत्मा एकैहोभन्ने भावना जगाउने, अरुको दु:खमा सहानुभूति प्रकटगर्ने, द्वेषभाव कसैमानराख्ने । आफूलाई दु:खदिने मानिसमापनि मेरो दु:खपाउने कर्मनै थियो एउटा निमित्त बन्नपर्ने त्यो निमित्तवन्यो त्यही मैले भोगेंभनि चित्तशान्त पारी दु:खदिनेलाई प्रतिकारको भावना नलिने । त्यसको पनि कल्याणैहोस्भनि चिताउने अभ्यासगर्ने । भनेकोपनिछ । "सुखस्य दु:खस्य न कोऽपिदाता परो ददातीति कुबुद्धिरेषा" सुख दु:ख अरुहरूले दिने होइन अर्काले दिन्छभन्नु कुबुद्धि हो आफूले कमाएको कर्मले दु:ख दिएको हो अरुले होइन । "त्यज दुर्जनसंसर्ग भजसाधुसमागमम् । कुरु पुण्यमहोरात्रं स्मर नित्यमनित्यताम्" ॥ दुर्जनको संगतछोड सज्जनको संगतगर अहोरात्र असल कामगर सवै बस्तु अनित्य छन् भन्ने भावना सधैसधै संझिराख इत्यादि ।

२०. अब सबैमा समभावनाको भावनाबढाउदैजानशास्त्रलेवताएका उपदेशात्मकश्लोकहरू मनन्गरौं । ईशावास्योपनिषद्को २ श्लोक "यस्तु सर्वाणि भूतानि आत्मन्येवाऽनुपश्यति। सर्वभूतेषुचात्मानं ततो न विजुगुप्सते"॥ "यस्मिन्सर्वाणिभूतानि आत्मैवाऽभूद्विजानत: । तत्र क:शोक:कोमोह एकत्वमनुपश्यत:" ॥ जसले सारा प्राणीहरूलाई आफूमानै देख्दछ, सवै प्राणीमापनि आफूलाई देख्दछ, अर्थात् सबै प्रणीहरूमा र आफूमा फरकदेख्दैन त्यो प्रशंसनीय हुन्छ ॥ सारा प्रणीहरूलाई आत्मस्वरूप भनेरजान्ने सवैको आत्माएकहो भनेर जान्नेलाई शोक मोह आपदले छुनसक्दैन । भागवतको एकादश स्कन्धको द्वितीय अध्याय को ४५ श्लोकछ । "सर्वभूतेषुय: पश्येद्भगवद्भावमात्मन: ॥ भूतानिभगवत्यामन्येष भागवतोत्तम":॥ जसले सबै प्रणीहरूलाई भगवानस्वरूप देख्दछ । आत्मस्वरूप भगवान्मापनि सबै प्रणीहरूलाई देख्दछ, त्यो भगवान्को भक्तमध्ये उत्तमभक्त होभनेको छ । भागवत ११ स्कन्ध २

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अध्याय ४१ श्लोकमा "खं वायुमग्निंसलिलं मही च ज्योतीषि सत्वानि दिशो द्रुमादीन् । सरित्समुद्रांश्च हरेः शरीरंयत्किञ्चभूतं प्रणमेदनन्यः"॥ आकाश वायु अग्नि जल पृथ्वी सूर्य चन्द्रादिज्योतिहरू प्राणिहरू दिशा वृक्षलताहरू नदी समुद्रआदि र संसारमा अरु जो जो पदार्थछन् ती सबैलाई भगवान्को स्वरूप संझेर मक्तिपूर्वक नमस्कारगरोस् । यसरी सबै संसारका वस्तुहरूलाई भगवान्स्वरूपसंझनु भनेकोछ । भागवतको ३ स्कन्धको २९ अध्यायको २७,३४ श्लोकमा "अथ मां सर्वभूतेषु भूतात्मानं कृतालयम् । अर्चयेद् दानमानाभ्यां मैत्र्याऽभिन्नेन चक्षुषा"॥ "मनसैतानि भूतानि प्रणमेद् बहु मानयन् । ईश्वरो जीवकलया प्रविष्टो भगवानिति" ॥ सबै प्राणिहरूमा आत्मस्वरूपले रहेको मलाई आफूजस्तै संझी मैत्रीभावले आदरपूर्वक सहायतागरेर मेरो पूजा गरोस्, अर्थात् दीन दुःखीको सेवा गर्नु नै मेरो सेवा गर्नु हो । प्राणिहरूमा जीवांशद्वारा प्रवेशभएको भगवान् ईश्वर नै हो भनेर सबै प्रणिहरूलाई आदरपूर्वक मनले नमस्कारगरोस् । यो महर्षि कपिलदेबले आफ्नी आमा देवहूतिलाई उपदेशगर्नुभएकोहो । "सर्वभूतस्थमात्मानं सर्वभूतानि चात्मनि । ईक्षते योगयुक्तात्मा सर्वत्र समदर्शनः ॥ २९॥" यो मां पश्यति सर्वत्र सर्वं च मयि पश्यति । तस्याऽहं नप्रणश्यामि स च मे न प्रणश्यति" ॥३०॥ सबैमा समभावराख्ने साधक आफूमा सबै प्राणीहरूलाई र सबै प्राणीहरूमा आफूलाई देख्दछ ॥२९॥ जो साधक सबै चराचर वस्तुहरूमा मलाई र ममा सबै चराचर जगतलाई देख्दछ त्यसबाट म प्रसन्न हुन्छु त्योपनि ममा अनुरक्त हुन्छ । यो भगवान्ले गीताको ६ अध्यायको २९, ३० श्लोकले अर्जुनलाई संझाउनु भएकोहो । "येन केनाऽप्युपायेन यस्य कस्याऽपिदेहिनः। सन्तोषंजनयेद् राम एतदीश्वरपूजनम्" "जो कोही प्राणीलाई जो कोही उपायले भएपनि सुखी गराओस् हे राम ईश्वरकोपूजा यही हो । प्राणीकोसेवागर्नुनै भगवान्को सेवाहो । यो वसिष्टऋषिले योगवासिष्टमा रामलाई उपदेश गर्नुभएको हो । "जले विष्णुःस्थले विष्णु र्विष्णुःपर्वत मस्तके । ज्वालामालाकुले विष्णुः सर्वं विष्णुमयं जगत् ॥ जलस्थलपर्वत जाज्वल्यमान अग्निमा विष्णु हुनुहुन्छ, सबैजगत् विष्णुमय छ ॥ यसरी संसार नै भगवत्स्वरूप संझेमा रागद्वेषहरू हट्दै जान्छन् । हामीले शरीर मन वचनले कस्तो व्यवहारगर्नुपर्दछ त्यता तर्फपनि दृष्टिपात गरौ । "देवद्विजगुरुप्राज्ञपूजनं शौचमार्जवम् । ब्रह्मचर्यमहिंसाच शारीरं तप उच्यते" ॥१४॥ "अनुद्वेगकरं वाक्यं सत्यं प्रियहितंचयत् । स्वाध्यायाभ्यसनं चैव वाङमयं तपउच्यते" ॥१५॥ मनःप्रसादःसौम्यत्वं मौनमात्मविनिग्रहः । भावसंशुद्धिरित्येत् तपो मानसमुच्यते" ॥१६॥ देवता ब्राह्मण गुरु विद्वानहरूको सत्कार पवित्रता सीधापना ब्रह्मचर्य अहिंसा यसोगर्नु शारीरिक तपस्याहो, अर्थात् शरीरले यी काम गर्नुपर्दछ ॥१४॥ कसैको चित्त नदुखाएरबोल्नु साचो प्रिय र हितकारकवचनबोल्नु, शास्त्रहरूको अध्ययनगर्नु वाचनिकतप हो ॥१५॥ मनलाई प्रसन्नराख्नु चन्द्र जस्तै शान्त स्वभावहुनु मुनिको जस्ता काम गर्नु मनलाई वशमाराख्नु शुद्धभावनालिनु मानसिकतप हो ॥१६॥ यो गीता १७ अध्यायको १४,१५,१६ श्लोकमा भगवान्को उपदेश हो । यी माथि बताएका कायिक वाचनिक मानसिक तपस्या शरीरले वचनले मनले गरिनुपर्ने नियमहुन् यिनीहरूगर्नपनि कठिनहुनाले तपस्यानै भनेकोहो । यी नियमहरूपनि सात्विक हुनपर्दछ, अर्थात् देशमा मेरो आदर सतकारहोस् नामचलोस् सबैले मलाई मानुन् भन्ने इच्छाले अथवा कुनै फलको इच्छागर्न हुदैन, यो मेरो परमकर्तव्य होभन्ने विचारगरी श्रद्धाले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भक्तिपूर्वक गरेमा मात्र यी ३ तपस्या सात्विक हुन्छन् । नत्र राजस तामस तपस्या भएर राम्रो फलदिने हुंदैनन् "हाम्रो वुद्धिलाईपनि सात्विकबनाउनु पर्दछ, सात्विक बुद्धिको लक्षण गीता अध्याय १८ को ३० श्लोकमा "प्रवृत्तिं च निवृत्तिं च कार्याऽकार्ये भयाऽभये । बन्धंमोक्षं च या वेत्ति बुद्धिः सा पार्थ सात्विकी" ॥३०॥ हे अर्जुन असलकाममा प्रवृति खराब काममा निवृत्ति कर्तव्य, अकर्तव्य, भय, अभय, बन्धन, मोक्ष यिनीहरूलाई राम्ररी निर्णय गर्ने बुद्धि सात्विक बुद्धिहो भनि उपदेश दिएको छ । यी माथि लेखिएका श्लोकहरू ज्यादै उपयोगी छन् संझौ । सबै कुरा एकैपटकगर्न सकिदैन बिस्तारै बिस्तारै अभ्यासगर्दै जानु पर्दछ । सबेरै शौचस्नानगरी पवित्रभई पवित्रस्थान पूजाकोठा आदिमाबसी अभ्यास गर्नुपर्दछ । माथिका श्लोकहरू एक कापीमा उत्तारी हरेकदिन अर्थस्मरणका साथ पाठगरेमा लक्ष्यतर्फ जानसजिलो हुन्छ । शुद्धमन संद्भावना, सत्सङ्कल्प, सत्कर्मपरायणता, विनय, धैर्य, उत्साह, ब्रह्मचर्य, इन्द्रियदमन, सतसङ्गम सदाचार, उच्चविचार, साधारण रहनसहन, मनकोप्रसन्नता आदि अमूल्यरत्नहरू बटुल्नेतर्फ प्रयास गर्नुपर्दछ । मनले दृढनिश्चयगरी सत्सङ्कल्प लिएर दत्तचित्तभई भगवत्प्राप्तिमा लागेमा माथिका दैवीसम्पत्ति क्रमशः प्राप्तहुदै जानेछन् । जसले हजारौकोश टाढाबाट बोलेका शब्दहरू बोलने नाच्ने गाउने मानिसहरू समेत घरमा बसेका हामीलाई प्रत्यक्ष देखाउन र सुनाउन सक्ने टेलिभिजन तयारगरी, पहिले असंभव ठानेका कुराहरू संभव गराए, त्यस्तै चन्द्रलोकादि पुग्नसक्ने यानबनाए, ती ती पाश्चात्य वैज्ञानिकहरू पहिलेका ऋषिमुनि जस्तै तपस्वीहुन । रातो दिन अरुकुरातर्फ नलागी आफ्नो सकलजीवन त्यस प्रविधितर्फ लगाए, आफूले पूरागर्ननसकेका कार्यहरू चेला प्रचेलाहरूले अधिबढाएर पूरागरी विज्ञानलाई चरमसीमामा लगे, उनीहरूको अदम्य साहस, धैर्य, लगनशीलता निःस्वार्थताआदि गुणहरूलाई मननगरी आफ्नो लक्ष्यतर्फ लागेमा हामीपनि परमेश्वरप्राप्तगर्न निश्चय सक्दछौ । दृढविश्वास, श्रद्धा, भक्ति, उत्साह, सततमनन, चिन्तनको खांचो छ । यही विषय भागवत ११ स्कन्ध अभ्याय ९ को २२,२३ श्लोकमा "यत्र यत्र मनो देही धारयेत् सकलं धिया । स्नेहाद् द्वेषाद् भयाद्वाऽपि याति त्तत्तत्स्वरूपताम्" ॥२२॥ "कीटः पेशस्कृतं ध्यायन् कुडयां तेन प्रवेशितः। याति तत्सात्मतां राजन् पूर्वरूपमसंत्यजन्" ॥२३॥ मानिसले भक्तिले द्वेषले डरले जेले भएपनि मनले हर्वखत संझन्छ भने जसलाई संधै मनमा लिएकोछ त्यही स्वरूपमा परिणतहुन्छ ॥२२॥ कुमालकोटीले समातेर आफ्नो गुंडभित्र थुनिराखेको सानोकीरा डरले हर्वखत त्यही कुमालकोटीलाई संझदा संझदै पहिलेको शरीरछदै कुमालकोटीजस्तै हुन्छ, यो उल्लेखछ, अर्थात आफूलाई कुमालकोटीनै ठान्दछ । त्यस्तै हामीपनि भक्तिले नित्य निरन्तर प्रभुको चिन्तनगर्न लागेपछि प्रभुस्वरूप प्राप्तगर्न सक्तछौ । यसमा शंकाछैन । हामीले हाम्रा भित्रका शत्रु काम क्रोध लोभ मोह मदलाई आफ्ना वशमा राख्नुपर्दछ ।

तृतियसोपानको उपसंहार

२१. अव हामीले के संझनु पर्दछ भने हाम्रा २ थरी शत्रु रहेछन् । बाहिरका र भित्रका त्यसमा भित्रका शत्रु काम क्रोधादिले जति दुःख दिएकाछन् त्यति धनलुट्ने कुट पीटगर्ने बेइज्जतगर्ने आदि बाहिरियाशत्रुहरूले दुःखदिंदा रहेनछन् । भित्रका शत्रुलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दमनगर्न सकेमा बाहिरिया शत्रुहरू स्वत: परहट्ने रहेछन् भन्नेकुरामा विश्वास लिऔं । यो उपदेश गीताले यस प्रकार दिएको छ "त्रिविधं नरकस्येदं द्वारं नाशनमात्मनः। कामः क्रोधस्तथा लोभस्तस्मादेतत्त्रयं त्यजेत्" । एतै र्विमुक्तः कौन्तेय तमोद्वारैस्त्रिभिर्नरः । आचरत्यात्मनः श्रेयस्ततोयातिपरांगतिम्" ॥ आफूलाई बिगार्ने नरकका ढोकाभएका काम क्रोध लोभहरूलाई त्यागगर्नुपर्दछ ॥२१॥ अंध्यारो खाडलमा धकेल्ने यी ३ काम क्रोध लोभवाट परहटेर आफ्नो कल्याण कारक बाटो समाएमा उत्तमगति प्राप्तहुन्छ ॥२२॥ यो गीताको १६ अध्याय २१,२२ श्लोक हो । भित्रका काम क्रोध, लोभ, मोह, मद मात्सर्य यी ६ शत्रु मध्येपनि पहिलेका ३ शत्रु ज्यादै डरलाग्दा भएकाले विशेषगरेर गीतामा यी ३ को उल्लेखगरेको हो । कामवासनाले हामीलाई सताएको अनुभव गरेकैछौ । कामवासना पूर्ति नभए तत्कालै मानिसलाई क्रोधले आक्रमणगरी ठूलठूला अपराधभएकापनि हामीले देखे सुनेकैछौ, क्रोधपनि कमशत्रु होइन शास्त्रले "क्रोधो वैवश्वतो राजा" रीस यमराजहो भनेकोछ । रिसाएपछि मानिसले आंखै देख्दैन ज्यान जाने दुष्कर्म गर्नपनि तम्सिन्छ । त्यसैले शास्त्रले भनेकोछ । "अपकारिणि कोपश्चेत् कोपे कोपःकथंनते । धमार्थकाममोक्षाणां प्रसह्य परिपन्थिनि" ॥ "अपकारीमानिसमा रिस गर्दछौंभने रिसदेखिनै रिस किन गर्दैनौ रिसले त धर्म अर्थ काम मोक्ष यी चारैलाई विगार्दछ । अर्थात् सवैले पुरुषार्थ मानेका धर्म अर्थ काम मोक्ष सवैलाई खतमगर्ने आफ्नो सर्वस्वहर्ने ठूलो शत्रुत रिसनै हो त्यसलाई सर्वदा परित्यागगर्नु पर्दछ । अर्थात् रिसाउने वानी छोड्नु पर्दछ । क्रोधलाइ आफूसाथ राख्न भएन । लोभ पनि ठूलै शत्रुहो, संसारमा लोभमा फसी पछिको विचारनगरी जघन्य अपराधहरू गरेका घटनाहरू हामीहरूका सामु छदैछन्, शास्त्रको आशय सुख सयल गर्दै नगर्नुभनेको होइन गृहस्थीले विवाहगर्नुनै भनेकोछ । आफ्नै धर्मपत्नीमा आफ्नै पतिमा कामवासनातृप्त गर्ने युवाअवस्थामा धनकमाउनु र सुखपूर्वक आनन्दमय जीवन बिताउनु भनेकैछ । गच्छे अनुसारको सुखभोगगर्न शास्त्रले दिएकैछ । चतुश्लोकी महाभारतमा "ऊर्ध्ववाहु र्विरौम्येष नच कश्चित् श्रृणोति मे । धर्मादर्थश्च कामश्च स किमर्थ नसेव्यते" । व्यास जी भन्नु हुन्छ दुइहात उठाएर अर्थात जोडेर मैले निवेदन गरेको छु, धर्मपूर्वक धनकमाई धर्मपूर्वक कामवासनाको आनन्दलेऊ भनेर तर त्यो कुरा किन सुन्दैनौ किन मनन गर्दैनौ ॥ यो महर्पिको आर्तनादलाई हामी सधै मननगरौं । यसबाट हाम्रो अन्तस्करणमा परिवर्तन आउनेछ । त्यस्तै गीता को २ अध्याय १८ श्लोकमा "यदा संहरतेचायं कूर्मोङ्गानीव सर्वशः। इन्द्रियाणीन्द्रियार्थेभ्यस्तस्य प्रज्ञा प्रतिष्ठिता" ॥ अरुहरूले समात्न आएमा कछुवाले हात खुट्टा टाउकोआदि सवै अङ्गहरूलाई खप्परभित्र लुकाएर खुम्च्याए जस्तै आफ्नो सवै इन्द्रियहरूलाई विपयमा जानुवाट खुम्च्याएपछि बुद्धि प्रतिष्ठित हुन्छ । अर्थात इन्द्रियहरूका वशमा पर्नु हुदैन भन्ने उपदेशपनि उत्तिकै मार्मिक छ । यसलाई न भुलौं, हामी अन्तर्मुखीवृत्तितर्फ लागौं, सन्मार्ग नछोडौं, आफ्नो घरको अथवा अफिसको काम गर्दै रहौं, मन प्रसन्नराखौ क्रोधलाई चटक्कै छोडौं, विस्तार विस्तार मनशुद्धि हुदै जानेछ । दुर्विचारहरू हट्दै जानेछन् परमात्माको कृपादृष्टि वढ्दै जानेछ । विपयवासना तर्फ हेयदृष्टि हुदैजानेछ । आत्मसन्तोष वढ्दै जान्छ । हामी हाम्रोजीवन धन्य बनाऔ पाएको अवसर न गुमाऔ, यही हाम्रो परमकर्तव्य पनि हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथ चतुर्थसोपान (चारौं खुट्किला)

२२. हामी गृहस्थी भएकोले गृहस्थाश्रमको नियममा रहनु पर्दछ । घर व्यवहार चलाउन धेरै जसो पुरुषले धनार्जनगर्न र खेतवारीमा किसानकार्यगर्न धर्मपत्नीले घरव्यवहार समाल्नतर्फ लाग्नैपर्दछ । त्यसमा हामी पहिलेको जस्तो थोरैसमयको परिश्रमले आजकालको समयमा घरव्यवहार चल्नसक्दैन । धेरैसमयसम्म धार्मिककार्यमा लाग्न पाइदैन, कामकाजको समयलाईपनि यो सित्तैको दुःख नसम्झी आफ्ना परिवारका प्राणीहरूपनि भगवान्का अंश भएकाले यिनीहरूको सेवालाईपनि भगवान्को सेवाभई धर्मगरेकोसंझी चित्तप्रसन्नगरी गृहकार्यमा लागेमा ज्यादै असल हुन्छ । गृहकार्य र कृषिकार्यमा संलग्नहुंदा पनि श्रृङ्गारका चलचित्र र रेडियोका गीत गुन गुनाउनु भन्दा भगवान्का स्तुतिकारक संस्कृतका श्लोकहरू अथवा रामायण भानुभक्तआदिका जस्तै "सुन्यौ भाइ संसारमा शरिर अतिकच्चाछ जनको, शरीरकच्चाजानी नगर तिमिरिस् कत्ति मनको" ॥ सबै भोग् चञ्चल्छन् विजुली सरि एकछिन् नरहन्या विचारयस्तो जानी सहुतिमी बडोहुन्छ सहन्या ॥ त्यस्तै हा रामचन्द्र कतिजन्म बिताइ पैले, चौराशीलाख जुनिमा घुमि फेरि अैले । यस्तो अमूल्यनरको जुनि आजपाएं, लागीनधर्मतिर काल यसै बिताएं ॥ त्यस्तै कविशिरोमणि लेखनाथजीको चौराशी लाखजुनिमा अतिकष्ट पाई । आएं मनुष्यजुनिमा कुन कामलाई ॥ यो व्रातको अलिकति नगरी विचार । जाला हरे कसरी यो भवसिन्धुपार ॥ जय जगदीश्वर जय अविनाशी । जय जय भगवन् करुणाराशी ॥ शक्तिछ प्रभुको अपरंपार । घुम्दछ जसमा सव संसार ॥ इत्यादि नेपाली भाषापनि गुनगुनाए राम्रो हुन्छ । पहिले आफ्नो सदाचारमा रहेर चित्त शुद्ध गर्नुपर्दछ । यो रामगीतामा रामले लक्ष्मणलाई उपदेश दिनु भएको श्लोक हो" आदौ स्ववर्णाश्रमवर्णिताः क्रियाःकृत्वा समासादितशुद्धमानसः । समाप्य तत्पूर्वमुपात्तसाधनः संमाश्रयेत् सद्गुरुमात् मलब्धये" ॥ पहिले आफ्नो वर्णाश्रमको आचारनियमलाई पालनागरी शुद्धमन भएपछि साधनचतुष्टयको अभ्यासगरी कर्म छोडी आत्मज्ञानका निमित्त सद्गुरुको सेवा गरोस् । अर्थात चित्तशुद्ध नभई आत्मज्ञानको अधिकारी हुदैन, त्यसैले हामीपनि सदाचारमा रही चित्तशुद्धगर्ने तर्फ लागौं । यसका निमित्त भक्तिमार्गको अवलम्बन गरेमा सजिलो हुन्छ । भागवत्मा भनेकै छ "कले र्दोषनिधे राजन् अस्ति हयेको महान् गुणः । यत्र संकीर्तनेनैव सर्वः स्वार्थो ऽभिलम्यते" ॥ "कृतेयदध्यायतः पुंसस्त्रेतायां यजत्तो मखैः । द्वापरे परिचर्यातः कलौ केशवकीर्तनात्"॥ हे परीक्षित दोषैदोषले भरिएकोकलिकोपनि एउटा ठूलोगुणछ, जुन कलियुगमा भगवान्को गुणानुवाद कीतर्नबाट नै आफूले चाहेको कुरा पाइन्छ । सत्ययुगमा तपस्या त्रेतामा यज्ञयागादि, द्वापरमा सेवागर्दा जुनफलमिल्दछ त्यो कलिमा हरिकीर्तनबाट मिल्दछ, कीर्तनगर्ने मानिसले गर्नुपर्ने आचरण यो श्लोकले देखाएकोछ "तृणादपि सुनीचेनतरोरिव सहिष्णुना । अमानिना मानदेन कीर्तनीयः सदा हरिः" ॥ झारपात भन्दा पनि झुक्नसक्ने रुखजस्तो सहनशील माननखोज्ने अरुको सम्मानगर्ने हुनपर्दछ । हेर्नुहोस् साना घांसहरू हावा आएमा अथवा कुल्चेमा जतातर्फ हावा आएको जतातर्फ कुल्चेकोछ, त्यतैतर्फ ढल्कन्छन् । भक्तलेपनि सबै मानिसलाई वरावरसंझि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सवैसित नम्रहुनुपर्दछ । रुखले आफूले गर्मीजाडोवर्षाआदिको दुःखसही प्राणीमात्रलाई शीतलछाया वर्षावाट सुरक्षा पातवाट मलखाद, काठवाट घर अथवा पकाउने काममा मद्दतगरी परोपकारको पाठ सिकाएको छ । हामीपनि यीं विषयलाई मनन गरौं । "परोपकार: पुण्याय पापाय परपीडनम्" यो महामन्त्रलाई कहिल्यै नविर्सौं । अभिमानी नहौं विनयी अरुलाई संमानगर्ने होऔं । विशेष गरी दीन दरिद्रलाई आदर सम्मान गर्ने होऔं । भगवत्कीर्तन भगवान्को नवधाभक्तिभित्र पर्दछ । तीं नवभक्तिहरू निम्नप्रकारका छन् "श्रवणं कीर्तनं बिष्णो: स्मरणं पादसेवनम् । अर्चनं वन्दनं दास्यं सरव्यमात्मनिवेदनम् ॥ १. श्रवणम्- भगवान्का चरित्रहरू सुन्नु अथवा ती ग्रन्थहरू हेर्नु २. कीर्तनम्- भजन कीर्तन तिरलाग्नु, ३. स्मरणम्- भगवान्लाई संझिराख्नु, ४. पादसेवनम्- मन्दिरमा जानु पादसेवनगर्नु, ५. अर्चनम्- नित्यपूजागर्नु, ६. वन्दनम्- नमस्कारगर्नु ढोगदिनु, ७. दास्यम्- आफूमा दासत्वको भावबढाउनु ८. सख्यम्- प्रभुलाई अतीवहितकारक मित्रजस्तै ठान्नु ९. आत्मनिवेदनम्- भगवानमानै आत्मसमर्पणगर्नु, अर्थात् नौ किसिमले भगवान्मा भक्तिगर्नु भनेकोहो । भक्तिको महिमा अपार छ । एकाग्रचित्तगराउने यो मूलसाधन हो, यसमा लागेका मानिसहरू प्रसन्नचित्तका हुन्छन् । भागवत्मा भक्तिको महत्व यसरी वर्णितछ ।

"श्रेय:स्रुतिं भक्तिमुदस्य ते विभो क्लिश्यन्ति ये केवलमात्मलव्धये ।
तेषामसौ क्लेशल एव शिष्यते नाऽन्यद् यथा स्थूलतुषाऽभिघातिनाम् ॥"

२३. हे प्रभो कल्याणलाई चुहाइ राख्ने हजुरको भक्तिलाई वास्ता नगरेर खाली आत्मज्ञान पाउन दुःखगर्दछन् । अर्थात् कडातपस्या आदि गर्दछन् तिनीहरूले भूसकुट्ने मूर्खले केही नपाएजस्तै खाली दुःखमात्र पाउंदछन् । अर्थात् ज्ञानमार्गमालाग्ने अवस्थानभई त्यता लाग्नेले दुःखमात्र पाउने हुन्छ, भक्तिमार्ग ज्यादै सजिलोछ, यसैबाट भगवत्प्राप्तगर्न सकिन्छ । भक्तिरसमा चुर्लुम्म डुबेका भक्तहरू यसजन्ममानै अलौकिक परमानन्दको अनुभव गरिराखेका हुन्छन् । उनीहरू स्वर्गको त के कुरा इन्द्रादिको पदलाईपनि तुच्छ ठान्दछन् । यिनीहरूको सुनलाई आगोमा हालेपछि त्यसमा टांसिएको सबैमलहरू नाशभएर शुद्ध आफ्नो निर्मल सुन्दरस्वरूपप्राप्तभएजस्तै भगवान्को गुणकीर्तनभजन स्मरण ध्यानआदिवाट आत्माका विकारहरू नाशभई निर्मल शुद्ध पवित्र आत्माभएको हुन्छ । भगवान्ले ममा अनुरक्त भक्तहरू यस्ता हुन्छन् भनि भागवत् ११ स्कन्ध १४ अध्याय २४ श्लोकमा उद्धवलाइ भन्नु भएको-

"वाग् गद्गदा द्रवते यस्य चित्तं रुदत्यभीक्ष्णं हसति क्वचिच्च ।
निर्लज्ज उद्गायति नृत्यतेच मद्भक्तियुक्तो भुवनं पुनाति" ॥

अर्थात् भक्भक् भएर वोल्ननसक्ने चित्तपग्ली रहेको हुन्छ । लाज नमानी कहिले रोईरहन्छ, कहिले कहीं गाना गर्दछ । हांस्दछपनि यसरी मेरो भक्तले संसारलाई नै पवित्र गर्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२४. यस्तै ११ अध्यायको ३६ श्लोक "देहं च नश्वरमवस्थितमुत्थितं वा सिद्धो न पश्यति यतोऽध्यगमत् स्वरूपम् । दैवादुपेतमय दैवशादपेतं वासोयथापरिकृतंमदिरामदान्धः ॥ भक्तिरसको परमानन्द लिने सिद्धपुरुष मादकपदार्थ सेवनगरी वेहोस् भएकोले गुप्ताङ्गमा समेत वस्त्र नभएपनि वास्तानगरेजस्तै वस्नु, खडाहुनु, हिड्नु, खानु, नखानु, वस्त्र ठीकमिल्नु नमिल्नुआदि विचारनगरी भजनकीर्तनमा मग्नरहन्छन् । यसवाटपनि भक्तिको महत्ववुझौं । भागवत ११ स्कन्ध २ अध्याय *४० श्लोक*" ।

"एवं व्रतः स्वप्रियनामकीर्त्या जाताऽनुरागो द्रुतचित्त उच्चैः ।
हसत्यथो रोदिति रौति गायत्युन्मादवन्नृत्यति लोकबाह्यः" ॥

भगवान्को गुणकीर्तनमा दत्तचित्त मानिसहरू नामकीर्तनबाटनै भगवत्प्रेममा मस्तभई, वौलाहा जस्तो भई मनपगली उच्चस्वरले हास्तछन्, रुन्छन्, गाउंदछन्, नाच्दछन्पनि भनेर नारदजीले वसुदेवलाई उपदेश दिनु भएको ।

२५. अर्को विषय हामी विचार गरौं । यत्रो विशालभारत, चीन, अमेरिका, वेलायत, रुस आदि राष्ट्रहरूले संयुक्त पृथ्वी, गंगा यमुना गोदावरी, नर्मदा, कावेरी आदि नदीहरूको विश्राम स्थल भएको अपार गङ्गासागर, महासागर आदि विशालसमुद्र, सगरमाथा आदि ज्यादैअग्ला पहाड, उत्तरतर्फको विशालहिमश्रृङ्खला लहरावुटा पिप्पल वरआदि विशालवृक्ष लाखौं थरिका वृक्ष वनस्पतिहरू कीटपतङ्ग पशुपंक्षी, मानिसआदिले व्याप्त यो भूर्लोक, चन्द्र, सूर्य, ग्रह, नक्षत्रादिव्याप्त अन्तरिक्षलोकआदि सवै लोकहरूलाई रचनागर्ने चन्द्रसूर्य, ग्रह, नक्षत्र, तारा, वायु, जलआदिलाई अवच्छिन्नरूपले अरवौंवर्षसम्म एकैनियममा सञ्चालन गर्नसक्ने अनन्त शक्तिमान्आदि अन्त्यरहित सत्चित्आनन्दस्वरूप परमेश्वर परमात्मा परव्रह्मको महिमा सामर्थ्य चरित्रगुणहरू कसैलेपनि वर्णन गर्न सक्तैन । त्यस्ता परमदयालु परमेश्वरले दुष्टदमन र भक्तरक्षणका निमित्त राम कृष्ण नृसिंह वामनआदि अवतारभई गर्नु भएको लीलाहरूको ग्रुणकीर्तनआदिगरेर हामी हाम्रा पापहरूलाई पखाल्दै जाऔं ।

२६. जति जति हाम्रो अन्तस्करण सफाहुँदै जानेछ, त्यतित्यति हामीलाई सन्तोषको अनुभव वढ्दै जानेछ । यसमा अभ्यास वढाऔं, परमेश्वरलाई मनमन्दिरमा वसाऔं । आफ्नो मनलाई भगवान्तर्फ लगायौंभने जुनकामगर्दापनि वहांलाई संभनसक्नेहुन्छौं । खाली आफ्नो मनलाई त्यतातर्फ लगाउनमात्र पर्दछ । हामीहरू आफ्नो वन्धुवर्गको चरित्रजान्ने छरछिमेकीको चालचलनवुझ्ने अनि उनीहरूको टिकाटिप्पणीगर्नेतर्फमात्र उन्मुख छौं । त्यसमापनि महिलाहरूको झन विशेषता छ । त्यसरी कल्याण हुदैन, पहिले आफ्नो टिका टिप्पणीगरी वानीवेहोरा सपार्नपर्दछ । अर्थात् मैले कस्तो आचरण गरेकोछु, मनुष्ययोनि पाएर गर्नुपर्ने सुकार्य मवाट- भएको छ कि छैन इत्यादि, शास्त्रले भनेकोपनिछ "यथा सुनिपुणो दिव्यः परदोषेक्षणे रतः । तथा चेन्निपुणः स्वेपुको न मुच्येत बन्धनात्" ॥ "प्रत्यहं पत्यवेक्षेत नरश्चरितमात्मनः । किन्नु मे पशुमिस्तुल्यं किन्नु सत्पुरुषैरिति" ॥ "प्रपन्चमखिलं पश्यन् गुणत्रयविनिर्मितम् । शुद्धधीर्नप्रवर्तेत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कस्यचित् स्तुतिनिन्दयो:" ॥ अर्काको खराव खराव कुरामात्र खोज्नसिपालु पुरुष त्यसरीनै मैले के के दुष्कर्मगरेंभनेर आफ्ना दुर्गुणहरू खोज्नथाले को संसारको वन्धनवाट मुक्त नहोला अर्थात् सवै मुक्त हुने छन् ॥१॥ मानिस मैले पशुकोजस्तो गरेकि सज्जन मानिसले गर्नुपर्ने कामगरें भनेर आफ्नो चालचलनलाई प्रतिदिन विचार गरोस् ॥२॥ सारा संसार सत्वरजतमोगुणवाट सृष्टिभएकोले कुनै सत्वगुणी विवेकी कुनै रजोगुणी क्रोधी कुनै तमोगुणी प्रमादी हुन्छन् भन्ने विचारगरी कसैकोपनि निन्दा चर्चा तथा नभएका गुण वर्णन तर्फ प्रवृत्त नहोस् । हामीले देखे सुने भोगेकाछौं, धेरैजस्तो घरका गृहणीहरूलाई टीका टिप्पणीगर्न ज्यादै मन पर्दछ । आफू असलछुभन्ने देखाउनपनि, तिनीहरू हामीभन्दा वढी धनीमानी नहुन्भन्ने दुर्भावनापनि । यस्तो दुर्भावनाले हामीलाई भित्रभित्रै विगारी राखेको हुन्छ । यो हामीलाई अध:पतनगराउने शत्रुहो । यसलाई टाढै फालिदिनु पर्दछ ।

२७. यो कुरा हामीहरूले विवेकपूर्वक संभन पर्दछ । कमाएर जीवननिर्वाह गर्ने साधारण मध्यमवर्गी हामीहरूले कीर्तन भजनतर्फ लागेर मात्र, जीवन सफलपार्न व्यावहारिक कठिनाईले मिल्दैन । तर त्यसको हामीलाई उपयोगहुनें अर्को वाटोपनिछ । हामीले वृद्धपिता माता सानासाना लालावालाको वास्तानगरी तपस्यामानै लागेपनि हामीलाई शास्त्रले छुट्दिदैन । अर्थात् तिनीहरूको पालनपोषण संरक्षण गर्नेपर्दछ । माथि वताएअनुसार यिनीहरू परमेश्वरकै अंशहुन । यिनीहरूको सेवा परमेश्वरको सेवाभन्दा कम छैन, मैले परमेश्वरको सेवा गरेकोछु भन्ने सद्भावना जगाउन पर्दछ । अर्को कुरा हामी दाजुभाई, दिदीवहिनीहरूले गृहकृत्य र अफिसआदिको कार्य आफूले गर्दछौंभनि अगालेकाछौं, यसलाई नैतिक आधारमा रही पनपक्षपात नगरी राम्ररी समयमैं पूरा गर्नु हाम्रो परमकर्तव्य होभन्ने धारणापनि जमाईराख्नु पर्दछ । अनि त मैंले राम्रैकाम गरेकोंछु भन्ने भावनाभई मन प्रसन्न हुन्छ । मुख हसिलो भैरहन्छ, त्यसमा पनि परमेश्वरतर्फ चित्तलगाई भगवान्का चरित्रहरू फुर्सद भएको वखतमा हेर्नेवानी लगाऔं । धर्मात्मा मानिस आफ्ना आफिसमा छन् भने अध्यात्मविषयक कुरा जान्नसुन्न थालौं । घरका मूलीहरू पूजा पाठतर्फलाग्ने छन्भने त छोरी वुहारीलेपनि त्यसतर्फ दृष्टिलगाउन सजिलै हुन्छ । मरेपछि खरानीभै हालिन्छ किन दु:खगर्ने जसरी भएपनि पैसा कमाएर मोजमज्जा गर्नुपर्दछ । अरुहरूले जे सुकै भनून्" काग काराउदैरहन्छ पीना सुक्दै जान्छ "भन्ने दुर्भावना भएका मानिसहरूको सङ्गतगर्न हुँदैन । उनीहरू अरुहरूलाई पनि आफूजस्तै वनाई आफ्नो जमात वढिपारौं भन्ने दुर्विचार राख्दछन् । आफूजस्तै पार्न साम दानआदिद्वारा कोसिस पनि गर्दछन् । यिनीहरूलाई रिसराग गालीआदि गर्ने होइन मुखले आदर सम्मान गर्नपर्दछ । सङ्गत चाही अलि अलि गरि छोड्न पर्दछ । शास्त्रले भनेकोछ "त्यज दुर्जनसंसर्गं भज साधुसमागमम् । कुरु पुण्यमहोरात्रं स्मर नित्यमनित्यताम्" ॥ दुर्जनको संसर्गछोड साधुसज्जनको सेवागर, रातोदिन पुण्यदायक शुभकर्मगर आफ्नो अनित्यतालाई संधै संभीराख । अर्थात म अजर अमर छैन यी सवै आफूले जम्मा गरिएका पितृ मातृ पति पत्नी पुत्र आदि र धनसम्पत्ति सवै छोडेर जानु पर्दछ, खाली पुण्य र पापमात्र साथजान्छ भन्नेकुरा कहिल्यैपनि विर्सनुहुन्न । यो नविर्सिएपछि दुष्कर्मतर्फ प्रवृत्ति हुनलाग्दा यसैले रोकिदिन्छ । हामीहरू सवै यी धनसम्पत्तिआदि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनित्यहुन् संधै रहदैनन्, मर्दा साथै जादैनन् मपनि संधै वाच्तिन यो कुरा निश्चय भएपनि त्यसलाई थाहा नभएकोजस्तो गरी नराम्रोकाममा प्रवृत्तहुन्छौ । त्रिगुणमयी परमेश्वरकी मायाले ढाकीदिएकीले कर्तव्याऽकर्तव्यको ख्याले गर्दैनौं । यो कुरा महाभारत वनपर्वमा यक्षले युधिष्ठिरलाई सवै भन्दा आश्चर्यलाग्ने कुरा केहो भनि प्रश्न गर्दा युधिष्ठिरको उत्तर छ "अहन्यहनि भूतानि गच्छन्ति यममन्दिरम् । शेषा जीवितुभिच्छन्ति किमाश्चर्यमत: परम्" "दिन दिनै प्राणीहरू यमराजको दरवारमा गैरहेका छन्, वांकी वांचिरहने इच्छा गर्दछन्, यो भन्दा ठूलो कुन आश्चर्य छ" । अर्थात मर्नैपर्दैन जस्तो गरेर जाने देखे वुझे सुनेका कुराहरू पनि वास्तानगरी दुष्कर्ममा प्रवृत्त हुनु यही ठूलो आश्चर्य हो हामीहरू केही नलिई यसधर्तिमा आयौं, जादा खेरीपनि केहीलान पाउंदैनौं, तैपनि छलकपट अन्याय आदिवाट धनकमाई थुपार्दछौं । जाने वुझे देखे सुनेका कुराहरू विचार नै गर्दैनौं, ओहो कस्तो अनर्थतर्फ लागेछौं । अव जागौं होसियार होऔं, दुष्कर्ममा नलागौं । यसबाट दुर्भावना वढ्दै गएर आफ्नो अमूल्य मनुष्यजीवन निरर्थक हुन्छ । सद्भावनाबाट आत्मसन्तोष वढ्दै जान्छ । यी साराशास्त्र धर्म सदाचारआदिं सवै हामीलाई दु:खदिनेहुन् मरे पछि कसले कसलाई देखेको छ । यी ब्राह्मणवर्गको आफ्नो दुनो सोज्याउने छलकपट होभन्ने लहलहैमा लागेकाले सुख शान्ति पाएका छैनन्, मानिसका निमित्त सद्भावना सन्तापलाई नाशगर्ने ठूलो औषधी हो । भनेको पनि छ "मन्त्रे तीर्थे द्विजे देवे दैवज्ञे भेषजेगुरौ । यादृशी भावना यस्य सिद्धि र्भवति तादृशी" ॥ मन्त्र तीर्थ ब्राह्मण देवता, ज्योतिषी, वैद्य, गुरु यी वस्तुमा जस्तो भावना गरिन्छ त्यस्तै सिद्धि हुन्छ । यो मन्त्रजपी के फाइदा होला, यो तीर्थमा नुहाएर के पापनाश होला, यी ढुङ्गालाई देवता मानी के फल पाइएलार इत्यादि सन्देह गरेमा मंन्त्र तीर्थ देवता आदिबाट केहीपनि हात लाग्दैन, सवैमा श्रद्धा भक्ति दृढविश्वास लिनपर्दछ ।

चतुर्थसोपानको उपसंहार

२८. यस सोपानवाट हामीले आफ्नो गृहस्थाश्रमका धर्ममा रही व्यवहारमा गर्नु पर्ने गृहकार्य र आफिस आदिको कार्यलाई पनि आफ्नो सत्कर्म संझी, गृहिणीहरूले वृद्ध मान्यजन र लाला बालाहरूको संरक्षण पालनपोषण गर्दापनि धर्मनै भएकोछ भन्ने संझी, गृहकार्यमा दत्तचित्तहुने । भगवान् परमेश्वरलाई घरको अथवा अफिसआदिको काम गर्दापनि मनले संझीराख्ने । भगवान्को कीर्तनभजन गरेमा सवैमनका कल्मष नाशभई अन्तस्करण शुद्ध हुदैजान्छ इत्यादि पनि थाहापायौ । हामीहरूको पेटपाल्ने कार्यमानै धेरै समय लागेपनि कलिकालमा ठूलाठूला यज्ञयागादि व्रततीर्थादि गर्न नसकेपनि भगवान्को स्मरण कीर्तन वाट नै तपस्या हुन्छ, उपासना हुन्छ, भक्तिभावले स्मरण कीर्तनमा लागेमा हामी पार लाग्नेछौं भन्ने कुरापनि हामीले वुझ्यौं । भागवतादि ग्रन्थहरूमा वताएको भक्तिको र भक्तको महिमापनि अवगतगर्‍यौं । यत्रो विशाल संसारलाई रचना गर्नसक्ने अचिन्त्य शक्तिमान अपरंपार परमेश्वरको महिमापनि थाहाभयो । छलकपटबाट धनकमाउनु ठूलो अपराध रहेछ भन्नेपनि बुझ्यौ । अव यी सवै कुरालाई हृदयङ्गमगरी आफ्नो भविष्य उज्वल वनाउनेतर्फ हामी सवै अग्रसर होऔं ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथ पञ्चमसोपान (अव पांचौ सिंढी)

२९. मनुष्य योनिमा आएका हामीहरू २ वाटो अपनाउदै छौं तलतिर झर्ने र माथितिर उक्लने । हामी मरे पछि जलाए खरानी, गाडेमा कुहिएर किरा, हिंस्रक गृद्ध आदिले खाए विष्टा यी ३ थरी हुन्छौं । स्वर्ग नरक केही छैन भन्ने नास्तिकपना लिने नास्तिक "नास्ति परलोक इत्येवं मतिर्यस्य स नास्तिक:" यो व्याकरणको नास्तिक पदको विग्रह अनुसार जसको परलोक छैन भन्ने वुद्धिछ त्यो नास्तिक । हामी यो जन्म भन्दा अगाडि पनि थियौं पूर्वजन्मका सुकर्मका पुण्यले स्वर्गादि लोकको भोगगरी अहिले फेरि ज्ञानविवेकसंपन्न यो जुनि पाएकाछौ, संसारको यो सृष्टिपरम्परा अनादिकालदेखि चलिरहेकोछ, देहत्याग गरेपछिपनि हाम्रो आत्मा मर्दैन शरीरमात्र नष्ट हुन्छभन्ने भावनालिने आस्तिक "अस्तिपरलोक इत्येवं म तिर्यस्य स, आस्तिक:," परलोक छभन्ने जसको मति छ त्यो आस्तिक । नास्तिकहुनु तलतिरझर्ने वाटो खोज्नुहो आस्तिकहुनु मास्तिर उक्लने वाटो रोज्नुहो, नास्तिकभए शास्त्रले वताएको विधिविधान मान्न पर्देन जेजे मन लाग्छ, त्यही त्यहीगर्न पाइयो, जेजे जिब्राले खोज्यो त्यही त्यहीखान, आंखाले रुचाएको हेर्न, कानले चाहगरेका सुन्न इत्यादि, यसरी मोजमज्जा सुखसयल आनन्द लिनपाइने यो तलतिरको वाटो रुचाउनेपनि छन् । इन्द्रियहरूलाई वशमाराखी शास्त्रको विधिविधानको सीमामा रही सन्तोषले जीवनयापन गरी माथितिर उक्लनेपनि छन् । हामी माथितिर उक्लनथालौं, मास्तिर लागेपनि माथिको अन्तिमविश्रामधाम परब्रह्म परमात्माकासाथ सारुप्यरूप मुक्तिहो । त्यहांपुग्न सजिलै सकिदैन । हामीले घरको माथिको तलासम्म पुग्न सोपान (सिढी), अथवा भरेङका खुट्कीला चढेर सावधानीसाथ जान पर्दछ । माथि पुग्न सोपान (खुटकिला) निकै चढ्नपर्दछ । त्यसैले यहां प्रथम द्वितीय आदि सोपान भनेको हो । हामी चारौं खुट्कीला सम्म आयौं । अवपनि हामी खुव सावधान् हुनपर्दछ, दरो किसिमले खुट्टा राखेनौं भने अर्थात् अहिलेसम्म सुने जानेवुझेका कुरालाई अनास्थागर्न थाल्यौंभने तल खस्न वेरलाग्दैन । त्यसैले यहां सम्मको वाटोपनि सफा वलियो वनाउन पर्दछ, अर्थात् अहिलेसम्म अपनाएका क्रियाकलापलाई छोड्न हुँदैन । अरु कुरा सुन्न जान्न वुझ्न र अपनाउनपनि सुरु गर्नुपर्दछ । मुखले चाही शास्त्रका विधिविधान ज्यादैउत्तम कल्याणकारक छन्, त्यहीअनुसार व्यवहार गर्नुपर्दछ भनेर अरु जिज्ञासुहरूलाई उपदेशदिने, आफूभित्रभित्रै अर्काले नदेखिनेगरी यथेच्छाचरणगर्ने यो वानीछोड्नुपर्दछ । आफू सदाचारमा रहेरमात्र अरुलाई उपदेशदिन पर्दछ, सदाचारीले दिएको उपदेशमा विशेष प्रभावहुन्छ । हामी यही वाटो अपनाऔं । शास्त्रले भनेको छ । "मनस्येकं वचस्येकं कर्मरायेकं महात्मनाम् । मनस्यन्यद् वचस्यन्यत् कर्मण्यन्यद् दुरात्मनाम्" ॥ दुरात्माहरू मनले एक ठम्याउने वचनले अर्केवोल्ने कामले अर्केगर्ने गर्दछन् । महात्माहरूको मन वचन कर्ममा एकैहुन्छ अर्थात् जुन विचार गर्दछन् त्यही भन्दछन्, त्यही काम गर्दछन् । हामीपनि मन वचन कर्ममा फरक नपारौं । अर्को एक कुरा पनि ज्यादै मार्मिक छ त्यो हो हाम्रा परम शत्रु काम क्रोध लोभ हुन् भन्ने कुरा वुझ्नु यी वारेमा माथि भनेको भए पनि धेरै सावधान गराउन "द्विर्वद्धं सुवद्धम्" दुई पयकोगांठो पारे गांठो वलियो हुन्छ यो लौकिकन्याय अनुसार फेरी विवेचनगर्न लागेको हो । काम शब्दको २ अर्थ छ १ कामना (इच्छा) २ विपय विलासवासना,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अघिल्लो कामनाभित्र मनपरेको खाऊं लाऊं हेरुं मोजमज्जा गरौं इत्यादि पर्दछन् । यतातर्फ मनलगाए पछि मानिस कामनाको दास वन्दछ । मालिकले चाहेको कुरा पुऱ्याउनपर्ने नोकरले त्यो मननपरे पनि वाध्य भएर गरेजस्तै इन्द्रियहरूको वशमापरी ती ती कुरा जुटाउन वाध्यहुन्छ । यी कामना कहिल्यैपनि अव पुग्यो भन्ने हुदैनन्, केही नहुनेले पहिले एउटा वासको चाहना गर्दछ, त्यो पुगेपछि राम्रोवास, त्यो पुगे साइकल, त्यो पुगे होण्डा, त्यो पुगे भाडाखाने घर, त्यो पुगे वैङ्कव्यालेस । यसरी कामना वढ्दै जान्छ, सत्कर्म र दुष्कर्मको विचारै नगरी कामनाले वाधिन्छ । अर्को विषय विलास कामनाले त यस्तो पतनगराइ दिन्छकि कामान्ध त्यसले हत्यागर्न सम्मपनि हिचकिचाउदैन । भयानक रोगग्रस्तभई चांडैनै इहलीला समाप्त गर्दछ । हिरण्यकशिपुको वधगर्न नरसिंह अवतारलिई वधगरी भगवान्ले प्रह्लादलाई वरमाग भन्दा प्रह्लादले निवेदन गर्नु भएको भागवत ७ स्कन्ध अध्याय १० श्लोक ७ "यदि रासीश मे कामान् वरांस्त्वं वरदर्षभ । कामानां हृयसंरोहं भवतस्तु वृणे वरम्" ॥७॥ हे प्रभो मैले चाहेको वर वकसीन्छ भने मेरो मनमा कामना उम्रदै नउम्रोस्, अर्थात् म कुनै वस्तुकोपनि इच्छा नगरौं । हामी सोचौं त्यत्रा परमभक्त प्रह्लादलाई पनि कामनावाट कत्रो डरलागेको रहेछ । त्यस्तै ययातिराजाले आफ्नो जवानीले नपुगेर छोराको जवानीमांगी कामवासना पूरागर्न खोज्दापनि विषयभोगवाट कहिल्यै तृप्त नभएपछि राजाले उद्गार गरेको भागवत स्कन्ध ९ अध्याय १९ श्लोक १४ "न जातु कामः कामानामुपभोगेन शाम्यति । हविषा कृष्णवर्त्मेव भूय एवाऽभिवर्द्धते "॥१४॥ भोग विलासवाट कामनाको परिपूर्ति कहिल्यै पनि हुदैन, आगोमा घ्यू हाल्दा आगो वढे जस्तै कामवासना वढ्दै जान्छ । त्यसैले हामी पनि कामनालाई मनमा स्थान नदिऔं । गीतामा यसै वारेमा अर्जुनको भगवान्लाई प्रश्न अध्याय ३ श्लोक ३६ "अथ केन प्रयुक्तो ऽयं पापं चरति पूरुषः । अनिच्छन्नपि वार्ष्णेय वलादिव नियोजितः" ॥३६॥ हे प्रभू दुःख वेईज्जत हुन्छभन्ने कुरा जानीजानी इच्छा नभएर पनि अरुले जवर्जस्ती लगाईदिएको जस्तोगरी कस्को प्रेरणाबाट मानिस अपराध गर्दछ । भगवान्को उत्तर "काम एष क्रोध एष रजोगुणसमुद्भवः। महाशनो महापाप्मा विद्धयेनमिह वैरिणम् ॥३७॥ धूमेनाऽऽव्रियते वह्निर्यथाऽऽदर्शो मलेनच । यथोल्वेनाऽऽवृतो गर्भस्तथा तेनेदमावृतम् ॥३८॥ "आवृतं ज्ञानमेतेन ज्ञानिनो नित्यवैरिणा । कामरूपेण कौन्तेय दुष्पूरेणाऽनलेन च" ॥३९॥ यसो गराउने काम हो क्रोध पनिहो यो रजोगुणबाट जन्मन्छ, यो जति भोगविलास गरेपनि अघाउदैन, ठूलो पापी हो यसलाई शत्रु जान ॥३०॥ धुवांले अग्निलाई मयलले ऐनालाई झिल्लीले गर्भमा रहेको बच्चालाई ढाकेजस्तै यसले ज्ञानलाई ढाकी दिन्छ ॥३८॥ हे कुन्तीपुत्र ज्ञानीको परमशत्रु आगोजस्तै कहिल्यै नअघाउने यस कामनाले ज्ञानलाई ढाकेको छ ॥३९॥ गीतामा काम र क्रोधलाई एकै मानेको छ किनभने कामना नपुगेपछि त्यही क्रोधरूपमा परिणत हुन्छ । ज्ञानेन्द्रिय र मन वुद्धि यो वस्नेघरहो । यिनीहरूको मद्दतलिएर ज्ञानलाई छोपेर प्राणीलाई यसले मोह गराउंछ । त्यसकारण काम घरभएका १० इन्द्रिय र मन वुद्धिलाई पहिले हामीले आफ्नो वशमा राख्नु पर्दछ । अनि ज्ञाननाश गराउने पापी कामलाई शत्रु संझीमार्नु पर्दछ । अर्थात् उसका सानवहान भएका इन्द्रियहरू र मन वुद्धिलाई जितेपछि ऊ एक्लै हुन्छ । हामीलाई जित्न सक्तैन उसलाई हामी जित्न सक्तछौं । लोभपनि कम शत्रुहोइन, नीतिकारहरूले यसको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मुक्तकण्ठनिन्दा गरेकाछन् । "लोभात्क्रोधःप्रभवतिलोभात्कामःप्रजायते । लोभात् मोहश्च नाशश्च लोभः पापस्यकारणम्" ॥१॥ "लोभात् क्रोधः प्रभवतिक्रोधाद् द्रोहःप्रवर्तते । द्रोहेण नरकं याति शास्त्रज्ञो ऽपि विचक्षणः" ॥२॥ "मातरं पितरं पुत्रं भ्रातरं वा सुहृत्तमम् । लोभाविष्टो नरो हन्ति स्वामिनं वा सहोदरम्" ॥३॥ "लोभेनबुद्धिश्चलति लोभो जनयते तृषाम् । तृषार्तो दुःखमाप्नोति परत्रेहच मानवः" ॥४॥ लोभवाट क्रोध पैदा हुन्छ लोभवाट कामना जन्मन्छ । लोभवाट मोहभइ आफू खतमपनि हुन्छ लोभ पापको कारण हो ॥१॥ लोभवाट क्रोध क्रोधवाट द्रोह द्रोहले शास्त्रजान्ने विद्वान्पनि नरकपर्दछ ॥२॥ लोभको आवेशमा परेको मानिसले माता पिता पुत्र भाइ ज्यादैमनमिलेको मित्र मालिक सहोदर यी सवैलाई मार्दछ ॥३॥ लोभले वुद्धि स्थिर हुँदैन । लोभ तृष्णालाई पैदागर्दछ । तृष्णाले पीडित मानिस यस लोक परलोक दुवैमा दुःख पाउंदछ" ॥४॥ यस्ता घटना हामीले जग्गा जमीन अंशवण्डामा वावुले छोरालाई छोराले वावुलाई भाइले सहोदरलाई मारी आजीवन कारागारपरेका देखेसुनेकै छौं । अरु वढ्दैजान लागेकापनि छन् । यसंकारण यसवाट हामी सावधान होऔं । कठोपनिषदको तृतीयवल्लीमा "आत्मानं रथिनं विद्धि शरीरं रथमेव तु । बुद्धिं तु सारथिं विद्धि मनः प्रग्रहमेव च" ॥३॥ "इन्द्रियाणि हयानाहु र्विषयांस्तेषु गोचरान् । आत्मेन्द्रियमनोयुक्तं भोक्तेत्याहुर्मनीषिणः ॥४॥ जीवात्मालाई रथी जान शरीरलाई रथ, वुद्धिलाई सारथी जान मनलाई लगाम संझ ॥३॥ इन्द्रियहरूलाई घोडा र इन्द्रियरूपि घोडाहरू हिड्ने गौचरचाही विषयहरू हुन्, शरीर इन्द्रिय मनले युक्त जीवात्मा भोगगर्दछ भनेर विद्वान्हरू भन्दछन् ॥४॥ अर्थात् आफ्नो वुद्धिरूपी सारथी ज्यादै होसियार हुनपर्दछ, नत्र इन्द्रियघोडाहरू सुमार्गलाई छोडेर कुमार्गतिर लाग्छन् । किनभने इन्द्रिय घोडाहरू ज्यादै दुष्टछन्, मनरूपी लगामद्वारा वुद्धिले खिचेर सन्मार्गमा लगाउन पर्दछ । नत्र घोडाले रथलाई कुवाटोमा लगेर रथीलाई भिरतिरलगेर खसालेजस्तै जीवात्मा लाई अधःपतन गराउंदछन् । त्यसैले हामीले शरीर मन वुद्धि र इन्द्रियहरूलाई कावुमा राख्न पर्दछभन्ने कुरा हामी कहिल्यैपनि नविर्सौं ।

३०. अव हामी वेदान्त विषयक केही कुरा जान्दै जाउं त्यसमा पहिले आफू, ब्रह्म, प्रपञ्च, (संसार) यी ३ कुरा जानौं, आफू भनेको म, म भनेको जीवात्मा, ब्रह्म भनेको परमात्मा परमेश्वर परब्रह्म, प्रपञ्च भनेको पृथ्वी, जल तेज, वायु, आकाश यी पञ्चमहाभूत वाट खडा भएको चर अचर, चेतन अचेतन रुख लहरा कीट पतङ्ग पशु पंक्षी मनुष्य आदिले युक्त पृथ्वी आकाश स्वर्ग सूर्य चन्द्रग्रह नक्षत्र तारा आदिले र देवताहरूले भरिएका लोकहरू हुन् । शरीर भनेको जीवात्माले सुखदुःखको भोगगर्ने घरहो, यो ३ थरि छ स्थूलशरीर १, सूक्ष्मशरीर २, कारणशरीर ३, रामगीतामा स्थूलशरीरको स्वरूप यसप्रकार छ ।

"रसादिपञ्चीकृतभूतसंभवं भोगालयं दुःखसुखादिकर्मणाम् ।
शरीरमाद्यन्तवदादिकर्मजं मायामयं स्थूलमुपाधिमात्मनः" ॥२८॥

पञ्चीकरण गरिएका पृथ्वी, जल, तेज, वायु, आकाशवाट बनेको आफूले कमाएको सुख दुःख आदिको भोगगर्ने घरभएको सञ्चितकर्मवाट खडा भएको आदि र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अन्त भएको अर्थात् अनित्य मायास्वरूप यस शरीरलाई आत्माको स्थूलउपाधि मान्दछन् । अर्थात् पञ्चमहाभूतवाट वनेको सुख दु:खादिको घरभएको पहिलेको कर्मबाट खडाभएको अनित्य र आत्माको उपाधिरूप यो स्थूलशरीर हो । सूक्ष्मशरीरको वर्णन "सूक्ष्मं मनोवुद्धिदशेन्द्रियैर्युतं प्राणैरपञ्चीकृतभूतसंमवम् । भोक्तु:सुरवादेरनुसाधनंभवेत् शरीरमन्यद् विदुरात्मनो बुधा:" ॥२९॥ मन बुद्धि दश इन्द्रिय पांचप्राण यी सत्रतत्वलेयुक्त भोक्ताको सुखदु:खादि अनुभवको साधन पञ्चीकरण नगरिएका पृथ्वी जल तेज वायु आकाशबाट बनेको शरीरलाई विद्वानहरू सूक्ष्मशरीर भन्दछन् ॥२९॥ रामगीतामा कारणशरीरको वर्णन "अनाद्यनिर्वाच्यमपीहकारणं मायाप्रधानंतु परंशरीरकम् । उपाधिभेदात्तु यत:पृथक्स्थितं स्वात्मानमात्मन्यवधारयेत् क्रमात् ॥३०॥ अनादि आदि नभएको अनिर्वाच्य यस्तो भनेर भन्न नसकिने मायाप्रधान भएको अर्को शरीरलाई कारणशरीर भन्दछन् । उपाधिबाट यी अलग शरीर भएका हुन् । यो कुरा अर्थात् यी सबै अज्ञानबाट भएका हुन् भनि आफूले विचार गरोस् ॥३०॥

३१. पञ्चीकरण भनेको पृथ्वीआदि पञ्चमहाभूतलाई आधा आधागर्ने आधालाई अलग्गैराख्ने आधामा ४ भाग लगाउने त्यो चारभाग आफूबाहेक अरु ४ महाभूतमा एकएक भाग हालिदिने अर्थात् पृथ्वीको २ भाग लगायो १ भाग अलग्गै राख्यो अर्को भाग ४ भाग लगाएर ती चारभाग पृथ्वीबाहेक जल तेज वायु आकाशमा १, १ भाग हाल्नेहो । यसरी पृथ्वीमा आफ्नो भाग आधा अरु जलआदिको आधा भागको ४ खण्डको १,१ खण्ड मिलेको हुन्छ, यो नियम जल आदिमापनि लागु हुन्छ । यसरी पञ्चीकरण गरिएका पृथ्वीआदि पांच महाभूतबाट हाम्रो स्थूलशरीर वन्दछन् ! अर्थात् पृथ्वीबाट बनेको तर हाम्रो शरीरमा पृथ्वीको भाग आधामात्र छ । अरु जलादिको ८ खण्डको १,१ खण्ड छ पृथ्वीको भाग धेरै भएकोले पार्थिव शरीर भनेको हो । यस्तै वरुण लोकमा बस्नेको शरीरमा जलको मात्रा धेरै भएकोले जलीयशरीर भन्दछन् । हामी योपनि जानीराखौं, हामीले गरेका प्रारब्धकर्म अर्थात् पाप पुण्यको भोगगर्न यो स्थूलशरीर बनेको छ । प्रारब्धकर्मको भोग समाप्त भएपछि यो स्थूलशरीर नाश हुन्छ । परब्रह्मको साक्षात्कार नभएसम्म सूक्ष्मशरीर रहन्छ । ब्रह्मज्ञान भएपछि सूक्ष्मशरीरको नाश हुन्छ । सूक्ष्मशरीर स्थूलशरीरको आश्रयलिएर रहन्छ । सुषुप्ति समयमा सूक्ष्मशरीर अज्ञानरूप कारणशरीरमा संस्काररूपले रहन्छ । जाग्रत समय र स्वप्नसमयमा स्थूलशरीरको आश्रय लिएर रहन्छ । नरकको दु:खको भोगको समयमा र स्वर्गादिमा सुखभोगको समयमा सूक्ष्मशरीर स्थूलशरीरको आश्रयलिएर नै रहन्छ । सुखदु:खको भोग केवल सूक्ष्म शरीरलेमात्र हुनसक्दैन स्थूलशरीरको आश्रय नपाएको सूक्ष्मशरीरबाट सुख दु:खको भोग हुदैन । ज्ञानभएपछि यी ३ थरि शरीर नै नाश हुन्छन् । जीवात्माको ४ अवस्था मानेको छ जाग्रत, स्वप्न, सुषुप्ति र तुरीया अवस्था (चारैं अवस्था) हिड डुलगर्ने जाग्रत अवस्था, सपना देख्ने स्वप्न अवस्था, निदाएको छ सपना देखेको छैनभने सुषुप्ति अवस्था, सारा उपाधि र अध्यास नभएको ज्ञानप्राप्त भएको अवस्था तुरीयावस्था हो ।

३२. अब हामी पञ्चकोशलाई पनि जानि हालौं । पञ्चकोश जान्न पर्ने कारण के हो भने हामी व्यवहारमा आत्माको घर र त्यहांका सामान जस्ता भएका शरीर र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इन्द्रिय आदिलाईनै आत्माठान्ने गरेकाछौं तिनीहरू आत्मा होइनन् भन्ने जान्न वुझ्नका निमित्त । १, अन्नमयकोश २, प्राणमयकोश ३, मनोमयकोश ४, विज्ञानमयकोश ५, आनन्दमयकोश ॥१॥ वावु आमाले खाएको अन्नजल आदिवस्तुको सारवाट वनेको वीर्य र रजबाट खडाभएको पेटवाट निस्केपछिपनि दूध अन्नादिले वढेको यो हाम्रो शरीर अर्थात् स्थूलदेहलाई अन्नमयकोश (अर्थात् अन्नादिको भण्डार) भनिन्छ । हामीहरू म दुव्लोभएं म मोटो भएं भनेर मोटो र दुव्लो हुने यही शरीरलाई नै म भनेर भन्दछौं तर म भनेको आत्मा अजर अमर अविनाशी घट वढ नहुने वस्तु हो शरीर त बूढो र नाश हुनेछ त्यसैले अन्नमयकोश स्वरूप यो हाम्रोशरीर हाम्रोआत्मा होइन भनि बुझौं ॥२॥ पांचकर्मेन्द्रियहरूलेयुक्त प्राण, अपान, समान, उदान, व्यान यी पांचवायुलाई प्राणमयकोश भनिन्छ । प्राणवायु हृदयमा अपानवायु गुदद्वारमा समानवायु नाभिस्थानमा, उदानवायु घांटिमा व्यानवायु शरीरभरि रहन्छ । शरीरको हृदयादि स्थानमा रहेका यी पांचवायुहरू कर्मेन्द्रियहरूले कामगर्दा मद्दतगर्दछन् । यो प्रणमयकोश सूक्ष्मशरीरमा अन्तर्भाव हुन्छ । आत्मस्वरूप म हुं, म भोको छु, म अघाएको छु, भन्ने व्यवहारबाट भोक र तृप्ति त प्राणको धर्महुनाले प्राणवायुलाईनै आत्मा भनेको देखिन्छ तर म आत्मामा भोक तिर्खाआदि धर्म नरहने हुनाले प्राणमयकोश देखिपनि अलग रहेछु भन्ने विश्वास लिऊं ॥३॥ पांच ज्ञानेन्द्रिय सहित मन मनोमयकोश हो । म दुःखी छु म सुखी छु भनेर सुख र दुःखको साक्षात्कार गर्ने मनलाई नै म ठानेको छ तर यो होईन सुख र दुःखआदि त मनको धर्महो, यो मनोमयकोशपनि सूक्ष्मशरीरभित्र पर्दछ । विनाशी छ त्यसैले म आत्मा यो होइनभनि जानौं । ॥४॥ पांच ज्ञानेन्द्रिय सहित बुद्धि विज्ञानमयकोश हो । म कानोभएं, म वहिरोभएं भन्नेगरेकोले आत्माको व्यवहार ज्ञानेन्द्रियहरूमा गरेको भ्रमहो बुद्धि र इन्द्रिय विनाशी हुनाले अमरआत्मा हुनसक्तैनन् त्यसैले विज्ञानमयकोश देखि आत्मा भिन्न हो भन्ने निश्चय गरौं । ॥५॥ पुण्यहरूको फलभोग्ने समयमा अनुभव गरिएका प्रिय हर्ष प्रहर्ष आदि बुद्धिका वृत्तिहरू आनन्दमयकोश हो । यो आनन्द चिरस्थायी छैन, पुण्यकर्म सिद्धिएपछि यो आनन्द रहदैंन विनाशी छ, त्यसैले आनन्द आत्माकोस्वरूपभएपनि नित्य आनन्द मात्र आत्माकोस्वरूप हो त्यसैले आनन्दमयकोशपनि आत्मा होइन पञ्चकोशहरूको नै अनुभव गर्ने सच्चित् चैतन्य स्वरूप आत्मा पञ्चकोशदेखि अलगरहेछ भन्ने हामीले कहिल्यै पनि नर्बिसौं । निर्मल स्फटिकको नगिचै जपाकुसुमआदि रातो वस्तु राखिदिएमा त्यो स्फटिक रातो देखिन्छ । त्यस्तै निर्मल आत्माकोसाथ इन्द्रिय मन बुद्धि देह रहेपछि त्यसको प्रभाव आत्मामापनि उपाधिस्वरूप अध्यास पर्दछ । विचार नगरी झट्ट हेर्दा रातो स्फटिक रहेछ भनेर भानपरेजस्तै हामीलाई पनि म दुव्लोभन्दा शरीरआत्मा, म भोकोभन्दा वायुआत्मा, म कानोभन्दा इन्द्रियआत्मा, म दुःखीभन्दा मनआत्मा इत्यादि भानभएर शरीर इन्द्रियआदिलाई नै आत्मासंज्ञी मरणआदिवाट भयभीत भएकाछौं । यी आत्मा होइनन्भन्ने दृढनिश्चय शास्त्रवाट लिनुपर्दछ । दैवी मायाले हामीलाई ढाकेकोले यस्तो अध्यास, विपरीत भावना हामीमा वासनारूपले टांसिएको छ, भगवान्कै शरणमा हामी जाऔं आर्तनाद गरौं, हाम्रो दुःखदर्द करुणाकर प्रभुवाट अवश्य नाशगरि दिनु हुनेछ । सत्‌चित् आनन्द स्वरूप म हुंभन्ने आत्मज्ञानतर्फ हाम्रो दृष्टिजानेछ । म दुव्लो, म कानो, म दुःखी इत्यादि दुर्भावना हटेर जानेछन् । यो कुरा रामगीतामा यसरी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उल्लेख छ । "चिद्विम्बसाक्ष्यात्मधियांप्रसङ्गतस्त्वेकत्रवासादनलाक्तलोहवत् । अन्योऽन्यमध्यासव शात्प्रतीयते जडाजडत्वं च चिदात्मचेतसो:" ॥ चैतन्य साक्षीस्वरूप आत्माका साथ बुद्धि आदिको संसर्ग अर्थात् साथ हुनाले जड मन बुद्धिआदि र अजड (चैतन्यरूप आत्माको) परस्परमा अध्यास भएर एकको धर्म अर्कोमा अर्कोको धर्म अर्कोमा देखिन्छ जस्तै फलाम र आगो एकसाथहुनाले आगाको धर्म फलाममा अध्यास भएर फलाम पनि आगो देखिन्छ त्यस्तै मन बुद्धिआदिको धर्मआत्मामा अध्यास हुन्छ । भ्रमबाट एउटा वस्तुमा अर्को वस्तुको प्रतीत हुनु अध्यास हो । आत्मचिन्तनको स्वरूप रामगीतामा यसरी प्रतिपादन गरिएकोछ । "प्रकाशरूपीऽहमजोऽहमव्ययोऽसकृद् विभातोऽयमतीवनिर्मल:। विशुद्धविज्ञानघनो निरामय: संपूर्ण आन्दमयोऽहमक्रिय: ॥४३॥ "सदैव मुक्तोऽहमचिन्त्यशक्तिमानतीन्द्रियज्ञानम विक्रियात्मक: । अनन्तपारोऽहमहर्निशं बुधै र्विभावितोऽहं हृदि वेदवादिमि:" ॥४४॥ म प्रकाश रूपहुं अजन्म हुं अद्वितीय हुं निरन्तरप्रकाशमान हुं अत्यन्तनिर्मल हुं, विशुद्ध हुं विज्ञानमय हुं आरोग्ययुक्त हुं पूर्णस्वरूप हुं आनन्दस्वरूप हुं क्रियारहित हुं ॥४३॥ म नित्यमुक्त हुं अचिन्त्यशक्तियुक्त हुं अतीन्द्रियज्ञान हुं । विकाररहित आत्मा हुं अनन्तपार हुं, वेदशास्त्रवेत्ता विद्वानहरूले रातदिन हृदयमा चिन्तनगरिरहेको म हुं ॥४४॥ "एवं सदात्मानमरवण्डितात्मना विचारमाणस्य विशुद्धभावना । हन्यादविद्यामचिरेण कारकै रसायनंयद्वदुपासितंरुज: ॥४५॥ यसरी सधैं अरवण्डित आत्मवृत्तिद्वारा आत्मचिन्तन गर्ने मानिसको अन्तस्करणमा विशुद्धभावना उत्पन्न हुन्छ । अनि सानवाहनसमेत अज्ञानको नाश हुन्छ, रसायनऔषधिको सेवनले रोगनाश भएजस्तै अज्ञानरूपी रोगनाश हुन्छ । इन्द्रियलाई जिती मनशुद्धराखी पवित्र एकान्तस्थलमा वसेर हरेकदिन माथिको आत्म चिन्तनमा लागौं हाम्रा सवै दु:ख रोगआदि हट्नेछन् ॥ कर्म ३ छन् १ प्रारब्धकर्म २ सञ्चितकर्म ३ आगामिकर्म । यस शरीरले भोग गर्नुपर्ने सुख दु:खआदि प्रारब्धकर्म हो । पूर्व पूर्वजन्ममा गरिएका भाविजन्मका कारण भएका कर्महरू सञ्चितकर्म हुन् । यस शरीरले ज्ञानप्राप्ति गरिसकेपछि गरिने कर्म आगामिकर्म हो । आत्मज्ञान लाभ गरेपछि सञ्चितकर्म र आगामिकर्महरू नष्ट हुन्छन् । अर्थात् ज्ञानाग्निले सञ्चित कर्मलाई खरानी गराउंछ ज्ञानलाभ गरिसकेपछि गरेका आगामिकर्महरू अनासक्त भएर गरेको हुनाले तिनीहरूका साथ ज्ञानीको सम्बन्ध रहदैंन । ज्ञानीले फलको चाहना नै गर्दैन । प्रारब्धकर्म त भोगगरेरनै समाप्त गर्नुपर्दछ त्यसै नाश हुदैन ।

३३. धर्म अर्थ काम मोक्ष यी चार पुरुषार्थमा धर्मपूर्वक धनकमाएर धर्मपूर्वक सुखभोगगर्न शास्त्रबाट हामीले अनुमति पाएका छौं भन्ने कुरा त पूर्वोक्त सोपानवाट थाहा भैसकेको छ । अव मोक्षको वारेमा केही बुझौं । मोक्ष भएपछि आत्यन्तिक दु:खनाश हुने हुनाले अर्थात अव दु:ख भोगगर्न पर्दै नपर्ने हुनाले मोक्षलाई परमपुरुपार्थ (ठूलो पुरुषार्थ) मानेको हो । यो कस्तो स्वरूपको छ भन्ने वारेमा वेद उपनिपद व्रह्मसूत्र आदि मूलग्रन्थहरूको आधारमा गीता रामगीता योगवासिष्ठआदि ग्रन्थहरूमा जीवात्माको र परमात्माको भेद वास्तविक सत्य होइन, जीव परमेश्वरकै अंश हो, खाली अनादि कर्मवासनाबाट त्रिगुणात्मिका दैवीमायाको पञ्जामा परी आफूलाई न चिनी हामीले स्वर्गादिको सुखभोग र मर्त्यलोकको दु:खभोग अनादिकालदेखि भोगेर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आईरहेका छौं । शरीर, इन्द्रिय, वुद्धि, आदि विनाशी वस्तुलाई नै अज्ञानले आफू संझी भवचक्रमा फन्को मारेको हो । "ब्रह्म सत्यं जगन्मिथ्या जीवो ब्रह्मैव नाऽपर: "ब्रह्ममात्र सत्य संसार झुटो हो जीव पनि दोस्रो होइन, ब्रह्मनैं हो यो शास्त्रवचन अनुसार एक अखण्ड अद्वितीय सत् चित् आनन्द ज्ञानस्वरूप ब्रह्ममात्र पहिले थियो प्रलयपछि त्यहीमात्र रहनेहो, हामीलाई ब्रह्मज्ञान भएपछि घडा फुटेपछि घडाको आकाश महा आकाशमा मिलेजस्तै हामीपनि ब्रह्मसित मिल्दछौं । अभेद हुन्छौ ब्रह्मकासाथ तादात्म्यहुनु मोक्ष यहीहो र ज्ञान नभइ मोक्ष प्राप्ति हुंदैन । ज्ञानप्राप्तगर्न चित्तशुद्ध हुनुपर्दछ । चित्तशुद्ध हुन प्रथम सोपान देखि वताएका सवै नियमहरू पालनागर्नु पर्दछ । यो मतको विस्तार वेद उपनिषदको गर्ने शङ्करकै अवतार हुनुभएका अद्वैतवादी परमहंस परिव्राजकाचार्य आद्यशंकर हुनु हुन्छ, वांहाले प्रतिपादन गरेकोले यसलाई शाङ्करवेदान्त भन्दछन् । सवभन्दा उत्तम मत यसलाई नै मानेकोछ । यसै मतका अनुयायी नेपाल भारत आदिमा प्रशस्त आर्यधर्मावलम्बीहरू छन् । ज्ञानवाट नै मुक्ति हुने हुनाले "काश्यां मरणात् मुक्ति", काशीमा मृत्युभए ज्ञानी नभएपनि मुक्ति हुन्छ । यो शास्त्रवचन ज्ञान नभएरनैं मुक्तिहुन्छ भन्नेहोइन । त्यहां देहत्याग गर्नेलाई काशीनिरन्तरवासी श्रीविश्वनाथजीले रामचन्द्रको तारकोपदेश मन्त्रप्रदान गर्नुहुन्छ अनि ज्ञानप्राप्तिहुन्छ अनि मोक्ष पाउदछन् भनेर पुराणहरूमा वर्णन छ । "मुमूर्षोर्मणिकरार्यन्ते अर्धोदकनिवासिन: । अहं दिशामिते मन्त्रंतारकस्योपदेशत:" ॥ "श्रीराम राम रामेति एतत्तारकमुच्यते ॥ अतस्त्वं जानकीनाथ परब्रह्मेति गीयसे" यो रामचन्द्रप्रति शिवजीको उक्ति हो मर्नलागेका मणिकर्णिका धाट्मा अर्धजलहालेका प्राणीहरूलाई हजूरको तारकमन्त्र (भवसागरतार्ने मन्त्र) "श्रीराम राम राम" यो मन्त्र सुनाईदिन्छु अनि मोक्षप्राप्त हुन्छन् । यसकारण हे जानकीनाथ हजूर परव्रह्म भनेर सवैं वर्णन गर्छन् । यो स्कन्द पुराणमा रामप्रति रुद्रवाक्यहो "अहं भवन्नामजपन् कृतार्थो वसामि काश्यामनिशं भवान्या । विमोक्षमाणस्य विमुक्तयेऽहंदिशामि मन्त्रं तव रामनाम" ॥ हे राम प्रभु भवानी पार्वतीसाथ हजूरको नामजप्दै कृतकृत्य भएर संधैं काशीमा वस्दछु । यहां देहत्याग गर्ने प्राणीहरूलाई मुक्ति दिलाउन हजूरको रामनाममन्त्र उपदेश गर्दछु यो पनि रामचन्द्रप्रति शिवजीको निवेदन हो पद्मपुराणको वचन हो: यसरी शास्त्रकारहरूले काशीमा मर्ने प्राणीपनि शिवजीको कृपावाट ज्ञानप्राप्त गरेर नै मोक्षभएका हुन्, ज्ञानप्राप्त नगरी मोक्षप्राप्त हुदैन भनि उपदेश गरेकाछन् ।

३४. विशिष्टाद्वैतवादी वैष्णवसंप्रदायका विशिष्ट विद्वान् रामानुजाचार्य यो मतलाई मान्नु हुन्न । वहां भन्नु हुन्छ प्रपञ्च संसार मायामय भएपनि मिथ्या झुटो होइन । व्रह्मवाट खडा भएको हो, ब्रह्मको शरीर स्थानीय हो पछि व्रह्ममै लीन हुन्छ । मुक्तिभए पछिपनि जीव ब्रह्ममा लीनहुदैन ब्रह्मदेखि अलग रहन्छ । ब्रह्मजस्तो सर्वज्ञ शर्वशक्तिमान्पनि होइन, अल्पज्ञ अल्पशक्तिमान छ । मोक्ष भएपछि सवै तरहको भयवाट मुक्तभएर केवल ब्रह्मानन्द (अलौकिक आनन्द) कोमात्र अनुभव गर्दछ । ब्रह्मलोकमा ब्रह्मकासाथ रहन्छ, आनन्दमय वन्दछ । अज्ञानले जीवलाई मोहयुक्त वनाएर संसारमा घुमाएको छ । भगवान्को परमभक्ति नै मुक्ति प्राप्तगर्ने सजिलो उपाय हो । मन शुद्धराखी श्रद्धा भक्ति विश्वास सहित भगवान्को शरणपरेपछि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भगवत्प्रसाद प्राप्त हुन्छ त्यसवाट जीव मुक्तिप्राप्तगरी कृतार्थवन्न सक्तछ । हो ज्ञानबाट पनि मुक्तिप्राप्त हुन्छ । तर सजिलो भक्तिमार्गनै हो, ज्ञानमार्ग कठिन छ । यसरी जीव र जगतलाई ईश्वर देखि भिन्न माने पनि जगत र जीव विशिष्ट ईश्वरको अद्वैतप्रतिपादनगर्ने भएकोले यो दर्शनको नाम विशिष्टाद्वैतदर्शन नाम रहेकोछ । यस दर्शनको अनुसरणगरी वैष्णवभएका भक्तहरूपनि प्रशस्त छन् ।

३५. विक्रम सम्बत १२ शताब्दीमा आनन्द तीर्थंकर मध्वाचार्यले द्वैतदर्शनको प्रचार गरेका हुन् । यसैलाइ माध्वसंप्रदाय भन्दछन्, यसमा परमात्मा साक्षात् विष्णु अनन्तगुण परिपूर्ण उत्पत्ति स्थिति संहारकारक, सर्वज्ञ, नित्य, मत्स्य कूर्मादि नानाअवतारधारी र वहांकी शक्ति लक्ष्मीलाई पनि मान्दछन् । परमात्माको श्रवण कीर्तन भजन स्मरण पूजन आदिबाट परमाभक्ति प्राप्तगरेका प्राणीले आफ्नो भक्तिको कक्षा अनुसार नजिकमा वस्नु, समानरूप हुनु, परमात्मामै मिल्नु इत्यादि मुक्तिभेद प्राप्तगर्नसक्तछन् । लक्ष्मीसहित परमात्मालाई मानेकोले यसमतको नाम द्वैतदर्शन हो, नेपालमा यो मतमा लाग्नेपनि छन् ।

३६. विक्रम सम्बत १३०० शताब्दीमा निम्बार्क आचार्यले खडागर्नुभएको दर्शनलाई द्वैताद्वैत दर्शन भन्दछन् । त्यस्तै विक्रम सम्बत १५ शताब्दीमा बल्लभ आचार्यले खडागर्नुभएको मतलाई शुद्धाद्वैतदर्शन भन्दछन् । आफ्नो आफ्नो महत्व देखाउन एक एक विशेषता देखाएका छन् । यतातर्फ लागेका कमै छन् । कर्महरू चित्तशुद्धि गराउनकानिमित्त गरिनेहुंदा चित्तशुद्धभएपछि कर्मयोगलाई छोड्रेर ज्ञानयोगमामात्र लाग्नु पर्दछ । अनिमात्र मोक्षप्राप्त हुन्छ, कर्मगरीरहेमा पुण्यप्राप्तभइ त्यसको भोगगर्न स्वर्गादिलोकमा जानपरेपछि कसरी मोक्षमिल्दछ । त्यसैले नदी तरेपछि डुङ्गा छोडेजस्तै मनशुद्धभएपछि कर्महरू छोड्नु पर्दछ, केवल ज्ञानमार्गको मात्र आश्रय लिनपर्दछ, यसो भन्ने आचार्य प्रशस्त छन् । रामगीतामा रामचन्द्रले लक्ष्मणलाईपनि यस्तै उपदेश गर्नुभएको छ । "आदौ स्ववर्णाश्रमवर्णिताः क्रियाः कृत्वा समासादितशुद्धमानसः । समाप्य तत् पूर्वमुपात्तसाधनः समाश्रयेत्सद्गुरुमात्मलव्धये ॥ पहिले आफ्नो वर्ण र आश्रममा वताएका सत्कर्महरूगरी मनशुद्ध गराई साधन चतुष्टय (माथि बताएका) को आश्रयगरी कर्महरू त्यागगरी ज्ञानप्राप्तिकानिमित्त सद्गुरुको शरणमा जाओस् ।

३७. त्यसोहोइन कर्मछोड्नु हुदैन, कर्मपनि साथसाथै गर्नपर्दछ, फलको इच्छानगरी आसक्तनभइ कर्मगर्नपर्दछ । त्यस्तोकर्म मोक्षको वाधक हुदैन "उभाभ्यामेव पक्षाभ्यां यथाखे पक्षिणो गतिः । तथैव ज्ञानकर्मभ्यां प्राप्यते शाश्वती गतिः "आकाशमा उड्नलाई पन्क्षीले दुवै पखेटा चाल्नपरेजस्तै मोक्षप्राप्तिका निमित्त कर्मज्ञान दुवैको आश्रय लिनपर्दछ । शास्त्रले यसो भनेको हुनाले कर्मपनि छोड्नहुन्न भन्ने आचार्यपनि छन्, गीतामा त फलको इच्छा नगरी गरेको कर्मयोगलाइ नै मुख्य मानेको छ । हाम्रा नेपालभित्र हिन्दुधर्मका संप्रदायमध्ये केही गणनायोग्य मतहरू पनि जान्नु राम्रै हुन्छ भनि मतमतान्तर लेखेको हो । सव भन्दा मुख्यप्राचीन धेरैले मानिराखेको आद्यशंकराचार्यको अद्वैतदर्शननै हो । यसलाई शाङ्करवेदान्त भन्दछन् । यस विषयमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सयौं ग्रन्थहरू पाइन्छन् वेदान्तको पढाई आचार्यपरीक्षा (स्नातकोत्तर) सम्म पहिले देखिनै चलेको छ ।

३८. यो एउटाकुरा हामी जानीराखौं, नेपालमा र भारतमा प्रचलित सम्प्रदाय धेरैछन् जस्तै शैवसम्प्रदाय, शिवलाई मान्ने, वैष्णवसम्प्रदाय, विष्णुलाई मान्ने, शाक्तसम्प्रदाय, शक्तिदेवीलाई मान्ने, त्यस्तै गणेशलाई मान्ने, सूर्यलाई मान्ने, भुवनेश्वरीलाई मान्नेछन् । त्यसमा आफूले मानेको मत असल, अरुले मानेको खरावभन्ने भावनालिइ अरुमतावलम्वीहरूलाई हेयदृष्टिले हेर्ने खराव परिपाटी कहिं कहिं चलेकोछ । यो राम्रोकुरा होइन । जुनदेवतालाई मानेपनि केहि फरक पर्दैन । सवै व्रह्मका अवतार हुन् जसको आराधना सेवा भक्तिगरेपनि हुन्छ । अर्काको निन्दा चर्चा गर्नु हुदैन । त्यसमा पनि असलै कामगर्नेलाई टीका टिप्पणीगर्नु राम्रो होइन, त्यस्तो दुर्भावना गर्ने मानिसको भविष्य कल्याणमय हुने छैन । मैले मानेको देवता ठूला हुन् उसले मानेका देवता सानाहुन् इत्यादि दुर्विचार त्यागगर्नु पर्दछ । भगवान्का अंशभएका अरु सवैलाई एकै देख्नुपर्दछ ।

३९. अव अन्त्यमा हामीहरू एउटाकुरा राम्ररी मनन् गरौं त्यो के भने व्यवहारमा वसेका हामीहरूलाई पैसाको आवश्यकता संधैजस्तो परिरहन्छ । जस्तै केटाकेटीलाई पढाउंदा वन्धुवर्गमा विवाह व्रतवन्धादिपर्दा, औषधौपचार गर्दा, घरैमा विवाहादि पर्दा इत्यादि । त्यसकारण हामीगृहस्थीहरूले धनलाई तुच्छठान्न शक्तैशक्तैनौं । पाइला पाइलामा त्यसको आवश्यकता छ, जुनवस्तु संधै चाहिरहन्छ, त्यसलाई त ज्यादै प्यारो मानिन्छ । मान्नु पर्दछपनि । त्यसो हुनाले हामी अन्याय अत्याचार भ्रष्टाचार गरेर कमाइने धनलाईमात्र तुच्छ दृष्टिले हेरौं । हो यसलाई त त्यागनै पर्दछ । न्यायले कमाइएको पैसाले पुग्दैपुग्दैन अनिकेगर्ने भ्रष्टाचार गर्नै पर्दछ, यो विचारलिन हुदैन । महाजनदेखि साधारण मानिससम्म दृष्टि लगाऔं । येन केन प्रकारेण व्यवहार चल्दैगएकैछ । विश्वम्भर (संसारलाई पाल्ने) भगवान्ले भोकै कसैलाई मार्नु हुन्न, हो उद्योग त गर्नैपर्दछ । हो धनीले सुखले गरीवले दुःखले जीवन विताएका हुन्छन् । धेरै धनीलाई त उसले खाएलाएको मोटरचढेको देखेर भाग्यमानी हामी ठान्दछौं । तर, त्यसलाई आफ्नो संम्पत्ति रक्षागर्न उता व्याजदिएन, यता व्यापारमा घाटालाग्यो, जग्गाको उठ्तीभएन, डाइभरले मोटर विगार्‍यो, झिकाएकोमाल वेलामा आएन, कसरी करछल्ने, मजदुरको संधै कचकच इत्यादि धेरै झैं झमेलाले संधै दिनवित्ने हुनाले भित्र सुख शान्ति हुदैन । भ्रष्टाचारगर्ने कर्मचारीलाईपनि सरकारले निलम्बनगरी वेइज्जतहुने होकिः सवैले थाहांपाएर तिरस्कारगर्ने हुन्कि, मैले राम्रो काम गरेको छैन इत्यादि भय चिन्ताले छोडदैन । धन भएर के सुख शान्ति भयो, हामी विचार गरौं । जागिरको पैसाले नपुगे विदाकोदिन र विहानवेलुका अरु कामगर्ने, घरमा गृहिणीहरूले पनि केहि कामगर्ने, समय त्यसै नविताउने, कामभनेको दरिद्रलेमात्र गर्नेहोभन्ने भावनानलिने, यसो गरेमा व्यवहार चल्न सक्तछ । घरेलु कामगर्नेलाई किसानऋण वैंकवाट पाइन्छ । अल्छीमात्र गर्न भएन । परिश्रमी कसैलेपनि दुःख पाएको छैन, उद्योगीलाई लक्ष्मीले हेर्नुहुन्छ । अल्छी न वनौं कामगरेर दिनविताए, खाएको पच्दछ । व्यायामहुन्छ, शरीर वलियोहुन्छ, रोग लाग्दैन मनप्रसन्न हुन्छ । सन्तोष लिनु ठूलोकुरा हुन्छ इमान्दार कर्मचारी अफिसमापनि इज्जत पाउंछ । अरु त के कुरा ज्यामि नै भएपनि छलछाम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नगर्ने सवको प्यारो हुन्छ । सवै त्यसैलाई काम लगाउन चाहन्छन् । यस्ती गृहिणीलाई घरमापनि कदर गर्दछन् जागीरनहुने गृहस्थीलेपनि कृषिवैंक आदिवाट ऋणलिइ गाई, भैंसी, वाखा, भेंडाआदिकिनी घरमैवसेर व्यवहार चलाउन सकिन्छ । हामी यै संभ्कौ कि पसिनाको आर्जन ज्यादै उत्तम हो । पसिनाको पैसा थोरै भएपनि त्यसले धेरै कामदिन्छ यो पवित्रपैसा हो । यसलाई हामीहरू कहिल्यै नविर्सौं । अफिसका माथि ओहदाका उच्चपदाधिकारिलाई भन्दा कृषकपरिश्रमीहरूलाई आदर दृष्टिलेहेर्ने, सम्मानगर्ने वानी वसालौं । आत्मसन्तोषलाई आश्रयगरौ । आफू नैतिकनिष्ठावान वनेकोमा आत्मगौरव गरौं । करुणावरुणालय (दया सागर) परमात्मा परमपिता परमेश्वरको शरणमापरौं वहांवाट अवश्य कल्याण गरिवक्सनेछ, सन्देह छैन । परमात्मा परब्रह्म कस्तो हुनु हुन्छ, यो पनि सामान्यरूपले जानी राखौं । जसलाई हाम्रा आंखाले देखन सकिदैन, जसबाट यो सारा पञ्चमहाभूत (अर्थात पृथिवी जल तेज वायु आकाश) देखि लिएर ब्रह्मा सम्म सारा चराचर ज़गतको सृष्टि पालन र संहारहुन्छ । अर्थात् यी सबै जसबाट खडा हुन्छन्, जसले यिनीलाई जीवितराख्दछ, पछि जसमा यी विलीनहुन्छन् । जसको नाम रूप गुण दोष आदि छैन्, जो अजर अमर निर्विकारआदि अन्त्यरहित व्यापक नित्य सर्वज्ञ सर्वशक्तिमान् सत् चित् आनन्दस्वरूप छ, जसको वर्णन वेदले पनि गर्न सकेको छैन । त्यस्तो अचिन्त्य परमतत्वस्वरूप हुनुहुन्छ ।

पञ्चमसोपानको उपसंहार

४०. अव हाम्रो आध्यात्मिकसोपान यसैमा टुङ्गिन्छ, हुनत योभन्दा माथिल्लोसोपानपनि छ । जसवाट अद्वैततत्त्वज्ञान पूरा हुन्छ, "तत्त्वमसि", "अहं ब्रहमास्मि" इत्यादि महावाक्यको निरन्तर अभ्यासबाट मं नै ब्रह्म हुं भन्ने ज्ञानप्राप्त गर्नुलाई अद्वैततत्वज्ञान भन्दछन् । त्यो भावना पूर्णहुन मुखले शब्दले बोलेर मनले चिताएरमात्र प्राप्तगर्न सकिने कुरा होइन । त्यसका निमित्त त हामीले माथि वताएका आहार आचार व्यवहार विचारआदिलाई मन वचन कर्मले सात्विकभावनाबाट आफूमा उतारेपछि अर्थात् ती कुरा पूराअभ्यास भैसकेपछिमात्र अद्वैतज्ञान सजिलोसितप्राप्त हुनसक्तछ । त्यसैले हामी पूर्व अभ्यासमानै लागौं, राम्रोसित पांचौसोपानसम्म आइपुग्यौं भने अर्थात् अहिलेसम्म वताएका क्रियाकलापहरू श्रद्धा भक्ति विश्वासकासाथ सम्पादन गर्न सफलभयौं भने यहा माथिको अद्वैत तत्वज्ञान स्वत:प्राप्त हुनपनि सक्तछ । किनभने हामीले सवैमा समभाव राख्ने सवैलाई ईश्वरको अंश संभ्कने अचेतन सवै पदार्थलाई पनि भगवान्को शरीरसंभ्कने प्रणामगर्ने उपदेश "खं वायुमग्निं सलिलं मही च ज्योतींषि सत्वानि दिशो द्रुमादीन्", इत्यादि धेरैश्लोकहरूद्वारा सवै भगवान् नै हुन्भन्ने कुरामाथि प्रतिपादन विस्ताररूपले गरिसकेकाछौं । सवै भगवान् भएपछि सवैभित्र आफूपनि परेपछि म ब्रह्म हुं भन्ने भावना आईहाल्छ, त्यसलाई कार्यरूपमा परिणत गर्न प्रयासगर्न पर्नेहुन्छ । पहिले यति सम्ममात्र जानी वुभ्की व्यवहारमा उतार्न प्रयासगरौं जान्न, बुभ्कन सजिलो छ । व्यवहारमा उतार्न गाह्रो छ । गृहस्थीहरूमा आफ्नै घरका परिवार र नोकरहरूमापनि पनपक्षगर्ने, सवैको एकैनासको विहानवेलुका खाद्यपदार्थ नहुने । यसलाई हामीले आफ्नो आफ्नो घरमा सुधारौं यतिपनि गर्नसकेनौभने हामी कसरी आध्यात्मिक चिन्तनको सिडिहरू चढौंला, कसरी सवैमा समभावराख्न सकौंला, भित्रीमनले विचार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गरौं । पहिलो सुरुमा घरका मूली तथा परिवारमा र नोकरलाई समेत विहान वेलुकी खाने भुजा तरकारी आदि अलग अलग नगरौं । वेदान्त विषयमा आचार्यपासगरी वेदान्तविषय अद्वैत तत्वको मर्मबुझेका विद्वानहरूपनि त्यही अनुरूप व्यवहार नगरी अहन्ताले आक्रान्तभएका हामीले देखेकाछौं । आध्यात्मिक विषय थोरैजानेका मानिसपनि सो अनुरूप व्यवहार गरेर सच्चा वेदान्ती बनेकापनि देखेकाछौं । त्यसैले तलको जग वलियो नगरी त्यसै तला थप्न खोज्दा घरभासिएजस्तै हामीपनि तल भासिने छौं । यसमा सावधान होऔं । आईपरेका सुख दुःख दुबैलाइ प्रारब्धको भोगसंझी धैर्यवान वनौं, माथि वताएको भक्तिमार्गलाई भगवान्को स्मरण कीर्तन श्रवण मननवाट वढाउदै लैजाऔं यसैबाट आफ्नो परत्रसपारौं, भक्तिवाट उत्तमगति पाएका ध्रुव, प्रह्लाद, विदुर, उद्धव, विभीषण, गुह, तुलसीदास, शवरी आदिको कथा त हामीले सुनिसकेका छौं । ती सवै भगवान्का परम भक्तहरूको चरित्र नसुनेको भए सुन्न जान्न वुझ्न प्रयासगरौं, भगवद् भक्तका गुणकीर्तनले पनि चित्तशुद्ध हुन्छ । हामीपनि उत्तमगति प्राप्तगर्न प्रयासगरौं । यस पञ्चमसोपानमा काम क्रोध लोभ यी ३ लाई ठूला शत्रु संझी यिनीहरुवाट वचनेतर्फ सजग रहनपर्दछ भनेको उपदेश संधै स्मरणगरीराखौ । सत्य ज्ञान आनन्दस्वरूप आत्मा अर्थात् जीवात्मा शरीर, ज्ञानेन्द्रिय, कर्मेन्द्रिय, मन, बुद्धि, देखि अलग अजर अमर छ भन्ने मुख्यज्ञानपनि विशेष विवरण सहित थाहापायौं । जाग्रत स्वप्नआदि ४ अवस्थाको स्वरूप र पञ्चकोशकोस्वरूप र त्यसदेखि आत्मा अलगछभन्ने जानी, आत्मचिन्तनको पक्रिया पनि जान्यौं । मोक्षको विषयमा समान्यज्ञान भयो । प्रारव्धआदि ३ कर्मको प्रकार र तिनीहरूको भोगगर्ने प्रक्रियापनि स्पष्टबोध भयो । वेदान्तविषयक मत मतान्तर धेरैभएपनि अद्वैततत्व प्रतिपादक शाङ्करवेदान्तको सिद्धान्तलाई नै हामीले मान्नुपर्ने थाहा भयो । वैष्णव, शैव, शाक्तआदि सवै संप्रदायहरूलाई आदर गर्नुपर्नेकुरा वुझ्यौं, विशेषगरी धनको मोहमा नफसी पसिनाको कमाइलाईमात्र पवित्रसंझी नैतिकपतनतर्फ नलागी संतोषीभई अन्तर्मुखी वृत्तितर्फ उन्मुखभई गृहस्थाश्रम धर्मको पालना गर्नुपर्ने कुरापनि अवगतभयो । मैंखाउं, मैलाउं, मैंसुखसयल गरुं अरुहरूको के वास्ता यस्तो स्वार्थीपना रहेसम्म सद्भावनातर्फ चित्तलाग्दैन । त्यसैले हामीहरू "सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः । सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग् भवेत्" ॥ सवैसुखी सवैनिरोगी हुन्, सवैको कल्याणहोस्, सवैले भलोदेखुन्, दुःखपाउने कोहीपनि नहोस् "यो मन्त्रलाइ नविर्सौं, यस्तो पवित्र भावना अन्तस्करणमा सधैं राखिराखौं । उत्तम सज्जनहरू आफ्नो धनखर्चगरेर आफ्नोस्वार्थको वास्ता नगरी अरुको उपकार गर्दछन् । मध्यम सज्जनहरू आफ्नो धन खर्चनगरी आफ्नो कामछोडी शरीरले उपकारमा लाग्दछन् । साधारणहरू धनखर्च नगरी आफ्नो कामसिध्याई शरीरलेमात्र परहितमा लाग्दछन् । हामी अभ्यास वढाउदैं उत्तम सज्जनको पदपाउनेतर्फ चेष्टागरौं । स्वार्थले अन्धाभएका मानिसहरूले कर्तव्य अकर्तव्य सुकर्म दुष्कर्मको ख्यालैनगरी आफ्नोस्वार्थ पूरागर्दा पछि पंछुतोपरी जेलसम्मपरेका मानिसहरूको दुर्दशालाई अवगतगरी हामी स्वार्थाऽन्ध नहौं । भनेको छ "असारविरसः कायः सापायो ऽयं क्षणक्षयी । परोपकारलेशेन याति संसारसारताम्" ॥ शरीर साररहित, विरसिलो विघ्नवाधायुक्त एकैछिनमा नाशहुनेछ । यस्तोशरीरले अलिकति पनि परोपकार गरेमा संसारमा जन्मलिएको सफलभई सारयुक्त हुन्छ । हो शरीर एकै छिनमा नासिन्छ,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसले गरेका धारा पाटी पौवा पाठशाला आदि सुकर्महरू पछिसम्म रही कीर्तिपताका फिजाउन सक्तछन् । शास्त्रले भनेको छ "आत्मार्थ जीवलोकेस्मिन्को नजीवति मानवः । परं परोकारार्थ यो जीवति स जीवति" । स्वार्थका निमित्त वाच्ने मानिस धेरैछन्, तर ती बांचेका ठहर्दैनन् । जो परोकारका निमित्त बांचेकोछ, त्यो मात्र वांचेको ठहर्छ । अर्थात् स्वार्थीजीवन तुच्छजीवन हो । यो पनि संझी रहनपर्ने कुराछ । सबै सोपानमा लेखिएका घतलाग्दा श्लोकहरू एक कापीमा लेखी अभ्यासगरौं, सधैं आवृत्ति गरौं, यसबाट यहां उल्लेखभएका सबै विषयहरूको स्मरण सधै सजिलोसित हुनसक्तछ । सफलता तर्फ लम्कन सजिलो हुनेछ ।

४१. स्वास्थ्यलाभका निमित्त प्राणायामको पनि ज्यादै महत्वछ, त्यसैले विहान सवेरै खुला ठाउंमा सो नमिले हावा संचारहुने बरण्डा पूजाकोठा आदिमा पलेटि मारेर सजिलो संग बसी नाकको एकफोहरा थुनी अर्कोले वायुतान्ने एक मिनेट जति ताने पछि नाकको दुवै फोहोरा, तानेको समय ,भन्दा दोव्वर समयसम्म बन्दगरी वायुरोकि राख्ने अनि तानेको फोहोराबाट होइन अर्को फोहोराबाट रोकेको समयभन्दा केही कमसमयसम्म लगाएर बिस्तारै वायु छोडने । वायु तान्दा दायां वायां दुवै फोहरावाट क्रमै सित तान्नु पर्दछ । यसरी ३।४ पटक गर्ने तान्दा रोकदा छोड्दा "ॐ" यो मन्त्र मनबाट जपे असल हुनेछ । तान्ने रोक्ने र छोड्ने समय विस्तारै अभ्यास गर्दै बढाउदै लैजाने । पटक पनि पछि पछि बढाउदै लैजानु पर्दछ । यसो गर्दा भित्रको दूषित वायु हटी शरीरका रोगहरू नाश हुन्छन्, बल, आरोग्य, उत्साह क्रमैसित बढ्दै ,जान्छ मन शान्तहुन्छ । शास्त्रकारले प्राणायामलाई सर्वरोगनिवारक औषधी नै मानेको छ । यसो गर्न धेरै समय लाग्दैन केही खर्चगर्न पर्दैन त्यसैले हामी पनि यो व्यायाम गर्न थालिहालौं । यो कुरा नविर्सौ कि प्रणायामगर्दा मनमा दुर्भावना राख्न हुदैन । ॐ यो ब्रह्म हो त्यसैको स्मरण गर्नु पर्दछ । प्राणायाम ४ पटक भन्दा बढि पटक गर्ने त्यति सम्म गर्दा आफूलाई कति मानसिकशान्ति भएको छ, त्यो विचार गरेरमात्र बढाउनु पर्दछ जवर्जस्ती बढाउनु हुदैन । यसबाट मस्तिष्कमा असर पर्नसक्तछ । सावधान हुनुपर्दछ ।

४२. अन्त्यमा हामी भगवान्सित तलको श्लोकले प्रार्थना गरौं "कृष्ण त्वदीयपदपङ्कजपञ्जरान्ते अद्यैव मे विशतु मानसराजहंसः । प्राणप्रयाणसमये कफवातपित्तैः कण्ठाऽवरोधनविधौ स्मरणं कुतस्ते"॥ हे कृष्णप्रभु हजुरको चरणकमलरूपी पिंजडामा मेरो मनरूपी राजहंस आजनै प्रवेश गरोस् । प्राणजाने समयमा कफ वायु पित्तले गलारोकिएर संकटपरेको बखतमा हजुरको स्मरण कसरी हुनसक्ला ॥ यो प्रार्थनाश्लोक प्रतिदिन भक्तिपूर्वक पाठगरौं, हाम्रो मन प्रभुको चरणचिन्तनमा एकाग्रभावले लगाऔं । प्रभु प्रसन्नभई दयागरेर हामीलाई अन्त्यमा प्रभुको स्मरणगर्नसक्ने शक्ति अवश्यदिनु हुनेछ । हामी सत्सङ्कल्प सद्भावना सद्विचारलाई कहिल्यैपनि नछोडौं । परमात्मा परमेश्वर भगवान्मा अटलभक्तिभावराखी मनुष्यजन्म सफल पारौं । यही मेरो सविनय अनुरोधछ । ॐ श्रीकृष्णार्पणमस्तु ।

इति आध्यात्मिकचिन्तनं समाप्तम् ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आत्मसन्तोष

१. आत्मामा सन्तोष हुनुलाई आत्मसन्तोष भनिन्छ । आत्मसन्तोष हुनु मानिसका निमित्त ठूलोउपलब्धि हो । त्यो आत्मसन्तोष उपभोगका वस्तुहरू जुटाएर हुन सक्तैन । आफ्नो गच्छे अनुसार प्राप्त भएका सुखभोगहरूलाई पनि तुच्छ संझी तिनीहरूमा आसक्त नभई शास्त्रले विधानगरेका सत्कर्म गर्दै लगेमा मात्र आत्मसन्तोष पाइने बाटोमा आफू हिंड्न लागेको ठान्नुपर्दछ ।

२. किनभने अनादि कालदेखि अहिलेसम्म परमेश्वरको, फूलबारी भएको यस संसारलाई सिंगार्न जति प्राणीहरू पैदाभए, ती सबैको सानै अवस्थादेखि नै आफ्नो इच्छा पूरा गर्ने धोको रहिरहेको हुन्छ । आफूले चाहेजति विषयभोगको धोको पुगेको मानिसले भित्रैदेखि खुशी भएर सन्तोषको सास फेर्दो हो । तर यस्तो सन्तोष एक विषयको सुखभोगको प्राप्तिले मात्र हुदैंन खाने लाउने देख्ने सुत्ने बोल्ने हिड्ने इत्यादि धेरै किसिमका छन्,' त्यसमध्ये खाने एउटा सुखभोगको वस्तुको पनि चपाउने पिउने चाट्ने चुस्ने आदि वस्तुहरूको विभिन्नताले गर्दा धेरै भेद छन् । त्यसमध्ये चपाउने मात्रकोपनि धेरै भेद छ । अर्थात् संसारमा मानिसको उपभोगका निमित्त जति वस्तुहरू देखिएका छन्, ती सबै चीज उपभोग गर्न मानिस लालायित हुन्छ । मानिसको सुखभोगका निमित्त इच्छाको सीमा छैन, जो ज्यादै तल्लो तहको रहनसहन भएको छ । घरका सबै परिवारहरू सूर्योदयदेखि सूर्यास्तसम्म यो काम गर्नु हुन्छ यो काम गर्नु हुदैन भन्ने केही विचार नगरी काममा घोट्टिइ रहदा पनि बेहान बेलुका हातमुख जोड्न र एक झुत्रो लगाउन धौ धौ पर्दछ । त्यस्ता व्यक्तिहरूको सुखको इच्छा सजिलैसित एकपेट खान र एक धराले आङ्ढाक्न पाउनुमा नै सीमित हुन्छ, त्यही व्यक्ति भाग्यले त्यो अवस्थामा पुग्यो भने त्यसको इच्छा अलिमाथि पुगेर खानेवस्तु लाउने कपडा बस्नेघर आदि अलि राम्रा राम्रा चाहन थाल्दछ । त्यतिपनि पुग्योभने आफू माथिकाले गरेको सुखभोगमा लोभिएर त्यो पाउन कोशिस गर्दछ । यसरी आफूले पाएको सुख सुविधालाई केही नदेखी तुच्छसम्झी माथि माथि दृष्टि लगाउने प्रवृत्ति सबै जनतामा पाइन्छ, यसरी माथि माथि लोभिदै कहांसम्म पुग्ने । विषयभोग जति भोगेपनि अब पुग्यो भनि तृप्ति कसरी आउने । ययाति राजालाई विषय भोगगर्न आफ्नो यौवनले नपुगेर छोराको जवानी साटेको कथा सुनिएकैछ । "अधोध: पश्यत:कस्य महिमा नोपचीयते । उपर्यु परिपश्यन्त: सर्व एवदरिद्रति" ॥ आफूभन्दा तल तलका अर्थात् कमधनी मानिसतिर दृष्टि दिएमा भाग्यमानी रहेछु भन्ने र आफूभन्दा माथी तर्फका धनी मानिसलाई हेरेमा त सबै दरिद्र रहेछन् भन्ठान्दछन् ।

३. सुखी हुनु, आनन्दसाथ जीवन विताउनु, आफ्ना परिवारलाई आनन्दसाथ पालन पोषणगर्नु एक गृहस्थको कर्तव्य हो र पूर्वजन्मको पुण्यवाट पाइने हो, यसमा शङ्का छैन । संसारमा देखिएका सबै उपभोगगरिने वस्तुहरू उपभोगका निमित्तनै खडा भएकाछन्, तर आफ्नो भाग्य अनुसारमात्र मानिसले ती उपभोगका वस्तुहरू पाउंदछन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कसको भाग्यमा के लेखेको छ, कसले जान्न सक्तछ । बिहान बेलुका खोले फांडो खाएर निर्वाहगर्ने मानिस पछि सम्पन्नभएर सुख भोग गरेकोपनि देखिएकै छ । पहिले प्रशस्त सुखको उपभोग गरी पछि दुःख पाएका मानिसहरू पनि प्रशस्त देखिएका छन् । त्यसैले कुनै वस्तुको पनि प्राप्तिमा प्रयास नगर्न र अभागी मैले के सुखसन्तोष पाउंला भनी हतोत्साह हुनपनि योग्य छैन । साथै धनी मानिसहरूले मीठो मीठो खाएको राम्रा राम्रा चीज लाएको सानदार भव्य महलमा बसेको सुन्दर कारमा चढी सफर गरेको देखि डाहले सधैं सन्तप्त भएर दुःखले कमाएर खाएको कुरा आङ्मा नलाग्ने गरी पिरोलिन पनि योग्य छैन । भाग्यभए खटिया उपर भनेर भविष्य उज्ज्वलहुने कीर्तिबढाउने काममा ऐहिक सुख सम्पत्ति प्राप्त हुने काममा वास्तै नगरी बस्नु पनि ठीक छैन ।

४. विद्या उपार्जनगर्ने समयमा सबै कुराभन्दा त्यही कामलाई उत्तम संझी मनसा वाचा कर्मणा त्यस काममा लागी अद्वितीय योग्यता हासिल गरी योग्य विद्वान्‌वनी ख्याति प्राप्तगर्न प्रयत्न गर्नु पर्दछ । त्यस्तो हुन सकिएन भने सकिएन सकिएन ।

५. कमाउने समयमा आफ्नो काममा दत्तचित्त भई आफूलाई दिएका काम राम्ररी पूरागरी न्यायपूर्वक कमाएर आफ्नो दैनिक व्यवहार तथा चाडबाड तिथि पर्वआदि परम्परानुसार चलाई पछिल्लो उमेरका निमित्तपनि केही सञ्चित राख्ने लक्ष्य लिनुपर्दछ । तर यी सबै कामका निमित्त थुप्रो धन चाहिएकोले न्याय र धर्मतर्फ आंखाचिम्ली जसरी भएपनि धन कमाउने तर्फ लाग्नु हुदैन । धक फुकाएर खर्चगर्न पुगेनभने पुगेन पुगेन । अन्यायले कमाएर जम्मा गर्नु भन्दा यही असल छ भनी त्यसैमा सन्तोष लिनु पर्दछ । भ्रष्टाचारी बन्नु हुदैन ।

६. सबै जनाले सन्तोषमा लागेर उन्नत हुने चांहना छोडी भएकै वस्तुमा प्रसन्नभई बस्न थालेमा राष्ट्र कसरी उन्नतहुन सक्तछ । जनतामा नयांनयां जोस उमङ्ग उत्साहआदि बढाई शिक्षा कृषि उद्योग यातायात विज्ञान आदिको उन्नति गर्नुपरेको छ । सबैले पसिना बगाएर राष्ट्रको विकासमा लाग्नु पर्नेमा सन्तोष सन्तोषभनी हात बांधेर बस्ने गरेपछि त आफ्नो राष्ट्र पिछडिएर विकसित राष्ट्रहरूको सधैं मुख ताकेर बस्ने अवस्था पर्दछ । यो मार्ग त हुति नभएका मानिसले अपनाउने हो । उत्साहसाथ काममा नलागेकाभए के अहिले चन्द्रलोकको यात्रा संभव थियो ? यो त जनतामा निराशावाद फैलाउने कुमार्ग हो भन्ने तर्क आउंदछ तर आत्मसन्तोषको अभिप्राय सन्तोष सन्तोष भनेर केही कुराको उन्नतिमापनि अगाडि नसरी पाटे अल्छीको जमात वढाउने लक्ष्य होइन । यो त खाली मोजमज्जा उडाउने आफैमात्र सुखी धनी ऐसी भोगी वन्ने दुराग्रहलाई छोडी सबै जनता राष्ट्र राष्ट्रियता संस्कृति धर्म आदिको संरक्षणमा दृढभई कर्मयोगी वनी विलासितातर्फ नढल्की राष्ट्रलाई उन्नत गराउने सुमार्ग हो । सिधा साधा रहन सहन र उच्च विचारमा लाग्नु हो । उद्योगवाट प्राप्तभएको कमाइमा सन्तोष लिनु हो । विलासितातर्फ धसिन लागेको राष्ट्रलाई उकास्नु हो । सर्वोच्चानन्दमा डुब्न लागेका व्यक्तिहरूलाई उतार्नु हो । जनक राजा ब्रह्मज्ञानी आत्मसन्तोषी भएर उनको राष्ट्र के उन्नत थिएन ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

७. आत्मसन्तोषको मार्गमा लाग्नु सरल छैन, अल्छीले यो मार्ग अपनाउन सक्तैन, त्यसमा मोज उडाउन यथेच्छाचरणगर्न पाइदैन, नियमी सदाचारी बन्नुपर्दछ, त्यसैले "असक्तास्तत्पदं गन्तुं ततो निन्दां प्रकुर्वते", यो लौकिक भनाइअनुसार यस मार्गलाई टीका टिप्पणी गरेका छन् ।

८. वास्तवमा हृदयमा ईश्वर शिरमा राजा काखमा जनतालाई राखी जसको अन्नजलले बढ्यौं, जसको काखमा हुर्कियौं जसको पवित्र हावामा सास फेर्न पाएर बांचेका छौं ती पृथिवीमातालाई सिंगार्नु हाम्रो परमकर्तव्य हो । "जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी" यो महामूल मन्त्र हो । ठूला ठूला पदमा आफूमात्र जाऊं, न्याय अन्याय सत् असत् कर्तव्य-अकर्तव्यको विचारलाई टाढै पन्छाएर जसरी हुन्छ शानदारमहल प्रशस्तजग्गा जमीन चल्ती बचत मुद्दतीआदि बैङ्कका खातामा चकाचक रुपैंया जम्मा गरुं, मोजमजामा उडाऊं, ईश्वर पुर्नजन्म स्वर्ग नरक पाप पुण्य यी मानिसलाई डरछेरुवा बनाउने साधन हुन्, मरेर खरानी भएपछि केहीपनि रहदैन पापको भोगगर्नु पर्दैन इत्यादि नास्तिकवादको प्रचार भएर राष्ट्रमा हत्या भ्रष्टाचार दुराचार व्यभिचार कालोबजार चेलीबेटी बेचबिखन आदि दुष्कर्महरू बढिराखेका छन् । पापको डर नभएपछि मानिसले अरुको आंखा छली राजदण्ड भोग्न नपर्ने गरी जुनसुकै काम गर्न पनि हिच्किचाउदैन । सदाचारलाई तिलाञ्जलि दिएर विलासीपना र नसामा लागेपछि त्यो आदत छोड्न सक्तैन, त्यो आदत पूरागर्न निकै धन चाहिन्छ । आफ्नो आमदानीले नपुग्ने भएपछि व्यसनी मानिस अकर्तव्यतिर स्वत:प्रवृत्त हुन्छ । यसको उदाहरण आजकाल विदेशतर्फ चलिरहेका बैंङ्क आदिमा दिउंसै गोली ठोकी धन लुट्ने र विमान अपहरण आदिलाई दिन सकिन्छ । यसले विकासोन्मुख राष्ट्रलाई मात्र होइन विकसित ठूला ठूला राष्ट्रहरूलाई पनि आकुल व्याकुल पारिसकेको छ । नसाबाज भएर महामोहको भुमरीमा परी परमानन्दको अनुभव गर्न तड्पिएका विकसित राष्ट्रका जनताहरूको हालत त हामीले आंखाले देखिराखेका छौ ।

९. अब यता तर्फ दृष्टिपात गरौं-आत्मसन्तोष लिन पर्दछ भनेर मानिसले अर्कालाई भन्न सजिलो हुन्छ । तर मानिस नै हो जिभ्रो मीठा मीठा वस्तुहरूको स्वाद लिन, आंखा राम्रा राम्रा वस्तुहेर्न, नाक असल असल सुगन्धि वस्तुहरू सुघ्न, कान मनोहर मनोहर आवाज सुन्न, छाला नरम नरम र परमानन्ददायक वस्तुहरूको स्पर्शगर्न तम्सिरहेको हुन्छ । यी पांचै ज्ञानेन्द्रियले जस्तै अरु पांच कर्मेन्द्रियले पनि जकडिईराखेको मानिसले यी सबै जञ्जाल तोडी इन्द्रियहरूलाई वशमा राखी सन्तोषको वृत्ति लिन सजिलो छैन ।

१०. वास्तवमा हाम्रा दुईथरी शत्रु छन्, एक बाहिर देखिने अर्थात् हाकाहाकी विरोध गर्ने, अर्का नदेखिने शत्रु हुन् । उनीहरू थाह पनि नपाइने छन् । पहिला शत्रुलाई सामुन्ने परेर सरसल्लाहले र केही नलागे कुस्ताकुस्ती गरेर पनि वश गर्न सकिन्छ । दोस्रा नदेखिने शत्रु काम क्रोध लोभले हामीलाई न जानिंदो हिसाबले सताइ राखेका छन् । यिनीहरूको वश पर्नु असल होइन भनी हामीलाई निश्चय छ, तैपनि हामीहरू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यिनीहरूमा लुटपुटिन्छौं । हामीलाई महामोहले ढाकेको छ । त्यसैले थाहा पाएपनि थाहा नपाएजस्तो, जानेपनि नजानेजस्तो, बुझेंपनि नबुझेंजस्तो, सुनेपनि नसुनेजस्तो भएर भित्रका शत्रु कामक्रोध लोभले जुन जुन बाटा हिंडाउन खोज्दछन्, ती ती बाटाहरू राम्रा वा नराम्रा असल वा खराब हितकारक वा अहितकारक सुगम वा दुर्गम हुन्, त्यसको वास्तानगरी हामी लुरु लुरु हिंड्दछौं । यसरी उद्योग र भाग्य अनुसार प्राप्त भएका वस्तुमा सन्तोष नलिई हामीहरू तृष्णारूपी वैतरणी नदीमा परेर छट्पटाई रहेका छौं । बडा होशियारीका साथ आफ्नो चरित्र चित्रण गर्नेतर्फ लागेर यिनीहरूसित सतर्क हुनुपर्दछ ।

११. मानव क्षुद्रकामका निमित्त जन्मेको होइन, जन्ममरण शोक रोग आदि दुःखको धापबाट उत्रनाका निमित्त हो । क्षणिक सुखमा लुटपुटिएर अमूल्य नरजुनी गुमाउनु महामूर्खता हो । हामी पनि परमेश्वरकै अंश हौं । ज्ञानरूपि बत्तीको सहारालिएर हिंडेमा पछि परमेश्वरनै हुन सक्तछौं, हामीले त पूर्वतिर रहेका परमेश्वरलाई भेट्न पश्चिमतर्फको बाटो अपनाउंदा परमात्माको समीप पुग्नुको बदला झन्झन् पर पुगेछौं । सुख सयलका वस्तुलाई यिनै काम क्रोध लोभले जन्माएका रहेछन्, यी हितकारक रहेनछन् खाली जीवन निर्वाहगर्न आवश्यक वस्तुहरूलाई मात्र सङ्ग्रह गर्न वेश रहेछ इत्यादि सद्भावना सदा मनमा राख्नुपर्दछ । त्यसैतर्फ प्रवृत्त हुनुपर्दछ । अनि प्रशन्नचित्तभई शरिर स्वस्थ रहन्छ ।

१२. यसरी भौतिक उन्नतिले चकाचौंध भइसक्ता पनि विश्वमा शान्ति छैन । परस्पर राष्ट्र राष्ट्रमा राग द्वेष बढेको छ । एकै छिनमा विश्वलाई खरानी गराउने परमाणु अस्त्रको होडबाजी उन्नत राष्ट्रहरूमा चलिरहेकै छ । प्रमादवश कुनै एउटाले मात्र त्यो अस्त्रको प्रयोग गरेमा सबै प्राणीहरू एकै चिहान हुनेसंभावनाछ । त्यसको भयले सारा संसार संत्रस्त छ आध्यात्मिक उन्नतिपनि साथसाथै भएर यो भौतिक उन्नति भएकोभए सुनमा सुगन्ध हुने थियो, मर्त्य स्वर्ग बनिसक्थ्यो । सबैलाई हितहुने कार्यमा वैज्ञानिक अन्वेषणभए विश्वभरी नै कतिफाइदा हुन्थ्यो । विध्वंसकारक अस्त्रहरू बनाउने मस्तिष्क र धन रचनात्मक कार्यमा लगाए संसार कसरी सिंगारिन्थ्यो । वैज्ञानिकहरू नास्तिक भएकोले नै यो अवस्था भएको हों ।

१३. सार्वजनिक हितकारक कार्यमा लागि आफूपनि बांचौं अरुहरूलाई पनि बांच्न दिऊं ? आफूलाई राम्रो लाउन मीठो खान सुख सयल गर्न इच्छा लाग्दछ त अरुलाई पनि लागेकै हुन्छ । मलाई मेरो राष्ट्र धनी सुखी बलवान् सर्वमान्य होस् भन्ने इच्छा छभने अर्कोलाई पनि छ । यस्तो भावना विश्वका सारा जनतामा फैलाउन अध्यात्मवादको पुट चाहिएको छ । आत्मसन्तोषको बल चाहिएको छ ।

'सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः ।
सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्जनः'

१४. यो सिद्धान्त सर्वमान्य गराउन आध्यात्मिक विचारतर्फ उन्नत राष्ट्रहरूको भावना बढाउन आवश्यक छ । आफ्नो उत्तरदायित्व आएको कार्य इमानदारीसाथ निभाउनु, राष्ट्रको हित हुने कार्यमा दत्तचित्त हुनु, स्वार्थले प्रेरित नहुनु, परोपकार र सेवाधर्मलाई सर्वोपरि संझनु, सबै प्राणीहरूमा दया गर्नु, लोभ नगर्नु, धैर्य गर्नु,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सहनशील हुनु, आलस्य नगर्नु, प्रसन्नचित्त हुनु, विनयी हुनु, सदाचारमा रहनु, मनले कहिल्यै कसैकोपनि कुभलो नचिताउनु इत्यादि आत्मसन्तोष प्राप्त गर्ने साधन छन् । यसैले यी सबै कुरा पहिले आफूमा घटाउनेतर्फ मानिसले लाग्नु पर्दछ । नियमी र सत्यवादी हुनु पर्दछ । यो मूढे वलले थोरै समयमा प्राप्तगर्न सकिने चीज होइन, प्रयास गर्दै लगेमा मात्र साध्य हुन सक्दछ । मीठो नमीठो राम्रो नराम्रो सुख दुःख राग द्वेष जाडो गर्मी लाभ हानि हर्ष शोक इत्यादि विरुद्ध धर्मलाई एकै थरी संझने अभ्यास गर्नु पर्दछ । मन प्रसन्न भई हर्षले भरिएका सारा जनताले आफ्नो आफ्नो काममा तत्पर भएर न्यायपूर्वक कार्यसम्पादन गरेमा राष्ट्रको उन्नति अवश्य हुनेछ । सबैको यसलोक परलोक सप्रने छ । सारा विश्वमा भातृत्वभाव पनि फैलिनेछ ।

१५. सन्तोष यस्तो चीज हो कि जो सर्वरोगनिवारक, सर्वजनकल्याणकारक, अतिशय आनन्ददायक, र भवरोगविनाशक पनि छ सन्तोषीको मन आनन्दी हुन्छ, मनप्रसन्न भएपछि लागेका रोगहरू नाश हुनाले शरीर हृष्ट पुष्ट सुन्दरभइ मानिस धैर्य पूर्वक आफ्नो कर्तव्य पथमा लम्कन समर्थ हुन्छ- । सन्तोषीको कसैसितपनि रिस राग द्वेष हुदैन । आफ्नो तन मन धनले उ सबैको उपकारादिमा लागेको हुन्छ । आफ्नो छरछिमेकी र परिवारका साथै सबैजनताको देवसमान गण्यमान्य हुन्छ, त्यसलाई काम क्रोध लोभ मोहादिलेपनि सताउन सक्तैनन् । अनि आनन्दप्राप्ति स्वत: भैहाल्दछ । हामीहरू राग द्वेष माया ममता अहङ्कार आदिको सिकारमापरि चौराशीको चक्कर घुमिराखेका छौं । सन्तोषी भए पछि हामीलाई दुःखदिने नदेखिने भित्रका काम क्रोध लोभ आदि शत्रुहरूले आक्रमणगर्न सक्तैनन् । अनि हाम्रो अन्तस्करण शुद्धभइ सन्मार्गमा लागी परमात्मा परमेश्वर परब्रह्मको रहस्यजानी आत्मज्ञान लाभद्वारा मोक्षपद प्राप्तगर्न पनि सक्नेछौं । शास्त्रले सन्तोषलाई ठूलो महत्व दिएको छ "सन्तोषामृततृप्तानां यत्सुखं शान्तचेतसाम् । कुतस्तद्धनलुब्धानामितश्चेतश्चधावताम् ।" सन्तोषरूपि अमृतपानद्वारा चित्तशान्त भइ आनन्द मानी राखेका मानिसलाई जुन सुख प्राप्त हुन्छ, धन धन भनेर ज्यादै लोभीभई यताउति भौतारिनेहरूलाई त्यस्तो सुख कसरी प्राप्त हुन्छ अर्थात् हुदैन । धनमा ज्यादै आसक्तभई कर्तव्याकर्तव्यको ख्यालनराखी धन कमायो अनि अनर्थको घरभएको धन कसरी सुरक्षित राख्ने कसरी वढाउने के केमा लगाउने, छरछिमेकी भन्दा आफू कसरी धनी मानी रोवरवाफी हुने इत्यादि अनर्थको जञ्जालमाफसी आफ्नो अमूल्य जीवन परमेश्वरतर्फ नलागी जीवन सुधार्नतर्फ नलागेकोले आत्मघाती वनी इहलिला समाप्त गर्दछन् । शास्त्रले भनेको छ "क्रोधो वैवस्वतो राजा तृष्णा वैतरणी नदी । विद्या कामदुघा धेनुःसन्तोषो नन्दनं वनम् "॥ रीस यमराज, तृष्णा वैतरणी नदी, ज्ञान कामधेनुगाई, सन्तोष नन्दनवन हो । इन्द्रको वगैंचाको नाम नन्दनवन हो त्यसमा रहंदा मानिसलाई जस्तो आनन्द मिल्दछ, त्यस्तै आनन्द सन्तोषीलाई पनि मिल्दछ । यसैले हामी पनि सन्तोषी वनौं । अरुलाई पनि यसको महत्व वुझाऔं, यसैवाट राष्ट्रमा उन्नति सुख शान्ति आदि भइ मातृभूमिको सेवा हुनेछ । यो पनि देशोत्थानरूपि महायज्ञ हो, यसका हामी सबै दीक्षित वनौं, यही मेरो सबैकासाथ करजोडि विन्ति छ ।

सबैको कल्याण होस ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सदाचार

१. सदाचार भनेको सत्कर्म अर्थात् असल आचार हो । भारत देशको सरस्वती नदी र दृषद्वती नदीको मध्यभाग ब्रह्मावर्तदेशमा पहिले शिष्टहरू रहेकाले त्यस देशमा रहेका ब्राह्मणादिवर्णहरूको परम्परावाट आएको आचरणलाई सदाचार भनेर मनुले लक्षण गर्नुभएको छ र धर्मको लक्षणभित्र पनि सदाचारलाई राख्नु भएको छ । त्यो आचरण के हो भन्ने प्रश्नमा आर्यधर्मावलम्बी हामीहरूले हाम्रा पूर्वज प्राचीन ऋषिमुनिहरूले प्रशस्त व्याख्यागरी वताएका नियमहरूलाईनै मान्नु पर्दछ । हाम्रा मनुस्मृतिआदि धर्म ग्रन्थहरूमा मानिसले बिहान उठेदेखि नसुतुन्जेल सम्म गर्नुपर्ने शौच, स्नान, जप, पाठ, पूजा, हवन, भोजन र व्यावहारिक कार्यको नियम बताएको छ । ती सबैलाई नियमपूर्वक पालनगर्नु नै सदाचार भनिन्छ । आदर्शमयजीवनमा उक्लन सिढीभएको सदाचारले आफ्नो व्यक्तित्वको विकास गर्न मद्दत गर्दछ । यो मानव जीवनलाई सफल पार्ने र नैतिकपतनवाट जोगाउने कुरा हो । सदाचारले मानवलाई अपूर्वशक्ति प्रदान गर्दछ । सदाचारले आत्मवल बढाउछ । सदाचारी कहिल्यै पनि खराब काममा लाग्दैन, धैर्यवान् हुन्छ, आपत् परेमापनि कत्ति विचलितनभई आफूले शुरुगरेको कार्यलाई वीचमा छोड्दैन । यसबाट सुशील, अनुशासित, आज्ञाकारी, विनयी र स्वावलम्बी हुन्छ । सदाचारी कर्तव्यपथबाट कहिल्यै च्युत हुदैन, अर्काको भलोनै आफ्नो भलो संझन्छ । सदाचार मानवमात्रको अमूल्य गहना हो र यसमा सवैलाई आकर्षणगर्ने शक्ति छ । यसको अभावमा मानव दानव बन्दछ । यो सरासरी बजारमा गएर जति तिरेर पनि पाइने वस्तु होइन । जति महापुरुष भएपनि ती सबै सदाचारले नै भएका हुन् । सदाचारको महत्त्व पहिले थियो अहिले पनि छ पछिपनि अवश्य रहने छ । मानवमात्रलाई कल्याणकारी मार्ग अपनाउन यो नभइनहुने चीज हो । सदाचारबाट यसलोकमा आरोग्य, वलवीर्य र प्रतिभा आदिको वृद्धिभई आनन्दमय सुखीजीवन हुन्छ । परलोकमा पनि यसजन्मको संस्कार अनुसार सुख दुःखको प्राप्ति हुने भई असल आचरणबाट निर्मल चित्त हुनाले कल्याण प्राप्तिनै हुन्छ ।

२. अधिकारीले कार्यालयमा कामगर्दा नातावाद, कृपावाद, भ्रष्टाचार र ढीलासुस्ती आदि दुराचारलाई पन्छाई समय समयमा प्रकाशभएका रुलनियम बमोजिम कसैलाई पक्षपात नगरी जस्ताको तस्तो काम गरिदिनु, सैनिकहरूले फौजिअडरको राम्रो तरहले पालनागर्नु, पाठशाला महाविद्यालयमा अध्यापक, प्राध्यापकहरूले छात्रहरूलाई छोरा भन्दा फरक नगरी स्नेहपूर्वक पढाउनु, खेलाडीले मैदानमा छलकपट नगरी नियमबमोजिम खेलखेल्नु, व्यापारीले परलमोलमा थोरैमात्र नाफालिई मानवसेवा संझि व्यापारगर्नु, यी सबै सदाचारका हांगा हुन् ।

३. सदाचारीभन्न जति सजिलो छ, बन्न त्यति सजिलो छैन । आचारहीन नहुन त कोहि पनि रुचाउदैनन् होला तर पहिलेदेखि संयमशील जीवन नभएकाले सदाचार अपनाउन कठिनभइ छोड्दै गएका छन् । आजकाल वैज्ञानिक युगहुनाले मानिसलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सदाचारीवन्न सामाजिक आर्थिक कठिनाईले गाह्रो पर्दछ । भोगविलासको लालचालेपनि यसलाई छोडिदिएका छन् । चाहेको कुराखान, इच्छा लागेजति बोल्न, मनलाग्दो जति सुत्न, पिउन नपाइने यी नियमहरू आजका समाजलाई कांडा बनेका छन् । जताततै होटेलहरूमा बाहिरबाटै बास्नालेनै घ्राणेन्द्रियलाई आकर्षणगर्ने नामसंभ्कदै जिभ्रोरसाउने घरमा वनाउन नसकिने कस्ता कस्ता मीठा वस्तुहरू तयारी छन् ।

४. अप्सराजस्ता सुन्दरी युवतीहरू अथवा सुन्दर युवाहरूसित बल डान्स गर्नपाइने क्लवहरूले मनलाई तानिरहेका छन् । मधुर मनोहर स्वरद्वारा टाढैबाट गीतलेनै जाउं जाउंभनि हृदयलाई चञ्चल गराईदिने सिनेमाहलहरूले जताततै युवक युवतीहरूलाई सत्कार गरिरहेका छन् र सुख र दुःख सबै एकभई तं र म भन्ने भेदभाद हटाई ब्रह्मानन्द भन्दापनि उच्चकक्षाको सर्वोच्चानन्द दिलाउने सोमरसका पसलहरू तंछाड मंछाडगरी सबैतर्फ बढिरहेका छन् । थोरै समयमा नै लखपति हुने चान्स भएका खेलबहाडको लहर चलिरहेको छ । "यावज्जीवं सुखं जीवेत्" जस्तो सरल र सुन्दर सिद्धान्तको मुकावला मनुले वताएको कडा विधिनिषेधको नियम रसवरी लालमोहन बर्फी चमचम छाडेर तीतो टर्रो चिराइतो असुरो बिंहीं आदिको सेवन जस्तो छ ।

५. वर्तमान साधारण मानवले यस्तो संभ्केको छ कि धर्मले मनुष्यको सबै प्रकारको स्वातन्त्रयलाई अपहरण गरेको छ र मानिसलाई कैदी बनाएको छ, सबै प्रकारको स्वेच्छाचारमा धर्म अङ्कुश भइरहेछ । खानु पिउनु सुत्नु उठ्नु बस्नु हिडनु सबैमा धर्म अद्रृष्टरूपले पछि लागिरहेको छ । स्वतन्त्रयुगको यो विपरीत छ इत्यादि ।

६. अव विचारगरौं, खडाखडै पशुकोजस्तो पिसावगर्न शास्त्रले निषेधगरेकोछ तर आजकाल सभ्य कहलाइएका मानिसहरूको त्यसैमा प्रवृति छ, त्यसो गर्दा पिसावका छिटाले जुत्ता कपडा फोहोर भएर घिनलाग्ने भएको आफ्नो आंखाले देखेर निश्चय भएर पनि त्यो कुलतलाई मानिसले छोड्दैनन् । भगवान्ले हामी सबैलाई सबैवस्तुमा रहेको रूप रस गन्ध स्पर्श आदिको ठीकठीक थाहा पाउन इन्द्रियहरू दिनुभएको छ । जस्तै चलाख धूर्तले शंखलाई देखाएर पहेलो र नुनलाई गुलियो भनेर जति तर्क पेश गरे पनि कुनै मानिसले पनि विश्वास गर्दैनन् । इन्द्रियले अनुभव गरेको कुरालाई नै सत्य संभ्कन्छ । त्यस्तै असल आचार खराब आचार मनुष्य आफै जान्न सक्तछ, विलासमय संसारमा फसी कर्तव्य र अकर्तव्य छुट्याउन नसक्ने भयो । वास्तवमा इच्छा "न जातु कामःकामानामुपभोगेन शाम्यति । हविषा कृष्णवर्त्मेव भूय एवाभिवर्द्धते" कहिल्यै पनि विषयहरूको उपभोग गरेर तृप्त हुदैन घिउ हाल्दा आगो बढेजस्तै बढिनै रहन्छ, तृष्णा बढेमा मानिसलाई कुनै कुरालेपनि पुग्दैन । ती वस्तुहरू धेरै धेरै बढदै गएपनि अरु वढि वढि जम्मा गर्ने इच्छा हुन्छ, सन्तोषमय जीवन र उच्च विचार अपनाउनु पर्दछ भन्ने मनुको मन्त्रलाई मानवले छोडिसकेको छ, त्यस्तो ज्ञान वढाउने शिक्षापनि छैन । ब्रह्माण्डका प्राकृतिक वस्तु प्रकृतिवाटनै मर्यादित छन् चन्द्र सूर्य अग्नि हावा आकाश पृथ्वी जल यी सबै अनादिकालदेखि आफ्नो मर्यादामा नियमित रूपले रहिरहेका छन् । यिनीहरू मर्यादामा रहनाले नै संसार अडेको छ, मानवमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पनि मर्यादाको महत्त्व छ । हरेक क्षणलाई अमूल्य संझेर कुनै क्षणलाईपनि खेर नजानीगरी प्राचीन ऋषि महर्षिहरूले नियमितरूपले गर्नुपर्ने दैनिक कार्यक्रमका नियमहरू बताएका छन् । जसमा प्रात:कालमा व्यूंझेदेखि राति ननिदाएसम्म गर्नुपर्ने सवै क्रियाकलाप समाविष्ट छन् । वहांहरूको दिव्यदृष्टि र लामो अवधिसम्मको अनुभववाट तयार गरिएका ती नियमहरू नियमित रूपले विश्वासपूर्वक पालना गर्नाले दीर्घायु नीरोगी बलवान तेजिलो बन्न सक्तछ, यसमापनि वैज्ञानिक तथ्य छ । धर्मनिमित्तक भनि धर्मलाई प्रधानता दिएको मात्र हो । यसमा यही फरक छकि पाश्चात्यका नियमहरू खाली विचारसित सम्वद्ध छन् आचारसित छैनन्, त्यसैले उनीहरू यी नीयमलाई खाली फाइदाहुने मात्र संझन्छन्, अर्थात् साधारण मानेका छन् अनिवार्य छैनन् । उनीहरूको समाजमा यी नियम उल्लङ्घन गर्ने पनि योग्य नै ठहरिन्छ स्वेच्छाचरणपनि समाजको अङ्गनै ठहर्छ । तर सनातन धर्ममा स्वेच्छाचरणलाई छुट छैन ठूला साना सबै आचारहरू धर्मसित सम्बद्ध छन् । "आचार:परमो धर्म:" अर्थात् आचारनै मुख्यधर्म हो भनि मानेकाले आचारहीन पुरुष समाजको हेय हुन्छ ।

७. कुनै पनि काम विधिपूर्वक र स्वेच्छाचारमा यति फरक छकि कुनै मानिसले स्वेच्छाचारमा विषपान गर्‍योभने समाजमा निन्दित हुन्छ । शास्त्र मर्यादाबाट आत्महत्या गर्न तत्परभए वापत प्रायश्चित्तभागी हुन्छ । लोकमर्यादाबाट अपराधीसंझी राजदण्ड पाउंदछ । अर्काले त्यस विषयमा मद्दत गरेको छ भने त्योपनि अपराधी ठहर्छ । त्यही विष कविराज डाक्टरहरूले कुनै रोगमा औषधि भनी खुवाउछन् इन्जेक्शनपनि दिन्छन् तर त्यो खाने खिलाउने अपराधी ठहरिन्न । अझ खुवाउने वैद्यले त चाडो रोगनिको पारे वापत रोगि धनी भए बकस पनि पाउंदछ । पहिलाले स्वेच्छाचारले मर्नलाईनै विषखाएको र अरु व्यक्ति त्यसमा सहायक हुनाले दुवै अपराधी भए दोश्रोले वाच्नका निमित्त खाएको र विषको मर्म जान्नेद्वारा विधिपूर्वक विषखानाले विष मरणको साधन नबनेर "विषस्य विषमौषधिम्" अनुसार शरीरमा रहेका विष नाश गरी अमृतको काम गरेकाले प्रशंसा गरिने भयो । त्यस्तै प्राणायामगर्दा शास्त्रले यतिपटक ओम जप्ने यति समय सम्म पूरक (वायु तान्ने) यतिसम्म कुम्भक (वायु रोक्ने) यतिसम्म रेचक (वायु छोडने) भनी समयको नियम गरेको छ । त्यसमा पूरकको समय भन्दा कुम्भकको चौवर र रेचकको दोब्बर मानेको छ त्यसो गर्दा धेरै शुद्धवायु प्राणवायुमा सन्चार भइ स्वास्थ्यलाभ हुने हुनाले वैज्ञानिक आधार छ, शुद्धहावामा लामो श्वास लिदा असल हुन्छ भन्ने विचारले समयको ख्यालनगरी स्वेच्छाचारबाट खाली वायु तान्नेर छोड्ने मात्र गरेमा त्यति स्वास्थ्यलाभ निश्चय हुन सक्तैन ।

८. संसारको विषयरूपी विषलाई वैद्यजस्तो शास्त्रको नियम अनुसार सेवन गरेमा सुख शान्ति मिल्दछ । विषयरूपी विषलाई मनमाना ढङ्गले सेवन गरेमा यसलोकमा इन्द्रियहरूलाई वशमाराख्न नसक्नाले अनेक प्रकारका आपत्तिहरू आइलाग्दछन्, चित्त प्रसन्न हुदैन र सत् असत्को विचार गर्नसक्ने वुद्धिहुदैन, रोगीहुन्छ । जीवनको अन्त्य अवस्थामा पनि सत्कार्यमा चित्तलाग्दैन, आफूले वडा कठिनले खाइ नखाइ कमाएको धन सम्पति घर स्वास्नी छोराछोरीलाई छोडेर एक्लै जानपर्‍यो भन्ने पिरले विह्वल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुन्छ । "यं यं वापि स्मरन्भावं त्यजत्यन्ते कलेवरम् । तं तमेवैति कोन्तेय सदा तद्भावभावित:॥ भगवद्गीता" जुन जुन भावलाई संझदै देह त्याग गर्दछ त्यही भावमा प्राप्त हुन्छ भन्ने भगवद्गीताको वचन अनुसार वासनावद्ध भएर पुनर्जन्मको फांसीमा परी संसाररूपी समुन्द्रमा संधै डुविरहने हुन्छ ।

९. सदाचारको एउटा सानो उदाहरण यहां प्रस्तुत गरिन्छ "ब्राह्मे मुहूर्ते बुध्येत" शास्त्रले भनेकाले प्रात:कालमा उठ्नु शास्त्रविहित छ । हामीहरू दिनभरि परिश्रम गरेर थाकी लस्तपरि सारा शरीर गली ओज सकिई रातमा निन्द्राआमाको काखमा परिरहेका हुन्छौ । प्रात:कालको प्राकृतिक वातावरणको सुन्दरता आह्लादकता मनोहरता शीतलता विलक्षण हुन्छ । सुगन्धयुक्त सुन्दरफूलहरू फुलिरहेका हुन्छन् । भ्रमरा माउरी आदि मन्द मनोहरशब्दगर्न लागेका हुन्छन् । विस्तारै विस्तारै वहनलागेको मनलाई ज्यादै प्रसन्नगराउने शीतल हावाले दशै दिशालाई सुगन्धित पारेको हुन्छ । त्यसैले यसलाई ब्राह्ममुहूर्त नाम दिइएको छ । अरुको त के कुरा प्राणीमा तुच्छ विष्ठाखाने कुखुरापनि आफू व्यूंभी सवैलाई उठाउन प्रयास गरिरहेका हुन्छन् । ठीक पनि छ त्यो समय प्राणीहरूका शरीर मन बुद्धि आदिका खर्च भएका शक्तिहरूलाई पूरागर्ने समय हो । अहिले प्रकृतिले मुक्तहस्त भएर समस्त प्राणीहरूका निमित्त सत्रंखोलेर स्वास्थ्य बुद्धि मेधा प्रतिभा प्रसन्नता आदि अमूल्य रत्नहरूको विशालराशिलाई लुटाइराखेकी छिन् । प्रात:कालमा बहने वायुको हरेक कणमा प्राणीमात्रका निमित्त सन्जीवनी औषधिको अपूर्व मिश्रण छ । त्यो वायुले रातमा चन्द्रमाले पृथ्वीमा वर्षाएका अमृतका थोपाहरू साथै लिएर वहिरहेको हुन्छ र यसको सेवनले स्वास्थ्य सौन्दर्य आयुष्यको वृद्धि हुन्छ मन प्रसन्नभई आत्मामा नयां उमङ्गको अनुभव हुन्छ ।

१०. प्राणीमात्रको जीवनका निमित्त अन्न जल वायु यी ३ वस्तु अत्यावश्यक छन् । यी मध्ये अन्न दिनको एक पटक खाए पनि ज्यान बच्दछ पानी ४।५ पटक पाए यथेष्ट हुन्छ, वायु त सासफेर्न प्रतिक्षण आवश्यक छ यस समयको वायुको ज्यादै महत्त्व छ । प्रात:कालमा खुला मैदानमा गएर बस्ने मानिसले यसको महत्त्व स्वत: अनुभव गर्दछ ।

११. प्रात: कालमा शौच स्नानादि समाप्त गरि खुला जग्गामा पूर्वाभिमुख भएर प्राणायाम सन्ध्या आदि गर्दा त्यस समयको शुद्ध वायु हाम्रा प्राणवायुमा सञ्चार हुनाले कुनै रोगले पनि आक्रमण गर्न सक्तैन । त्यस समयमा प्रमादवश अथवा आलस्य मानेर हामी सुति रह्यौं भने दिनभरि नै शरीरमा उत्साह र मनमा उमङ्ग आउदैन कस्तो कस्तो लागेरनै दिन वित्तछ, यो सवैले अनुभव गरेकै छ ।

१२. सन्तानहरूलाई सदाचारी वनाउन यो विचार गर्नु पर्दछकि वालक आलो मुछेको कांचो माटो अथवा मइन जस्तो हुन्छ । अर्थात् तिनीहरूवाट जे चीज वनाएपनि सहजै वनेजस्तै वालक पनि जुनसांचामा ढालेपनि ढल्नसक्दछ, सानो वालकलाई असल चालचलन भएको वनाउन आमावावु दाजुदिदी आदि मान्यजनको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मुख्यहात हुन्छ । मान्यजनहरूलेपनि नियममारही वालकलाई त्यसको महत्त्ववुझाउदै ठूलो गराउनु पर्दछ ।

१३. वालक आफू सानो छदा आफू भन्दा माथिका मान्य मानिसहरूले गरेका कामहरू सिक्न जान्न गर्न हेर्न ज्यादै उत्सुक हुन्छ र साथै जान्न सिक्न प्रयास पनि गर्दछ । यो पारिवारिक जीवनमा रहने सवैले अनुभव गरेकै कुरा हो । सन्तान सदाचारी हुन आफ्नो परिवार सदाचारी हुनु पर्दछ । आफू स्वेच्छाचारी हुने मदिरा आदि सेवन गर्ने सन्तानलाई ती सेवन गर्न योग्य छैनन् भनेर त्यसवाट हटाउन सकिदैन । चुरोट तमाखु खाने बावुका छोराहरूपनि त्यो अम्वलमा फसेकै देखिन्छन् त्यसैले "आफू उदाहरण बन्नु पर्दछ" भन्ने उपदेशलाई सवैलें सर्वात्मना पालन गर्नु पर्दछ ।

१४. छात्रका निमित्त समाज तथा परिवार पनि पाठशाला भने हुन्छ, मानिस जस्तो समाज तथा परिवारमा जन्म्यो बढ्यो हुर्क्यो त्यही समाज र परिवारको छाप उसको अन्तस्करणमा संस्कार रूपले रहिरहेको हुन्छ, सभ्यसमाज र असभ्यसमाजमा हुर्केकाको आकाश जमीनको फरक पर्दछ ।

१५. प्राचीन शिक्षाप्रणालीमा को धनी को गरीब सवैले गुरुको सेवागरी नियममा रहेर मात्र विद्याप्राप्त गर्न सकिन्थ्यो जसमा राजपुत्रहरूले पनि त्यही नियममा रही समिधा कुश आदि काटेर बोकेर ल्याउन पर्दथ्यो । गुरुकुलमा बसेर अध्ययन गर्दा विद्या अध्ययनको साथसाथै अरु नियम पनि पालना गर्न अत्यावश्यक हुनाले नियमित रूपले आहार विहार आदि भई शरीरको स्वास्थ्य पूरापूर हुन्थ्यो । परिश्रम गर्ने वानि वस्तथ्यो, रुखो सुखो पीठो मीठो जेभएपनि खाएर रहनसक्ने क्षमता हुन्थ्यो, कुशासनमा सुत्ने अभ्यास भएकोले जहां जसरि सुतेपनि मस्तसंग निन्द्रापर्ने भई शरीर साधिइरहेको हुन्थ्यो, पहिलेका उच्चपदाधिकारीहरूमा परिश्रम दु:ख आपत्ति सहनसक्ने क्षमता थियो भन्ने उदाहरण त हामी राजाका छोरा रामचन्द्र र गौतम बुद्धलाई नै दिन सक्तछौं । जुन दुवै आफ्नो त्याग तपस्याबाट देवतामा गनिए । पढि सकेपछि जे पनि गर्न सक्ने, नियममा रहने, सदाचारी, मातृभक्त, पितृभक्त, देशभक्त, र राजभक्तले युक्त भएका हुन्थे । विस्तारै गुरुकुलको परम्परा तोडियो । क्रमश: शिक्षाले अर्कै रूप लियो, विशाल मैदान वा ठूलो जङ्गलमापसेका यात्रीहरूबाटो अलमलिए जस्तै मानिसहरू आफ्नो कर्तव्यपथमा अल्मलिए । सदाचारको नाममात्र रह्यो ।

१६. शास्त्रको नियमको बांध यस्तो गजबको छकि त्यो केही किसिमवाट भत्क्यो फुट्योभने पानीको वांध पछि त्यो भन्दा बलियोगरी वांधबाध्न सकेजस्तो यसलाई नियमित गराउन सकिदैन । त्यसैले शास्त्रका नियमहरूलाई अनिवार्यरूपले जस्तै परेका वखतमा पनि पालना गर्नपर्ने नियम छ । एकपटक त्यसवाट च्युत भएपछि मानिसको त्यो नियम पालन गर्ने प्रवृत्ति स्वत: हटेर जान्छ । यसैले सदाचारलाई ज्यादै महत्त्व दिएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१७. वर्तमान समयमा त राष्ट्र राष्ट्रले पनि परस्परमा सदाचारको पाठ सिक्नु परेको छ । जसवाट एक राष्ट्रले अर्को राष्ट्रलाई प्रेम दृष्टिले हेरोस्, उन्नत भएकोमा हृदयदेखिनै प्रसन्नहोस्, उसको उन्नतिमा भागलेओस् "वसुधैव कुटुम्बकम्" लाई साकार गराओस् ।

१८. मानिसमा रहने काम क्रोध लोभ मोह मद मात्सर्यलाई पूर्वाचार्यहरूले अन्त: शत्रु अर्थात् शरीरभित्ररहने शत्रु मानेका छन्, जस्तै राजाको शत्रु आफ्नो दरवार भित्रै अदृश्य रूपले रह्यो भने त्यो राजालाई आफ्नो सत्ता कायम गरिराख्न कत्रो प्रयास पर्दछ । त्यस्तै हाम्रा काम क्रोध आदि गरिएका छओटा शत्रु हाम्रो साथसाथै मित्रजस्तो वनी गुप्तरूपले रहेका छन् । तिनीहरूलाई परास्तगर्न हामीलाई ज्यादै कठिन पर्दछ । ती हाम्रा भित्री शत्रुहरूलाई नहटाई हामी आनन्द साथ हाम्रो घरभएको शरीरमा वस्न पाउदैनौ । हामीहरूलाई तिनीहरूदेखि रातोदिन कुनवेला आक्रमण गरेर आफूलाई वशपार्ने होभनी डरनै भइरहन्छ । त्यसैले ती छओटा शत्रुहरूलाई हामीले नजिति हुदैहुदैन । आंखाले नदेखिने ती शत्रुहरूलाई जित्न सदाचारी हुनुपर्दछ । बीच बीचमा इन्द्रियहरूले विषयवासनामा आसक्त भएको मौकापारी मीठा मीठा चीजहरू खान, सुन्दर सुन्दर सादनजुटेका महलमा वस्न, राम्रा राम्रा वस्तुहरू देख्न, सुगन्धित वस्तुहरूको सेवन गर्न, मनोहर मनोहर शव्दसुन्न र हामीलाई आफ्नो गच्छेभन्दा बढि तृष्णा वढाउने तर्फ धकेल्न लागेमापनि सदाचारी छौभने तत्कालै ती दुर्भावनाहरूलाई हटाउन सक्तछौ । दुराचारी पुरुष लोकमा निन्दित, दु:खी, रोगी र अल्पायुहुन्छ ।

दुराचारोहिपुरुपो लोकेभवति निन्दित: ।
दु:खभागीचसततं व्याधितोल्पायुरेवच ॥ मनु: ४।१५७

१९. सदाचारी वनी शरीर इन्द्रिय र मनलाई वशमा राख्नाले कायिक (शरीरले गरिने), चौर्य हिंसा व्यभिचार आदि वाचिक (वचनले गरिने), क्रूर वचन असत्यभाषण पैशून्य आदि, मानसिक (मनले गरिने) नास्तिकता अनिष्टचिन्तन असत्सङ्कल्प आदि, दुराचार हटाई "तन्मे मन: शिवसङ्कल्पमस्तु" वेदमा प्रार्थना गरेको सत्सङ्कल्प भएको मन वनाउनु पर्दछ । असल कुरा मात्र चिताउनाले यसलोक परलोक दुवैमा कल्याण हुन्छ, यसवाट जे कुरा पनि सिद्धगर्न सकिन्छ, मन प्रसन्न हुन्छ, मन खुसि भएपछि सवै दु:ख नाश हुन्छन् । आजकाल प्राणीहरूले सत्सङ्कल्पलाई छोडिदिएकाले उनीहरूको जीवन सुखमय छैन । इन्द्रियलाई वशगर्न नसकेकाले शुद्ध खानपान राष्ट्रिय वेशभूषा रहनसहन सदाचार लुप्तहुदै गएको छ । मदिराको सेवन के ब्राह्मण के क्षत्रिय सवैमा वढिरहेको छ । अभक्ष्यभक्षण अगम्यागमन मद्यपान हिंसा आदि दानवकर्म गर्नाले मानवको अध:पतन भएको छ । आचार विचार खानपान रहनसहन शास्त्रको नियम अनुसार राख्नाले नै मानव खास खास मानव वन्दछ । खाएका वस्तुको प्रभाव मनमापरी त्यही किसिमको वुद्धि हुने हुंनाले शास्त्रविहिन आहारको सेवन नगरी कुनैपनि पुरुप सदाचारी वन्न सक्तैन, यो कुरा ध्रुव सत्य छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२०. यो कुरा हामी नविर्सौं, "सर्वागमानामाचार:प्रथम: परिकल्पते । आचारप्रभवोधर्मो धर्मस्य प्रभुरच्युत:" सवशास्त्रहरूले आचारलाई मुख्यमानेको छ । आचारबाटनै धर्मको उत्पति हुन्छ, धर्मको स्वामी प्रभु अच्युत हुनुहुन्छ । यो अनुशासन पर्वको हो । यसरी आचारलाई धर्मको मूलश्रोत मानेको छ । अझ "आचार:परमोधर्म श्रुत्युक्त: स्मार्तएवच" वेदविहित तथा धर्मशास्त्र विहित आचार उत्तम धर्म मानेर आचार र धर्मलाई एउटै मानेका पनि छन् । यसबाट सदाचारपालना गर्नुनै धर्म हुन्छ । निस्वार्थी अहङ्काररहित सत्यवादी सत्सङ्कल्पवान् दयालु धैर्यवान् सहनशील प्राणीमात्रको हितचिन्तक हुनु नै धर्मात्मा हुनु हो । यी सवैविषय पूरागर्न हामी गृहस्थीलाई कठिन पर्दछ । तर यतातर्फ दृष्टिदिइ दुर्जनसंसर्गत्यागी सज्जनको सङ्गतगर्दै परमेश्वरमा अटल श्रद्धा भक्ति विश्वासराखी अभ्यासगर्दै लगेमा धेरै समय त लाग्ला तर केही छैन हामी सदाचारी विस्तारै विस्तारै बन्नेछौं । परमेश्वरले त आंट् म पुऱ्याइदिन्छु भन्नु भएकै छ । भित्री मनले मसक्क आटी सुमार्ग तर्फ पाइला चाल्नु मात्र पर्दछ । सदाचारी बन्न हामी सक्छौं सक्छौं । हामीमा रहेको अबोध आत्मशक्तिलाई धैर्य र लगनशीलता साथ आत्मोन्नतिका तर्फ लगाउनु पर्दछ । परमदयालु परमेश्वरबाट निगाह भएको यो मानव चोला अकार्यमा नगुमाई फेरी चौराशीका चक्करमा नपरौं, सावधान होऔं, संसारको भुलभुलैयांमा नलागौं ।

२१. यस कलियुगमा सबभन्दा सजिलो उपाय परमात्माको भजनकीर्तननै छ, विहान बेलुका एक घडी प्रभुको स्मरणकीर्तन गरौं । यी पतिपत्नी, पुत्रपुत्री घर जग्गा जमीन धन सम्पत्ति संगै लान पाइदैन, यिनीहरूमा ममता राख्नाले पछि उत्तमगति हुँदैन, समय आएपछि सवै चटक्क छोडी जानै पर्दछ । पहिले पहिलेको अवस्थादेखिनै परमेश्वर तर्फ चित्त नलगाएमा प्राणजाने वखतको भयानक कष्ट सन्ताप सहनुपर्ने अवस्थामा आत्तिएर परमेश्वरतर्फ चित्तनगइ सधै अभ्यास भैराखेका स्त्री पुत्रादि र सम्पत्ति तर्फ नै निश्चय चित्त जानेछ । जुनजुन पदार्थलाई संझदै प्राण त्याग गर्दछ त्यस त्यसैमा पछि जन्मन्छ । यो ध्रुवसत्यलाई सधै मनमा लिराखौ । स्त्री पुत्र पति सम्पतितर्फ अलि अलिगरी ममता छोड्दै जाऔ । हे प्रभु म हजुरको शरणमा परेको छु, मेरो उद्धार गरिबक्सियोस्भनि सधै प्रार्थना गरौं, प्रभुले अवश्य भक्तहरूको आर्तनाद सुन्नु हुनेछ, भगवान् भक्तको अधीनमा हुनुहुन्छ, केवल आफूमा प्रभुतर्फ श्रद्धाभक्ति, विश्वास, सद्भावना हुनुपर्दछ । यी चार कुरामा समर्पित होऔं । श्री शङ्कराचार्यविरचित यो स्लोकलाई अर्थ संझी सधै पाठ गरौ ।

"अविनयमपनय विष्णो दमयमन:शमय विषयमृगतृष्णाम् ।
भूतदयां विस्तारय तारय संसारसागरत:" ॥

२२. हे विष्णु हे प्रभु मेरो अहङ्कार घमण्डलाई हटाइदिनुहोस्, चञ्चलमनलाई विषय वासनावाट छुटाएर प्रभुमा एकाग्र गराई दिनुहोस् । विषयरूपी मृगतृष्णालाई शान्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गरिदिनुहोस् अर्थात् वैतरणीजस्तो डरलाग्दो विषयवासनामा टाँसिएको तृष्णालाई नाश गरिदिनुहोस्, सबै प्राणीहरूमा दया रहोस्, संसारसागरबाट मलाई पार लगाइदिनुहोस्, अर्थात् जन्म मरण रोग भय आदि सबै सन्तापहरू छुटुन्, परमपद प्राप्त होस् ॥

हरे राम हरे राम राम राम हरे हरे ।
हरे कृष्ण हरे कृष्ण कृष्ण कृष्ण हरे हरे ॥

२३. यो महामन्त्रलाईपनि प्रतिदिन जप्दै जप्दै रहौं । यही मेरो सकलप्राणीहरुरूमा सविनय अनुरोध छ ।

सबैको कल्याणहोस्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संयमी-जीवन

१. इन्द्रिय निग्रह गर्ने नियमहरू राम्रोसित पालनगर्नु संयम हो । इन्द्रिय वशगर्ने संयमी र ती नियमहरू पालनागर्ने जीवनलाई संयमी-जीवन भनिन्छ । अहिंसा सत्य अस्तेय ब्रह्मचर्य अपरिग्रह यी पांच कुरा यम हुन *(१)* । अहिंसाको अर्थ खालि हिंसा नगर्नु मात्र होइन; मन वचन र कर्मले प्रारिामात्रलाई कष्ट नदिनु अहिंसा हो । सत्य भनेको सांचो बोल्नुलाई मात्र भनिदैन । जो मनमा छ त्यही मुखले बोल्नु, जो मुखले भनेको छ, त्यो पूरागर्नु र जति आपत् परेपनि आफ्नो कर्तव्यमा दृढरहनु सत्यहो । आफ्नो एकमात्र पुत्र रोहिताश्वको मृत्युभएको छ, धर्मपत्नी महारानी दासी बनेकी छिन्, उनको कोही सहाय छैन, आफैले मृतपुत्रको लासबोकी दाहका निमित्त स्मशानमा आएर विलाप गरिरहेकी छिन् र स्मशानको करतिर्ने द्रव्य छैन । आफू राजा हरिश्चन्द्र चाण्डालको दास भएकोले उसको आज्ञानाघी करनलिई दाह गर्नदिनु कर्तव्यबाट च्युतहुने कुरा छ । यस्तो विषम परिस्थिति पर्दापनि आइपरेका समस्याहरूलाई धैर्यपूर्वक सही आफ्नो कर्तव्यमा दृढ भएकोले हरिश्चन्द्र सत्य हरिश्चन्द्र भए । निरपराधहरूलाई आपत् गराउने अथवा पीडा गर्ने वचन छ भने त्यो सत्य होइन । जस्तै कसैले बेकसुरमा कसैलाई हिंसागर्न तत्पर भएकोमा ऊ भागेर लुकेको स्थान आफूलाई थाहाछ भनेपनि नभनिदिनु असत्य हुंदैन *(२)* । कसैकोपनि कुनै वस्तुलाई त्यसवस्तुको मालिकको अनुमतिनभई नलिनु मात्र अस्तेय होइन । अर्काको वस्तु जतिसुकै आफूलाई आवश्यक पर्ने अथवा मनपर्ने होस् अथवा बहुमूल्यनै किन नहोस्, त्यसलाई मनलेपनि लालचा नगर्नु अस्तेय हो । अरु स्त्रीहरूलाई कामभावनाले संझनु, स्त्रीसम्बन्धी वातचितगर्नु, स्त्रीहरूको साथ खेलबाड गर्नु, स्त्रीहरूलाई हेर्नु, स्त्रीकासाथ एकान्तमा बातचित गर्नु, स्त्रीसहवासको सङ्कल्पगर्नु, स्त्रीसङ्गमका उद्योगगर्नु, स्त्रीसहवास गर्नु यी आठ प्रकारका कार्यहरू मैथुनका अङ्गभनि शास्त्रमा बताएको छ । शरीरको स्वास्थ्य बल ओज आदिको रक्षाका निमित्त यी आठै किसिमका कार्यमा मन वचन कर्मले प्रवृत्त नहुनु ब्रह्मचर्य हो *(३)* । मन परेको वस्तुहरू जम्मा नगर्नुलाई मात्र अपरिग्रह भनिदैन । यो संसार परमेश्वरका इच्छाले खडा भएकोले संसारमा सारा पदार्थहरू ईश्वरका हुन्, परमेश्वरका अनुग्रहले मैले यी सारा भोग्यपर्दाथहरूको राम्रो संग उपभोग गर्न पाएकोछु र यी कुनै पदार्थहरूपनि वास्तवमा रहने होइनन् भन्ने भावनारही जतिसुकै प्रियबस्तुमापनि लालसा नहुनु अपरिग्रह हो ।

२. यसमा इन्द्रियनिग्रहको ज्यादै आवश्यकता छ । परनिन्दा परापवाद आत्मश्लाघा गीत वाद्यआदिमा मस्त हुनचाहने श्रोत्रेन्द्रियलाई परोत्कर्ष परप्रशंसा परसेवातर्फ लगाउनु, सुन्दरीस्त्री मनोहरदृश्य र नृत्यतर्फ लाग्ने चक्षुरिन्द्रियलाई भगवद्दर्शन, साधुदर्शन, दु:खी रोगीको दर्शन शास्त्रावलोकन आदि तर्फ प्रवृत्त गराउनु, मिष्टान्नभोजन मद्यपान आदिमा लाग्नखोज्ने रसेन्द्रियलाई शुद्ध पवित्र हितकारक औगत अनुसार प्राप्तहुने आहारमा सन्तोष गराउनु र इच्छा अनुसार बक्वकाइरहने वागिन्द्रियलाई सत्य सर्वजनहितकारक र उपदेश स्वाध्याय आदिमा लगाउनु इन्द्रिय निग्रह हो । इन्द्रिय भनेका आफ्ना

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नदेखिने डरलाग्दा शत्रु हुन । यिनीहरूले चाहेकोतर्फ आफू लागेमा निश्चय अधोगति गराउनेछन् *(४)* । त्यसैले शास्त्रले विधान गरे अनुसार खान पान रहन सहन र आचार विचार सबै मर्यादायुक्त हुनुपर्दछ । रूपाभिमान बलाभिमान धनाभिमान मानाभिमान विद्याभिमान र राग द्वेष इर्ष्या मद मोह आलस्य विलासिता यी सबै मानिसका निमित्त हितकारक छैनन् । यिनीहरूले मलाई आक्रमण गर्न लागे कि, आफू त्यस्तातर्फ ढल्कियो कि भनी सधैं सतर्क हुनुपर्दछ । खानेवस्तु शुद्धसात्विक नभइ मन शुद्ध हुदैन, मन शुद्धनभइ इन्द्रिय वश गर्न सकिदैन । त्यसैले सात्विक शुद्धवस्तु खान अत्यावश्यक छ ।

३. संयमी हुनालेनै महर्षि दधीचिले जनकल्याणका निमित्त देवताहरूको प्रार्थनालाई सहर्ष स्वीकार गरी समाधिद्वारा प्राण त्यागगरेर आफ्नो शरीर समर्पण गरे । अस्त्रविद्या सिक्न स्वर्ग गएको बखतमा इन्द्रको आज्ञा अनुसार रातमा एकान्तको आफ्नो वास स्थानमा विलासको हावभाव कटाक्ष आदि सौगात लिएर आएकी अप्सराहरूमा सर्वसुन्दरी उर्वशीले कति प्रार्थना गर्दापनि अर्जुन कतर्व्यबाट चुकेनन्, बरु अप्सराको सराप सहर्ष स्वीकारगरे । भीष्मले पितृभक्तिकानिमित्त आजीवन ब्रह्मचर्य पालनगर्ने प्रतिज्ञा पूरागरे । शिवि राजाले शरणागत परेबाको रक्षाका निमित्त बाजलाई आफ्नो शरीरको मासु काटेर दिए । युधिष्ठिर राजाले धैर्यपूर्वक वनवास आदि दुःख सहे ।

४. यस संसारमा चौरासी लाख योनिको चक्करमा परिरहेका जीवहरूलाई त्यो भुमरीवाट उत्रन ज्यादै मुश्किल छ । ती मध्ये पूर्णचेतन र अर्धचेतन स्वल्पचेतन भएका जीवहरूको तांतिपनि अरुसरह संसार यात्रामा चलिरहेकै छ । यिनीहरू अहोरात्र एक न एक कुरालाई लिएर त्यस वस्तुको प्राप्तिका निमित्त प्रयास गरिरहेकै हुन्छन् । धेरैजसो जीवन निर्वाहको निमित्त आहारकै खोजीमा छन् । खेतमा धान पाकेको वखतमा मुसाहरूले दुलाभित्र जम्मागरिराखेका धान र माहुरीहरूले पछि खानभनी जम्मागरिराखेको मह त हामीले देखेकैछौं ।

५. यसमा अर्धचेतन आदिको कुरा छोडिदिउं, पूर्णचेतनको नै यहां व्याख्यान गर्नु उचित छ । तिनीहरूमा कोही सुख भोगकानिमित्त विलासी वस्तु जुटाउनमानै आसक्त छन्, कोही धनको तृष्णाले छटपटिएका छन्, एउटा वैर साधनमा मस्त परेकोछ, दोस्रो जग्गा जमीन वटुल्न अल्झिएको छ, तेस्रो जोरीपारीको अगाडि धाक रवाफ देखाउन तम्सिएको छ र चौथो शरीरयात्राका निमित्त चीजहरू सङ्ग्रहगर्न अलमलिएको छ र आफ्आफ्नो स्वार्थका निमित्त सवै जीवहरू प्रवृत्तहुनु स्वाभाविकै छ । आफ्नो जीवन लामो मझौला वा छोटो के छ, त्यो मनुष्यलाई थाहा हुदैन । जीवनभर जीविका निर्वाह सजिलोसित चलोस्भन्ने ध्येय सवैको रहन्छ र त्यसका निमित्त कमाउनु धमाउनुतिर लाग्नु पुरुपार्थनै मानिएको छ । मानवका निमित्त आफ्ना कुल-कुटुम्वहरूमा सवैले सरहनी गर्ने सवै वस्तुले पूर्ण भएको शिक्षित उच्चपदाधिकारी हुनु जीवलोकको सार हो । यसका निमित्त सवैले त्यस्तो वन्ने कोशिस गर्नुपर्दछ, आफ्नो कर्म अनुसार हुने नहुने कुरा त छदैंछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

६. धर्मको वास्ता नगरी अर्थात् धर्मविरुद्ध अर्थ र कामको सेवागर्न हुदैन र आफ्नो कुल धर्म देशाचार धर्मशास्त्रको नियमलाई पर सारेर गर्न हुदैन । भोगविलास गर तर आफ्नै सवर्णमा विधिपूर्वक विवाह गरिएकी धर्मपत्नीमा । धन कमाऊ तर अन्याय अत्याचार भ्रष्टाचारलाई प्रश्रय नदेऊ *(५)* । सारा संसारको सृष्टिपालन संहार गर्ने परमेश्वरको आश्रय लेऊ । अहिले भोग गर्नुपरेको दुःख जति पूर्वजन्मको अशुभकर्मको फल हो सुख चाहिं सत्कर्मको फल हो । अहिले खराबकाम गरेमा पछि दुःख हुनेछ । यो देह सधैं रहने होइन, चांडो होस, ढिलो होस जरुर नाश हुन्छ । यस अनित्यशरीरबाट नित्य निर्मल कीर्ति प्राप्त गर्नुपर्दछ । यस अनित्यशरीर पुष्टगराउन अन्याय अत्याचार गर्नु योग्य छैन । खालि रागद्वेषमा मात्र लागेर यो जीवन बर्बाद गर्नु महामूर्खता हो, नत्र पशुयोनि र मानवमा के फरक भयो र भन्ने सद्भावनालाई निरन्तर लिइराख्नु पर्दछ ।

७. हुन त आजकालका पाश्चात्यशिक्षा-दीक्षितहरूको यो धारणा छ कि अध्यात्मवादले राष्ट्रको उत्थान हुन सक्दैन, सबैले परमार्थ साध्ने भनी माला जपेर पाठपूजामा व्यस्त भएमा राष्ट्रको अभ्युदय कसरी हुन सक्तछ । यसवादले मानिसलाई अकर्मण्य बनाउनेहुनाले यसलाई प्रश्रयदिनु हुदैन इत्यादि । तर तिनीहरूलाई अध्यात्मवादको विषय थाहा छैन । डाडुले तरकारीको के स्वाद पाउंदथ्यो । तिनीहरूले त्यसबाटहुने राष्ट्रियलाभलाई बुझ्नसकेका छैनन् । यसको मुख्य लक्ष्य अद्वैतज्ञान हो । त्यो प्राप्तिको निमित्त गरिने कर्महरू त्यसका साधन हुन् । ती कर्महरू हुन् रसेन्द्रिय घ्राणेन्द्रिय चक्षुरिन्द्रिय श्रोत्रिन्द्रिय आदिका विषयहरूलाई साधारण दृष्टिले हेर्नु अर्थात् खानु भनेको स्वास्थ्य रक्षाका निमित्त मात्र । जस्तो - मीठो होस् वा नहोस् न्यायोपार्जित खाद्यपदार्थमा सन्तोष गर्नुपर्दछ । यस्तैकिसिमबाट अरु इन्द्रियहरूका विषयहरूलाई पनि साधारण जीवन- यात्राका विषय संझेर निवार्हका निमित्त मात्र प्रवृत्त हुने विचार लिनु । हिड्नु खानु बस्नु सुत्नु बोल्नु हेर्नु सुन्नु लिनु दिनु इत्यादि कामहरू प्रकृतिको प्रेरणाले प्राणीमा स्वतः हुने कुरा हुन् । मानिस एकछिन पनि केही नगरी रहन सक्दैन । त्यसैले यी कामहरू आफैं भइरहेका छन्भनी ती कुराहरूमा हर्ष-विस्माद नमान्ने भावना सृजना गर्नुपर्दछ । कामगर्दै सय वर्षसम्म बाच्नइच्छा गरोस्भनेर वेदले स्पष्टरूपमा भनेको छ *(६)* । यसमा शुकदेव जस्ता महामुनिलाई पनि उपदेश दिनसक्ने कर्मयोगी महाराज जनक नै दृष्टान्त छन् । यस्तो आध्यात्मवादको मार्गबाट राष्ट्रोन्नतिमा जनता लागेमा राष्ट्र स्वर्ग बन्न सक्ने कुरा स्पष्टै छ । दुःखको कुरा छ मानिस विलासी बनिसक्यो र सदाचारका नियम कुन चिडियाको नाम हो भन्ने अवस्था आयो । स्वाध्यायको स्थान समाचार-पत्रले र अग्निहोत्रको स्थान चुरोट तमाखुले लिइसक्यो । इन्द्रियलाई वशगर्ने शक्ति हराएकोले नियमपूर्वक रहन नसक्ने भए । अनि त्यो मार्गमा लाग्न नसकी 'अमिलो अङ्गुर को खाओस भनेजस्तैगरी आध्यात्मवादको निन्दा गर्दै हिंड्न लागे *(७)* ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

८. मानवका निमित्त सन्तोषको ठूलोस्थान छ *(८)* । सन्तोषी मानिस अन्यायले धन कमाउन कहिल्यैपनि प्रवृत्त हुदैन । सन्तोषको माने निरुत्साही निरुद्योगी र अल्छी वन्नु होइन । अर्काको देखासिकी गरेर आफ्नो गच्छेभन्दा बढी सुखको इच्छा र विलासी भएर मोजमज्जा उडाइराखेका मानिसहरूलाई देखी विलासमय जीवन वनाउने इच्छालाई रोक्नु मात्र हो । धन धर्म कीर्ति कमाउने काममा सफलनभए के गरौंला भन्ने मनमा सन्देह नलिई हडवड नगरी धैर्यपूर्वक प्रवृत्तिहुनु सन्तोष हो । यसरी कतर्व्यमा लागेको कुनै पनि पुरुष असफल हुदैन । असन्तोषी अधीरभई सन्देहगरी उद्योगमा लाग्ने हुनाले असफल पनि हुन सक्दछ ।

९. संयमी जीवन प्राप्तगर्न सद्भावनाको आवश्यकता छ । मानिसको विकास भावनामा आधारित छ । जस्तोजस्तो भावनामा मानिस लाग्दछ, ऊ त्यस्तै बन्दैजान्छ । भावनाको असर कार्य मन र शरीरमापनि पर्दछ । मनुष्यमा भावना प्रबलछ । दृढभावना गराउदै लगेमा ढुङ्गाआदि जडपदार्थहरूमा पनि सच्चिदानन्द परमेश्वरको प्रत्यक्ष अनुभव हुन्छ । सद्भावनाले देवता मानिएका ढुङ्गामा शरीरका अवयवहरू निस्कन लाग्दछन् । प्रह्लादलाई भगवान्को दृढभावना भएकोले अग्नि विष आदिको केही असर परेन । बालक ध्रुवको सद्भावनाको फल देखिएकै छ । सद्भावनाले पूर्णभएका छात्रहरूले परीक्षामा आउने प्रश्नहरू सपनामा जस्ताकोतस्तै देखेका उदाहरणहरू पाइएका छन् । मनमा सद्भावना राख्न नसकेरनै आजकाल साराजनता दीनहीन अशान्त छन् । सद्भावना राखेर धैर्यपूर्वक भय सन्देह चिन्तालाई छोडी सत्कार्यमा लागेमा निश्चयपनि इच्छा गरेको सद्वस्तु प्राप्त गर्न सकिन्छ । सद्भावना लिनसके सन्तोष, दीर्घायु र स्वस्थशरीर हुनसक्दछ ।

१०. संयमी जीवन गराउनकोलागि सेवापनि साधन हो । आमा बाबु गुरु अतिथि रोगी असहाय देश भाषा संस्कृति आदिको सेवा गर्नु मानिसको कर्तव्य हो, त्यसमापनि रोगीभई अलपत्रपरेका अथवा महारोगले ग्रस्त भई सबैले छिः छिः दुर् दुर् गरेकाको सेवागर्नु ज्यादै महत्त्व छ । श्रवणकुमारको मातृपितृसेवा अवर्णनीय छ । उनले अन्धा आमाबाबुलाई बोकी बडो भक्तिपूर्वक तीर्थयात्रा गराएका थिए ।

११. मनुले मानवको कल्याणका निमित्त वताएको धर्म मानवधर्म हो । मनुले दिएको उपदेशलाई औषधीको पनि औषधी हो भनेर शास्त्रले निर्णय गरेको छ *(९)* । त्यस नियममा रहनु हाम्रो परमकर्तव्य हो । धर्म यस्तो छ जसलाई पालना गर्नाले आफू सुरक्षित हुन्छ । र त्याग गर्नाले आफू नै त्यागिन्छ । जस्तै अग्निको धर्म तातोपना हो, त्यो तातोपना अग्निमा रहेनभने अग्निको सत्तानै रहदैन । त्यस्तै मानवले मनुधर्मलाई छोडेमा मानवनै हुनसक्तैन । धर्मलेनै संसारलाई धारणा गरिराखेको छ ।

१२. आजकाल संयमी जीवन नवनाई विलासका साधनमा मस्तभई स्वेच्छाचारी प्रवृत्ति बढी मनमोजी हुने दुराचार वढेकोले देशमा लुटपीट डकैति भ्रष्टाचार आदिले स्थान पाएका छन् । आफैमात्र वनौंभन्ने दुर्भावनाले सवैलाई आक्रमण गरेको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परोपकार दया क्षमा सत्यता आदि सद्गुणहरू गलहत्तिन लागे । जसरी भएपनि धन जम्मागर्ने प्रवृत्ति बढ्यो । त्यागोन्मुखी प्रवृत्ति कतै छैन, देशमा शान्ति सन्तोप सद्भावना लुप्त हुन लागे । यसलाई हामीले आंखाले टुलु टुलु हेरी जे हुन्छ होसभनि कानमा तेलहाल्नु मूखर्ता हुनेछ । आफ्नो संयमी जीवन बनाई उदाहरणवनी अरु देशवासीहरूलाई पनि सचेत बनाऔं । देश विकास महायज्ञमा दीक्षित बनौं यही मेरो सविनय प्रार्थना छ ।

१. अहिंसासत्यास्तेयब्रम्हचर्यापरिग्रहा यमा: । पातञ्जलयोगसूत्रम् ।

२. सत्यस्य वचनं श्रेय:सत्यादपि हितं वदेत् ।
यद्भूतहितमत्यन्तमेतत्सत्यं मतं मम ॥ -महाभारत शान्तिपर्व ।

३. स्मरणं कीर्तनं केलि: प्रेक्षणं गुह्यभाषणम् ।
सङ्कल्पोध्यवसायश्च क्रियानिष्पत्तिरेव च ।
एतन्मैथुनमष्टाङ्गं प्रवदन्ति मनीषिण: ॥
विपरीतं ब्रम्हचर्यमेतदेवाष्टलक्षणम्

४. आपदां कथित: पन्था इन्द्रियाणामसंयम: ।
तज्जय: सम्पदां मार्गो येनेष्टं तेन गम्यताम् ॥ स्मृति: ।

५. ऊर्ध्ववाहुर्विरौम्येष न च कश्चिच्छृणोति मे ।
धर्मादर्थश्चकामश्च स किमर्थ न सेव्यते ॥ महाभारत ।

६. कुर्वन्नेवेह कर्माणि जिजीविषेच्छतं समा: । वेद ।

७. अशक्तास्तत्पदं गन्तुं ततो निन्दां प्रकुर्वते ॥ नीति: ।

८. सन्तोषामृततृप्तानां यत्सुखं शान्तचेतसाम् ।
कुतस्तद्धनलुब्धानामितश्चेतश्च धावताम् ॥ नीति: ।

९. यत् किञ्चन मनुरवदत् तत् भेषजं भेषजताया: । स्मृति: ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अध्यात्मवाद निराशवाद होइन

आत्मनिइतिअध्यात्मम् अध्यात्मस्यवाद:अध्यरत्मवाद:आत्मविषयक विवेचन यसपदको अर्थ हो ।

१. अध्यात्मवादमा लागेका मानिसहरू संसार नै असत्य र जीवन पनि पानीको थोपा जस्तै एकछिन मात्र रहने सम्भन्छन् । धन सम्पत्तिमा मात्र लाग्नु निरर्थक छ । रुखा सुखा खादै खस्रो धुस्रो लगांउदै झुप्रो सुप्रोमा बस्दै शरीरलाई दुख सहन सक्ने बनाएर भगवान्को भजनमा लागीरहनु भक्तजन र सज्जनहरूको सङ्गत गर्नु शुद्ध आचरणमा रहनु ज्ञान कमाउनु नै परमपुरुषार्थ संझी अरु व्यावहारिक कुराको वास्ता नै नगर्ने हुन्छन् । अरुहरूलाई पनि यही वादमा प्रवृत्त गराउन तत्पर हुन्छन् । यसरी माला फिराएर मात्र राष्ट्रको उन्नति कसरी हुन सक्तछ । राष्ट्रभरका सारा जनताले देशविकासका निमित्त तनमन धनले मद्दत नगरी देशको उन्नति हुननसक्ने कुरा स्पस्टै छ । अध्यात्मवादको भूत सवार भएका मानिसहरूबाट यो कुरा हुनैसक्तैन । संसारका सारा विपयहरूलाई तुच्छ संझी निराशवाद तर्फ ढलिकएका ती मानिसहरूको संसारमा कुनै स्थान छैन । यी अध्यात्मवादीहरूले राष्ट्रलाई अध:पतन गराउंछन् ।

२. धार्मिक सम्प्रदायले परस्परमा द्वेष ईर्ष्या वढाउंछ । धर्मधर्म भनेर धर्मको पछि लाग्दैमा देश चौपट हुन्छ । भारतले यसैगर्दा पराधीनताको कलङ्क धेरैसमयसम्म वोक्न परेको सवैले देखेकै छ । अध्यात्मवादीहरू अरुहरूले प्रयासगरेर देश उन्नत पारे हामीपनि अरुभन्दा कम हुन हुंदैन भन्ने भावना राखी जन्मभूमि देश नरेश आदिको सेवामा तत्पर हुंदैनन् । यो संसार दुई दिनको डेरा होभनि खालि निराशवादमात्र फैलाउंछन् ।

३. विश्वभरका जनताले आनन्दसाथ सुख सयल गरिरहेका छन् । प्रशस्त सम्पत्ति भएका मानिसहरूले गरेका सुखभोगको चहल पहलमा सबै लालायित छन् । मीठामीठा चीजहरूको उपयोगगर्दा हामीहरूलाई कत्तिको आनन्दको अनुभव हुन्छ, यो सवैले जानेकै छ । केही नभएका गरीवहरूले पाएको दु:ख पनि आंखाले हामीले देखेकै छौं । इच्छा गरेका कुराहरूपाउंदा मानिसलाई कत्रोआनन्दको अनुभव हुन्छ । सारा संसार सुखभोगका निमित्त तंछाडमछाड गरेकाछन् । संसारको प्रवाह एकातिर निरन्तर वहिरहेकोछ, त्यसको ठीक उल्टो लाग्नु कहांसम्म उचित होला । आधुनिकयुग अध्यात्मवादको युग होइन ? सवैले' रातोदिन परिश्रमगरेर अरुदेशको दांजोमा पुग्नुपर्ने अवस्था छ । निराशवादलाई आश्रयदिइ निष्क्रिय भएर न वाटोघाटो वन्दछ, न गाउंको सुधार हुन्छ, न नगरहरूको निर्माण हुन्छ, न शिक्षाकै उन्नति हुन्छ । यो राष्ट्रलाई पराधीन वनाउने संप्रदाय हो, यो देशविकासको घातक सिद्धान्त हो ।

४. जीवनको लक्ष्य नै मोज मज्जा उडाउनु हो, जन्मेर सुखभोगनगरे जन्मेको के

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सार भयो । आफूलाई इच्छालागेका विषयहरूको उपभोग गर्नु नै पुरुषार्थ हो । यसो गर्न हुदैन उसोगर्न हुदैन भनेर आफ्नो इच्छालाई रोक्नु कातरपना हो । इन्द्रियहरूले चाहेको रूप रस गन्ध स्पर्श आदिको इच्छा माफिक उपभोगगर्नुनै मानवजीवनको सार हो इत्यादि भौतिकवादीको सिद्धान्त सर्वत्र फैलिएको र त्यसैको अन्धानुसरणमा सारा जनता लागिराखेको पनि छ ।

५. यसमा उपर्युक्त विचारधाराभएका मानिसहरूले अध्यात्मवाद कस्तो हो र कसलाई अध्यात्मवाद भनिन्छ त्यो कुरा बुझेकै छैनन्, अथवा आफूले स्वेच्छाचरण द्वारा मर्यादा नियमहरू उल्लंघन गरिसकेकोले अरुलाई पनि आफ्नो साथीबनाउने प्रयासमा लागेका हुन पर्दछ । यस वादको महत्त्व बुझेका मानिसहरूबाट यस्तो अपलाप हुन सक्तैन.

६. आजकाल संसारमा मानिसहरूको व्यवहार आचरणहरू यसरी चाडोचाडो बदलिदै गएकाछन्, जसको लेखा जोखा गर्न लाग्दा पहिलेको भन्दा ज्यादै अन्तर परेकाले आश्चर्य नपर्ने मानिस मिल्न मुश्किल छ । भौतिकवादको चरम सीमामा पुगेका राष्ट्रहरूको विलासमय वातावरण सर्वत्र व्यापक रूपले फैलिएको छ । मानिसलाई सन्तोष छैन अरु विशेष विलासको चाहना गर्दैछ । भौतिक विषयका सामानहरू सर्वत्र फैलाउनु पनि जनताको सुखकै निमित्त हो । तर विलासमय जीवनबनाई मानिसलाई अन्धोगराइदिने हुनाले कोरा भौतिकउन्नतिलाई महत्त्व दिन सकिदैन । भौतिक उन्नति मानिसले दिलोज्यानले गर्नु आवश्यक छ, तर कर्तव्याकर्तव्यको विचार नगरी स्वेच्छाचरणमा लागेर मानवकर्तव्यको ख्यालनराख्नु हितकारक हुदैन । सुख भोग गर्दै नगर्नु भन्ने अध्यात्मवादको सिद्धान्त होइन तर त्यसमा ज्यादै आसक्त नहोऊ धर्मपूर्वक धन कमाएर नियमपूर्वक सुखभोग गर भन्ने आशय हो ।

७. मानिस जन्मदा नाङ्गै केही नलिएर आउंछ । अन्त्यमा पनि आफूले खाइनखाई लाइनलाई रातदिन नभनी ठूलोदुःखले कमाएका स्वास्नी छोराछोरी धनसम्पत्ति घर जग्गाजमीन आदिलाई त्यसै छोडेर नाङ्गै जान पर्दछ । यो कुरा हामीहरूले आंखाले टुलुटुलु हेरिरहेका छौं । सयौं पटक अनुभव पनि गरिरहेकै छौं । तर आश्चर्य यो छकि त्यसरी देखेको र अनुभव गरेको कुरालाई हामी वास्ता गर्दैनौं ।

८. म कोहुं, यस पाञ्चभौतिक शरीरमा कसरीरहेको छु, मेरो अस्तित्व केहो, कसरी कसद्वारा प्रेरणा मिल्दछ, आत्मा परमात्मा भनेको केहो, कसरी यो प्रपञ्च रहेको छ, कसरी मोक्ष प्राप्ति हुन्छ यी सबै विषयहरू जान्नका निमित्त शास्त्रहरूको अध्ययन मनन शौचआचार परोपकार क्षमा सत्य तपस्या आदि गर्नु पर्दछ ।

९. सारा संसारका प्राणीहरू भगवान्कै अंश हुन् सबैमा केही फरक छैन । सबैको शरीर हाड मासु छाला रगतको पिण्ड हो, धनीलाई राम्रो लाउन मीठो खान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इच्छा हुन्छ भने गरीब दरिद्रलाई पनि त्यो इच्छा हुन्छ । दु:खी दरिद्री रोगीको सेवानै भगवान्को सेवा हो ।"सर्वे भवन्तु सुखिन:" इत्यादि अध्यात्मवादले मानिसलाई यस्तो कुरा तर्फ दृष्टि लगाइ दिन्छ ।

१०. हुन त आजकाल अध्यात्मवादमा लागेका कुनै मानिसहरूको मुखमा मात्र यस्तो सिद्धान्त हुन्छ, तर कार्यमा अर्कै परिणाम हुन्छ । वेदान्तको प्रवचनगर्दा उपर्युक्त विपयहरूको उल्लेख गर्दछन् तर घरमाभने उनीहरूलाई मात्र सानो कसौडीमा ध्यू हालेको मसिनो चामलको भुजा मुङ्गीको छांटाको दाल र परवरको तरकारी तयार हुन्छ । पढेर बुझेर पनि तिनीहरूले इन्द्रियहरूलाई वशमा गर्न सकेनन्, आफू उदाहरण वनी उपदेशदिने क्षमता रहेन, त्यसैले तिनीहरूको उपदेशको प्रभाव जनतामा परेन । सर्वमान्य तिनीहरू भएनन्, यसमा सन्देह छैन । जो सत्य हो त्यो त्रिकाल अटल छ निश्चित छ ।

११. त्यसवादको अनुसरण गर्ने केही जनता बकुल्लाभगत बनेको देख्दैमा त्यसवादलाई निन्दागर्न सकिदैन । त्यस वस्तुलाई सदुपयोग गर्नु नगर्नु त्यो वस्तुलाई उपभोग गर्ने पुरुषको हातमा हुन्छ । रछानमा फालियो भन्दैमा मणिको महत्त्व घट्दैन, खाली फाल्ने मानिस मात्र निन्दनीय ठहर्छ । अध्यात्मवादको सच्चा अनुसरण गर्ने मानिस कलियुगमा धेरै पाइन मुश्किलभयो भन्दैमा त्यसवादलाई दोष लगाउन पाइन्न । दोश्रो कुरा विद्वान् नभएका साधारण मानिसहरूपनि पूर्व जन्मको संस्कारले र सत्सङ्गले सच्चा अध्यात्मवादी भएका देखिएकाछन् ।

१२. यस्तो बाहिर देखाउने व्यवहार अध्यात्मवादीमा मात्र होइन, अन्यत्रपनि फैलिएको छ । उन्नत राष्ट्रहरूले जतिसुकै चिप्लो घसेपनि अविकसित राष्ट्रहरूलाई खालि मुख बुझो लगाउने उद्देश्यले मात्र सहायता गरेका छन् । तिनीहरूको असंख्य धनराशि त अणुअस्त्रहरूको निर्माणमा र सर्वश्रेष्ठ वैज्ञानिकराष्ट्र मेरो छ भन्ने धाकरवाफ देखाउन चन्द्रलोक आदिको यात्राका निमित्त लगाएका छन् । त्यो अपार धनराशि अविकसित देशको विकासका निमित्त उन्नतराष्ट्रले छोडिदिएमा सारा भूमण्डल स्वर्ग बन्ने थियो । यो कुरा ती विकसित देशका राष्ट्राध्यक्षहरूलाई थाहा नभएको होइन । यिनीहरूको सधैं आफू मुनिकालाई आशामुखी बनाएर राख्नु पर्दछ भन्ने दुर्भावना अन्तस्करणमा रहिरहेको छ, अविकसित राष्ट्रहरूमा सच्चा मित्रको भाव खाली बाहिर मुखले मात्र देखाएका छन् । भूमण्डल सिङ्गारिसकेपछि मात्र अरु लोकको अन्वेषण योग्य हो ।

१३. भौतिकवाद मात्र उत्साहवाद मान्ने विकासवादीहरूलाई भौतिक उन्नतिको चरम सीमामा पुगेको अमेरिकालाई दृष्टान्तदिन सकिन्छ । मानिसका निमित्त अति आवश्यक सबै वस्तुहरू यन्त्रद्वारा तयारगरी विलासमयजीवन बिताईरहेका ठूलाठूला व्यक्ति र यिनका विलासी सन्तानहरू सबै कुरा त्यागी हिप्पीभई हिड्न लागेका पनि देखिन लागे । धेरै जनता मादकपदार्थमा रातोदिन मस्तभएर वस्नुनै आनन्दमान्न लागे । अव

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उत्साहवाद नभएर महामोहवाद भन्नपर्ने अवस्था आइसक्यो, वेइमान गर्नु लुट्नु पिट्नु आदि त ज्यादै मामुली भैसक्यो । मानवहत्या पनि साधारण गनियो । गर्न नहुने भन्ने कुरा त नसके मात्र नहुने भन्ने भैसक्यो । त्यहांका विशिष्टविद्वानहरू यसलाई एक अभिशाप सम्झन थाले । जसको फलस्वरूप राष्ट्रराष्ट्रहरू अशान्ति कलह ईर्ष्या द्वेषको मुहान बनिसकेका छन् । भौतिकवादको साथसाथै अध्यात्मवादलाई पनि प्रश्रयदिएर धर्मपूर्वक अर्थोपार्जन र सुखभोग गर्नु पर्ने नियम रहेकोभए यस्तो दुष्परिणाम अवश्य हुने थिएन ।

१४. मर्त्यलोकका प्राणीहरूको शरीर पृथ्वी जल तेज वायु आकाश यी पन्च महाभूतवाट बनेको भएपनि पृथ्वीको भाग ज्यादैहुनाले पार्थिवशरीर भनिन्छ । त्यसैले बिहान सबेरै उठेर पहिले शरिरको कारण भएकी र आधार भएकी पृथ्वीमातामा आभार प्रकट गर्दै पादस्पर्शबाट हुने अत्याचारको क्षमा प्रार्थना गर्नु पर्दछ ।

१५. प्रात:कालमा स्वच्छहावा वही मन प्रसन्नहुन्छ । असल असल विचारहरू आउन सक्तछन् त्यसैले विशुद्ध धर्म तथा धर्मपूर्वक कमाईने धनको विषयमा र यी दुई चीजको उपार्जनका निमित्त पर्ने शरीरक्लेशको विषयमा पनि विचार गर्नु पर्दछ ।

१६. ठूला ठूला धर्मात्मा यशस्वी पवित्र आत्माभएका माहापुरुषहरूको स्मरण गर्दा तिनीहरू निरन्तर सन्मार्गमालागी जताततै कीर्तिफैलाए, सर्वमान्यभए, कोशिसगरेमा जरुर त्यस्तैवन्न सक्नेछुभन्ने उत्साहसाथ सन्मार्गमा प्रवृत्तहुन प्रेरणामिल्ने हुनाले विशिष्ट माहापुरुषहरूलाई सम्झनु पर्दछ । यी कुरा शास्त्रको नियम अनुसार गर्नु पर्दछ । यस्तै रीतले हरेक कुरा यसरी गर भनि धर्मशास्त्रले विहान सबेरै उठेदेखि रातीनसुते सम्म गर्नुपर्ने कार्यहरूको समयतोकी निर्देशन गरेको छ । यसरी एकक्षण पनि फुर्सद नदिई नियम साथ सत्कार्यमा लगाउने आध्यात्मवाद कसरी निराशवाद हुन सक्तछ । यसरी प्रतिदिन नियममा रहेमा मानिस निरोगी बलवान् उत्साही र तेजस्वी बन्दछ ।

१७. प्राचीनसमयमा अध्यातमवादमा लागेका ऋषिमुनि राजर्षि महर्षिहरूले राष्ट्रको उन्नतिका निमित्त कत्रो देन दिएका थिए । त्यो कुरा पहिलेको इतिहास पल्टाएमा यर्थाथ हुनेछ । अझ देनमात्रको के कुरा राज्यसन्चालन गर्ने अधिकारनै तिनीहरूमा निहित थियो, तिनीहरूले देशको भारलिंदा राष्ट्रमा कस्तो आनन्दको वातावरण फैलिएको थियो । मानिसहरू कति सत्यवादी इमान्दारी र देश नरेशका भक्त थिए । त्यो पनि प्राचीन इतिहासवाट थाहाभएकै छ ।

१८. भौतिकवादीका निमित्त खाली वर्तमान यो संसारमात्र आफ्नो साधनको विषय हुन्छ । अर्थात् यो जन्मलाई सुख शान्तिपूर्वक विताउन आवश्यक सामानहरू जुटाउनमा मात्र ऊ व्यस्तरहन्छ । अध्यात्मवादीका निमित्त यस जन्मलाई मात्र नभइ जन्मान्तर अर्थात् आर्को जन्ममा पनि सुख प्राप्तिका निमित्त प्रयास गर्न पर्ने हुनाले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भौतिकवाद भन्दा ज्यादै परसम्म दृष्टि पुर्‍याएर कामगर्न पर्ने हुनाले कर्मठमान्न करै लाग्दछ । त्यसकारण यो निराशवाद होइन महान् आशावाद हो । "अनेक जन्मसंसिद्धस्ततो याति परां गतिम्" यो गीताले स्पष्ट गरेकोछ ।

१९. पृथ्वीमारहने आकाशमाघुम्ने पानीमावुड्ने पूर्णचेतन अर्धचेतन जीवात्माहरू र अन्तश्चेतन रुख लहरा झ्याङ आदिले भरिएको यो ब्रह्माण्ड कहीं ठूला ठूला दुर्गम चट्टानहरू र अग्ला अग्ला विशालपर्वतहरू कतै देख्दैमा आकुल व्याकुल गराउने भयानक खाडी, आंखाले पार नदेखिने आकाशसम्म उठेका विशाल समुन्द्र, कतै हिउंले ढाकिएका गगन चुम्वी हिमालयका चुचुरा आदिले युक्त भएको छ । यसमा रहेका सारा जीवात्मा थरीथरीका छन् । हुनत सबैको मुख नाक आंखा आदि एउटै ठाउंमा रहेकोछ तैपनि तिनीहरूको अनुहार फरक फरक छ । हरेक योनिका हरेक जीवात्माहरूको अनुहार फरक पर्नुपनि कम आश्चर्यजनक छैन । यस्तो भनेर पत्तो लगाउन नसक्ने संसारको रचना गर्ने र यसलाई नियत रूपले सञ्चालन गर्ने साधारण पुरुष हुन सक्तैन । यसमा सर्वशक्तिमान् परमेश्वर बाहेक अरु कुनै जीवात्माको तागत छैन् ।

२०. हामी कुनै घरको परिवारमा नै विचार गरौं, त्यो घरमा एउटा प्रधान हुन्छ, त्यसको आज्ञा अनुसार सारा परिवारहरूले नियत रूपले काम गर्दछन् । त्यो मालिकको आज्ञा सवैले मान्नपर्दछ । यदि नायक नमानेर स्वतन्त्र रूपले सबैले आफूले मनलागेको काम गर्न लागेभने त्योघरको सबैकुरा थोरैसमयमानै लथालिङ्ग भएर जान्छ । त्यसैले एउटा नायक आवश्यक छ । एक परिवारको अथवा गाउंको राष्ट्रको नायकमा त कति भार परेको हुन्छ भने यत्रो अगम्य ब्रह्माण्डको नायकका उपर कत्रो भार परेकोछ । त्यत्रो विशाल विश्वको नायक बनी सञ्चालन पनि राम्रो तरहले गरिएको छ त्यो कत्रो शक्तिभएको होला भन्नेकुरा एकछिन विचार गरेमा साधारण मानिसले पनि जान्न सक्तछ । त्यसैले अध्यात्मवादीहरूले परमेश्वरलाई सर्वशक्तिमान् शुद्ध निःसङ्ग निराकार सत्य ज्ञान आनन्द स्वरूप मान्दछन् । जसको इच्छावाट सारा संसार अविच्छिन्नरूपले अनादिकालदेखि चलिरहेको छ, त्यो परमपुरुपको आश्रयलिनु अध्यात्मवादको बाटो हो ।

२१. अहिले वैज्ञानिकहरूले आफ्नो प्रयास भौतिकवादको साथसाथै अध्यात्मवाद तर्फ पनि लगाइ दिएर त्यसको जटिल रहस्यहरू मानवका सामू सत्यरूपले राखिदिएमा यसवादतर्फ मानिसको प्रवृत्ति स्वतःबढनेछ । अध्यात्मवादले संस्कार गरिएको भौतिकवादलाई जनताले आश्रय लिएमा राष्ट्र राष्ट्रमा राग द्वेष कलह आदि निर्मूल हुनेछ । विश्वशान्तिमा योगदान दिनसक्नेछ । विश्वभातृत्वको भावना सर्वत्र फैलिनेछ ।

२२. आजकालको रातोदिन कामगर्दापनि विहान वेलुकाको छाकटार्न गारोपर्ने अवस्थामा अध्यात्मवादतर्फ लागेर कसरी घरधान्न सकिन्छभन्ने शंका लिन पर्दैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हामी आर्यजातिहरूले सदाचारको नियममा रहंदा शरीर स्वस्थ निरोगी बलवान्भई उत्साह जांगर सद्वुद्धि सद्भावनाको लहर वढी आत्मशक्ति प्राप्तभई व्यावहारिक ठूला ठूला कार्यहरू गर्नपनि समर्थ हुनेछौ । धर्मपूर्वक धनकमाउन सजिलैसित सक्नेछौं मन प्रसन्नहुनेछ । हो परिश्रम त गर्नैपर्दछ, परिश्रमको फल पछि मीठो हुनेछ, परिश्रमले प्रशस्त निद्राभई खाएको परिपाक हुन्छ । शरीर स्वस्थभई प्रसन्नता प्राप्त हुन्छ । अहिले हाम्रा प्रशासक, जननेता, उद्योगपति, बुद्धिजीवी, धनीमानी सवै स्वार्थोन्मुखी हुंदा कस्तो अवस्था हामी देशवासीहरूले भोगेकाछौं, यो सदाचार छोड्नाले भएको हो । यसको निराकरण गर्नसबै जनता सदाचारी सत्यवादी परोपकारी दीनदरिद्रसेवीहुन प्रयास गर्नुपर्दछ । मुख्य प्रशासन र न्यायाधिकरणले यस तर्फ दृष्टि दिएमा देशविकासहुन धेरै समय लाग्ने छैन । यो कलिकाल हो, यस समयमा यस्तै हुंदै जान्छभनि कलियुगको टाउकोमा दोषथुपारी तटस्थजस्तो हुनु मूर्खता हो । प्रशासन यन्त्र जनहितकारक र जनता देशोत्थानदत्तचित्तका भएमा थोरै समयमा विकासका शिखरमा पुग्न सकिने दृष्टान्तयुद्धको समय नष्ट भ्रष्टभएको जापानले अहिले गरिसकेको देशको चरमोत्कर्षलाई दिन सकिन्छ । हामीपनि बुद्धि बल परिश्रम आदिमा अरुभन्दा कमछैनौं । मित्रराष्ट्रहरूवाट सहयोग प्रसस्त छ, त्यसलाई सदुपयोग गर्ने तर्फ प्रशासनको साथै हामी जनतापनि कांधमा कांध मिलाऔं । आफ्नो धर्तीमाताको सेवालाई महान् धर्मसंझी तनमन धन लगाई राष्ट्रउन्नत बनाऔं । संसारभर शिरठाडोगरि सन्तानहरूको भविष्य उज्ज्वल बनाऔं । रोग शोक भोक हटाऔं, स्वार्थोन्मुखी नभई देशोत्थानमुखी होऔं । प्रशासन लगायत सबैं देशवासीहरूमा सविनय यो निवेदन गर्दछु । देवाधिदेव हे पशुपतिनाथ प्रभु हामी सवै यस महायज्ञमा श्रद्धा भक्ति विश्वासपूर्वक संलग्नभई देशलाई हराभरा बनाउन सकौं । सुख शान्ति सद्भावना सर्वत्र फैलियोस् परमात्मा परमेश्वर संग यही प्रार्थना गरौं ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धार्मिकपक्षहरूको वैज्ञानिकता

१. सृष्टिको आदिकालमा नै हाम्रा पूर्वज प्रातः स्मरणीय ऋषि महर्षिहरूले आमरण त्याग तपस्यांद्वारा अलौकिक योगशक्ति प्राप्तगरेका थिए । त्यसैबाट तिनीहरूको दिव्यदृष्टि पनि भएको थियो । उनीहरूका निमित्त भूत भविष्यद् वर्तमान तीनैकालका विषयहरूको यथार्थरूपले अवगत गर्नुपनि साधारण कुरा जस्तै थियो । मानिसले जुन कामगर्दा पनि कर्तव्यसम्झि फलेच्छामा आसक्त नभई धैर्यपूर्वक कामगर्न लागेमा सिद्धगर्न नसकिने कुरा कमै होला । यसमा अहिले त चन्द्रलोकको यात्रा गरिसकेका वैज्ञानिकहरूनै उदाहरण बनिसकेका छन् । स्वार्थरहित परोपकारमा रातोदिन लागिरहेका ती ऋषिमुनिहरूले प्रकृतिका सूक्ष्मतत्त्वहरूको रहस्य पत्ता लगाए ।

२. यसै सिलसिलामा मानव निरोगी र दीर्घायु रहून् भन्ने उद्देश्यले हाम्रा पूर्वज धर्मशास्त्रकारहरूले हामीले विहान उठेदेखि फेरि राती नसुतेसम्म गर्नुपर्ने कामहरूलाई यस यस समयमा यसरी यसरी गर्नुपर्दछ, आफ्नो इच्छा अनुसार गर्नु हुदैन । शास्त्रको नियम बमोजिम सबै काम गर्नु नै आचार हो । आचारः परमो धर्मः आचार सर्वश्रेष्ठ धर्म हो, भनेर धर्मका साथ आचारको तादात्म्य सम्बन्ध बताएका छन् । उठ्नु खानु पिउनु बोल्नु हांस्नु हिडनु रुनु आदि सबै कामलाई विधिपूर्वक गर्नुपर्ने नियम छ । यसमा यो शङ्का छकि नियमित भएर अथवा नियमको वास्ता नगरी जसरी भएपनि दालभात खाए पछि पेट भरिन्छ । मुख्य पेट भर्नालाई खानुपर्ने हुनाले पेटभरिए भइहाल्यो । यो तर्क झट्ट सुन्दा योग्यजस्तो छ, तर मानिसले बुद्धिलाई स्थिर र मनलाई प्रसन्नराख्ने किसिमका स्वास्थ्यकारक खाद्यपदार्थहरू आयुर्वेदले बताए अनुसारको समयमा बताएको परिणामअनुसार खानाले स्वस्थजीवन बन्दछ । जुनसुकै बेला जति मन लाग्यो उति भक्ष्याभक्ष्यको विचार नगरी खानाले राम्रो स्वास्थ्य हुदैन । नियमपूर्वक खानपान रहन सहन शयन आदि गर्नाले यसलोकमा आरोग्य बल वीर्य आदिले परिपूर्ण स्वस्थ शरीरभई आनन्द साथ सुखमयजीवन बिताउन सक्तछ । परलोकमा पनि उत्तमगतिमा प्राप्त हुन्छ ।

३. मानिसले आफ्ना इन्द्रियहरूलाई रोक्न मुश्किल पर्ने हुनाले मीठो चीज भेट्टाएको बखतमा आफूले पचाउन सक्ने जतिको वास्ता नगरी खान थाल्दछ, पछि पचाउन नसकेर रोगको सिकार बन्ने कुरा त्यस बखतमा विचारै गर्दैन । त्यस्तै पछि आइपर्ने आपत्तिको वास्ता नगरी निषिद्ध वस्तुको सेवन गर्दछ । मानिसलाई निषेध गरेका वस्तुहरू खान र गर्न ज्यादै इच्छा हुन्छ । त्यसैले शास्त्रको मर्यादामा रहने मानिस ईश्वर र परलोकको भयले सहसा निषिद्धकार्यमा तत्पर हुन सक्तैन । कामचार कामवाद कामपानमा लागेका मानिसहरू पतन भएका सबैले आंखाले देखेका नै छन् तर आश्चर्य छ त्यस कुराको ख्यालै नगरी अरुहरू पनि त्यही कुवाटोमा लागि रहेका छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४. हाम्रा प्राचीन ऋषिमुनिहरूले मद्य मांसु लसुन अण्डा आदिलाई ब्राह्मणका निमित्त त्यसै निषेध गरेको होइन । हामी जस्तो चीजखान्छौ त्यस्तै हाम्रो मन वन्दछ ! "अन्नमयं हि सौम्य मनः" उपनिषद् । शिवसङ्कल्प भएको अर्थात् सधैं सवैको भलोचिताउने मन ब्राह्मणको हुनपर्दछ । कल्याणकारक मार्गमा सवै जनतालाई लगाउनु व्राह्मणको कर्तव्य हो । त्यस्तो मन वन्नसक्ने सात्त्विक आहार मात्र शास्त्रले विधान गरेको छ । जसबाट तमोगुण र रजोगुण दविई सत्त्वगुणको अभिवृद्धि हुन्छ ।

५. जुन काम गर्नाले आफ्नो निमित्त समाजका निमित्त राष्ट्रका निमित्त अथवा समस्त विश्वका निमित्त सुख शान्ति आदिको अभिवृद्धिपूर्वक ऐहिक अभ्युदय र पारलौकिक कल्याण हुन्छ, त्यो कामलाई धर्म भनिन्छ । "धर्मो विश्वस्य जगतःप्रतिष्ठा" भनेर ऋृग्वेदले स्पष्टरूपमा उल्लेख गरेको छ । धर्मको उल्लङ्घन गर्ने राष्ठ्रमा सुख शान्तिको आशा गर्नु खरायोको सिङ खोजेर हिड्नु जस्तो हो । मर्यादामा नरहेमा कुनै कुरामा पनि व्यवस्था नहुनु स्वतः सिद्धछ । मर्यादाको आधारमा नैं संसार अडेको छ ।

६. अनादिकालदेखि ऋषि महर्षिहरूले देखाइदिएको बाटोमा पहिले पहिले आर्यजनताहरू परम कल्याणकारक सम्झी स्वतः लागि रहेकै थिए । यो सर्वविदितै छ कि समय एकै किसिमको रहदैन अब ती नियमहरूमा बाधिएर बस्नलाई मानिसले कठिन मान्यो । अनेक थरीका कुतर्कहरू कल्पना गरी नियमका बन्धनहरूलाई तोड्ने तर्फ प्रवृति बढदै गयो । यसको कारण भारतमा मुगलशासन आयो, आर्यधर्म खतम पार्न शासकहरू नै तत्पर भए । हाम्रा पूर्वजहरूलें पुस्तौ पुस्ता त्याग तपस्याद्वारा उपार्जन गरेका तक्षशिला आदि विश्वविद्यालय मा रहेका वेद वेदाङ्ग दर्शन आदि दुर्लभ धर्मग्रन्थहरू जलाइदिए । विद्वान्‌हरूका घर घरमा सुरक्षित रहेका ज्ञान भण्डार सारा शास्त्रहरू पनि बलजफ्ति खोसेर खरानी भए । यज्ञोपवीतको रक्षागर्न भागाभाग गर्नु पर्‍यो ।

७. त्यो शासन सकिएपछि फेरि अर्को भयानक अङ्ग्रेजी शासन आयो, उसले सोझै धर्ममा हस्तक्षेप नगरी अर्कै चलाखीपनालाई लियो । त्यो जाति आर्यभूमिमा आफ्नो प्रभुत्वमात्र कायम गर्न आएको थिएन, यहांका जनतालाई आफ्नो साचामा ढाल्नु पनि उसको उद्देश्य थियो । त्यसैले शुरुमा आफ्नो शिक्षाको प्रचार गराएर त्यो शिक्षालिएका व्यक्तिमात्र उच्चपदमा नियुक्तहुने व्यवस्था गरायो । हुंदा हुंदा त्यो शिक्षा नलिनेले जागीरको आशा नै राख्न परेन, इज्जत प्रतिष्ठा मानमर्यादा आदि त्यो शिक्षामा दीक्षित नभएकाले पाएन । अनि सबै जनता उसैको शिक्षा रहन सहन वेश भूषा आदिमा अगत्या लाग्नलागे ।

८. आर्यजातिको पुर्ख्यौली अमूल्य सम्पत्ति भएको वेद उपनिषद् वेदाङ्ग दर्शन आदि विशाल विद्याराशिलाई कुठाराघात पारी भारतमा आफ्नो गुलामवनाउने मेकाले शिक्षाको जरो गडेपछि नेपालमा पनि त्यस समयका शासक राणाहरू अंग्रेजकै इशारामा नाच्ने हुनाले उसलाई प्रसन्न गराउन उनीहरूले हलाहल विषको बीउ जस्तै गरेर यस पवित्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तपोभूमिलाई विषाक्त बनाउने त्यस शिक्षाको बीजारोपण गरे । हुंदा हुंदा अहिले वर्तमान समयमा त खान पान रहन सहन वेश भूषा सबैमा पाश्चात्यहरूको नक्कल गर्नु नै आर्यका सन्तानलाई गौरवको अनुभव हुन लाग्यो । जुन आर्य जातिले:

एतद्देशप्रसूतस्य सकाशादग्रजन्मनः ।
स्वं स्वं चरित्रं शिक्षेरन् पृथिव्यां सर्वमानवाः ॥मनुः॥

आर्यावर्तदेशमा जन्मेका ब्राह्मणहरूबाट पृथिवीको सबै मानिसले आफ्नो आफ्नो आचारनियम आदि सिकून् । यो सिंहनाद गरेर सर्वमान्य विश्ववन्द्य महामहिमगौरवको आदर्श राखेको थियो त्यही आर्यका सन्तान हामीहरू अनार्यको दासानुदास बन्न कोशिश गरिराखेका छौ । बन्न सकेमा आफूलाई गौरवान्वित सम्झन्छौ । अहो कस्तो दुर्भाग्य ।

९. पहिले पहिले आर्यहरूको शास्त्रमा ज्यादै विश्वास भएकाले शास्त्रले अडर गरेका नियमलाई राजाको हुकुमभन्दा पनि उच्चतम शिरोधार्य मानेर श्रद्धापूर्वक पालन गर्दथे । अदृष्ठफलमा मात्र विश्वास गरेर नित्य नैमित्तिक काम्य कार्यमा अग्रसर हुन्थे । आजकाल पाश्चात्त्य शिक्षाले गर्दा धेरैजसो चार्वाकका चेला भए । नास्तिकबन्नमा नै महत्त्व सम्झेर साधारण जनतालाई पनि वहकाउन लागे । त्यसैले धर्मानुष्ठान खालि परलोकमा मात्र असलहुने होइन यसलोकमापनि ज्यादै कल्याणकारक छभन्ने ऐहिकलाभकोपनि प्रचार गर्नुपर्ने अवस्था आयो । हुन त पाश्चात्त्य शिक्षा दीक्षितहरूलाईपनि आर्यमार्ग असलहो भन्ने मनमा नलागेको होइन । तर तिनीहरूको सानै उमेर देखि विलासमयजीवन भयो स्वावलम्बीभई साधारणजीवन निर्वाहगर्न दुःखगर्न नसक्ने भए । रुखा सुखा खाई गुरुको सेवागरी ब्रह्मचर्याश्रममा रही कुशासनमा सुतेर आर्यधर्मग्रन्थहरूको अध्ययन गर्ने परम्परा हरायो । होस्टेलमा बसेर मोजमज्जा उडाउदै मनले चाहेको आहार विहार गरी सजिलैसंग आङ्गल स्नातक भएकाले धर्मशास्त्रको नियममा बाधिन तयार नहुनु स्वाभाविकै छ । अनि नचाहिदा कुतर्कगरी आफ्नो धार्मिकनियमलाई उपहासगर्दै हिड्ने बानी गर्नु नै पऱ्यो ।

१०. पहिले पहिले मानिसहरूले चिताउनलाई पनि असम्भव ठानेका विलासका सामग्रीहरू उत्पादन गरेर विलासी जीवनभएका उन्नतराष्ट्रहरूको त कुरै भएन । जहाका धेरै प्रतिशत जनताहरूको राम्रोसंग आङढाक्ने कपडा र ठीक ठीक समयमा भोकलाई शान्त गराउने साधारण रुखासुखा खाद्यपदार्थपनि नपाएर जीवन निःसार भएको छ, त्यस्ता देशहरूमा पनि विकसित देशहरूको हावा लाग्नाले पहिलेको चालचलन रीति स्थिति रहन सहन आदि चाडो चाडो बदलिदै जान लागेका छन् । अरु देशको त के कुरा, हाम्रो नेपालको नै ५०।६० वर्ष अघिको समाजको रीतिस्थिति आदिको सिंहावलोकन गर्ने होभने हामी नै आश्चर्य पर्दछौ ।

११. अब प्रकृततर्फ जांऊ- शास्त्रले हवनलाई ज्यादे ठूलो धार्मिककृत्य मानेको छ । तर आजकाल नवयुवकहरू – वहुमूल्य घ्यू र प्राणेश्वर भएको अन्नडढाएर धर्मको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ठेकेदारहरूले वर्वाद गरिरहेका छन । उता गरीबहरू खान नपाएर तड्पिरहेका छन् । हवनको सट्टा खानंनपाउनेलाई खान दिएमा उनका आत्माहरूले कति आशीवार्द दिने थिए । अर्को कुराहवनगर्ने वस्तु खानेतर्फ लगाएपछि ती वस्तुहरू बजारमा सुलभ भई भाउपनि बढ्ने थिएन आदि तर्क गर्दछन् । आपाततः ठिकै जस्तो देखिए पनि खानमा प्रयोग गर्नुभन्दा हवनगर्नु धेरैगुना फाइदा छ । पूर्वाचार्यहरूले विचारै नगरी त्यसै आगामा ध्यू अन्नहरू डढाउन लगाएका होइनन् । हवनकार्य ज्यादै उत्तमहुनाले नित्यकर्मको र धेरैजसो धार्मिककार्यको अङ्गपनि भएको छ । हवनबाट आएको धूंवा ज्यादै स्वास्थ्यकारक हुन्छ । त्यसले वरिपरिको दूषित हावालाईनै शुद्ध गरिदिन्छ । घरमा रोगका कीटाणुहरू नाश हुन्छन् । मानिसले शासफेर्दा शरीरभित्र पसी शरीरका पुर्जाहरू बलिया हुन्छन्, अन्तस्करण शुद्ध भई चित्त प्रसन्न हुन्छ । सुगन्धले घ्राणेन्द्रियलाई अलौकिक आनन्द दिएको त अनुभव गरेकै छौं । हवन गरेको द्रव्यको स्थूलभाग खरानीभई साधारण कार्यमा उपयोग हुन्छ । सूक्ष्मभाग धूवां बनी आकाशमा पुगी बादलमा परिणत भई पानी वर्षाउंछ । ज्यादै सूक्ष्मतत्त्वले देवताहरूलाई तृप्तगराउने हुनालेपनि एकपन्थ धेरैकाज भई हवनको ज्यादै महत्त्व छ । गरीबहरूलाई खान नदिएर भन्ने आरोप पनि नबुझि गरेका छन् । धार्मिक कार्यमा गरीबहरूलाई अनिवार्य भोजन गराउन पर्ने विधिपनि शास्त्रले नै बताएको छ । तर यसको पूरापूर फलपाउन शास्त्रले बताए बमोजिमको ध्यूचरु समिधा शुद्धमन्त्रोच्चारण आदि जुट्न पर्दछ । हवन पनि श्रद्धा र विधिपूर्वक हुनु पर्दछ । श्रद्धानभई करकाप अथवा अरुलाई देखाउन गरेको कुनैपनि धर्म कार्यबाट ऐहिक र पारलैकिक दुबैफल पाईंदैन । "अश्रद्धया हुतं दत्तं तपस्तप्तं कृतं च यत् । असदित्युच्यते पार्थ न च तत्प्रेत्य नो इह" ॥ गीता १७।२८ ॥

१२. मानिसका निमित्त काम क्रोध लोभ यी तीन महा अनर्थ-कारक छन् । यिनीहरूलाई आफ्नो अधीनमा राख्नसके मानिसले संसार विजय गरेको सम्झे हुन्छ । यिनीहरूलाई वशमा राख्न धर्मानुष्ठानहरू आवश्यक छन् । यसैको सिलसिलामा धर्मप्राप्तिका निमित्त शास्त्रले बताएका एकादशी, रामनवमी, कृष्णाष्टमी, शिवरात्रि आदि व्रतहरू छन् । त्यसमापनि व्रतगर्ने मानिसको अवस्था हेरी प्राजापत्य, कृच्छ, अतिकृच्छ, चान्द्रायण आदि छन् । कुनै व्रतमा विस्तारै आहारा घटाउदै लगी पछिबाट क्रमैले वढाउदै ल्याउने नियम छ । निराहार, जलाहार दुग्धाहार, फलाहार, एकाहार आदि व्रतहरू पनि बताइएका छन् । यी उपवासका भेदहरू गर्नाले शरीरका मासु, रगत, हाड, छाला, आदि शुद्ध हुन्छन् । अन्तस्करण प्रसन्न हुन्छ र रोगहरू हट्दै जान्छन । भित्र पाचनशक्ति वढदै जान्छ । शरीरमा बल वीर्य ओज आदि भरिदै जान्छन् । कफ वात पित्तहरू ठीक अवस्थामा रहन्छन् । शरीर तन्दुरुस्त र जे खाएपनि पच्ने, जेपनि गर्न सक्ने भई सुखमय जीवन बन्दछ । उपवासको अघिल्लो दिन एकाहार तथा थोरै सात्त्विक भोजन आदिको उल्लेख गरेको पनि वैज्ञानिकताले भरिएको छ । तर आजकाल त्यो कुरा वास्ता नगरी भोलि व्रत वस्नुछ भने अघिल्लो दिन बेसरी कोची कोची खान्छन् । व्रतलिई उपवास नगरेर एकाहार गर्नेहरू पनि व्रतलिएको दिन ध्यू आदि गरिष्ट वस्तु प्रशस्तमात्रामा परेका चीजहरू अरु दिनमा भन्दा पनि वेसरी खाने गर्छन् । यसो गर्दा पाचनक्रियामा मन्दताआई शरीरको स्वास्थ्यसप्रनुको सट्टा झन विग्रदै जान्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सधैं पेटभर खाइ मात्र रहनाले खाएका सबै वस्तु पूरापूरा परिपाक नभई पेटको रोग हुन्छ । समय समय मा उपवास गर्नाले भित्रको पाचनयन्त्रले त्यसरी अपरिपक्क भएका वस्तुलाई परिपाक गराउने मौका पाउदछ । आजकालका व्रतीहरूले यो कुराको विचार नगरी खाली लहै लहैमा लागेर नियमपूर्वक व्रतहरू नलिएकाले नै व्रतबाट हुने प्रत्यक्ष लाभबाट वन्चित भएका छन् । व्रतोपवास खाली धर्मका निमित्त नभएर ऐहिक कल्याणका निमित्तपनि निश्चित छ । हामीले देखेकैछौ धर्ममा रहने मानिस १।२ दिन सम्म उपवास वस्नपनि किन्चित् मान्दैन, विलासी मानिस २।३ घण्टामात्र खान पछि भयोभने तुलवुलाउन थाल्दछ । त्यसैले इन्द्रियहरूलाई अधीनमा राख्नका निमित्त यो एक उपाय हो । अत: सवैले गर्नुपर्ने वैज्ञानिक अनुष्ठान हो ।

१३. सानो केटाकेटी अवस्थामा हामीलाई बांबु आमाले राम्रो तरहबाट स्याहार सुसार गरी यसो गर्न यस्तो खान, यसरी हिड्न र सुत्न पर्दछ भनी हरेक कुरामा नियम सिकाएर वढाएका छन् । ठूलो भएपछि शास्त्रले मर्यादामा राखी नियमित बनाएको छ । यी सबै कुरा आदर्शमय जीवनगराई शरीरलाई ठीक राख्ने नियम हुन् । शरीर नै स्वस्थ रहेनभने त्यसबाट हामीले कुन कुरा कमाउन सकौला ? सधै आज यस्तो भयो भोलि यस्तो भयो भन्दैमा जीवन यात्रा समाप्त हुन्छ । यौवन अवस्थामा नै वृद्धावस्थाले छोइ सक्तछ । २०।२५ वर्षको उमेरमा नै दुबलो स्फूर्ति नभएको शरीर अलिकति परिश्रम गर्नपनि नसक्ने हुन्छ । जवानी आएको र गएको पनि थाहा हदैन । यस्तो हालत हामीले शास्त्रले वताएका आहार विहार छोडेर यथेच्छाचरणमा लागेरनै भएको हो । "धर्मार्थकाममोक्षाणामारोग्यं मूलमुत्तमम्" यो सिद्धान्त सर्वमान्य छ । दीर्घायु र आरोग्यका निमित्त शास्त्रको नियमलाई अनुसरण गर्नु पर्दछ ।

१४. वास्तवमा धर्मको व्यवस्था धर्म निरपेक्ष राष्ट्रले पनि रुपान्तरबाट नमानि नहुने कुरा छ । किनभने जुनसुकै राष्ट्रमा पनि नीतिको आधारमा कानून बनेको हुन्छ । चोर्ने लुट्ने छल्ने, पिट्ने दुराचारगर्ने आदिलाई सजाय दिइन्छ । परोपकारी जनकल्याण चिन्तक र देशहितमा लागेकालाई सह्रनी गरिन्छ, आदरको दृष्टिले हेरिन्छ र सम्मान गरिन्छ ।

१५. धार्मिक-कार्यमा आर्यजातिका निमित्त स्नान सवभन्दा पहिले नगरि नहुने एक अङ्ग मानेको छ । स्नानमूला:क्रिया: सर्वा: श्रुतिस्मृत्युदिता नृणाम् । तस्मात् स्नानं निषेवेत श्रीपुष्ट्यारोग्यवर्द्धनम् ॥ *याज्ञवल्क्य* । सधै स्नान नगर्ने मानिसहरू पनि आज एकादशी आज शिवरात्रि भनेर सवेरै स्नान गर्दछन् । साधारण सन्ध्यावन्दनदेखि लिएर ठूला ठूला यज्ञहरूसम्म गर्दा पनि स्नान गर्नु पर्ने शास्त्रको विधान छ । व्यवहारमा पनि मानिस जन्मेदेखि लिएर मरिसकेपछि शवलाई समेत स्नान गराउने चलन छ । नदी, झर्ना, धारा, तलाउ, कूवा, पोखरी आदि मध्ये पाएसम्म असल ठाउमा स्नान गर्नु पर्दछ । केही गरी पानी मिल्दै नमिलेमा शरीर खुला गरी वायव्य स्नान, भस्म स्नान भए पनि गर्नु पर्दछभनी शास्त्रले कडा शासन गरेको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१६. प्रतिदिन सबेरै स्नानगर्नु धर्मकार्य सम्झी नित्यस्नान गर्ने मानिसभन्दा विदाको दिनमा मात्र बेसरी साबुन लगाएर नुहाउने सफा हृष्टपुष्ट देखिएका छन् । त्यसकारण जाडामा सिऊसिऊ गर्दै नुहाउनाले के फाइदा ? भन्ने सवालका निमित्त यो जवाफ छ कि धार्मिक जनताले खाली प्रायश्चित्त बचाउन २,४ लोहोटा पानी खत्याएर अथवा धारामा एक पटक शरीर भिजाएर मात्र स्नानको कर्तव्य पूराहुने होइन । स्नानले धर्मप्राप्तिको साथै शरीरलाई नीरोगी हृष्टपुष्ट बनाएर धार्मिक कार्यगर्न समर्थ गराउने हुनाले नै स्नानको महत्त्व भएको हो । स्नान गर्ने वित्तिकै हुने चित्तप्रसन्नता, निर्मलता, बुद्धिवैशद्य, भावशुद्धि र शरीरमा स्फूर्ति आदि त हामीले प्रत्यक्ष अनुभव गरेकानै छौं ।

१७. हाम्रा छालाका रोमकूपहरूमा धेरै साना साना छिद्रहरू छन् । ती छिद्रहरूवाट पसिनाको रूपमा भित्रका दूषित पदार्थ बाहिर आउंदछन् । हावाले पसिनालाई सुकाएपछि ती छिद्रहरू बाट वायु सञ्चार हुन सक्दैन । भित्रको मल र दूषित वायु बाहिर आउन पाउदैन । त्यो मल भित्र भित्रै सड्नलाग्दछ अनि रोगले आक्रमणगर्न थाल्दछ । यसैले रोमकूपमा भएका दूषित पदार्थहरूलाई फालेर रोमकूपहरूलाई सफा राख्नुपनि स्नानको काम हो । त्रिकालस्नानको महत्त्व शास्त्रकारले यिनै दूषित पदार्थहरूलाई फाली सफा गर्नका निमित्त बताएको हो । त्यसमा पनि बेहान सबेरै उठ्दाखेरि त रातमा सुतेको बखतमा आखा नाक मुख आदि शरीरका छिद्रबाट निस्केका दूषित पदार्थले शरीरलाईनै ज्यादै अपवित्र गराएको हुन्छ, त्यसैले प्रात:स्नान सर्वसाधारणका निमित्त अत्यावश्यक गराएको छ । खस्रो रुमालले धेरै पटक दलीदली रोमकूप सफा हुने गरी माडी-माडीकन नुहाउन पर्दछ । त्यसो गरेमा मात्र नुहाएको ठहर्दछ र स्नानबाट हुने प्रत्यक्षफल पनि प्राप्त हुन्छ ।

१८. पृथिवी, अप्, तेज, वायु र आकाश यी पन्चमहाभूतबाट बनेको हाम्रो शरीरलाई यी पांचै पदार्थ ज्यादै आवश्यकभइ रहन्छन् । भोजन, जलपान, घर्मसेवन, वातसेवन आदिबाट पृथिवी जल तेज वायु आदि को पुष्टि भई रहन्छ । स्नान गर्दा दूषित पदार्थ हटी सफा भएका रोमकूपहरूबाट जलको प्रवेश भई शरीरको भित्री भागलाई सरस बनाउदछ । त्यसमा पनि तीर्थका गङ्गा आदिको जलमा अलौकिक शक्ति छ । गङ्गाको जल सेवनले ठूला ठूला रोगहरू नाश हुन्छन् । त्यसकारण गङ्गा यमुना नर्मदा कावेरी गोदावरी आदि तीर्थस्नानको गौरवपनि वैज्ञानिक आधारमा नै शास्त्रकारले ब्रताएका हुन् । स्वास्थ्यका निमित्त स्नान उपयोगी हुनाले नै खाना खाने वितिकै, रोग लागेमा, आधा रातमा, र लगाएका जति सबै वस्त्र नफुकाली स्नान गर्न निषेध गरेको छ ।

न स्नानमाचरेद् भुक्त्वा नातुरो न महानिशि ।
न वासोभि: सहाजस्रं नाविज्ञाते जलाशये ॥ स्मृति:

१९. सयकुरा छोडेर खाऊ, र हजार कुरा वास्ता नगरी स्नान गर भनेर खानुभन्दा नुहाउनुमा ज्यादै जोडदिएको कुरा सर्वविदितै छ । शतं विहाय भोक्तव्यं सहस्रं स्नानमाचरेत् । स्मृति: ॥ उखु पानी दूध तरुल भ्याकूर पान फल औषधीहरूको सेवन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गरिसकेपछि पनि स्नान दान गर्नु हुन्छ ।

इक्षुरापः पयोमूलं ताम्बूलं फलमौषधम् ।
भुक्त्वा पीत्वापि कर्तव्याः स्नानदानादिकाः क्रियाः॥ स्मृतिः

२०. शरिर ठीक नभएको वखतमा अथवा स्नान गर्न जल झटपट मिल्न नसकेमा केही खाएरपनि स्नान गर्ने पर्ने नियम हुनालेपनि स्नानलाई अत्यावश्यक जनाएको हो ।

२१. आषाढशुक्ल एकादशीदेखि ४ महिना सम्म गृहस्थीहरू आफ्नो चोक अथवा आगनमा तुलसीको मठ बनाई प्रतिदिन धार्मिककृत्य सम्झी दर्शनबाट पापनाश, स्पर्शवाट शरीरपवित्र, नमस्कारवाट रोगहरण, सेचनबाट यमभयनाश र सम्वर्द्धनबाट भगवान्को सामीप्यगराई भगवान्लाई चढाएमा मुक्तिदिलाउने तुलसीलाई नमस्कार छ भनी तल लेखेको श्लोक पढी श्रद्धालु भक्तहरूले तुलसीको पूजा गर्दछन् । यादृष्टा निखिलाघसङ्घशमनी स्पृष्टा वपुःपावनी रोगाणामभिवन्दिता निरसिनी सिक्तांन्तकत्रासिनी । प्रत्यासत्तिविधायिनी भगवतःकृष्णस्य संरोपिता । न्यस्तातच्चरणे विमुक्तिफलदा तस्यै तुलस्यै नमः ॥

२२. कार्तिक महिनामा त विशेषमहत्व साथ उज्यालो नहुँदै पूजागरी आकाश-दीपपनि वाल्दछन् । वर्षाको याम वादलले आकाशलाई ढाकिरहने, सूर्यको किरण प्रशस्त सेवन गर्न नपाइने, पानी परिरही हिलो-मैलो फोहोर भैराख्ने, वरिपरि वर्खे वालिनालि र झारपातले ढाकिरहने हुनाले घर घरमा नाना किसिमका रोगहरूले सताउने समय हो । त्यस समयमा स्वास्थ्य ठीक राख्न कठिन पर्दछ । यस अवस्थामा तुलसीको हावा ज्यादै उत्तम हुन्छ । यसवाट रोगका कीटाणुहरू मर्दछन् । तुलसीको सेवाबाट रोगलाई दवाउनसक्ने आत्मशक्तिपनि पाइन्छ । प्रतिदिन तुलसीको पत्र र जलखानाले पनि धेरै किसिमका रोगहरू नाश हुन्छन् । अंन्तस्करण शुद्ध हुन्छ । आयुर्वेदमा यसको ज्यादै महत्व वताएको छ । धेरै जसो आयुर्वेदीय औषधीहरूमा तुलसीपत्र परेको हुन्छ र अनुपानमा पनि तुलसीपत्र दिने गरेका छन् । मरेको मानिसको शरीरलाई दाहगर्दा धूवामा रहेको दूषितपना हटाउन तुलसीको बोटहरूपनि राखेर दाह गर्दछन् । अन्त्य समयमा पनि मुखमा तुलसीपत्र राखिदिन्छन् । यसमा अमोघशक्ति भएकोले नै यसको सेवन धर्मशास्त्रले वताएको हो ।

२३. एकादशीको व्रतलाई नै लिऔं, १५ दिनमा एकदिन निराहार वस्नाले आयुर्वेदले भनेको छ "आहारं पचति शिखी दोषान् आहार वर्जितः" पेटमा रहेको जठराग्निले हामीले खाएको वस्तुलाई परिपाक गर्दछ । नखाएको वखतमा भित्ररहेका दोषहरूलाई परिपाक गरी दिशा पिशाप पसिना आदिवाट वाहिर फालिदिन्छ । पेटमा रहेको अग्निमा त्यो शक्ति छ, पाचन क्रिया गर्न नपाएपछि रेचनक्रियाद्वारा भित्रका अलि अलिगरी आन्द्रामानै टांसिएर रहेका मलहरूको रेचनगराई पेट सफागराई रोगहरू निर्मूल पार्दछ । धर्मशास्त्रले हरेक नियममा "वाल वृद्धातुरै र्विना ". वाल वृद्ध

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विरामीहरूलाई नियममा रहंदा फायदा नहुने हुनाले माफी दिराखेकैछ । यस्तो वैज्ञानिक यस जन्ममा आरोग्य आयुष्य बल वुद्धि संपादनद्वारा सुखमयजीवन र जन्मान्तरमा पनि धार्मिक कृत्य कर्तव्यसंझी श्रद्धां विश्वास पूर्वकगर्ने मानिसको अन्तस्करण शुद्धभइ देहावसानको समयमा भगवान्को चिन्तन स्मरण गर्न सक्तछ र "यं यं वापि स्मरन् भावं त्यजत्यन्ते कलेवरम् । तं तमेवैति कौन्तेय सदा तद्भावभावित:"॥ मर्ने वखतमा जुन जुन भावलाई संझेको हुंन्छ, परलोकमा त्यस्तै त्यस्तै गति हुन्छ भंन्ने गीतामा भगवान्को वचन अनुसार उत्तमगति प्राप्त हुन्छ ।

२४. सर्वरोगापहारक (सबै रोगहरूलाई नाशगर्ने) प्राणायामलाई लिऔं । विहान सवेरै शौच स्नानादिगरी पवित्रभई शुद्ध हावाचलेको नदी आदिको किनार अथवा पवित्र खुलास्थानमा आसनमा वसी एकाग्रमनगरी प्रसन्नमुद्रामारही प्राणायाम गर्नु पर्दछ । नाकको एकफोहरा दांहिने हातको वुढिऔंलाले थुनी अर्को फोहरावाट मात्र विस्तारै विस्तारै हावातानी पूर्णगरी तानेको समय भन्दा दोवर समयजति दुवै नाकको फोहरा रोकी तानेको फोहरा भन्दा अर्को फोहरावाट मात्र विस्तारै विस्तारै तानेको समय भन्दा तेवर समयसम्म लगाइ वायु छोड्ने । तान्ने छोड्ने फोहरा हरेक पटक अलग अलग गर्ने अर्थात् दोस्रो पटकमा पहिले तानेको फोहरावाट नतान्ने । तान्ने समय रोक्ने समय र वायु छोड्ने समय ५।७ दिन भएपछि अलि अलि वढाउदै लैजाने तिनै समयमा ॐको मनले मात्र संझिराख्ने । सुरुका दिनहरूमा तानदा ८ पटक रोक्दा २४ पटक वायु छोडदा १६ पटक ॐ यो मन्त्र जपने यसैलाई वढाउदै लैजाने । यो पनि याद राख्ने क्रमैले वढाउंदा ज्यादै वढाउन प्रयास गर्नु हुन्न मस्तिष्कमा विपरीत असर पर्दछ । ३ पटक देखि शुरुगरी ८।१० महिना भित्र आफ्नो स्वास्थ्य विचार गरी १० पटक सम्म पुगेपछि वढाउने कोसिस गर्न हुदैन । प्राणायामबाट पेटभित्रको दूषित वायु बाहिर फालिइ बाहिरको प्रात: कालको शुद्ध हावा भित्र फोक्सोसम्म पसी रोग नाशभइ बल दीर्घायु शरीरपुष्टि प्राप्तभइ मनप्रसन्नता उत्साह आदि बढी आफ्नो दैनिककार्यका निमित्तपनि मानिस सक्षम हुनेछ । यसमा कति वैज्ञानिकता छ हेर्नुहोस् निरोगी बलवान् वन्न एक पैसापनि खर्च गर्न पर्दैन हामी गृहस्थीहरूले पैसा कमाएर घरव्यवहार चलाउन वन्दव्यापार जागीर अथवा खेतवारी आदिको कामगर्ने पर्दछ । त्यसका निमित्त शरीर स्वस्थ बलवान् हुनैपर्दछ, त्यसमा प्राणायामले कति मद्दत गरेको छ । आफैं विचार गर्नोस् ।

२५. त्यस्तै परमार्थ सुधार्नका निमित्त गरिने परमेश्वरको भजनकीर्तनमा हृदयदेखिनै लागेका मानिसहरू त्यसैलाईनै सर्वस्वसंझी धनधान्यमान आदिको सुखभोग र कामवासनाजन्य सुखभोगलाई तुच्छसंझी अलौकिक परमानन्दको अनुभवगरिराखेका हामीले देखेकै छौं । त्यता नलागी कामवासनाजन्य तृष्णाको भुमरीमा भौतारिएर अगम्यागमन वलात्कार आदि द्वारा कामवासना पूर्तिगर्नेले पाएको जेलनेलपनि देखेसुनेकैछौं । त्यस्तै धर्मशास्त्रले वताएको निराहार एकाहार सात्विक आहार आदि नियममा रहेका मानिसहरू सुमार्गतर्फ लम्की सन्तोषी आनन्दी, दयालु वलवान् प्रसन्नमुखकाभई आफ्नो व्यावहारिक कामहरू गरिरहेका र नियममा नरही जीभ्राले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मागेको खाई, कानले चाहेको जेसुकैसुनी, आंखाले खोजेको दर्शनीय अदर्शनीय हेरी, छालाले चाहेको योग्य अयोग्य आलिङ्गनादिगरी इन्द्रियहरूको वशमापरी मोजमज्जामा लागेर युवा अवस्थामानै सुगर क्यान्सर आदि भयानकरोगले आक्रमणगरेको शरीरलाई औषधीका भरले केही समय थामी असमयमानै यमराजको अतिथिहुन पुगेकाहरूलाई पनि आंखाभरि देखेकैछौ । व्यायामको वदला सिद्धासन पद्मासन शीर्षासन मयूरासन आदि पनि त्यत्तिकै उपयोगी छन् । योगाभ्यासको त भन कुरै भएन यो त चित्तवृत्तिरोक्ने मुख्यसाधन नै छ । जसवाट चाहेको सिद्धि प्राप्त गर्न सकिनेछ ।

२६. हाम्रा पूर्वज ऋषिमुनिहरूले हामीलाई विहान उठेदेखि वेलुका नसुते सम्म गर्नुपर्ने जति धार्मिक क्रियाकलापहरू वताएका छन् । ती सवै यस लोकमा सुखशान्ति प्राप्तभइ परलोकमापनि परमकल्याणकारक छन् । यो तथ्यपनि निर्विवाद छ कि आचारमा रहने मानिसले ज्ञानेन्द्रिय र कर्मेन्द्रियहरूलाई जित्ने अलिकति भएपनि अभ्यासगरेकै हुन्छ । भगवान्को सेवाले भगवत्प्रसादपनि पाएकै हुनाले कुनै वखतमा काम क्रोध लोभमा फसी कुकृत्य तर्फ मन जानलागेमा तत्कालै ईश्वरले उसका दुर्भावनालाई हटाई सदभावना तर्फ लगाई दिनु हुन्छ । तर यसमा यो कुरा भने राम्ररी विचार गर्नुपर्ने छ, हामीले धार्मिक कार्यगर्दा श्रद्धाभक्ति विश्वासकासाथ गर्नु पर्दछ । मनले यसवाट के होला भन्ने सन्देह गर्ने, शास्त्रले वताएको विधि नजान्ने, प्रगतिवाज देखाउन घर वाहिरजांदा लाएको प्रसाद चन्दनादि पुछ्ने, अथवा निधारको माथिल्लो भागमा प्रसाद लगाई टोपीले छोपेर हिड्ने धर्मध्वजी आदिले गरेको धार्मिक कार्यवाट अलिकतपनि फलप्राप्ति हुदैन । गीतामा भगवान्ले भन्नु भएकै छ "अज्ञश्चाऽश्रद्दधानश्च संशयात्मा विनश्यति । नाऽयंलोकोऽस्ति नपरो नसुखं संशयात्मन:" ॥ केही नजान्ने श्रद्धा नगर्ने सन्देह गर्ने मानिस नष्ट हुन्छ, सन्देह गर्नेलाई न यो लोक न परलोक न सुख नै प्राप्त हुन्छ । खाली परिश्रम र समयको मात्र वर्वाद हुन्छ ।

२७. रजोवती भएमा तीन दिनसम्म अपवित्रहुने धर्मशास्त्रको नियमपनि त्यस समयमा स्त्रीको अर्कै प्रकृति भएको हुन्छ, रज:स्राव भइरहन्छ, दूषित रजवगिरहेको बखतको संसर्ग सहवासबाट पैदाभएको सन्तति हृष्टपुष्ट दीर्घायु विवेकशील हुदैनन् । खाद्यपदार्थमापनि त्यसको संसर्ग हुनसक्तछ । रजस्वलाको मनमा कामवासनाजन्य दुर्भावना रहेको हुन्छ । पकाएको वस्तुमापनि पकाउनेको मनको भावना पुगेकै हुन्छ, किनभने मानसिकभावना नदेखिएपनि परमाणुरूपले सर्वत्र फैलिराख्दछ । जस्तो अन्नखायो त्यस्तै मनहुन्छ, त्यसकारण रजोदोषको असर खाने सवै परिवारमापनि पर्दछ, अनि खानेमानिस सात्विक वृत्तिको नभई सद्भावना सद्विचारतर्फ लाग्न सक्तैन । यस्ता अरु धेरै धेरै दुर्गुणहरू टुलु टुलु आंखाले देखेरपनि पाश्चात्यहरूले यो नियमलाई उत्तमकुरा मानी मुक्तकण्ठले प्रशंसा गरेका छन तरपनि यो नियम पालनामा उपेक्षा दृष्टिराख्नु दु:खको कुरा छ । स्वास्थ्य हानिकारक, सन्तति विकृतिकारक, दुर्गन्धप्रचारकदुर्भावनाविधायक आदि अपगुणहरूलाई वेवास्तागरी प्रगतिशील भनाउनखोज्नु रोगशोक आदिलाई निंत्याउनु पतितहुनु कस्तो विडम्वना हुन थालेको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२८. मृताशौच (जुठो वार्ने) को वारेमापनि ७ पुस्तासम्म १० दिन, ८ पुस्तादेखि १४ पुस्तासम्म ३ दिन, १५ पुस्ता देखि २१ पुस्तासम्म १ दिन, त्यसमापनि आमा वावु र पतिको १ वर्ष सम्म, सौतेनी आमाको ६ महिना, पत्नीको ३ महिना, भाइ र छोराको ४५ दिन सम्म आशौच वार्ने कुरा, आमा वावुको शोणित शुक्रद्वारा हाडमासु रगत नशा आदिवनी शरीरगर्भमा वन्दछ । त्यसैको अंश क्रमैले नाति पनाति आदिमा घटदै गई सातौं पुस्तासम्ममात्र रहने हुनाले त्यहां सम्म १० दिन, त्यसपछिका ७ पुस्तासम्म एउटै धारो पधेरो आदि हुनाले ३ दिन, त्यसपछि वंश विस्तारभई पानी पधेरो फरकभई पर परभई खालि वंशजको नातामात्र भएकोले १ दिन मात्र आशौच वार्ने नियम र किन जुठो वार्ने भन्ने सम्वन्धमा देवकार्य पितृकार्य काम्य सत्कर्म आदि चित्त प्रसन्नभई उत्साह उमङ्ग सद्भावना सत्सङ्कल्पका साथ गर्नुपर्दछ । त्यसरी नगरेमा सत्कर्महरूको पनि फलप्राप्तनभइ समय र धन धान्य आदिको दुरुपयोग हुन्छ । त्यसकारण जुठो बार्नुपनि अति सम्बेदनशील छ । अझ त्यसमापनि आफूलाई जन्म दिई पालन पोषण शिक्षण आदि गरी सक्षम बनाइ दिने माता पिताको र पतिनै पत्नीमा शुक्रद्वारा प्रवेशगरी गर्भरहेर आफै पत्नीबाट जन्मन्छन् भन्ने शास्त्र अनुसार आफ्नो वंश परम्परा चलाई दिने पतिको पनि वर्षदिन, सौतिनी आमाको ६ महिना, पत्नीको ३ महिना र भाइछोराको ४५ दिन सम्म वियोगजन्य दु:खपीडा आपदविपद मायामोह ममताअपशोच आदि रहनेहुंदा केही धर्मकार्यनगरी आशौच वार्नुपर्ने ऋषिमुनिहरूको वचनपनि वैज्ञानिक र व्यावहारिकपनि छ । ऋषिमुनिहरूले विचार नगरी नियम बनाएका होइनन् । सन्तानहरूको यसलोक र परलोकमा असलहोस् भनेर बनाएको हो यसलाई हामीले अन्यथा मान्नु हुदैन । अन्तरात्माले एक पटक सोच्नुहोस् ।

२९. यसरी शास्त्रले बताएका कल्याणकारक मार्गहरूको रहस्यनै नबुझी धर्मलाई उपहासगरी कामचार कामवादमा लाग्नु मानवका निमित्त ज्यादै अशोभनीय कुरा हो । त्यसैले परापूर्वदेखि चलिआएको आफ्ना आचारमा रही धर्मपालनगरेमा कुनै रोगकोपनि शिकार बन्नु पर्दैन । आरोग्यपूर्ण स्वस्थ वलवान शरीरभई आनन्दसाथ सुखमयजीवन बिताउन सकिन्छ । यसलोक परलोक दुवै सप्रन्छ । मानव जीवनको सारनै यसमा रहेको छ । आफ्नो धर्मको अवहेलनागरी बहकिनाले कुनै हालतमापनि कल्याण हुदैन । यो कुरा "स्वधर्मे निधनंश्रेय: परधर्मो भयावह:" भनेर गीतामा स्पष्टरूपले उल्लेख गरेकै छ । अत: मर्यादामा रही देशको विकासगर्ने कार्यमा हामी सबै जनता अग्रसर होऔं, यही मेरो सबैसित सविनय प्रार्थना छ । परमेश्वरले हामीलाई सद्वुद्धि प्रदान गरुन् ।

सबैको कल्याण होस्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथआशौचनिर्णय:

१. सर्वप्रथम आशौच किनवार्ने यसको के के आवश्यकता छ यससम्बन्धमा केहि प्रकाश पारौं । पिता माता पत्नी पुत्र पुत्री आदिको परस्परमा स्नेह सद्भावना सौहार्दका साथ प्रगाढ अवच्छिन्न हाड नाताको सम्बन्ध भएकोले सबैको परस्परमा माया ममता रहने स्पष्टनै छ । त्यस्ता आत्मीय बन्धुवर्ग द्वारा बिछोड हुँदा हृदयमा आघात पर्दछ । आत्मीयजनको वियोगजन्य सन्ताप आपद विपद कष्टले घेरी अधैर्यभएको बखत व्यग्रता आई मन प्रसन्न नभई बेचैन र शरीरमा शिथिलता आई एकाग्र मनभएरगर्नुपर्ने धामिर्ककार्यगर्न असमर्थ होइन्छ । शरीर मन आत्मा शुद्धहुदैन । त्यसैले बल जफ्ती गरेको धर्मकार्यबाट फल पाइदैन । त्यसैले त्यस बखत आफूबाट कहिल्यैपनि नफर्कनेगरि बिछोडभएका आत्मीयजन लाई सम्झने, उसैको उत्तमगति कसरी प्राप्त हुन्छ । त्यसैतर्फ ध्यानदिई उसैको काजक्रियामामात्र सबैवन्धु बर्गले लागी पर्नुमात्र कर्तव्य हुन्छ । यो नियम वैज्ञानिक आधारमा मानिएको छ । त्यसमा पनि वियोगजन्य दुःख कष्ट कस कसलाई कति कति मात्रामा हुन्छ । कस कसको सम्बन्ध शास्त्रअनुशार कति कति नजिक मानिएको छ । त्यसलाई विचार गरी आशौच धेरै र थोरै वार्ने निर्राय धर्मशास्त्रमा छ । जस्तैः पति र पत्नीको शुक्र शोणितबाट सन्तानजन्मने, त्यसमा पनि पतिकोशुक्र अधिकभए पुत्रको र पत्नीको रजअधिकभए कन्याको जन्महुने कुरा सर्वप्रसिद्धै छ । यसरी माता पितासम्बन्धि शोणित शुक्रको पूर्णसम्वन्ध पुत्र पुत्रीमा र नाति पनाति खनाति आदि हुदै ७ पुस्ता सम्म अलि अलिकति हुदै सातौंमा केहि अंश मात्र रहन्छ । त्यसैले पिता पितामह प्रपितामह ३ पुस्तालाई पिण्डदान गर्नुपर्ने, त्यस देखि माथिका ३ पुस्तालाई पिण्डशेष लेपभाग दिने । पिण्ड दान गर्ने आफू समेत जम्मा ७ पुस्ता ज्यादै नजिकको सम्बन्ध सम्झी सपिण्ड (पिण्ड पाउने) नामराखि १० दिन अशौच, त्यसभित्र पनि पुत्रले पिता माताको पत्नीले पतिको आशौंच पूरा वर्षदिन, सौतेनी आमाको ६ महिना, पत्नीको ३ महिना, छोरा र दाजु भाइको ४५ दिन आशौच वार्ने । ८ पुस्ता देखि १४ पुस्ता सम्मको दाजु भाइलाई एउटै खोला पधेराको पानी लिने खेति पाति पर्म मेलापात परस्पर मिलि जुलि गर्ने हुनाले सोदक (एउटै पानी खाने) नाम राखी ३ दिन आशौच, १५ देखि २१ पुस्ता सम्म सगोत्र (सगोतिया) नामराखी १ दिन जुठो वार्ने २२ पुस्तादेखि जुठो सुनेमा राम रामभनि शुद्धहुने व्यवस्था छ ।

२. कुमार र कन्याको विवाहसंस्कार हुदा वैदिक विधिबाट विवाहमा परस्परमा हाड मासु रगत प्राण मन वचन हृदय आदि जोडियो (अर्थात् एकै भयो) आधा आधा अङ्ग मिल्यो भनि वैदिक मन्त्र द्वारा प्रतिज्ञागरी दाम्पत्यसम्बन्ध र पुरुषमारहेको गोत्रताको कन्यामा आरोप भएर दम्पतीको प्रगाढ सम्वन्ध भएको छ । पति शुक्रद्वारा पत्नीको योनीमा प्रवेशगरी गर्भवास वसी पत्नीबाट पुत्र पुत्री रूपले जन्मी पुत्र पुत्री पनि आत्मस्वरूपनै हुनाले पुरुषसंग पत्नीको सम्वन्ध सानोछैन । पत्नीद्वारा निजका पिता माता भ्राता आदिमा पनि आत्मीयता भई नगिचको नाता गोता जोडिएकोले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पतिले पनि सासु ससुरा आदि ससुराली तर्फको पनि आशौचबार्ने नियम छ । माताको सम्बन्धद्वारा मातामह मातामही मावलीतर्फ पनि नगिचको नाता जोडिएकोछ । त्यस्तै दाजु भाइ दिदी बहिनी फुपू काका आदिको सम्बन्ध पनि नगिचैको हो ।

३. आपस्तम्बादि धर्मशास्त्र अनुसार पिता माताले जन्मवाट र गुरुले विद्यावाट सन्तति परम्परा चलाई वंशलाई विद्यावंश र जन्मवंश २ थरि मानेको छ । प्राचीन समयमा विद्यावंशबढाउने परम्परा अत्यधिकमात्रामा चलेको थियो । त्यसैले भगवान् पाणिनि मुनिलेपनि आफ्नो अष्टाध्यायी व्याकरणमा "संख्यावंश्येन" भन्ने सूत्र निमार्णगरी जन्मवंश र विद्यावंशको उल्लेख गर्नुभएको छ । जन्मदिनेको जस्तै संस्कारकासाथै विद्यादानगरी ज्ञानी सदाचारी गण्य मान्य गराइदिने गुरुको योगदानपनि कम नभएकोले नगीचको आत्मीयता संझी गुरु, गुरुआमा गुरुपुत्र सहपाठी आदिको र गुरुले चेलाहरूको आशौचबार्ने परम्परापनि योग्यनै मान्नु पर्दछ । प्रचीन समयमा आचार्यहरू जन्म वंशको परम्परा चलाउनु जस्तै विद्यावंश परम्परा चलाउनु पनि परमकर्तव्य संझी गुरुकुल कायमगरी छात्रहरूलाई आश्रममाराखी पुत्रसमान व्यवहारगरी माया ममता राखी दीक्षा शिक्षा प्रदान गर्दथे ।

४. दिदी बहिनी दाजु भाइ फुपू सानीआमा ठूलीआमा मामा माईजु भान्जी पितृव्य भदाभदै आदिको आशौचका विषयमा र पांच वर्ष नाघी १२।१४ वर्ष सम्मपनि पुगिसकेका व्रतबन्ध हुन नसकेका ब्राह्मरा क्षत्रिय वैश्यका पुत्रहरूको र उमेर पुगेका विवाह हुननसकेका कन्याहरूको आशौच काजक्रियागर्ने बारेमा पनि आचार्यहरूको मतमतान्तर छ । त्यस्तै लोक व्यवहारमा लोकसंग्रहलाई लिएर माथि बताएका बन्धुवर्गहरूको अलग अलग समय जुठो बार्ने परम्परा पनि छ ।

"धर्म जिज्ञासमानानां प्रमाणं परमं श्रुतिः ।
द्वितीयं धर्मशास्त्रं तु तृतीयं लोकसंग्रहः" ॥

५. धर्मज्ञानका निमित्त पहिलो प्रमाणवेद, दोस्रो धर्मशास्त्र, तेस्रो लोकसंग्रह मानेको छ । "लोक संग्रहमेवापि संपश्यन् कर्तुमर्हसि" । लोकसंग्रहलाई पनि आश्रयगरी कामगर्नु पर्ने कुरा गीतामा भगवान्ले उपदेश गर्नु भएको छ । यस कारण प्राचीन परम्परालाई पनि छोड्न हुदैन । धर्मसिन्धुमा पनि युद्धसंमुखमर्नेको सपिण्डादिले आशौचबार्न नपर्ने धर्मशास्त्रीय निर्णयलाइ लोकविद्विष्ट हुनाले शिष्टहरू मान्दैनन भनेर उल्लेख छ । यस्तै शिष्टाचार सम्मतिको कुरा अरु स्थलमापनि छ । विक्रम सम्वत १९७८ मा तात्कालिक रानीपोखरी संस्कृतप्रधानपाठशालाका अध्यापक साहित्यशास्त्रका विशिष्टविद्वान श्रद्धेय गुरु देवीदत्त पराजुलीज्यू साहित्याचार्यले त्रिशत श्लोकी र दश स्लोकी आशौच निणर्यको नेपालीमा अनुवादगर्दा प्राचीनआचार्यहरूको र नागेशभट्ट आदिको निर्णयमा र लोकसंग्रहमा फरकपरेका माथि उल्लेख गरेका दिदी बहिनी र दाजु भाइ सानीमा ठुलीआमा मामा माईजू भानिज भान्जी भदा भदै मातामह मातामही सासू ससूराआदिको २ थरी जुठो वार्ने अर्थात् धेरै र थोरै वार्ने दुवैपक्ष देखाईदिनु भएकोछ । हालसम्मपनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लोकसंग्रहलाई मानिआएका धेरै छन् । लोकसंग्रह पनि पछिका आचार्यहरूको मत हो । यसरी मत मतान्तर देखाउदा साधारण जनतामा सन्देह हुनजान्छ । त्यसकारण लोकसंग्रह र नगिचपरेका संधै तर्पण महालयश्राद्ध तीर्थश्राद्ध आदिमा पिण्ड समेत दिनु पर्ने दिदी वहिनी फुपू ठूलीआमा सानीआमा आदिको सम्बन्धलाईपनि ध्यानमा राखेको छु । आध्यात्मिकसिद्धान्तमा मित्र र शत्रुमा समदृष्टि राखी भेदभाव नलिई राग द्वेषगर्ननहुने उपदेश हुनाले अनुपकारी उपकारी गुणहीन ग्रामान्तरवासी आदिको भेदभाव नलिई स्वविवेकले विचारगरी आफ्नो अन्तरात्माबाट निणर्यलिई एकैथरीको आशौचवार्ने प्रक्रिया समादरराीय वन्धुवर्गको अनुरोध अनुसार यो सानो लोकोपयोगी आशौचनिर्णय प्रकाश गरेको छु । म साधारण मानव हुं अच्युत होइन त्रुटिभए सम्मान्य विद्वान वर्गबाट क्षमाको साथै त्यसको सूचना पनि हुने नै छ भनि विश्वास लिएको छु ।

६. अशुद्धहुनलाई आशौच भनिन्छ । आशौचका २ भेद छन । १ जननाशौच (सूतक वाट्हुने आशौच) २ मृताशौच (मरराबाट हुनेआशौच) त्यसमा देखिने शरीर र नदेखिने आत्मा दुवै नै अशुद्ध हुन्छन् । यस समयमा शुद्धभई गर्नुपर्ने नित्य नैमित्तिक धर्मकर्मगर्न मानिस अयोग्य हुन्छ । देवपूजा आदि सवै धार्मिक कार्यगर्न नहुने शास्त्रले वताएको छ । आशौचमा अशुद्ध हुने मानिसमा अस्पृश्य (लसपसगर्न अयोग्य) र धर्मकर्मकरणायोग्य (धर्मकार्यगर्नअयोग्य) यी २ दोष आशौचबाट उत्पत्ति हुन्छ । जननाशौचमा सूतिका (सुत्केरी)मा मात्र यी दुबै दोष रहन्छन्, अरु आशौचीहरूमा धर्मकर्मकरणा योग्यता मात्र रहन्छ, सूतिकाको १० दिनपछि अस्पृश्यतामात्र हट्दछ, अर्थात् छुन हुन्छ, धर्मकर्मकरणा योग्यता त पुत्र जन्मेमा २० दिन पछि पुत्री भएमा ३० दिनमा मात्र हट्दछ । यसैलाई व्यवहारमा पानीछुने भन्दछन । मृताशौचपरेमा सबै आशौचीहरूमा माथिका दुबैदोष रहन्छन् । र तिनीहरूले धार्मिककृत्य गर्नु हुदैन, आशौचवार्ननपर्ने अरुमानिसहरूसंग लसपस सहवासपनि गर्नु हुदैन । त्यसमा पनि पिता माता र पतिको आशौचमा पुत्र र पत्नी ले त अरुलाई छोएमापनि प्रायश्चिंत्त गर्नु पर्ने निर्देशन छ । धर्मशास्त्रले पुत्र पनि पितास्वरूपहुन्छ भनेकोले त्यसरी जन्म दिई पालनपोषण लालनशिक्षण आदि गर्ने माता पिताको देहावसान जन्य विषम अवस्थामा परलोकभएका माता पिताको उत्तमगतिप्राप्त गराउन श्रद्धा भक्ति विश्वास पूर्वक ढिकुरो आदिको काजक्रिया गर्नु परमकर्तव्यनै हो । मरेर कता कता कुन कुन रूपले पुगेका पितृहरूले पुत्रलेदिएको पिण्डदानादि कसरी प्राप्त गर्दछन् भन्ने शङ्काको समाधान पनि शास्त्रकारहरूले विशेष रूपले प्रतिपादन गरेकाछन् । पुत्रादिले श्रद्धा भक्तिविश्वास पूर्वक दिएका वस्तुहरू पितृहरूले अवश्य प्राप्तगर्ने छन् । यस विषयमा यहीग्रन्यको श्राद्धविवेचन निबन्वमा विस्तृतरूपले निर्णयगरेको छ ।

७. सात पुस्ता भित्रका पुत्र पत्नी वाहेक अरु दाजु भाइहरूमा आशौचपरेको ४ दिनभएपछि ३ दिने जुठोमा दोस्रो दिन भएपछि १ दिने अशौचमा स्नान गरे पछि अस्पृश्यता रहदैन अर्थात् शुद्ध मानिससित छातछुतगर्न हुन्छ, खाली धर्मकर्मकरणा योग्यतामात्र रहन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

८. आशौचपरेको बखतमा कुनै आचार्यले सन्ध्यावन्दनलाई पनि निषेध गरेका छन्, तर भारद्वाजऋषिले "सूतकेमृतके कुर्यान्प्राणायाममन्त्रकम् तथा मार्जनमन्त्राँस्तु मनसोच्चार्यमार्जयेत् । गायत्रीं सम्यगुच्चार्य सूर्यायार्ध्यं प्रदापयेत्" ॥ अमन्त्रप्राणायाम मार्जन सूर्यलाई अर्घदानगर्नु भनेकाले पैठीनसीले पनि "सूतके सावित्र्या चाञ्जलिं प्रक्षिप्य प्रदक्षिरां कृत्वा सूर्यंध्यायन् नमस्कुर्यात" गायत्री मन्त्रले सूर्यलाई अर्घदान दिई सूर्यको ध्यानगर्दै नमस्कारगरोस् भनेकाले र मिताक्षराकारले पनि सन्ध्या वन्दनादिनगर्ने भन्दछन् त्यसोभए पनि अञ्जलिप्रक्षेपआदि गर्नु पर्दछ भनेकालें क्रियापुत्री आदिवाहेक अरु आशौचीहरूले साधारण सन्ध्यावन्दन गर्नहुने देखिन्छ ।

अतिक्रान्ताशौच

९. जननाशौच अथवा मृताशौच जतिदिन वार्नु पर्नेहो त्यति दिन वितिसके पछि सुनियो भने त्यसलाई अतिक्रान्ताशौच भनिन्छ । त्यसमा जननाशौच समय वितेपछि सुनेमा कसैलेपनि वार्नु पर्दैन । वावु त दशदिनपछिसुने पनि स्नानगरेर मात्र शुद्धहुन्छ । मरणाशौच त विशेष सम्बन्ध भएकाको १० दिन बिते पछि पनि अतिक्रान्ताशौच वार्नु पर्दछ । जस्तै पुत्रले पितामाताको र पतिले पत्नीको पत्नीले पतिको जतिसुकै पछि सुने पनि सुनेको दिन देखि १० दिनसम्म पूरा आशौच बार्नु पर्दछ । दश क्रियाआदि नभएकोभए सोपनि गर्नुपर्दछ । सौता सौताको पनि परसपरमा १० दिननै अतिक्रान्ताशौच हुन्छ । पछि सुनेमा सौतिनीआमाको सौतिनीपुत्रले ३ दिन विवाहिता सौतेनीछोरीले साडे १ दिन वार्ने १० दिन भित्रसुनेमा त ३ तिन दिन नै वार्ने विवाहिता छोरीले सहोदर बावु आमाको ३ दिन बिते पछि १० दिन भित्रसुनेमा सुनेको दिनदेखि ३ दिन दश दिन पछि जहिले सुने पनि पक्षिणी आशौच वार्नु पर्दछ । ३ दिन पक्षिणी एक दिन आशौच लाग्ने पितामह माताहआदि सबै बन्धुबर्गको अतिक्रान्त आशौच बार्नु पर्दैन । १० दिन भित्र सुनेमा त स्नान गरेरमात्र शुद्धहुन्छ । सपिण्ड दाजु भाइहरूको मरणाशौच १० दिन भित्र सुनेमा बाकिं दिन मात्र बारे हुन्छ, १० दिन पछि ३ महिना भित्र सुनेमा ३ दिन, तिन महिना पछि ६ महिना भित्र सुनेमा साडे १ दिन, ६ महिना पछि ९ महिना भित्र सुनेमा १ दिन बार्नु पर्दछ । त्यस पछि स्नान मात्र गरे हुन्छ । देशान्तरवासी मरेमात १० दिन पछि सुनेमा स्नान बाटै शुद्ध हुन्छ । २४० कोश टाढा र अर्को देशभएमात्र देशान्तर मानिन्छ । फर्केर आउनेगरि गएका र तीनधामआदि तीर्थ गएकाको त अतिक्रान्ताशौचबार्नु पर्दछ । पक्षिराणी आशौच भनेको डेढ् दिन अर्थात ३६ घण्टा बार्नुपर्ने आशौचहो । तर दिउसो र रात्रीमा जुनसुकै बखत सुने पनि त्यो दिन त्यो रात सवै लिएर डेढ् दिनको गराना हुन्छ । जस्तै आजको दिनको ४।५ बजे सुनेपनि सुनेको त्योदिन त्योरात्री र भोलिपल्टको दिनभरिमात्र आशौच रहन्छ । त्यस्तै रातमा सुने त्योरात भोलिकोदिन र भोलिको रात्रिसम्म मात्र आशौच रहने हुनाले पूरा ३६ घण्टा नभएपनि आशौच समाप्त हुन्छ । एक दिन आशौच भनेको त्यो दिनभरिमात्र आशौच रहने होइन, त्यो रात भरि सम्मपनि आशौच रहन्छ, भोलिपल्टमात्र शुद्धहुन्छ । सज्योति आशौच भनेको दिनमासुने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दिनभरि रातमा सुने रातभरि आशौच रहन्छ, एकरात्र आशौचभने पनि दिनलाई समेत लिनु पर्दछ । सद्य: शुचि: भनेको सुनेर स्नान गरेपछि शुद्ध हुनेहो । यो एउटा विपयपनि बुझिराखौं आफ्ना कुलका ७ पुस्ता भित्रका दाजुभाइ "सपिण्ड" भनिन्छन् त्यस्तै ८ पुस्ता देखि १४ पुस्ता सम्मका दाजुभाइ "सोदक" १५ देखि २१ पुस्ता सम्मका दाजुभाइ सगोत्र र २१ पुस्तादेखि माथिका दाजुभाइहरू "साधाररासगोत्र" भनिन्छन् ।

बाल बालिकाको आशौच

१०. वालवालिकाको आशौच ४ महिना सम्मको गर्भ तुहिएमा जति महिनाको गर्भ तुहिएको छ, त्यति दिन आमाले मात्र सूतकबार्ने वावु स्नानबाट शुद्ध हुने अरु सपिण्डलेबार्नु पर्दैन । ५ अथवा ६ महिनाको गर्भपात भएमा आमाले ५ महिनाको गर्भपात भए ५ दिन ६ महिनाको भए ६ दिन सूतक बार्ने, बाबु र अरु सपिण्डले ३ दिन सूतक बार्नु पर्दछ । ७ महिना देखिका बालक जन्मेमा बाबुआमा लगायत सबै "सपिण्ड" दाज्युभाइलाई १० दिन "सोदक"लाई ३ दिन "सगोत्र"लाई १ दिन आशौच रहन्छ, "साधाररासगोत्र"हरू "सद्य:शौच" हुन्छन्, अर्थात् स्नानगरेपछि शुद्धहुन्छन् । नालकाट्नु भन्दा अगाडि वालक मरेमा अथवा मरेकै जन्मेमा आमालाई १० दिन वावुलगायत सपिण्डलाई ३ दिन सूतक लाग्दछ । नालकाटेपछि नामकररानगर्दै वालकको मृत्युभएमा वावुआमासमेत सबै सपिण्ड दाजुभाइलाई जननाशौच १० दिन लाग्दछ । वावुआमाले स्नान गर्नुपर्दछ । दानप्रदान हवन आदि गर्नु पर्दैन । १० दिनविति सकेपछिपनि न्वारानभएकोछैनभने वालक मरेमा बाबुआमालाई ३ दिन र सपिण्ड स्नानवाट शुद्धहुन्छन् होमदानादि गर्नुपर्दैन । नामकर्म गरेपछि दात न आउदैमा मरेमा आमावाबु १ दिन अशुद्ध हुन्छन् सपिण्ड स्नानबाट शुद्धहुन्छन् । दोश्रो दिन घर शुद्धगरी शिशुका निमित्त बस्त्रादि र दूध दान गर्ने । दाँत आएको २ बर्ष भित्रको शिशुको मररामा वावुआमा ३ दिनबार्ने सपिण्ड स्नानबाट शुद्ध हुन्छन्, हवन र समान उमेरको वालखलाई वस्त्र अन्नादि दानगर्ने । दुईबर्षपुगेको चूडाकर्म नगरेको वालखको मररामा वावुआमाले ३ दिन सपिण्ड १ दिन अशुद्ध हुन्छन् । चूडागरेको भएत सपिण्डलेपनि ३ दिन वार्ने सोदकस्नानवाट शुद्धहुने । लास जलाउने पिण्डदान अञ्जलिदान पनि गर्ने । पहिलोदिन ३ पिण्ड दोश्रोदिन ४ पिण्ड तेश्रोदिन ३ पिण्ड दिने गृह शुद्धिका निमित्त पाँचौंदिनमा हवनगरी समान उमेरको ब्राह्मरा बालखलाई खाने लाउने आदि प्रदान गर्ने । यो यौटा विषय जान्नु पर्दछ कि वालिकाको मरराभएमा वावुआमा वाहेक अरु सपिण्ड सबैले जुठो बार्नु पर्दैन खाली ३ पुस्ता भित्रका सपिण्डलेमात्र आशौच वार्नु पर्दछ ४ पुस्ता देखिकाले वार्नु पर्दैन । बालखको मररामा त सबैसपिण्डले आशौचवार्नु पर्दछ ।

११. नाम राखेपछि दाँत नआउन्जेलसम्म वालिकाको आशौचपनि बालकको जति दिननै वार्नु पर्दछ । ४ पुस्तादेखि माथिका सपिण्ड दाजुभाइले वार्नु पर्दैन । दाँत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उम्रेका ३ वर्ष ननाघेका वालिकाको आशौच वावुआमाले ३ दिन अरु ३ पुस्ताभित्रका सपिण्डहरू स्नानबाट शुद्ध हुन्छन् । ३ वर्ष नाघेका बालिकाको बाबुआमाले ३ दिन अरु सपिण्डले १ दिन जुठोबार्ने पिण्डदान उदकदान आदि माथि वालखकोमा बताए बमोजिम गर्ने उही उमेरकी ब्राह्मराकी कन्यालाई पूजी वस्त्र अन्नादिदान गर्ने ।

१२. व्रतबन्ध नभएका व्रतबन्धको समयभित्रका कुमारहरूको र विवाहको उमेरपुगेका विवाह नभएका कन्याहरूको विषयमा प्रचीनआचार्यहरूले विशेषचर्चा गरेका छैनन् । आजकाल समयमा कुमारको व्रतबन्ध र कन्याको विवाह नगर्ने चलन चलेको छ । उमेर पुगेका तिनीहरूको काज क्रिया गर्न समाजलाई अन्योल परेकोले त्यस बारेमा प्रकाश पार्ने जमर्को गरेको छु ।

१३. गरुढपुराराको १० अध्यायको ९६ श्लोक देखि १०१ श्लोक सम्मको अर्थ पाचवर्ष नाघेपछि व्रतबन्ध भएपनि नभएपनि पायसले अथवा सखर आदिले दशपिण्ड क्रमैले देओस ॥९६॥ "दश बर्ष पुगेको पौगण्ड भनिन्छ, त्यसको मृत्युभएमा दशपिण्डदान वृषोत्सर्ग वाहेक ११ दिनको काजक्रिया गरी १२ दिनमा सपिण्डी नगरी खाली एकोद्दिष्टश्राद्धगरी शैय्याको सबै सामान नजुटाएर सामान्य लाउने ओछ्याउनेवस्त्र अन्न खानेभाडा आदि दान गरोस् ॥९७॥९८॥ स्त्री र शूद्रको विवाहलाई व्रतबन्ध समान मानेकोले त्यसभन्दा अगाडि उमेर हेरेर काज क्रिया गर्नु पर्दछ ॥९९॥ सानो उमेर थोरै कर्म र थोरै विषयबन्धनभएका कन्या कुमारको क्रिया पनि थोरै गरे हुन्छ ॥१००॥ १६ वर्ष भएकोलाई किशोर र त्यसपछि युवा युवती भनिन्छ ती २ अवस्थामा त १० पिण्डदान ११ दिनको मासिक श्राद्ध शय्यादान वृषोत्सर्ग पददान महादान गोदान पनि गर्नुपर्दछ ॥१०१॥ यसबाट र निराार्यसिन्धुमा "अथदेवयाज्ञिक निबन्धे विशेष:" अव देवयाज्ञिकनिबन्धमा फरक छ भनि गरुढपुराराको जस्तै विषय देखाएर "अत्रतु मूलं चिन्त्यम् वार्षिकादितु नभवत्येव सपिण्डनाभावे पितृत्वायोगात्" यसमा मूल खोजनुपर्दछ । सपिण्डनभएर पितृत्वप्राप्त नभएकोले वार्षिकआदि त हुदैन भनेकाले निर्णय सिन्धुकारको भित्री आशय यहीनै देखिन्छ । दिवो दासीयनिबन्धमापनि यसको उल्लेख पाइन्छ । स्वर्गीय वडागुरुज्यू मीमांसा तथा धर्मशास्त्राचार्य जुननाथ पण्डितज्यूले पनि आफ्नो निर्ााय सिन्धुसार संग्रहग्रन्थमा यसैलाई मान्यता दिनु भएको छ । त्यसकारण पाँच बर्ष नाघेपछि व्रतबन्ध नगरेको भए पनि दशवर्ष पुगेकाले कुमारको दशपिण्डदान वृषोत्सर्ग वाहेक एकादशविधि र १२ दिनमा सपिण्डी नगरी एकोद्दिष्टश्राद्धगर्ने ठूलो शय्याआदि नगरी सामान्य लाउने ओछ्याउनेवस्त्र अन्न खानेभाँडा आदि दानगर्ने १६ वर्ष लागेकोभए अथवा त्यसपछि त माथि वताएको सवैकाजक्रियाका साथै वृषेत्सर्गशय्यादान पददान गोदान आदिपनि गर्ने । विवाहको उमेरपुगेका कन्याको पनि यही वमोजिम गर्ने अतीव स्नेहयुक्त प्रगाढसम्बन्ध भएका सन्तानहरूको मृत्युपछि उनीहरूको उत्तमगति प्राप्तहोस् दुःखनपाउन् भनि श्रद्धा भक्ति विश्वासपूर्वक क्रियाकाज दानादि गर्नु माता पिताको कर्तव्य हुनाले सवै विधिविधानगर्नु उत्तम पक्षनै मलाइ लाग्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१४. वागदान भएको विवाहुन बाकी रहेका कन्याको मृत्युभएमा वरपक्ष र पितृपक्षका वाबुआमा सहित सपिण्डहरूलाई पनि ३ दिन जुठो लाग्दछ । यस्ती कन्याको पितृपक्षमा ३ पुस्ता र वरपक्षमा ७ पुस्तानै सपिण्ड रहन्छ । वरपक्षको गोत्र नभई सकेकोले काजक्रिया पितृपक्षवाट नै गर्नु पर्दछ ।

१५. विवाहिता छोरी वावुको मुख्यघरवाहेक गोठअदिमा सुत्केरी भएमा बाबु आमा र सौतिनी आमालाई ३ दिन दाजुभाइलाई पक्षिराति संगै वसेकाभए जेठा कान्छा बाबु आदिलाई १ दिन सूतक लाग्दछ । मुख्य घरमा नै भएमा बाबुआमा र सौतिनी आमालाई १० दिन दाजुभाइलाई ३ दिन कान्छावावु आदिलाई १ दिन सूतक लाग्दछ । विवाहिता छोरीको पितृगृहमा गर्भपातभए पितृमातृलाईमात्र १ दिन जननाशौच लाग्दछ । अरु ठाउँमा सुत्केरीभएमा माइति तर्फ लाग्दैन ।

१६. आशौचनिर्राय जान्न चाहनेले पहिले जान्नपर्ने विषयहरू - यस निबन्धमा पितामह र पितामही भनेको बाबुका बाबुआमा, प्रपितामह प्रपितामही भनेका बाबुका वाजेवज्यै, मातामह मातामही भनेका आमाका बाबुआमा, प्रमातामह प्रमातामही आमाका वाजे वज्यै, वृद्धप्रमातामह वृद्धप्रमातामही आमाका बाबुका बाजे वज्यै सपत्नमाता सौतिनीआमा, सपत्नमातामह सपत्नमातामही सौतिनी आमाका बावु आमा, पौत्र पौत्री छोराका छोरा छोरी दौहित्रदौहित्री छोरीका छोरा छोरी, पितृष्वसा बाबुको वहिनी दिदी, (फुपू) मातृष्वसा आमाको दिदी र वहिनी (ठूलीआमा, सानीआमा) उपनीत भनेको व्रतवन्धभएका कुमार, अनुपनीत ३ बर्ष पुगेको व्रतबन्धनभएको कुमार संझन पर्दछ ।

क. आफ्ना फुपूहरू र उनकाछोराहरू आफ्नाठूलीआमा सानीआमाहरू र उनका छोराहरू आफ्नो मामाहरू र उनका छोराहरू आत्मवान्धव हुन् ।

ख. बाबुका फुपूहरू र उनका छोराहरू बाबुका ठूलीआमा सानीआमा र उनका छोराहरू बावुका मामाहरू र उनका छोराहरू पितृबान्धव हुन् ।

ग. आमाका फुपूहरू र उनका छोराहरू आमाका ठूलीआमा सानीआमा र उनका छोराहरू आमाको मामाहरू र उनका छोराहरू मातृबान्धवहुन् । यी सवैलाइ बान्धवत्रय भन्दछन् । यो एउटा विषय सबैले राम्ररी संझि राखनु पर्दछ । एकै गोत्रभित्रका जननाशौच मृताशौच र अतिक्रान्तआशौचहरू जति छन् ती सवै पति पत्नी दुवैले अनिवार्य रूपले वार्नु पर्दछ । भिन्न गोत्रका माथि उल्लेख भएका बान्धवत्रयको आशौचमा पति तर्फका निरन्तर सहवास आदानप्रदान भई ज्यादै घनिष्ट सम्बन्धभएका मामा माइज्यू आमाज्यू नन्द आदि थोरै वाहेक पति र पत्नी मध्ये जसको सम्बन्ध छ त्यसैले मात्र आशौच वार्ने, पतिका फुपू ठूलीआमा सानी आमा र तिनका छोराहरूको पतिले मात्र आशौच वार्ने । पत्नीका फुपू ठूलीआमा सानीआमा तिनका छोरा, मामा आदिको पत्नीले मात्र आशौच वार्ने पति पत्नी दुवैले वार्नु पर्दैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१७. विवाहिता आफ्नो जातकी धर्मपत्नी आफूलाई छोडी आफ्नो जातमा अथवा आफू भन्दा माथिको जातमा पोईलजाने स्त्रीको जननाशौच र मृताशौच नजिकमा भए अघिल्लो पछिल्लो दुवै पतिले ३।३ दिन वार्ने टाडा भए अघिल्लोले १ दिन वार्ने अघिल्लो तर्फको छोराले मृताशौचमा १० दिन वार्ने छोरा नभइ क्रिया गर्नु परेमा पूरा १० दिन नै वार्ने । व्यवहारमा पोइल गएकी स्त्रीको आशौच नवार्ने चलन पनि छ । तर वैदिकविवाह विधिबाट पत्नीत्व प्राप्तभएकी जाया जन्म समेत भएमा अरु आफै पत्नीको गर्भवाट उत्पन्न भइ ज्यादै घनिष्ट सम्वन्ध भएकोले आशौचवार्नु उचित देखिन्छ । धर्मपत्नी तल्लो जातसँग पोइलगएमा आशौच वार्नु पर्दैन ।

१८. कसै सँग संसर्गमा नपरेकी चोखी आफ्नो जातकी कन्या ल्याएकोछ भने त पतिले जननाशौच मृताशौच दुवै ५।५ दिन वार्ने सपिण्डले १ दिन वार्ने । समानजातकी ल्याइतास्त्रीको सूतक र जुठो पतिले ३ दिन वार्ने सपिण्ड दाजुभाइले १ दिन वार्ने तल्लो जातकी विवाह भै सकेकी अथवा कसैसित लागेकी स्वास्नी ल्याएमा त त्यसको लोग्नेले पनि आशौच वार्नु पर्दैन । त्यसको छोराले त आमाको सपिण्डी वाहेक अरु सबै काजक्रियागरी पूरा वार्नु पर्दछ । तर व्यवहारमा एक जात तल्लो भए घरव्यवहार राम्ररी गरेर वसेकी भए लोग्नेले पनि ३ दिन वार्ने चलनछ ।

बाबु आमा र छोरीमा आशौच

१९. अविवाहिता वावुकैघरमा वसेकी छोरीले वावु आमाको र सौतिनी आमाको १० दिन पूरा नै वार्ने, विवाहभइ आफ्नोघरमा वसेकी छोरीले ३ दिन वार्ने । विवाहपछि पतिको घर छोडि वावु कहाँनै वसेकिछ अथवा आशौच भरि काम काजगर्न वसेकि छभने पनि १० दिन वार्ने । ३ दिन पछि १० दिन भित्र सुनेमा सुनेको दिन देखि ३ दिन वार्ने विवाहिता छोरी वावुको मुख्यघरमा दैव वश मृत्यु भए वावुआमा र सौतिनी आमाले १० दिन दाजुभाइले ३ दिन त्यही घरका काका काकी जेठा वावु आदिले डेढ दिन आशौच वार्नु पर्दछ । वावुआमा र सैतिनी आमाले विवाहिता छोरीको ३ दिन वार्ने, जेठा कान्छावावु र जेठी कान्छीआमाको विवाहिता भतिजीले १ दिन भतिजीको उनिहरूले पनि १ दिन वार्ने । धेरै आचार्यले स्नान शुद्धि भनेपनि पिताका सहोदरभई नजिकको सम्बन्धभई वियोगजन्य दु:खकष्ट दुवैतर्फ पर्नेहुनाले १ दिन वार्नु योग्य छ । दिदी वहिनी र दाजुभाइको परस्परमा साडेएक दिन लाग्ने धेरै आचार्यहरूको भनाइ भएपनि यिनीहरू सहोदरभई नगिचको सम्बन्ध परस्परमा स्नेह सद्भावना आदान प्रदानआदि हुनाले र दिदी बहिनीलाई प्रतिदिन तर्पण र महालयमा पिण्डदान समेत दिनपर्ने हुनाले ३ दिन वार्न योग्यछ, लोक व्यवहारपनि यस्तै छ । सहोदर दिदीवहिनीले परस्परमापनि ३ दिन वार्ने आमाज्यू र नन्दको भाइ वुहारी र भाउजुले १ दिन वार्ने । दाजुभाइको घरमा दिदी वहिनीको मृत्युभएमा त भाउजु र भाइवुहारीले पनि ३ दिन वार्ने । दिदी वहिनीको घरमा दाजुभाइको मृत्युभएमात भिनाजु र वहिनी जुवाईले पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३ दिन वार्ने । सैताने दाजुभाइ र दिदी वहिनीको परस्परमा साडे एकदिन विवाहिता छोरीले आशौच वारे हुन्छ ।

मामा माइज्यू भानिज भाञ्जीको आशौच

२०. व्रतबन्ध भएको मामाको र माइज्यूको भानिज भाञ्जीलाई ३ दिन, ३ वर्ष पुगेको व्रतवन्ध नभएको भए १ दिन, व्रतबन्धभएका सौतेनीमामाको र माईज्यूको साडे एकदिन, व्रतबन्ध नभए १ दिन, व्रतबन्ध भएका भानिजको मामा माइज्यूलाई ३ दिन, ३ वर्ष पुगेको कर्म नचलेको आफ्नै भानिजको र सौतेनी भानिजको साडे एकदिन, विवाहिता भाञ्जीको मामा माइज्यूले १ दिन आशौच वार्नु पर्दछ । त्यस्तै मामाका विवाहिता छोरीहरूको १ दिन भानिज भाञ्जीले वार्ने, विवाहिता भाञ्जीदिदी वहिनीको १ दिन विवाहिता नभए स्नानशुद्ध हुन्छ । भाञ्जा भाञ्जीलाइ मामा माईज्यूले झोलिको देवताभनि आदर सत्कारगर्ने हुनाले माइज्यूको आशौचपनि मामा सरहनै माने हुन्छ ।

पितामह मातामह आदिको र नाति नातिनीको आशौच

२१. पितामह र पितामहीको विवाहिता नातिनीलाइ ३ दिन, मातामह र मातामहीको छोरीको छोरा र विवाहिता छोरीको छोरीलाइ ३ दिन, व्रतबन्ध भएको छोरीको छोराको मातामह मातामहीले ३ दिन, ३ वर्ष पुगेको व्रतबन्ध नभएको भए साडेएक दिन, पितामह पितामही र मातामह मातामहीले छोरातर्फको र छोरीतर्फको विवाहिता नातिनीको साडेएक दिन आशौच बार्नुपर्दछ ।

२२. सानीआमा ठूलीआमा र यिनका उपनीत छोराहरूको त्यस्तै आफ्ना फुपूहरूको ३ दिन, वावुका फुपू सानीआमा ठूलीआमा र यिनका उपनीत छोराहरूको, आमाका फुपू, ठूलीआमा सानीआमा र यिनका कर्मचलेका छोराहरूको साडे एकदिन आशौच, त्यस्तै आफ्ना फुपूका र मामाका उपनीत छोरा, बाबुका मामाको र उनका उपनीत छोरा आमाका मामाको र उनका उपनीत छोराहरूको वावु आमाका माईज्यूहरूको वावु आमाका मातामह मातामहीको त्यस्तै आफ्नै सौतेनी मातामह मातामहीको पनि पक्षिराणी साडेएक दिन आशौच लाग्दछ ।

२३. यी माथि वताएका वान्धवत्रयहरूमा अनुपनीत छन्भने तिनीहरूको १ दिनमात्र आशौचलाग्दछ । यी माथि उल्लेख भएका वन्धुहरू दैववश आफ्नो घरमाआएको वखतमा मृत्युभएमा त जो भए पनि ३ दिन आशौच वार्नु पर्दछ । सासू शशुराको जुवाज्ञीलाई आशौच ३ दिन, छोरी जुवाज्ञीको सासू शशुरालाइ पनि ३ दिन, छोरीको मृत्यु भएर सम्वन्ध टाढा भएमा दुवै तर्फले साडेएक दिन वार्ने जुवाज्ञीले सौतेनीसासूको १ दिन वार्ने भिनाजु र वहिनीज्वाइंको शाला र जेठानले एक दिन, उपनीत शाला र जेठानको पनि १ दिन, विवाहिता शाली र जेठीसासूको १ दिन, पत्नीको मृत्यु भइ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सम्वन्ध टुटि सकेका शाला जेठान अनुपनीतशाला र उपनीत शाला जेठानका छोराहरूको आशौच स्नानबाट शुद्ध हुन्छ । फुपूका र सानीआमा ठूलीआमाका विवाहिता छोरीको १ दिन जुठो लाग्दछ ।

२४. आफ्नो बंशको वाहेक अरुको पुत्र धर्मपुत्र भएमा आफ्ना पहिलेको बाबु आमाको र धर्मपिता र धर्ममाताको ३ दिन धर्मपुत्रको पनि दुवैतर्फका बाबु आमाले ३ दिन वार्ने, धर्मपुत्रलेनै दाहादि दशक्रिया गर्नपरेमा त १० दिन नै लाग्दछ । धर्मपुत्रका दुवैतर्फका छोरा नातिआदि सपिण्डले परस्परमा १ दिन वार्ने, ७ पुस्ता भित्रबाट धर्मपुत्र लिएमा त दुवै थरिलाइ पूरा १० दिन, र ८ पुस्ता देखि १४ पुस्ता भित्रका वंशबाट धर्मपुत्रलिएमा परस्परमा ३ दिन जुठो वार्नु पर्दछ ।

२५. अनुपनीत कुमार र अविवाहिता कन्याले वाबु आमा वाहेक अरु कसैकोपनि आशौच वार्नपर्दैनभन्ने आचार्यहरूको निर्राय लोक व्यवहारमा मान्यछैन झन आजकाल त समयमा कुमारको व्रतबन्ध र कन्याकोविवाह नगर्ने चलन भै सकेकोले १०।१२ बर्षको लड्काले र १५।१६ बर्षपुगेकी छोरीले सहोदर दाजुभाइ दिदीवहिनी र वाजे वर्ज्यै आदिको एकैघरमा वसेर आशौचवार्दै नवार्नु लोकविरुद्धहुन्छ । "यद्यपि सिद्धं लोकविरुद्धं तन्नाचरराीयम्" शास्त्रसिद्धभएपनि लोकविरुद्ध छभने त्यो कार्य नगर्नु यो नीति वचन अनुसार अविवाहित कन्याले र अनुपनीत कुमारले पनि उमेरलाई आधारमानी यथोचित आशौच वार्नु योग्य लाग्दछ । व्रतबन्ध गर्ने उमेरपुगेका अनुपनीत कुमारले अरुछोरा नभए पितामाताको दाहगर्दा दागवत्ति दिनुपर्ने समेत शास्त्रविधान छ । त्यस्तै विवाहितादिदीले अनुपनीत भाइको पनि पक्षिराी साडे एकदिन आशौच वार्नु योग्य लाग्दछ ।

गुरुचेला आदिको

२६. गायत्री अथवा दीक्षामन्त्र सुनाउने गुरुको अथवा संपूर्ाावेदपढाउने गुरुको ३ दिन, गुरुआमा र गुरुपुत्रको १ दिन, वेदकाअङ्ग व्याकरराा ज्यौतिष आदि पढाउने गुरुको १ दिन, वेद वेदाङ्गपढदा सहपाठीको १ दिन, आफ्नोघरको नजीकवसेका वेदादिशास्त्रका विद्वान आध्यात्मिकउपदेशदाता मान्यपुरुषको ३ दिन, टाढाभए साडेएकदिन आशौच वार्नुपर्दछ । आफ्नो हितकारक सजातीय मित्रको मन्त्रसुनाएको चेलाको र धेरै समयसम्म वेदाङ्ग व्याकरराादि पढाएको चेलाको १ दिन आशौच लाग्दछ । राष्ट्राधिपतिको मृत्युमा आचार्यहरूले सज्योति लाग्ने भनेपनि व्यवहारमा जात हेरी १ दिन वा ३ दिन वार्ने चलन छ । आफ्नो टोल अथवा गाउंको नायक संरक्षकको सज्योति वार्नु पर्दछ । युद्ध सम्मुख भइ वीरताका साथ लडिराखेको वीरयोद्धाको युद्धस्थलमानै मृत्युभएमा स्वर्गादि सद्गति पाउने हुनाले सपिण्ड सोदक आदिले आशौच वार्नु पर्दैन पत्नीपुत्रआदिले सवै काजक्रियागरि पूरा आशौच वार्ने, युद्धको घाइते ३ दिन भित्र मृत्यु भए सपिण्डले १ दिन, ७ दिन भित्र मृत्युभए ३ दिन, त्यस पछि मृत्युभएमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त सपिण्ड सोदकादिले पनि सामान्य नियम अनुसार आशौच वार्नु पर्दछ । शिष्टहरू त लोकविरुद्ध मानी सपिण्डादिले पनि लडिराखेको वेलामा मृत्यु भए पनि आशौच वार्ने गर्दछन् ।

माथिल्लाजात र तल्लाजातका दाजुभाइहरूको आशौच

२७. आफ्नो जातभन्दा तल्लाजातका एकै थरका दाजुभाइहरूको ३ पुस्तासम्म मात्र सापिण्ड्यरहन्छ । ३ पुस्ताभित्रका तिनीहरूको आशौच माथिल्ला जातका दाजुभाइहरूले थोरैदिन वारे हुन्छ । जस्तै ब्राह्मराले क्षत्रियको ६ दिन, वैश्यको ३ दिन, क्षत्रियले ३ पुस्ता भित्रका वैश्यहरूको ६ दिन, अनुलोमसङ्करको ३ दिन, वैश्यले अनुलोमशङ्करको ६ दिन वार्नु पर्दछ । तल्ला जातिमा ४ पुस्ता देखि ६ पुस्ता सम्म सोदकमानी १ दिन वार्ने, ७ पुस्ता देखि ९ पुस्तासम्म स्नानशुद्ध हुने उल्लेख नभए पनि सो वार्नु उचित लाग्दछ । माथिल्लो जातका एकै थरका दाजुभाइहरूको पनि सापिण्ड्य ३ पुस्तासम्म मात्रनै रहन्छ । तल्ला तल्लाजातका तिनीहरूले भने पूरा १० दिन नै वार्नु पर्दछ । अर्थात् ३ पुस्ता सम्म भए १० दिन, ४ देखि ६ पुस्ता सम्म भए ३ दिन, ७ देखि ९ पुस्ता सम्म भए १ दिन आशौचवार्नु योग्य लाग्दछ । माथिल्ला जातका पुरुषले तल्लाजातकी स्त्रीमा जन्माएका सन्तानलाई अनुलोमसङ्कर भन्दछन् । तल्ला जातका पुरुपहरूले माथिल्ला जातकी स्त्रीमा जन्माएका सन्तानलाई प्रतिलोमसङ्गर भन्दछन् । जस्तै: क्षत्रियले ब्राह्मरागीमा, वैश्यले ब्राह्मण क्षत्रिय स्त्रीमा, शूद्रले ब्राह्मरा क्षत्रिय वैश्य जातकी स्त्रीमा जन्माएका सन्तानहरू निन्दित जाति मानिन्छन् । यिनीहरूको जननाशौच र मृताशौच आफ्नो वंशका ब्राह्मरा क्षत्रिय वैश्य कुनै जातिलेपनि वार्नुपर्दैन खाली स्नानगरे पुग्दछ भनि आर्चायहरूले आफ्ना सपिण्डआदिबाट वहिष्कार गरेका छन् । तर आजकाल कलिका प्रभावले यस्ता प्रतिलोमसङ्कर जातिहरू हामी हिन्दुधर्मावलम्वीहरूमा जोडतोडले वढ्न लागेकाछन् यसो गर्नुनै ठूलो गौरव ठान्दछन् । हाडनाता सम्मपनि वेवास्तागरी कामवासनामात्र जीवनकोसार मान्ने अमानवहरू नियम सदाचार सत्कर्म सद्धर्म आदिलाई राष्ट्रवाटनै वाहिर फाल्ने दुष्प्रयासमा संलग्नछन् । हरे कत्तो यो अनर्थ । माथिल्लो जातका सपिण्डादिले आशौचवार्न नपरेपनि प्रतिलोमसङ्कर भएर जन्मेकाहरूको वंशपरम्पराका आफू आफूमा परस्पर ७ पुस्तासम्म सपिण्ड ८ देखि १४ पुस्ता समानोदक १५ देखि २१ पुस्तासम्म सगोत्रमानी क्रमैले १० दिन ३ दिन १ दिन आशौच वार्नु पर्दछ ।

ल्याइताबाट जन्मेका छोरा आदिको आशौच

२८. विवाहनगरी कामवासनाले ब्राह्मराले त्यसै ल्याएकी ब्राह्मराकी छोरीबाट जन्मेका छोराको र विधवा अथवा सधवा ब्राह्मराील्याई जन्मेका छोराको बाबुलाई ३ दिन र अरु सपिण्डलाई एकदिन आशौच लाग्दछ । क्षत्रिय र वैश्य जातिमापनि माथि भनेअनुसारका आफ्ना आफ्ना जातका अविवाहिता तथा विधवा अथवा सधवा ल्याएमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

माथि वताएअनुसार आशौच हुन्छ । आफ्नो जातभन्दा तल्लोजातका अर्थात् व्राह्मराले क्षत्रिय वैश्यजातका, क्षत्रियहरूले वैश्य शूद्र जातका, माथिवताए अनुसार ल्याईतास्त्रीवाट जन्माएका छोराहरूको बाबुलाई मात्र ३ दिन आशौच अरु सपिण्डलाई आशौच लाग्दैन भन्ने आर्चायहरूको मत छ । तर व्यवहारमा भने ब्राह्मराले क्षत्रिया अविवाहिता ल्याएर, क्षत्रियले वैश्यजातकी त्यस्तैल्याए जन्माएकाको एकै घरका बाबुवाहेक अरु दाजुभाइहरूले पनि आशौच वार्ने चलनछ ।

२९. धर्मशास्त्रमा उल्लेख नगरेका बन्धुहरूको आशौचपनि यसनिबन्धमा परेको छ । यदि कसैको बांकी रहेको छ भने नगिचको सम्बन्ध स्नेह सद्भाव आदान प्रदान आदि विचार गरी सांडेएक दिन अथवा १ दिन आशौचबार्नु होला आफ्नो हितकारको आशौच वार्नु पर्दछ ।

घरमालिकको र घरमा कामगर्नेको परस्पर आशौच

३०. भात पकाई भांडा माझी अथवा खेतीपातीको कामगरी आफ्नैघरमा खाने सुत्ने आदि सवै आश्रयभएका नोकरनोकर्नीहरूको आफ्नै घरमा मृत्युभएमा घरका मालिक सवैलाइ ३ दिन मरराशौच, त्यस्ती नोकर्नीघरमा सुत्केरी भएमा ३ दिन जननाशौच लाग्दछ । माथि वंताए अनुसार कामगरी वसेका नोकर नोकर्नीहरूलाई त्यस घरमा जननाशौच मृताशौच परेमा घरमालिक सरहनै जुठो सूतक लाग्दछ ।

मलाम जांदा र दाहगर्दाको आशौच

३१. मलामगइ लास नछोएका सपिण्डादि वाहेक अरु छिमेकीहरू स्नानगरी आगो छोइ शुद्ध हुन्छन् । लास वोक्नेलेत अरु थरको भएपनि एकदिन्न वार्नु पर्दछ । अनाथ असहाय ब्राह्मराको धर्मसंझी वोकेमात स्नानगरी आगोछोए पछि शुद्ध हुन्छ । तल्लो जातले मांथिल्लो जातको लासछुन वोक्न आपद अवस्थावाहेक अरु समयमा शास्त्रनिषिद्ध हुन्छ । पैसा लिएर लास वोक्ने कामपनि निन्दित मानिन्छ । आपद विपद परेको अवस्थामा त ब्राह्मरा क्षत्रिय वैश्य जुन जातिलेपनि शूद्रको लास समेत वोक्न हुन्छ । छिमेकी वा मित्रआदि बन्धुवर्गले लासजलाएमा १ दिन आशौच हुन्छ । धर्मसंझी आफ्नो जात अथवा माथिल्ला जातको लासजलाएमा स्नानबाट शुद्धहुन्छ ।

आशौच बार्न नपर्नेहरू

३२. आफैले राज्यभार समालेको नियतरूपले राजसभामा उपस्थितभई जनताको पीरमर्का बुझी निरार्य दिने राजालाई सपिण्डादिको आशौच लाग्दैन । वेद पढ्नका निमित्त गरिनु पर्ने नियमहरू पालना गरी गुरु कुलमा वसी वेदाध्ययन गर्ने ब्रह्मचारीलाई माता पिता गुरुवाहेक अरुको आशौच लाग्दैन । आफ्नो काजक्रिया श्राद्ध

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वृषोत्सर्गादि आंफैलेगरी आध्यात्मिक चिन्तनमा लागेका ज्ञानीलाई सन्यास लिएका सन्यासी र वानप्रस्थाश्रमलिएका त्यागीलाई पनि कसैको आशौच लाग्दैन । कोटिहोम आदि ठूला यज्ञयागादिमा लागिसकेका आचार्य ब्रह्मा होता ऋत्विक आदि र यजमानहरूलाई आशौच लाग्दैन ऋत्विक आदिको आफ्नै बाबु आमाको मृत्युभइ काजक्रिया गर्नुपरेमा उनको कार्यअरूले सगाई निजकाजक्रिया गर्न घर फर्कने व्यवहारमा चलन छ । व्रतबन्ध विवाह लक्षहोम आदिमा पनि प्रारम्भ भएको भए अधिकारीहरूलाइ आशौच लाग्दैन । अग्निहोत्रीले प्रतिदिन हवन दर्शपौर्णामासकर्म आदि गर्नुपर्ने हुनाले निजलाई सो कामगर्न आशौच लाग्दैन ।

आत्महत्या प्रमादहत्या गर्ने आदिको

३३. आफैले आफूलाइ गोलिहानी विषखाइ रेटी झुण्डिइ इत्यादिबाट आत्महत्यागर्नु शास्त्रनिषिद्ध छ । निन्दित छ पापकर्म भनेको छ । त्यसरी मर्नेको पुत्र पत्नी पति वाहेक अरु सपिण्डले जुठो वार्नु पर्दैन भनेको छ । तर आजकाल यस्तो प्रचलन ज्यादैभएकोले र ज्यादै नगिचका सपिण्डले जुठो न वार्दा व्यवहारमा दाजुभाइहरूको परस्परमा द्वेषकलह उम्रेको देखिएको छ । कलिकाल विचारगरी समयानुसार केहि आशौचवार्नु योग्यहोला जस्तो लाग्दछ ।

३४. प्रमादले मर्ने अर्थात् मर्ने खतरा जानी जानी जस्ले आफ्नो ज्यानको वास्ता नगरी केही प्रयोजन्नपरी वल घमण्ड देखाई अरुले रोकदा रोकदैपनि डरलाग्दा भेलआएका नदी तर्नजाने गहीरातलाउमा पौडिखेल्ने रुखआदिवाट हामफाल्ने इत्यादि वेप्रयोजन काम गरेर मर्नेकोपनि अरु सपिण्डलाई आशौच लाग्दैन । यो पनि माथिको जस्तै मान्नुपर्ला ।

३५. मातृगमन पुत्रीगमन पुत्रपत्नीगमन गुरुपत्नीगमन आदि हाडनातामा परेको महापातकीको र दमिनी सर्किनी आदि अन्य जातिका स्त्रीको संसर्गगर्ने पतितहरूकोपनि पुत्र पत्नीले वाहेक अरुले आशौच वार्नु पर्दैन । माथि वताएका आत्महत्या प्रमादहत्या गर्ने र महापातकी र पतितहरूको पुत्रादिले शास्त्रले वताएका प्रायश्चित्त र नारायणवलि समेत गरेर मात्र वावु आदिको लास जलाउन पर्दछ । त्यसै जलाउनु हुदैन । लास नपाएमा पर्णशरदाहविधिपनि गर्नु पर्दछ ।

३६. रजस्वलास्त्रीको सूतिकाको र गर्भिणीस्त्रीको मृत्युभएमा विशेषविधिसहित शास्त्रविधि अनुसार प्रायश्चित्त गरेरमात्र दाहगर्ने । त्यस्तै दीर्घकुष्टरोगीहरूको पनि विशेष विधानगरि दाहगर्नु पर्दछ । गाउंमा मृत्युभए लास नउठाएसम्म त्यहां आशौच रहन्छ, तर वीचमा वगिरहने खोला र कुलाले छेकिएमा दोष हुदैन । शहरमा घर जोडिएका र एकै चोक भएकाले मात्र वार्न पर्दछ । घरमा गाई आदि पशुमरेमा लास नलगे सम्म त्यो घर अशुद्ध हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आशौचीका घरको अन्नादिको वारे

३७. आशौच परेका व्यक्तिको घरमा आशौच नपरेकाले कुनै वस्तुपनि भोजन गर्न हुदैन । अतिक्रान्त आशौच १० दिन वार्नपर्ने आशौच दशदिन पछि सुनेर सपिण्डादिले पछि वार्ने त्रिरात्र आदि आशौचपरेको वखतमा भने दोष लाग्दैन आशौचीको घरमा रहेको फल फूल मूला दूध दहि ध्यू मह सागपात औषधी तिल तेल उखु सखर धान चामल गहुंआदि खाद्यसामान आफैले झिकेर लैजानहुन्छ । आशौचपरेको मानिसको हातबाटभने लिन हुदैन । यी माथिवताएका वस्तुहरू पसलबाट पसलेलाइ आशौच परेको वखतमा पनि उसकै हातबाट किनेर लिनु हुन्छ । लाजा दहि पानी आदि भने किनेरपनि लिन हुदैन । ज्यादै रोगाक्रान्तले सूतिकाले रजस्वलास्त्रीले घरंवगाउनु, घरजलनु, घरभत्किनु, घर जलमग्न हुनु आदि दैवीआपद परेकाले सपिण्डादिको आशौच साधाररा रूपले वारे हुन्छ । त्यस्तै अशक्त अतिवृद्ध अतिवृद्धाले पनि सामान्यरूपले वारेमा दोष लाग्दैन ।

सम्पातजननाशौच

३८. पहिलो जननाशौच भित्रै अर्को जननाशौच परेमा र दुवै आशौच आफूले सुनेमा सम्पातजननाशौच मानिन्छ । दशदिने सूतकमा दशदिने सूतक, ३ दिनेमा ३ दिने सूतक परेमा, अथवा १० दिने सूतकमा ३ दिने सूतक खापिएमा, पहिलो सूतकको वांकी दिनले नै सपिण्डहरू शुद्ध हुन्छन् । ३ दिने सूतकमा १० दिने सूतक पछि परेमा त पहिलोले शुद्ध हुदैन , पछिल्लो पूरानै वार्नु पर्दछ । अर्थात् थोरै दिनवार्ने, सूतकपहिले परी पछिबाट धेरै दिनवार्ने सूतकपरेमा पछिको सूतक पूरै वार्नु पर्दछ । अरु सपिण्ड दाजुभाइको १० दिने सूतकमा आफ्नो पत्नीको सूतक पछि भयो भने त निजको आशौच पहिलोले जादैन पत्नीको सूतक पूरै वार्नु पर्दछ । पहिलो १० दिने सूतक सकिन पूरा एकरात वांकीमा आर्को १० दिने सूतक पर्‍यो भने दुइदिन बढि वार्ने, एक प्रहरमात्र रात वांकीमा पर्नगएमा ३ दिन बढि वार्नपर्दछ । यो नियम दुवै आशौच १० दिने भएमामात्र लाग्दछ । पहिलो आशौच सकिए पछि मात्र पहिलेनै परिसकेको दोश्रो आशौच सुनेमा पछिको पनि पूरै वार्नु पर्दछ । अव पछि लेखिने सम्पातमरराशौचमा पनि यही नियम हो ।

सम्पातमरराशौच

३९. पहिलो मरराशौच भित्र अर्को मरराशौच परेमा र आफूले दुवै आशौच सुनेमा सम्पातमरराशौच भनिन्छ । १० दिने मरराशौच भित्र १० दिने अथवा त्यस भन्दा कमको अर्को मरराशौच परेमा सपिण्ड दाजु भाइहरू पूर्वाशौचको वांकीदिनलेनै शुद्ध हुन्छन् पछिल्लो आशौच वार्नु पर्दैन, १० दिने आशौच समाप्त हुन एक रात वांकीमा अर्को १० दिने मरराशौच परेमा २ दिन एक प्रहर मात्र रात वांकीमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्को १० दिने आशौच परेमा ३ दिन वढि वार्ने, तर यो नियम १० दिने १० दिनेमा परेमा मात्र लागू हुन्छ । वढाएको २, ३ दिन भित्र फेरी अर्को १० दिने परेमात पछिल्लो पूरै वार्नु पर्दछ । थोरै दिन पार्नु पर्ने आशौच भित्र धेरै दिन वानुपर्ने आर्को आशौच परेमा पूर्वाशौचले शुद्ध हुदैन पछिल्लो पूरैवार्नु पर्दछ । पूर्वाशौचले शुद्धहुने जननाशौच र मृताशौचमा खाली सपिण्ड सोदकादिमात्र शुद्ध हुन्छन्, पछि मृत्यु हुने प्रेतको छोरा प्रेतकीपत्नी प्रेतस्त्रीको पति दागवत्ति दिने र प्रेतघरका परिवारहरू त्यस्तै पछि सुतकेरीहुने स्त्री निजकोपति र त्यस घरमावस्ने परिवारहरू पूर्वशेषले शुद्ध हुदैनन् पछिको पूरा आशौच वार्नु पर्दछ ।

४०. १० दिने मरराााशौचमा १० दिने अथवा त्यो भन्दा कमदिनलाग्ने जननाशौच खप्टिएमा पूर्वाशौचले शुद्ध हुन्छ पछिको जननाशौचवार्नु पर्दैन । १० दिने जननाशौचमा १० दिने मरराााशौचपरेमा पहिलोले शुद्ध हुदैन, पछिल्लो पूरा वार्नु पर्दछ । थोरै दिन वार्ने मरराााशौचका वीचमा धेरैदिनवार्नुपर्ने जननाशौच परेमा पूर्वमरराााशौचले शुद्धहुदैन पछिको जननाशौच पूरै वार्नुपर्दछ । धेरैदिन वार्नुपर्ने जननाशौचले थोरैदिन वार्नुपर्ने मरराााशौच निवृत्त हुन्छ । निवृत्त हुदैन भन्ने पक्षपनि छ । यो कुरा संभनुपर्दछ कि पहिलो आशौच सिद्धिनुभन्दा अगाडी नै पछिपरेकोअर्को आशौच सुनेमा मात्र सम्पात आशौच हुन्छ, पूर्वशेषले शुद्ध हुन्छ नत्र हुदैन ।

बाबु आमाको संपाताशौच परेमा

४१. आमाको आशौचभित्र बाबुको आशौचपरेमा आमाको पूर्वाशौचले शुद्ध हुदैन, दश क्रिया सिध्याएर रोकिन पर्दछ । एघारौं बाह्रौं बाबुको ११।१२ दिन पुगेको दिनमा मात्र बाबु आमा दुवैको अलग अलग गर्नु पर्दछ । बाबुको आशौचपरेको १० दिन भित्र आमाको मृत्यु भएमा पनि बाबुको आशौचले शुद्ध हुदैन, साडे एकदिन वढि आशौच वार्नु पर्दछ । बाबुको आशौचपरेको दशौं रातको १ प्रहर वाकिमा आमाको मृत्युभएमा त ३ दिन वढि वार्नु पर्दछ । आमाको दश क्रिया ३ दिनमा नै समाप्त गरि बाबु आमाको सपिण्डी एकैदिन गर्नु पर्दछ । अर्थात् बाबुको सपिण्डादि रोकिन्छ । बाबुको आशौचमा आमा सूतकेरी भएमा १० दिनसम्मको काम रोकिदैन । एघारौं आदि भने सूतक चोखिएपछि गर्नु पर्दछ । बाबुआमाको आशौच भित्र ज्येष्ठ पुत्रको पत्नी सूतकेरी भएमा वांकी दशक्रिया अरु छोराले गर्नु पर्दछ । एउटा छोरा छ र पत्नीको सूतिकाको समय छ भने अर्को एक प्रतिनिधि साथ लिएरक्रिया सुरुगर्ने त्यस्तो परेमा त्यही प्रतिनिधिवाट काम चलाउनु पर्दछ ।

४२. यात्रामा गएको वखत वा खोला आदिले वगाएर अन्य दुर्घटना आदिमा मृत्युभइ मरराा भएको थाहाभएपछि पनि लास फेला नपरी १० दिनपछि मात्र लास जलाएर मातृ पितृ आदिकोदशक्रियागरि राखेको विचमा सपिण्डाशौच परेमा अतिक्रान्त आशौच भन्दा वर्तमान आशौच वलवान हुनाले पूर्वाशौचले शुद्ध हुदैन । पछिल्लो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आशौच सकिएपछि मात्र सपिण्ड आदि गर्नु पर्दछ । यस्तै पिताको अतिक्रान्त आशौचकर्म भित्र माताको मृत्यु भएमापनि पछिणीमात्र वढि वारेर शुद्ध हुदैन । माताको पूरा १० दिन आशौच सकिएपछि मात्र पिता माताको सपिण्डी एकै दिन गर्नु पर्दछ । यस्तै देशान्तरमा गइ वेपत्ता भएका पिता माता आदिको प्रतीक्षासमय वितेपछि पुत्रादिले पर्राशर दाहगरि दशक्रिया गरिरहेको विचमा अरु सपिण्डको आशौचपरेमा पनि पूर्वाशौचले शुद्ध हुदैन । पछिको पनि पूरै वार्नु पर्दछ । अर्थात् पछिको आशौच सकिएपछि मात्र सपिण्डी आदि गर्नु पर्दछ ।

संकीर्ण विषयहरू

४३. मृताशौच साधारणका निमित्त प्राणत्याग गरेपछि सुरु हुन्छ । अग्निहोत्रीको आशौचभने दाहगरि सकेपछिमात्र सुरु हुन्छ । अर्थात् मरेको दिन दाह हुन सकेनभने त्यस दिनवाट गराना नगरी दाह गरेको दिन देखि गराना गरि १० दिन आशौच वार्नु पर्दछ । दाह नगरेसम्म आशौच सुरु हुदैन । अग्निहोत्रीको पत्नीको संस्कार गर्दापनि पतिले यही नियम पालना गर्नु पर्दछ । जननाशौचमापनि बाल बालिका जन्मदैमा आशौच सुरु हुदैन । जातकर्म गरि नाल काटिसकेपछिमात्र शुरुहुन्छ । जातकर्म नाल नकाट्दै गर्नु पर्दछ । आशौच दिनको गराना भने जन्म देखिने गर्नु पर्दछ । त्यस्तै ६ दिनमा छैटी गर्ने रात्रिमा षष्ठीका देवी आदिको पूजा गर्ने र टिप्पनलेख्ने समयमा त्योकार्य नसकिए सम्म आशौच हट्दछ, सो सकिए पछि फेरी सुरु हुन्छ ।

पञ्चकादिमा मृत्युभएमा

४४. धनिष्टा नक्षत्रका पछिल्लो २ पाउदेखि रेवतीनक्षत्रसम्मका पांचनक्षत्र परेका दिनलाई पञ्चक भन्दछन् । त्यस बखत मृत्युभएमा र त्रिपुष्कर द्विपुष्कर योगपरेको बखतमा मृत्यु भए ती समय अनिष्टकारक हुनाले विशेषविधान गरेर मात्र शवदाह गर्नु पर्दछ । १३ दिनमा पनि शान्ति स्वस्ति गर्नु पर्दछ । मृत्यु हुंदा पञ्चक त्रिपुष्करआदि परेको छ, तर दाहगर्ने समयमा सिद्धिएको छभने दाहगर्दा विशेषविधि गर्नु पर्दैन । १३ दिनमा शान्ति गर्न पर्दछ । मृत्यु हुंदा पञ्चकादि परेका छैनन्, दाह गर्दामात्र सुरुभएको छ भने दाहगर्दा मात्र विशेषविधि गर्ने । १३ दिनमा शान्ति गर्नु पर्दैन । मृत्यु र दाह दुवै समयमा पञ्चकादि परेमा त दुबै विधिविधान गर्नु पर्दछ ।

४५. वावु आमाको मृत्यु भएपछि दाहक्रिया अगाडि पुत्रले मुण्डनगर्ने तर रात परेकोछ भने रातमा मुण्डन निषेधहुनाले दाहसकि भोलिपल्ट गर्ने अरु सपिण्डले भने कसैको परम्परामा सुरुमा कसैको १० दिन भित्र मुण्डन गर्दछन् । मृतक भन्दाकम उमेरका सबैले अनिवार्य मुण्डनगर्ने मान्यहरूले नगर्नेपनि गरेका छन् । तर देह शुद्धगर्न सबैले मुण्डन गर्नु उचित छ । क्रियापुत्रीले भने भोलि पर्सि एघारौं बारौं श्राद्ध गर्नुपर्ने हुनाले १० दिनको दिन फेरि अनिवार्य मुण्डन गर्नु पर्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वर्ष दिनभित्र आमाबाबु दुबैको मृत्युभएमा

४६. वावुको वर्षदिन नपुग्दै आमाको मृत्यु भएमा आमा बाबु दुवैको मासिकहरू गर्दै वावुको वर्षदिन पुगेपछि वार्षिकश्राद्ध गर्ने तर सेतो लुगा नफुकाउने, आमाको मासिक श्राद्धहरू समय समयमा गर्दै जाने । आमाको वर्षदिन भएपछिमात्र बर्खी फुकाउने पहाडतर्फ बाबुको बर्खीको दिन आमाको वर्षदिन नपुगे पनि वर्षदिन अगाडिनै आमाको पनि सवै मासिक पहिल्यैगरी बर्खी गरेको सुनिन्छ । यो शास्त्रविरुद्ध छ, गर्नहुदैन । आमाको बर्खी पूरानै बार्नुपर्दछ ।

४७. आमाको वर्षदिन भित्र बाबुको मृत्युभएमा आमाका सबै ऊनाब्दिकसम्मका मसिकहरूगरी वार्षिकश्राद्ध रोकिन्छ, गर्नुहुदैन । बाबुका सबै मासिकहरू यथासमयमा समाप्तगरी बाबुको वर्षदिन भएपछि सो दिन बाबुको वार्षिकश्राद्ध र आमाको वार्षिक श्राद्ध दुवै एकैदिन गर्नुपर्दछ । त्यसमा बाबुको मृत्यु पछिभएको भएपनि पहिले बाबुको श्राद्ध गर्नुपर्दछ । अनिमात्र बर्खी फुक्दछ । बाबुको दशक्रियाभित्र आमाको मासिकपरेमा रोकिन्छ । पछि गर्ने मासिकको दिन दुवै मासिक गर्नु पर्दछ ।

४८. वावु आमाको दशक्रियागर्दा वीचमा औंसी परेपनि रोकिदैन सरासर गरेहुन्छ । अरुको दशक्रिया गर्दा विचमा परे अगाडि धेरै दिन छभने औशी अगाडिनै सबै दशक्रिया सिध्याउने, पछाडि धेरैदिनभएमा औशी पछिमात्र ढिकुरो उठाउने, औशी अगाडि सकिएपनि दशरात्रसम्म नसिध्याएका वखतको नियममा नै रहनु पर्दछ ।

४९. रातमा मृत्युभई अघिल्लो दिन र पछिल्लो दिनको सन्देहभएमा त्यो दिनको रात कति घडी र कति पलाको छ । त्यसलाई ३ भाग लगाई अगाडिको २ भागमा मृत्युभए अघिल्लो दिन पछाडिको १ भागमा मृत्यु भए दोस्रोदिन मान्नपर्दछ । रजस्वला आदि भएमापनि यही नियम मान्नुपर्दछ । विदेशगई बेपत्ता भएमा पिताआदिको पुत्रादिले दशक्रिया अवश्य गर्नु पर्दछ । त्यसमा विदेशिने मानिसको उमेर स्वास्थ्य बल आदि विचारगरि अव जीवितछैनन् भनि मनले दृढनिश्चय भएमा ८५ वर्ष उमेर पुगेपछि क्रिया गरे हुन्छ । निश्चयगर्न सकिदैन भने १०० वर्ष उमेर पुगेपछि पर्णशरदाह विधानगरी क्रिया गर्नु पर्दछ । यसमा पत्नीपुत्रादि वाहेक अरु सपिण्डिले भने ३ दिन आशौच बारेहुन्छ ।

इति आशौच निर्णाय :

卐卐卐

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मानव-कर्तव्य

१. अनादिकालदेखि चलिरहेको यस संसारमा मानव उत्पत्ति-परम्परा पनि चलिरहेकै छ । मानवले गर्नुपर्ने कामलाई मानवकर्तव्य भनिन्छ । आपातत: विचार गर्दा यो कामगर्नाले मेरो कल्याण हुन्छ, यो कामगर्नाले मेरो असल हुँदैन । समाजवाट हेय हुइन्छ, पछि दु:ख पाइन्छ इत्यादि कुरा मानवले सम्झन सक्तछ । मानवलाई त्यसले गर्नुपर्ने कामहरूको निर्देशन गर्नुपर्ने आवश्यक देखिँदैन । योग्य हो, तर मानिसका हृदयमा काम, क्रोध, लोभ, मोह, मद, मात्सर्य यी ६ ओटा शत्रुहरू नदेखिनेगरी बसिरहेका हुन्छन् । जसलाई शास्त्रकारले अन्त:शत्रु (भित्र रहेको शत्रु) भनेका छन् । यिनीहरूले मानवमा आफ्नो प्रभुत्व कायमगर्न हरबखत प्रयास गरिरहेका हुन्छन् । कुनै बखत केही छिद्रपाएमा भित्ररहेका यिनीहरू मध्ये कुनैले पनि आफ्नो अधीनमा पारिहाल्दछन् । बाहिरिया शत्रुहरूले छिद्र फेलापार्न गाह्रो पर्दछ । फेला पारेपछि पनि आक्रमणगर्न प्रयास पर्दछ । जव कुनै राज्यमा आफ्नो राष्ट्रभित्र अथवा राष्ट्रका अङ्गभएका अधिकारीहरूमध्ये गुप्तरूपले बसेका राष्ट्रघातक शत्रुहरू छन् भने तिनीहरूले त्यंहाका जनतालाई भित्रभित्रै बहकाई सकेका हुन्छन्, सजिलैसंग त्यो राष्ट्र पराधीन बन्दछ । माथि लेखिएका ६ ओटा काम-क्रोधादिमा अन्त्यतर्फका मोह, मद, मात्सर्य यी तीनलाई हामीले सर्वथा छोड्नु पर्दछ । यी तीनलेपनि मानिसलाई अध:पतन गराउंदछ । प्रयास गरेमा बिस्तारै बिस्तारै हटाउन पनि सकिन्छन् । तरं अगाडि तर्फका काम, क्रोध, लोभ यी तीनलाई त व्यावहारिकअवस्थामा सर्बथा त्यागगरेर व्यवहारनै चल्दैन । मर्यादामा रहेर भोग-विलास, आफ्ना अधीनका मानिसले ज्यादै अनौचित्यकार्य गर्नलागेमा रिस र अत्यावश्यक बस्तुमा लोभ पनि गर्नु पर्दछ । फेरी यिनीहरूलाई सर्वात्मना अंगाल्न पनि हुँदैन । छिमेकी मित्र-राष्ट्रसित बाहिर देख्दा मित्रता-सम्बन्ध घनिष्ट राखेको र यसले केही गर्दैन मित्रता कायम नै छभनी विश्वासनगरी भित्र भित्र सावधान भईराखे जस्तो हो । किनभने मानिसलाई गिराउने नै यी काम, क्रोध, लोभ हुन् । सबै मानिसहरू यिनीहरूको अधीनमा परेर नै बिग्रेका छन्, यिनीहरूले छिद्र पाए पछि कसैलाई पनि छोड्दैनन् । गीताको १६।२१ मा भनेको छ, त्रिविधं नरकस्येदं द्वारं नाशनमात्मन: । काम: क्रोधस्तथालोभस्तस्मादेतत् त्रयं त्यजेत् ॥ काम क्रोध लोभ यी तीन आफूलाई बिगार्ने नरकका तीन थरि ढोका हुनाले इनलाई त्यागनु पर्दछ ।

२. अत: मानवले आफ्नो आदर्श कायम राख्न माथि उल्लेख गरेका कामक्रोधादि शत्रुहरूवाट सधै सतर्क रहनु पर्दछ । त्यसैका निमित्त मानवले मानव-कर्तव्यको हरबखत याद राख्नु पर्दछ ।

३. मैले आफ्नो कर्तव्यवाट चुक्ने कामगर्न लागे कि भनि होशियार हुनु पर्दछ, आफ्नो कर्तव्यनै राम्रो तरहले थाहा भएन भने त्यो मानिस कसरी असलबाटोमा लाग्ला ? त्यसका निमित्त आफ्नो कर्तव्यको बोध हुनु ज्यादै आवश्यक हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४. आफू जन्मनुभन्दा अगाडि वावु-आमा, दाज्यू-भाई, स्वास्नी, छोरा-छोरी कोहीसंग पनि नाता थिएन, मर्ने वित्तिकैपनि तिनीहरूसित नाता टुट्तछ । एक्लै नाङ्गै जन्मन्छ, एक्लै आफूले कमाएको अमूल्य अमूल्य सवै चीजहरू छाडेर जानु पर्दछ । यो कुरा त सवैले आफ्नो आंखाले टल्टल्ती धेरै पटक आफ्ना छिमेकीहरू र वन्धुवर्गहरू परलोक हुंदा देखेकै छौं । त्यो मर्ने मानिसले असल काम गरेकोभए सवैले कस्तो असल मानिस थियो, सबैको उपकार गर्दथ्यो, कसैलाई बिझाउने थिएन, धेरैले दुःख पाउने भए, त्यस वंशको बत्ति निभ्यो इत्यादि त्यसको गुणगानगर्दै उसको मरणमा अपशोच गरेको र खराबकाम गरेकोभए सबैलाई दुःख दिन्थ्यो, कोहीपनि प्रसन्न थिएनन्, असलआचरण थिएन, अझ कति खरावकाम गर्दो हो, मऱ्यो बेशैभयो भनेर भनेको पनि हामी सबैले सुनेकै छौं । यसरी आफैले कैंयो पटक अनुभव गरेको कुरामापनि वास्तानगरी अन्याय, अत्याचार, भ्रस्टाचार, शोषणबाट रुपैया जम्मागर्ने तर्फ जनताको प्रवृत्ति हुनु यिनै काम क्रोधादि भित्रिया शत्रुहरूले बशमा गराएर मानवले मानव-कर्तव्य छोडिदिएकोलेनै हो ।

५. संसारमा यस्ता कुरा हामीले अरुपनि देखेका छौं, माछाले बल्छिलाई देखेरपनि जिव्राको र नाकको वशमापरी प्राण गुमाउंछ; मृग कुकुरको घाटिमा बांधेको घण्टको आवाजमा मुग्धभई आफूलाई मिटाउंछ; पुतली बत्तिलाई सुन्दरसम्झी होमिन्छ । त्यस्तै सुखमा आसक्त पुरुषले मर्नुपर्ने जोखिमसम्म पनि उठाईराखेको छ । बोल्न र बुझ्न नसक्ने अरु तिर्यग्योनिको पशु आदिले जस्तै विवेकी मानवलेपनि आफ्नो कर्तव्य-विमुख भई अधःपतनहुनु आश्चर्यकारक छ । यस्तो कुरा हेर्न बाहिरी छालाको आंखाले सक्दैन, भित्रको विवेकरूपी आंखा चाहिन्छ । त्यसको प्राप्तिको निमित्त नै मनु-महाराजबाट मानव कर्तव्यको निर्देशन भएको छ । "सतसङ्गश्च विवेकश्च निर्मलं नयनद्वयम् । यस्य नास्ति नरःसोन्ध कथं नस्यात् कुमार्गगः" ॥ विवेकरूपी भित्री आंखा नभएपछि मानिस अन्धोभई खराव बाटोवाट हिड्न थालिहाल्दछ । आजकल त यी खराववाटोमा जान ज्यादै सजिलो भएको छ । किनभने पहिले पहिले त्यो बाटोवाट हिड्ने मानिस बिरालाकोटी हुन्थे र त्यो बाटोतर्फ लाग्न डराउंथे । अव त धेरै जसो त्यही बाटोमा लागेकाले त्यो वाटो हिड्न कुनैपनि हिचकिचाउने भएन ।

६. अव त मानिसले असलकुरो होभनी जानीजानीकनपनि आलस्यले आफ्नो कर्तव्य पालनगर्न छोड्यो । ज्यादै विलासीपनाले पनि यसलाई धक्का लगाएको छ । विलासका सामानहरू सवै तर्फ प्रसस्त वढे, साराको घर घरमा ती जुटे, सारा मानवको ध्येय खाली मोजमज्जा उडाउने तर्फ लाग्यो, व्यवहारमा धनको ज्यादै महत्व भयो, धन नभएको मानिस जति इमान्दार भएपनि कसैले कदरगर्ने भएन, वन्धुवर्गमा उसको प्रतिष्ठा भएन, उसले समाजमा स्थानपाउने भएन, उसको विद्या-वुद्धिको कदरहुने भएन, अनि समाजमा आफ्नो अस्तित्वराख्न धन कमाउन पऱ्यो । धन त्यसैआउने कुरा होइन, खासखास पसिनाले कमाएको धनवाट दैनिक खर्चटारी प्रशस्त बच्दैन । सत्कर्मबाट धन कमाउन संकिदैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

७. जस्तैः खाद्यवस्तु अथवा लत्ता-कपडा जम्मागर्ने खेतीवाल र व्यापारी आफूले जम्मा गरेको कुरा महङ्गो होस्‌भन्ने ध्याउन्नमा रहन्छ र महङ्गोपारी वेच्तछ पनि । ती उपभोगका सामानहरू महङ्गो भएमा राष्ट्रका साराजनतालाई कत्रो आपद् पर्दछ । त्यसरी जम्मा गरेको धनलाई कसरी असलभन्ने । त्यस्तै न्ययाधीशले धन कमाउने दृष्टि लिएमा हार्ने झगडियालाई जिताउन पऱ्यो । अन्यायमापरी हार्ने मानिसको घरवास उठाएको प्रायश्चित्त त बोक्नैपर्ला । खास खास धर्मपूर्वक कमाएको धनमात्र धन हो, वास्तवमा धनले कहिल्यैपनि सुख दिदैन । धनीलाई लाउन खानको दुःखनभए पनि धनबाट अरु धेरै आपत्ति आइपरेका हुन्छन् । धन कमाउनपनि दुःख छ, कमाएको जोगाउनपनि दुःख छ र जांदापनि दुःख छ । यो कुरा नीतिशास्त्रकारले भनेकै छ, अर्थानामर्जने दुःखमर्जितानां च रक्षणे । आये दुःखं व्यये दुःखं धिगर्थाः कषृसंभवाः ॥

८. मानिसलाई सधैं नयां नयां वस्तुहरूको उपभोगको इच्छा अधिक हुन्छ । यो प्रकृतिसिद्ध छ । हामी सबैले अनुभवपनि गरेका छौं । त्यसमापनि कामभोग हिंसा, मद्यपान आदि जुन दुर्व्यसनहरू छन्, जसको सेवनवाट मानिसको अधःपतन हुन्छ, त्यस्ता विषयमा त झन् झन् स्वतःप्रवृत्त हुन्छ । त्यसमा अरु मानिसले प्रवृत्त गराउन पर्दैन । उसलाई प्रकृतिले नै त्यतातिर धकेल्दछ र अलि अलिगरी मानिस ती विषयहरूमा आसक्त भइहाल्दछ । त्यसमापनि ती दुर्व्यसनहरूमा डुविसकेका मानिसहरूको सङ्गत भयोभने त झन् कुरैभएन । त्यसैले शास्त्रकारहरूले ती अधःपतन गराउने विषयहरूद्वारा मानव नबिग्रियोस् भनी यिनीहरूलाई सेवनगर्न नियमको वन्धन बांधिदिएको छ ।

९. जस्तै काम-भोग मानिसका निमित्त विहित छ अर्थात् निषेध छैन । तर जहिले पनि जुनसुकै स्त्रीमा र पुरुषमा होइन आफ्नो गोत्र र नातालाई छोडेर त्यसमा पनि विवाहितामा, त्यसमा पनि ऋतुसमयमा, त्यसमापनि पर्वदिन आदि निषिद्ध दिनलाई छोडेर । मद्य सेवनपनि आफू उदाहरणबनी उपदेशगर्ने ब्राह्मणको निमित्त सर्वथा त्याज्य र अरुहरूका निमित्तपनि ठूला ठूला असलकाम गरेको दिनमात्र । मांसभक्षण पनि देवता र पितृलाई अर्पण गरेर मात्र विधान गरेको छ, "लोके व्यवायामिषमद्यसेवा नित्यास्ति जन्तोर्न हि तत्र चोदना । व्यवस्थितिस्तेषु विवाहयज्ञसुराग्रहैरासु निवृत्तिरिष्टा" ॥ भागवत ॥ देवान् पितृन् समभ्यर्च्य खादन्मासं नदोषभाक् ॥ मनुः ॥

१०. हामी यसलाईपनि विचार गरौं, हामी सचेतन मानिसमा आत्मशक्ति भित्र दवेर रहेको हुन्छ । त्यसलाई सदुपयोग दुरुपयोगगर्ने जिम्मा विवेकशील प्राणिमा नै रहन्छ । मर्यादा सदाचार संयममारही तपोमय जीवनबाट आन्तरिक आत्मशक्तिलाई वाहिरउतारी सदुपयोग गर्नाले पहिलेका ऋषिमुनिहरूले भूत, वर्तमान, भविष्य त्रिकाल वेत्तावनी अमोघ शक्ति सामर्थ्य पाए, त्यस्तै आजकालका पाश्चात्य वैज्ञानिकहरूलेपनि विज्ञानको शिखरमा पुगी चन्द्रलोक आदिमा जानसक्ने अन्तरिक्षयान संसारभरका जनताले संसारभर जहां जहां जे जे कुरा भएका छन्, (अर्थात दैवी प्रकोप युद्ध समारोह खेलकूद दैनिक क्रियाकलाप आदि) ती ती सबै जस्ताको तस्तो हामी संवैले आफ्नो घर कोठामावसी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हेर्न देख्न सुन्नसक्ने टेलिभिजन आदि वनाए । यस्ता आश्चर्यजनक वैज्ञानिक चमत्कारहरूको आविष्कार होलाभनेर हामीभन्दा अधिका मानिसहरूले चिताएकापनि थिएनन् होला । यी सबै मानव कर्तव्यमारही तपस्विजीवन विताएका संयमी लगनशील त्यागी महापुरुषहरूले नै आविष्कार गरेका हुन ।

११. अर्कोतर्फ संयम मर्यादामा नरही मानव कर्तव्यको वास्तानगरी इन्द्रियहरूको वशमा परी स्वेच्छाचारीभई मोजमज्जा गर्नुनै जीवनको सारसंझी विलासमय जीवनविताएर पछि निकोनहुने कडा असाध्यरोग लागी दुःख भोगेका र अकालमानै देहत्याग गर्नु परेका पनि छन् । वास्तविक कुरा त हामीले आफ्नो दैनिक जीवनचर्या सदाचारमा विताए रोगले आक्रमण गर्न सक्तैन । कथंकदाचित रोगलाग्न थालेमापनि आफ्नो भित्री उर्जाले त्यसलाई दवाउनसक्ने दिव्य कुरालाई वास्तानगरी मनमोजी हुनाले आफ्नो भविष्य विग्रनुको साथसाथै त्यस्तै स्वेच्छाचारी समुदाय राष्ट्रमा बढ्दैगई चोरडकैती, लुटपीट आदि बढ्दै छ । मादक, मदिरा, अफिम, सुगर आदि सेवनगर्ने दुर्व्यसनीको जमात वढी आफ्नो सम्पत्ति सिध्याई मादक पदार्थ सेवनका निमित्त चोरी डकैतीवढी दिउसो राजमार्गमा हिंडेका महिलाहरूले लगाएका गहनाहरूपनि लुट्न थालिसके । सुन्दर युवतीहरू एक्लै दुक्लै हिड्न नहुने अवस्था आएको छ । देशमा शान्ति अमन चयन हराउदैछ, शान्ति सुरक्षा गर्ने प्रहरी आदिकोसमेत हत्या हुनलागेको छ । यो अवस्थामा हाम्रो देशमा मात्र होइन, अरु देशमा पनि यो भन्दा भयानक अवस्था सिर्जिएको छ । हेर्नुहोस्, समथर भूमिमा वगेका नदीहरूमा बांध तारको व्यवस्था नगरे दुवै किनार तर्फका धान रोपेका उर्वराभूमिलाई वर्षाको भेलले वगाएर कृषकहरूलाई हानी गरेजस्तै मानवलेपनि जवानीको भेलमावगी अफ्नो मर्यादा मूल्यमान्यता तोडी स्वेच्छाचारी भएमा देश नष्टभ्रष्ट हुदैजानेछ । अहिलेको दुर्दशा मानिसले मानवकर्तव्यलाई छोडेर नै भएको हो । अव पनि हामी मर्यादा छोड्दै जानलाग्यौंभने पछि राष्ट्रको अवस्था कस्तो होला, पाश्चात्य जगतपनि यस विषयमा जागरुकभई अव कसरी जनतालाई मर्यादित बनाउन सकिन्छभनि चिन्तित छन् । मर्यादाको वांध भत्काएर छाडा भएपछि फेरि मर्यादित वनाउन महाभारत पर्दछ । यी सबै कुरालाई हृदयङ्गमगरी आफू, आफ्नो वंश, राष्ट्र सबैको कल्याण हुने मानवकर्तव्यवाट हामी विचलित न होऔं । अरुहरूलाईपनि आफ्नो परम कर्तव्यसंझी यस विषयको मूल्य मान्यताको वोध गराई मर्यादित बनाउन कोसिश गरौं । यो सानो धर्म होइन, देशोत्थान महायज्ञ हो । यस विषयमा राष्ट्रका कर्णधार बुद्धिजीवीहरूलेपनि सोच्नु पर्ने अवस्था आइसकेको छ ।

१२. मानवमापनि वर्षा समयमा भेल आएजस्तै वीच वीचमा जवानी, प्रशस्त सम्पत्ति, स्वामित्व, कर्तव्यको अज्ञान इत्यादि भेल आएर मानव कर्तव्यपथमा अन्धो वन्दछ । त्यसका निमित्त हाम्रा पूर्वजहरूले हामीले गर्नपर्ने नियमहरू वनाई दिए ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्रले आफ्नो आफ्नो कर्तव्यमारहने र नरहेकालाई समाजवाट अलग गरी सवैले तुच्छ सम्झने चलन चलाए । तर आजकाल कलियुगको प्रभावले सबैले आफ्नो मर्यादालाई छोड्दै आए, नास्तिकवादको प्रचार बढ्यो, सबैलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रशस्त धन-सम्पत्तिको प्रवल इच्छा भयो, ब्राह्मणले आफ्नो तपस्वीजीवन छोड्यो, त्यस्तै क्षत्रियले रक्षाको भार फ्याकिदियो इत्यादि । अब वर्णसङ्करको साथसाथै कार्यसङ्करपनि भयो, सवका सवले सबभन्दा उत्तमकाम गर्न खोजे, उत्तमकाम रोज्नेले कस्तो नियम आचारमा रहनु पर्दथ्यो, त्यसको वास्ता भएन, सुखसयलको महत्व भयो ।

१३. वास्तवमा मानवजीवन परलोक सपार्नका निमित्त हो । जति आपद् दुःख परेपनि शास्त्रको नियम मर्यादा पालन गर्नुपर्दछ । धर्ममा आस्था राख्नुपर्दछ । प्राचीन आचार्यहरूले धर्मलाई नै पहिलो स्थान दिएका छन् । धर्मात्मा परोपकारीलाई देहत्याग गरेपछि पनि उसलाई सवैले सम्झिराख्नाले बांचेकोनै संझनु पर्दछ । उसको हाड, मासु, छाला आदिको तुच्छशरीर नाश भएपनि सर्वमान्य कीर्तिशरीर रहिरहेकै हुन्छ । कुनै कुरामा विश्वास दिलाउन परे आजसम्मपनि धरो-धर्मभनेर धर्मनै भाक्तछन्, त्यसैले मानवले आफ्नो कर्तव्यको पालनागरी धर्मपूर्वक व्यवहार गर्नुपर्दछ । त्यसैबाट मनुष्य दीर्घायु आरोग्यवान ओजस्वी र ऐश्वर्य-सम्पन्न हुन्छ ।

१४. शास्त्रले बताएका नियमहरू हाम्रो भविष्य उज्ज्वल बनाउन ज्यादै महत्त्वका छन् । यो कुरा धेरैले नवुझेको पनि होइन, खालि नियम पालनगर्दा मोज-मज्जा उडाउन नपाउने हुनालेनै बिस्तारै बिस्तारै छोड्दै जानेको संख्या बढ्दै आएको हो । लौत हामीहरूले ठूला ठूला पाश्चात्त्य विद्वानहरूसंग सोध्यौंभने हाम्रा धर्मशास्त्रका नियमहरूलाई उनीहरूले नतमस्तक भएर ज्यादै उत्तम र मानव कल्याणकारक छन्भनेर भन्न करै लाग्दछ । कुनै पाश्चात्त्य विद्वानहरूले मुक्तकण्ठले प्रशंसा गरेकापनि छन । पाश्चात्त्य जगत्मा नियमको बांध तोडिदिनाले कत्रो आपद् परेको छ, नरहत्त्या गर्नपनि नहिच्किचाउने जनता देखिन थालिसके, स्त्रीपुरुषको अच्छेद्य दाम्पत्त्य-सम्बन्ध तलाक प्रथाले टुक्रा टुक्रा भयो । जुन दाम्पत्त्य-सम्बन्धमा पहिले हांसी हांसी प्राणत्याग गर्दथे, अहिले मामुली कुरामा त्यो सम्बन्ध विच्छेद हुन्छ ।

१५. मेरा सन्तानहरूले सन्मार्गको अनुसरण गरुन, परस्परमा भ्रातृभाव राखिराखून्, मेरो नाममा कलङ्क नलगाउन् भन्ने विचारले मानिसले गर्नुपर्ने सारानियमहरू यथार्थरूपले हाम्रा आदिपुरुष मनुलेनै उपदेश दिनुभएको छ । खेदको विषय यो छ कि आर्यजातिको अनुरूप शिक्षा-दीक्षा भएन । जसबाट सबै प्राणीमा उत्तम मानवको महत्त्व र त्यसले गर्नुपर्ने कामको यथार्थरूपले ज्ञान हुने थियो । त्यस्ता हाम्रा धर्मग्रन्थहरूको अध्ययन अध्यापनको परम्परा टुट्यो, हामी पाश्चात्त्य रङ्गमा रङ्गियौं, उनीहरूको शिक्षा-दीक्षा हामी आर्यजातिका कच्चा उमेरका बालकहरूको मस्तिष्कमा ठोस्सिन लाग्यो । पाश्चात्त्य भावना कलिलो उमेरमा जमाई दिएपछि जमिसकेको सिमेन्ट र बालुवाको चट्टानमा अरुवस्तु भित्रपुग्न नपाएजस्तै आफ्ना प्राचीन आचार्यहरूको आदर्श रहन-सहनको प्रभाव पछि कसरी पर्न सक्तछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१६. अहिले यस्तोअवस्था भईसक्यो कि नगरनगरका धनीवर्गहरू र उच्च पदाधिकारीहरू आफ्ना साना कलिला उमेरका सन्तानलाई मिशन स्कूलहरूमा र देश बाहिर भर्ना गराउन गौरव सम्झनु हुन्छ । त्यहांबाट शिक्षा-दीक्षा पाएका छात्रहरूले आर्यसंस्कृतिको के पालन गर्लान ? यसरी हाम्रो संस्कृति कसरी रहला ? भित्र दुराशय लिएका मिशनहरूलाई स्कूलहरू खोल्न अनुमति दिने शिक्षा बिभागले यस विषयमा के सोचेको छ ? सानो उमेरमा त्यस्ता स्कूलहरूमा भर्नागरेर उच्चस्तरको रहन-सहनमा राखेपछि आफ्नो रहन-सहन ठूलो भएपछि उनीहरू किन रुचाउंथे ? हिन्दु-राज्यमा हिन्दुका चिह्नहरूले गलहत्ति पाईसके । ईशामशीहका चिन्हको गौरव हुनलागेको छ । उनीहरूको नक्कल गरेमानै आफ्नो प्रतिष्ठावद्ने भावना बढेको छ, यसको उत्तरदायित्व कसले वहन गर्ने ? यसमा बुद्धिजीवीहरूले ध्यांन दिनु जरुरी छ ।

१७. हामीले हाम्रो स्वतन्त्र सार्वभौमसत्ता-सम्पन्न हिन्दु-राष्ट्रमा आफ्नै प्राचीन आदर्शको अनुरूप शिक्षा किन नचलाउने ? हो, हाम्रो देशपनि सबै भौतिक-साधनले सम्पन्न समृद्धिशाली वैज्ञानिक उपकरणहरूयुक्त हुनुपर्दछ । त्यसकानिम्ति विदेशी भाषाको अध्ययन जरुर गर्नु पर्दछ, तर पाश्चात्यहरूकै रहन-सहन आचरण र संस्कृतिमा बहेर आफ्नो आर्यसंस्कृतिको नामनिसानालाई नै नामेटपार्नु हाम्रो कर्तव्य होइन । हामीहरू गुणग्राही हुनुपर्दछ । उनीहरूले अफ्नाएका कार्यहरूमा जुनजुन कुरा असलछन्, हामीलाई फाइदा गर्नेछन्, ती ती कुराहरूमात्र हामीले लिनुपर्दछ । केवल उनीहरूको रहन-सहनको नक्कल खोज्दा न त हांसको चाल न कुखुराको चाल हुन्छ र हात्ती चढ्न नपांउदा धुरी चढ्ने उखान सार्थक हुन्छ । यसको जिम्मेवारी सरकारले लिन पर्दछ ।

१८. हाम्रा प्राचीन आचार्यहरूको आध्यात्मिक अन्वेषणको तपस्याजस्तै उनीहरूमा वैज्ञानिक अन्वेषणको तपस्या छ । उनीहरूमा जुन लगनशीलता छ, त्यस विषयमा उनीहरूको अनुसरण गर्नेतर्फ हाम्रो प्रवृत्ति छैन; विलासको नक्कल गर्नेतर्फमात्र छ । पढेलेखेका बुद्धिजीवीहरूमा साधारण रहन-सहन र उच्चविचार हुनुपर्नेमा यसको विपरीत हुन लागेको छ ।

१९. उनीहरूको आर्थिकस्तर माथि पुगिसकेको छ; हामीहरूले त्यही किसिमको रहन-सहन गर्दा खाली राजधानीमामात्र रहेका मानिसहरूमापनि सयकडा दशले मात्र अपनाउन सक्ला । पहाड तराई तर्फका दाज्यू-भाई, दिदी-बहिनीहरूको हालत कस्तो छ? त्यो पनि विचार गर्नुपर्दछ । पहाडका कुनैभागमा बिहान भरमा एकगाग्रो पानी घरमा ल्याईपुऱ्याउन धौधौ पर्दछ । कुखुरा वास्न थालेपछि उठेर रात परेसम्म कुटो-कोदालो गर्दापनि आङ् ढाक्ने टालो र रुखा-सुखा पेटभर्ने अन्न परिवारलाई प्रतिदिन पुऱ्याउन मुस्किल पर्दछ । त्यति टाढाको कुरापनि छोडि दिउं, राजधानीका आसपासमापनि केही व्यक्तिलाई आङ्ढाक्न र पेटभर्न मुस्किल परिरहेको हामीहरूले देखिरहेकै छौं; राम्रो र मीठो त परै जाओस् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२०. अर्कोकुरा केही मानिसहरूकोमात्र उच्चस्तरको रहन-सहनभएमा छरछिमेकी र अगलबगलका अरु साधारणजनतामा त्यसको ज्यादै खरावअसर पर्दछ । किनभने ती दुईका छोराछोरीको रहन सहन पालन-पोषणमा ज्यादै अन्तर पर्दछ र आर्थिक-क्रान्तिको दूषित वातावरणपनि राष्ट्रमा फैलिन बेरलाग्दैन । के तिनीहरूले त्यसरी विलासमा रुपैयां बगाउनको सट्टा छरछिमेकका फीस तिर्न नसकेर छोराछोरीलाई स्कूलमा भर्नागर्न नसक्ने गरीवका उपर दृष्टि दिएमा राष्ट्रको कल्याण हुने थिएन ?

२१. त्यस्तै हाम्रा यहांका केही दाजु-भाईहरू सांस्कृतिक आदानप्रदान र राजदूतावास आदिको सिलसिलामा भौतिक साधनको चुलिमा पुगिसकेका राष्ट्रहरूमा भ्रमणगर्न जानुभएको छ । तर वहांहरूले आफ्नो देशमा आएर आंफ्नो समाजलाई त्यत्तिको देन दिन सक्नुभएको देखिदैन, खालि त्यस देशको रहन-सहनको स्तर, सुखसयल र मोजमज्जा देखेर हामीलेपनि त्यस्तै विलासमयजीवन बिताउनपाए हुन्थ्यो भन्ने भावना मात्र यहां आएर पोखेको सुनिन्छ । तर ती राष्ट्रहरूबाट शिक्षा लिएर रातोदिन प्रयासगरी घामपानी सुखदु:खको वास्तानगरेर देशलाई उन्नत गराउनेतर्फ आफू अग्रसरभई अरुलाई पछिलाउने प्रवृत्ति देखिदैंन । उनीहरूले ठूलो प्रयासगरेर मातृभूमीलाई सिंगारेर दाज्यू-भाई, दिदी-बहिनीहरूको जीवनस्तर उच्चपारे भने हामीपनि उनीहरू भन्दा कम हुनुहुदैन । उद्योग गरेमा थोरै वर्षमानै आर्थिकस्तर उन्नत गर्न सक्नेछौं भन्ने दृढ-विश्वास त्यस भ्रमणको अनुभववाट लिदै पहिले आफूनै त्यसमा प्रवृत्त हुनुपर्दछ । अहिले त विदेश भ्रमण धनलाभ प्रमोशन र पदक-प्राप्तिको साधनमात्र वनेको छ । वर्तमान माननीय सांसदज्यूहरूमा पनि यही मोह वढेको छ, यो दु:खको विषय हो ।

२२. खाली आफ्नो स्वार्थतर्फमात्र मानवको प्रवृत्ति बढ्यो र आफूले मोजमज्जागर्न पाएहुने विचार अधिकारीवर्गमा फैलियो । स्वार्थ भनेको मानवलाई मोहित पार्ने एउटा डरलाग्दो नसा हो, त्यसले साराजनतालाई आफ्नो अधीनमा राखेकोछ र यसको पन्जावाट मानिसले फुत्कन कठिनछ । यसैमा मानिस अल्झिरहेको छ । स्वार्थी रातदिन आफ्नो र परिवारका निम्ति सुखसयलको सपनादेखी अरुकुरा विचारैगर्दैन । जसरी हुन्छ पैसा कमाउ अरुको भन्दा बढी इज्जत होस, सबैमानिस अधीनमा रहुन । सुन्दर महलमा विलासका सामानहरू सबै जम्मा हुन, बैंकको खातामा प्रसस्त रुपैया रहुन र बैठकबाटनै सबैसित कुरागर्ने साधन रहोस इत्यादि ।

२३. हुनपनि हो मानिसको विचारधारा जता बगायो उतैतर्फ अविछिन्न रूपले बगिनै रहन्छ । विलासमय जीवनको इच्छागर्न र उसले त्यसैको प्राप्तिका निमित्त निरन्तर प्रयासगर्न लागेमा अन्तस्करण त्यसैमा चुर्लुम्म डुवेको हुन्छ । पुरुप तन्मय हुन्छ । विषय-सुखमा लम्पट भएको मानिस बूढो भएपछिपनि त्यस विषय-वासनावाट आफू अलग हुन सक्तैन । अर्थात् विषयलाई सर्वथा त्यागगर्न सक्दैन । साराइन्द्रियहरू शिथिल भईसकेपछि पनि मनले ती ती इन्द्रियहरूवाट हुने आनन्दको लालचा गरिरहेकै हुन्छ । त्यसैले मानिसले विषयवासनामा ज्यादै आसक्तभएर विलासमय-जीवन वनाउनु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

असल होइन । अर्थात् आफ्नो गच्छेअनुसारको सुखसयल नगर्नु भन्नेहोइन त्यो गर्नैपर्दछ, तर अरुहरूको सुख सयल देखेर त्यस्तै खोज्नु आपत्तिको बाटो हो ।

२४. यो कुरा वुझ्नुपरेको छकि हाम्रा प्राचीन आचार्यहरूले व्यावहारिक अवस्थामा सुखसयल नगर्नु भनेरनिषेध गरेको छँदै छैन । के गर्नु भनेकोछभने सम्पत्ति धर्मपूर्वक कमाऊ । कर्तव्य अकर्तव्यको विचारनगरी जसरी भएपनि रुपैयाकमाउन लुब्ध नहोऊ, सुखसयलपनि मर्यादामा रहेर गर । इत्यादि ।

२५. विचार गरौं, धर्मलाई पन्छाएर न्याय अन्यायको वास्तानगरी न्यायर्धाशले रुपैया जम्मागर्न लागेमा न्यायको कस्तो हालत हुन्छ । व्यापारीले परल मोलमा धेरै नाफा लिएमा सारा जनतामाथि कत्रो मर्कापर्दछ । अझ श्री ५ को सरकारका कर्मचारीहरूले धर्म छोडेमा राष्ट्रमा कत्रो खलवल पर्दछ, त्यो प्रत्यक्ष छदैछ ।

२६. त्यस्तै मर्यादाकोपनि ज्यादै महत्त्वछ । मन्त्रालयका कर्मचारीहरुले १० वजे पुग्नु पर्नेमा एकछिन ढिलोभएर के गर्दछ ? आफ्नो घरको केही काम सिध्याएर जाउंभनी सवैले ११ वजेमात्र सिंहदरवार पुगेमा कत्रो हलचल मच्चिन्छ । यी सबै हामीले विचार गर्नुपर्ने विषय हुन् ।

२७. त्यस्तै धनमापनि यतिभए पुगिहाल्छ भन्नेभावना त्यति कलमठूलो सम्झिने पहिलो अवस्थामा मात्र हुन्छ । अर्थात् साथमा सय रुपैयापनि जगेडा राख्न नसक्ने मानिसले हजार रुपैयामात्र जगेडा राख्नसके कुनै आपत्ति परेमा कसैसित कपाल कन्याउन जान नपर्ने सम्झेर त्यतिको चाहना गर्दछ । तर साथमा सात आठ सय रुपैया जगेडा राख्नेअवस्था पुगेपछि त्यो पहिलेको इच्छालाई बिर्सेर पांच-सात हजार रुपैयासम्म जगेड़ाभए छोराछोरीको विवाहसम्म परेमापनि काम टर्नेतर्फ उसको दृष्टि जान्छ । त्यसपछि एउटा सानो वङ्गला वनाएर भाडामा लगाउन पाएमा त जागिरको अलावा स्वतन्त्र मासिक आयपनि हुने थियो, जागीरको के निश्चय छ र ? भन्नेतर्फ उसको विचार वद्लिन्छ ।

२८. त्यस्तै सुखसयलमापनि कस्मिराको सुट-पाईन्ट र घडी हातमा नभएका युवकको त्यसैमा चाहना, त्यति पुगेपछि साईकल मोटर-साईकल अनि घरको सजिसजावट त्यसपछि प्राईभेट कार इत्यादितर्फ प्रवल आकांक्षा वढ्दैजान्छ, त्यो टुङ्गिने सिमा छैन । त्यसैले व्यासजीले भन्नुभएको छ, "हात उठाएर सवैसित कराई प्रार्थना गरिरहेको छु, तर कुनैपनि त्यो कुरा सुन्दैन सवैले धर्मपूर्वक अर्थोपार्जन र सुखभोग किन गरिदैंन" । "ऊर्ध्ववाहुर्विरौम्येष नचकश्चिच्छृणोतिमे । धर्मादर्थश्चकामश्च सकिमर्थ नसेव्यते" ॥

२९. ८४ लाख योनिमध्ये मानवयोनि सर्वोत्तम छ, जसमा हामीले सवै असलैअसल काममात्र गरौं भनेपनि सक्तछौं । मुख्यकुरा यो छकि मानवले आफ्नो कर्तव्यमा रही "सवै प्राणीहरुले मलाई मित्र देखुन्, म सवै प्राणीहरूलाई मित्र देख्दछु" । मित्रस्य मा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चक्षुषा सर्वाणि भूतानि समीक्षन्ताम् । मित्रस्याहं चक्षुषा सर्वाणि भूतानि समीक्षे ॥ यस वेद वाक्यलाई प्रमाण मानेमा हाम्रो भविष्य उज्ज्वल हुनेछ ।

३०. यो कुरा निश्चय छकि आत्मा व्यापकभएकोले हामीले हृदयदेखिनै कसैलाई आत्मीयभाव राख्यौंभने त्यो मानिस आफूबाट बाङ्गिएको छभनेपनि आफूले असलगरेको प्रभाव त्यो बाङ्गिनेको आत्मामा पर्दछ र केहीसमय पछि उसको मनमा यस्तो लाग्दछ किं ओहो, त्यसको म खराव चिताउंछु, तर उ त मेरो भलो चिताउंदो रहेछ । यसप्रकार, मैले भूलगरिरहेको रहेछुभन्ने पछुतो त्यस व्यक्तिमा पर्दछ, अनि त्यो त्यस मानिससित प्रेमगर्न लाग्दछ । यो कुरा सबैतिर लागुगर्न सकिंदैन ।

३१. जस्तै: एकदेशको राजाले सीमाजोडिएको अर्कोदेशको राजालाई उसले गरेको अपराध सही उसको भलोमात्र चिताउन लाग्योभने आफ्नो राष्ट्रको सत्तामापनि धक्का पर्ने संभावना हुन्छ । तर न्यायालय, मन्त्रालय, अड्डा आदिमा कामगर्ने कर्मचारीमा भने यो भावना रहनु ज्यादैउत्तम छ । यसोभएमा कसैलेपनि अन्याय र अत्याचारको चोट सहन पर्दैन । अझ राष्ट्रका साधारणजनतामा पनि यस्तो सद्भावना सधैं रह्योभने हाम्रो देश खासै हिन्दु-राष्ट्र कहलाउनेछ ।

३२. मानवले आफ्नो कर्तव्य छोडिदिनालेनै अहिले सारासंसारले यस्ता ऐश आरामका साधनहरू जुट्दापनि शान्ति पाएको छैन । यान्त्रिकयुगका प्रबर्तक उन्नत-राष्ट्रहरूले प्राणीमात्रको हितको सद्भावना लिएमा मर्त्यलोक स्वर्ग बन्दछ । अव स्वर्गमा उपभोगगरिने उपभोगका विषयहरू यंहापनि तयार भइसकेका छन्, खालि मानवको प्राणीमात्रमा सद्भावना रहन परेको छ ।

"सर्वे भवन्तु सुखिन: सर्वे सन्तु निरामया: ।
सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दु:खभाग्जन: ॥"

३३. यो सिद्धान्त केवल मुखमामात्र नभएर सवैकोहृदयमा अटलभएर अहोरात्र रहिरहन परेकोछ । त्यसकारण मानवले आफ्नो कर्तव्यलाई छोड्न भएन, पाश्चात्य नास्तिकवादहरूलाई प्रश्रयदिन भएन र पुनर्जन्म र ईश्वरसत्तालाई अपलाप गर्नभएन ।

३४. हाम्रा पूर्वज ऋृषिमुनिहरूपनि अहिलेका वैज्ञानिक भन्दाकम थिएनन् । उनीहरूले नसकेर भौतिक उन्नति तर्फ दृष्टि नदिएका होइनन् । त्यसबाट समाज अध: पतन हूने विचार गरेर नै आध्यात्मिक उन्नतिमा दत्तचित्त भए । अन्त्यमा कामलाग्ने यही विषय हुनाले यसमा प्रवृत्त भएका हुन् र अध्यात्मविद्याको चरमसीमामा पुगे । त्यस विषयको अमूल्यनीधि हामीहरूलाई छोडेर गए । हिन्दु जातिको ठूलो सम्पत्ति यही हो । यो सम्पत्तिलाई प्राचीन आचार्यहरूले सानो प्रयासले प्राप्त गरेका होइनन् । पुस्तौ पुस्ताको देन यसमा छ । यो ज्ञानालोकको प्रकाश चन्द्रसूर्य आदिको प्रकाशभन्दा विलक्षण छ । चन्द्र सूर्य आदिले प्रकाशपार्न सामर्थ्य नभएको अज्ञानजन्य अन्धकारलाई यसले प्रकाश पार्दछ । जसलाई प्राप्त गरेपछि संसारमा अर्को प्राप्तगर्नुपर्ने वस्तुनै रहदैन । हाम्रा यी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सम्पत्तिलाई देखेर साराउन्नत राष्ट्रहरूले नतमस्तक हुनुपरेको छ । हाम्रो शीर ठाडोपार्ने विषय यहीनै छ । तर दुःखको कुरा यो छकि यसैलाई हामी आर्यजातिले वास्ता नगरी त्यसै सडाएर फाल्न लागेकाछौं । पाश्चात्यहरू चाहिं अमूल्यरत्न संझी आदरपूर्वक त्यसको अनुशीलनमा लागेका छन्, अव हाम्रो हातवाट उनीहरूको हातमापुग्ने संभावना भैसकेको छ । यो अमूल्यरत्न सवै हामी आर्यजातिको सम्पत्ति हो । यसको रक्षा गर्नु सबैको परम कर्तव्य छ । यो सम्पत्ति हाम्रो हातवाट गुमेपछि हाम्रो नाम निसाना रहने छैन । आर्यजातिको परिचायक यसको अस्तित्व बचाउन सबैले प्रयास गर्नुपर्ने अवस्था आईसकेको छ । अव हामी आर्यजातिले सावधानभई विलासमय जीवनलाई त्यागेर मानव कर्तव्यको राम्रोसंग अनुशीलनगरी त्यसलाई पालना गर्नु पर्दछ । अज्ञानको पर्दा हटाउनु पर्दछ । अनि हामी परस्परमा भातृभाव कायमराखी देशको उन्नतितर्फ दत्तचित्त हुन सक्नेछौं र राष्ट्रका घातक, भोक, रोग, शोक आदिलाई हटाई स्वावलम्बीबनी अरु उन्नत राष्ट्रको दांजोमा पुग्न सक्नेछौं । हामी सबै जनता एकजुटभएर तन मन धनले यसमा लागौं । मानव कर्तव्य यहीनै हो । जनता जनार्दनहरूमां यही मेरो करजोडी सहस्र बिन्ति छ ।

सबैको कल्याण होस ।

卐卐卐

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथ श्राद्धविवेचनम

१. हामी गृहस्थीहरूले गरिने देवकार्य र पितृकार्य दुवै उत्तिकै आवश्यक छन् त्यसमा पनि "देवकार्याद् द्विजातीनां पितृकार्यं विशिष्यते" यो मनुवचन अनुसार पितृकार्यलाई विशेषमहत्त्व दिएको छ । पितृकार्यं भनेर हामी श्राद्ध तर्पण सिधादान ब्राह्मणभोजनलाई लिन्छौं, हाम्रो श्राद्धविधिमा पितृभक्त पुत्रहरूलाई सन्देहपर्ने विपयहरू देखिएका छन् । जस्तै तर्पणगर्दा मातामही आदि लाई अलगदिने कि न दिने, पार्वणश्राद्धमा माता आदि ३ र मातामही आदि ३ लाई अलग पिण्डदान गर्ने कि नगर्ने, कसैले अलग अलग पिण्डदान गर्छन् कसैले सपत्नीक गर्दछन् कसैले माताआदि ३ लाई मात्र अलग गर्दछन् । अग्नौकरण गरेर वांकी घिउ, चामल, केराको टुक्रा सव्यभएर विश्वेदेवलाईपनि चढाउने गरेका छन्, कसैले अपसव्यभएर होमगरि अवशिष्ट देवब्राह्मणलाई चढाउन हुन्न भन्दछन् । श्राद्धविधिमा "नम्रीभूय पिण्डमाघ्राय उत्थापयेत्" निहुरेर पिण्डलाई सुघेर पिण्डलाई वेदिवाट टपरीमा उठाओस् भनेकाले टपरीमा उठाई उठेर कांधमा राखी "गयायां पितृ रूपेण" गरी फेरि वेदीमाथिराखी त्यसै पिण्डमा वसन्तादिपूजाको विधान छ, "आघ्राणमर्धभक्षणम्" सुङ्नु आधाखानु जस्तो हो भन्ने वचनहुनाले सुङिसकेको पिण्डमा कसरी पूजा गर्ने, त्यसमा पनि पिण्डदान गर्दा "एष पिण्ड: अमृतस्वरूप: अक्षय्यतृप्तिहेतोस्ते स्वधा" अमृत स्वरूप यो पिण्ड याहांलाई अक्षयतृप्तिका निमित्त दिएको छु भन्ने वचनले खानदिएको पिण्डमा पछि वसन्तादिपूजा कसरीगर्ने, कसैले एकोद्दिष्ट पार्वण सपिण्डीकरण आदि जुन श्राद्धमापनि कालको वास्ता नराखी जुनवेला मनलाग्यो त्यही वेलामा गर्दछन् । कसै कसैले मध्यान्ह अपराह्न आदिकाल पर्खेर गर्दछन् । मरेका पितृले हामीले दिएको पिण्ड पानी कसरी पाउने भनि शङ्का गर्दछन् । इत्यादि सन्देह गर्ने गरेका छन् । त्यसैले यसविषयमा चर्चागर्नु उपयोगीनै होला भन्ने आशयले यथामति अगाडी सरेको हुं ।

२. पहिले श्राद्ध शब्दकोअर्थ के हो, श्राद्ध कतिथरिका हुन्छन्भन्ने जान्नु प्रासङ्गिकै होला, कात्यायनस्मृतिमा "श्राद्धं वा पितृयज्ञ:स्यात्" भनि श्राद्धलाई पितृयज्ञ भनेको छ । "देशे काले च पात्रेच श्रद्धया विधिनाचयत् । पितॄनुद्दिश्य विप्रेभ्यो दत्तंश्राद्धमुदाहृतम्" ॥ भविष्यपुराणमा देश काल पात्रमा श्रद्धाले विधिपूर्वक पितृले पाउन्भनेर ब्राह्मणहरूलाई दिनु श्राद्धभनेको छ । श्राद्धकल्पमा मरीचिले "प्रेतंपितृंश्च निर्दिश्यभोज्यं यत्प्रियमात्मन:। श्रद्धया दीयते यत्र तच्छ्राद्धं परिकीर्तितम्" प्रेत र पितृलाई आफूलाई मनपर्ने वस्तु श्रद्धाले दिनु श्राद्ध भनेका छन् । हेमाद्रिमा होमपिण्डभोजनम् प्रधानम् र श्रीधरले "होमश्चपिण्डदानंच तथा ब्राह्मणभोजनम् । श्राद्धशब्दामिधेयं स्यादेकस्मिन्नौपचारिकम्"॥ होम पिण्डदान ब्राह्मणभोजन श्राद्ध हो । होम नहुने एकोद्दिष्टआदि लाई लक्षरााबाट श्राद्ध मान्नु पर्दछ भनेका छन् । व्याकरणबाट श्रद्धा शब्ददेखि "प्रज्ञा श्रद्धार्चाभ्यो रा:" यस सूत्रले श्रद्धा अस्मिन अस्ति यस विग्रहमा राप्रत्यय भएर बन्दछ श्रद्धा जसमा छ त्यसलाई मात्र बुझाउंदछ । त्यसैले यो शब्दलाई ४ थरिका शब्दमध्ये "योगरुढ" अर्थात्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अवयववाट आउने अर्थ र "रुढि" अर्थात् परम्पराप्रचलित अर्थ दुबै लिन पर्दछ । अर्थात् अवयवार्थ मात्र लिएमा श्रद्धाले गरेको देवकार्य लाई पनि बुझाउने भएर दोष, रुढि अर्थमात्र लिए श्रद्धा भक्ति नभई गरेको कार्यलाई पनि बुझाउने भइ दोषभयो, त्यसैले दुवै अर्थ लिएर सवै आचार्यसम्मत श्रद्धाले विधिपूर्वक पितृको तृप्तिकानिमित्त देश काल सत्पात्रमा गरिने ब्राह्मणभोजन तपर्ण पिण्डदान होम आदि श्राद्ध शब्दको अर्थहो । पङ्कज शब्दलाई पनि यस्तै योगरुढ मानेको छ । अवयवार्थ हिलामा जन्मने अर्थ लिएमा पङ्कजशब्दले सिमाली भ्याउता आदिलाई बोध गराउनाले दोष रुढि कमलजाति भन्ने अर्थ लिएमा स्थलकमललाई पनि बुझाउने हुनाले दोष दुबै अर्थमिलाएर अर्थ लिएमा हिलामा जन्मने कमलत्वजाति भन्ने अर्थ हुनाले स्थलकमल हिलामा उम्रने होइन सिमाली भ्याउताआदिमा कमलत्वजाति छैन त्यसैले पङ्कजशब्दले जलकमललाई मात्र बोध गराउंदछ ।

श्राद्धभेद

३. "नित्यं नैमित्तिकं काम्यं वृद्धिश्राद्धं सपिण्डनम् । पार्वरां चेति विज्ञेयं गोष्ठ्यां शूध्यर्थमष्टमम् ॥ कर्माङ्गं नवमंप्रोक्तं दैविकं दशमं स्मृतम् । यात्रास्वेकादशं प्रोक्तं पुष्ट्यर्थं द्वादशं स्मृतम्" ॥ १, दिनदिनै गरिने नित्यश्राद्ध २, वार्षिक एकोद्दिष्टादिनैमित्तिक ३, आफ्नो इच्छा सिद्धहोस्भनि गरिने काम्य ४, विवाहादि अभ्युदयमा गरिने वृद्धिश्राद्ध ५, मरेको १२, दिनमा गरिने सपिण्डीश्राद्ध ६, सोह्रसराद्ध, औंसी आदि पर्वमा गरिने पार्वण ७, गोठमा गरिने गोष्ठीश्राद्ध ८, पितृतृप्ति विद्वान्हरूको सुखप्राप्ति र शुद्धिका निमित्त गरिने व्राह्मणभोजन शुद्धिश्राद्ध ९, सीमन्तोनयन पुंसवनआदि संस्कारका निमित्त गरिने कर्माङ्गश्राद्ध १०, देवताहरूको उद्देश्यले गरिने दैविकश्राद्ध ११, देशान्तरमा जांदा घिऊले गरिने यात्राश्राद्ध १२, शरीर स्वस्थ होस् धनवृद्धि होस् भनि गरिने पुष्टिश्राद्ध, विश्वामित्रले भविष्यपुराणमा यसरी १२ थरिका श्राद्धको उल्लेख गरेका छन् । "नित्यं नैमित्तिकं काम्यं वृद्धिश्राद्धमथापरम् । पार्वणं चेति विज्ञेयं श्राद्धं पञ्चविधं वूधैः" ॥ यसरी यमस्मृतिमा १२ भेदलाई अन्तर्गत गरी १, नित्य २, नैमित्तिक ३, काम्य ४, वृद्धि ५, पार्वण यी पांच भेद मात्र मानेको छ ।

४. हामीहरू हाम्रो घरमा ब्राह्मणलाई निमन्त्रणागरेर पितृको तृप्तिहोस्भनि अन्नादि खाद्यवस्तु वस्त्रादिदान तथा ब्राह्मणभोजन गराउंदछौं, मरेर काहां पुगे कुन योनिमा जन्म लिए अथवा लिएनन्, ती पितृहरूले कसरी पाउने भन्ने सन्देह तार्किकमानवमा आउनु स्वाभाविकै हो । त्यसैले पनि यसविषयमा साधारण पितृभक्तपुत्रहरूले जान्नू आवश्यकछ । निर्णयसिन्धु धर्मशास्त्रमा यस्तो उल्लेखछ "हेभाद्रौ मात्स्यदेवलौ" नामगोत्रं पितृणांतु प्रापकं हव्यकव्ययोः । अग्निष्वात्तादयस्तेषामाधिपत्ये व्यवस्थिताः॥ नाममन्त्रा स्तदादेशा भवान्तरगतानपि । प्राणिनः प्रीणयन्त्येव तदाहारत्वमागतान् ॥ देवो यदि पिता जातः शुभकर्मानुयोगतः । तस्यान्नममृतं भूत्वा देवत्वेप्यतिगच्छति ॥ गान्धर्वे भोगरूपेण पशुत्वे च तृणं भवेत् । श्राद्धान्नं वायुरूपेण नागत्वे प्युनुगच्छति । पानं भवति यक्षत्वे

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राक्षसत्वे तथाभिषम् ॥ दनुजत्वे तथा मर्घं प्रेतत्वे रुधिरोदकम् । मनुष्यत्वेन्नपानादि नानाभोगकरं भवेत् ॥

५. मनुदेवलौ "वसब:पितरोज्ञेयारुद्राज्ञेया:पितामहा: । प्रपितामहास्तथादित्या:श्रुतिरेषा सनातनी" । याज्ञवल्क्य: वसुरुद्रादितिसुता:पितर:श्राद्धदेवता:" ॥ "मनु:यद्यद्ददातिविधिवत् सम्यक्श्रद्धासमन्वित: । तत्तत् पितृणांभवति परत्रानन्तमक्षयम्" ॥ पितृहरूको नाम गोत्र तथा पितृमुख्य अग्निष्वात्ताआदि दिव्यपितृहरू तथा मन्त्रहरू द्वारा परलोकभएका वसु रुद्र आदित्य स्वरूपभएका पितृ पितामह प्रपितामह मातामह प्रमातामह वृद्धप्रमातामह तथा माता पितामही प्रपितामही, मातामही प्रमातामही वृद्धप्रमातामही आदिले आफ्नो योनिमा खानहुने वस्तुको रूपमा परिणतभएका पुत्रादिले श्रद्धाभक्तिपूर्वक दिएका अन्नादि प्राप्त गर्दछन् । जस्तै पिता वा माता पुण्यका प्रभावले देवयोनिमा पुगेकोभए दिएको अन्न अमृत रूपमा परिणतभएर उनीहरूले प्राप्त गर्दछन् । गन्धर्वभए उसलाई मनपर्ने, पशु भए घांस, नाग भए वायू रूपमा परिणत भएर पुग्दछ । यक्षभए पिउने सर्वत आदि । राक्षसभए मांसु, दानवभए मदिरा, प्रेतभए रगत जल, मनुष्यभए अन्नपानादि भएर ती तीले भोग गर्न पाउंदछन् । मन्त्र र देवताहरूको प्रभाव अचिन्त्य छ । उच्चारण गर्दा ह्रस्वदीर्घ कण्ठ तालु आदि स्थान उदात्त अनुदात्त स्वरितआदि सबै मिलाई वृष्टिकारक वैदिकमन्त्रको शुद्ध उच्चारण गरी समिधा भनेको जुटाई विधिपूर्वक हवन गरेकोमा यज्ञ नसक्दै पानी परेको अनुभव हामीमा छ । त्यस्तै शुद्ध उच्चारण गरी गरेको मेघमल्लारबाट गायकले पानी पारेको पनि सुनिएकै हो । "एक:शब्द:सम्यग्ज्ञात: साधुप्रयुक्त: स्वर्गेलोके कामधुग्भवति" एक शब्दभएपनि राम्ररीवुझी शुद्ध उच्चारणगरे इच्छागरेको कुरा पुग्दछ यो महामुनि पतञ्जलिको उक्ति हो ।

६. "आमन्त्रितान् हि पितरउपतिष्ठन्ति तान् द्विजान् । वायुवच्चानुगच्छन्ति तथा सीनानुपासते" ॥ श्राद्धमा निमन्त्रणा गरेका ब्राह्मणहरूको नगिचै पितृहरू अदृश्यरूपले रहन्छन् । हिंडेमा वायुजस्तै पछि लाग्दछन् वसेमा साथै बस्दछन् । यो मनुको वचन हो । "पिता तव मयादृष्टो ब्राह्मराााङ्गेषु राघव । दृष्टा त्रपान्विता चाऽहमपक्रान्ता तवान्तिकात् ॥ यांहंराज्ञा पुरा दृष्टा सर्वालङ्कारभूषिता । सा स्वेदमलदिग्धाङ्गी कथं पश्यामि भूमिपम्" रामचन्द्रले वनवास बस्दा खेरी पितृश्राद्धको दिन सबैसामाग्री तयारगरी निमन्त्रित ब्राह्मण आएपछि सीताजी लुक्नुभयो । पछि रामचन्द्रले सोध्दा सीताजीले भन्नु भयो ब्राह्मणको अङ्गमा हजुरको पितृलाई देखें अनि लज्जितभएर हजुरको नजिकबाट भागे । अयोध्यामा छंदा सबै अलङ्कारले सुशोभित हृष्टपुष्ट सुन्दरस्वरूप मलाई देख्नुभएकोमा अहिले पसिना र घामले डडेर कालो मैलो अङ्गभएकी मं कसरी वहांको दर्शनगरौं भनेर लुकेकी हुं, पद्मपुराण सृष्टिखण्डको वचन हो ।

७. "श्राद्धकाले मम पितुर्मया पिण्ड: समुद्धृत: । तं पिता मम हस्तेन भित्वा भूमिमयाचत ॥१९॥ हस्ताभरणपूर्णेन केयूराभरणेन च । रक्ताङ्गुलितलेनाथ यथा दृष्ट: पुरा मया ॥२०॥ नैष: कल्पे विधिर्दृष्ट इति संचिन्त्य चाप्यहम् । कुशेष्वेवतत: पिण्डं दत्तवानविचारयन् ॥२१॥ तत: पिता मे सुप्रीतो वाचा मधुरया तदा । उवाच भरतश्रेष्ठ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रीयमाणोमयानध ॥२२॥ श्राद्धको दिन पिताजीलाई पिण्डदिन हातमा पिण्डलिए पछि भूमिबाट पिताजीको हात निस्कि पिण्डलिन थाप्यो, हातमा भूषण वाजु राता औंला हुनाले मैले बुबासन्तनुकै हातभनेर चिनेर पनि शास्त्रले भूमिमा कुशमाथि दिनु भनेकोहुनाले हातमा दिइन पिण्डवेदी को आसनमानै पिण्डदान गरे । त्यसपछि पिताजी ज्यादै प्रसन्नभै वरदान दिनुभयो यो महाभारतको अवशिष्टभाग हरिवंशको १६ अध्याय श्राद्धकल्पमा भीष्मपितामहले युधिष्टिर महाराजलाई सुनाउनुभएको हो । अग्निमा हवनगरेका घिउ चरुआदि अग्निले ग्रहण गरेर खरानी बनाएरपनि त्यसको मुख्य सारभाग "अग्निमुखा वै देवता: "देवताहरूको मुख अग्नि हो भन्ने वचनहुनाले जुन देवताको मन्त्र पढी हवनगरेको छ ती ती देवताहरूले पाउंदछन् । त्यस्तै "ब्राह्मणस्य मुखे अमृते अमृतं जुहोमि स्वाहा, "ब्राह्मणोस्य मुखमासीत् "अमृत जस्तो ब्राह्मणको मुखमा अमृततुल्य अन्न हवन गर्दछु, विराटरूप भगवान्को ब्राह्मण मुख हो "मुखादग्निरजायत" मुखबाट अग्नि उत्पन्न भयो यी वेदवाक्य अनुसार सदाचारी पवित्रब्राह्मणको मुखरूपअग्निमा हवनगरेको अन्नादि ब्राह्मणले भोजन गरेर पचाएपनि त्यसको सार भाग वसुरुद्रआदित्यादि दिव्यपितृद्वारा जुन योनिमा पितृभएपनि पुग्दछ । "वैश्वानरे हविरिदं जुहोमि, सविभर्ति पितरं पितामहान्" अग्निमा यो हवि हवन गर्दछु अग्निले पितृ पितामहआदिलाई पोषण गर्दछन् यो अथर्ववेदलेपनि त्यसैलाई अनुगमन गरेकोछ । वायुले सुगन्धित फूलमा रहेको सुगन्ध नदेखिनेगरी जसरी लगेर सर्वत्र सुगन्धितगराएको अनुभव गरेकैछौं, त्यस्तै अग्निको सूर्यकासाथ ऐकात्म्य भएकाले आदित्यसंग पुग्दछ आदित्य पितृदेवतानै हुन् । विश्वास श्रद्धा भक्ति शाास्त्रीयविधिपूर्वक पितृकार्यगरेमा पितृले अवश्य पाउनेछन् । "पुराणं मानवोधर्म: साङ्गो वेदश्चिकित्सितम् । आज्ञासिद्धानि चत्वारि न हातव्यानि हेतुभि:" ॥ पुराण 'धर्मशास्त्र अङ्गसहितवेद आयुर्वेदशास्त्र यी ४ परमेश्वरका हुकुमहुन यो मनुवचन हो, कुतर्कगरी त्याग्नु हुदैन । गीतामा भगवान्ले भन्नुभएको छ "अज्ञश्चाश्रद्दधानश्व संशयात्मा विनश्यति" मूर्ख तथा श्रद्धानगर्ने सन्देहगर्नेलाई असल हुदैन "तस्मात् शास्त्रंप्रमाणं ते कार्याकार्य व्यवस्थितौ" । "यो अकर्तव्य यो कर्तव्यभनी शास्त्रबाट निर्णयलिनु पर्दछ । योपनि गीताको भगवद्‌वचन हो । गृहस्थाश्रममा वसेका मानिसले पितृश्राद्ध गर्नैपर्दछ । "मृताहनि पितुर्यस्तुन कुर्यात् श्राद्धमादरात् । मातुश्च, खगशार्दूल वत्सरान्ते मृतेहनि ॥ नाहंतस्य खगश्रेष्ठ पूजां गृह्णाामि नो हरि:। नब्रम्हा नचवैरुद्रो नचान्ये देवता गणा: ॥ तस्मात् यत्नेन कर्तव्यंवर्षे वर्षे मृतेहनि ॥ पिताको र माताको मरणभएकोदिन प्रतिवर्ष आदरपूर्वक श्राद्ध गर्दैनन् भने त्यस्ता पुत्रको पूजाआदि म ग्रहण गर्दिन, हे गरुढ त्यस्तै हरि व्रह्मा रुद्र अरुदेवताहरूपनि त्यसको पूजा ग्रहण गर्दैनन् त्यसकारण प्रतिवर्ष श्राद्धगर्नुपर्दछ । यो भविष्यपुराणमा भगवान्ले गरुढलाई भन्नु भएको हो । उपनिषद्लेपनि मातृदेवो भव पितृदेवो भव" आमालाई देवतामान्ने पितालाई देवतामान्ने होऊभनेर उपदेश दिएकैछ । धर्मशास्त्रलेपनि नगरेमा प्रत्यवायलाग्ने वताएकै छ ।

८. आजकाल नयां सभ्यताकापूजारी नेपालीहरू जन्मोत्सव मनाउंदा जन्मेका महिनाको गतेलाई लिएर त्यस्तै मृतशोकदिवस प्रतिवर्ष मनाउंदापनि गतेलाईनै लिएर मनाउंदछन् । यो शास्त्रविरुद्ध हुन्छ । मास र वर्ष ३ थरि छन् । १, चान्द्र २, सावन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३, सौर । "चान्द्रः शुक्लादिदर्शान्तः सावनस्त्रिंशता दिनैः । एकराशौ रविर्यावत् तावत्कालंस भास्करः॥ शुक्लपक्षको परेवादेखि औसीसम्म लिने चन्द्रलाई आधारमानेकोले चान्द्रमास, ३० दिन गनेर महिनामान्ने सावनमास, एकराशिमा सूर्य जतिदिन बस्तछन् त्यसलाई लिएर सौरमास, वर्षपनि यही आधारमा हुन्छ । कुनकुन कार्यमा कुनकुन मासलिने "विवाहादौ स्मृतः सौरो यज्ञादौ सावनः स्मृतः । आब्दिके पितृकार्ये च मासश्चान्द्रमसः स्मृतः ॥ विवाह व्रतबन्धआदिमा सौरमास यज्ञयागआदिमा सावनमास वर्ष वर्षमा गरिने जन्मोत्सव आदि र पितृकार्य श्राद्ध आदिलाई चान्द्रमास लिनु पर्दछ । यो व्यासको बचन हो । जुन महिना पक्ष तिथि नक्षत्र परेको दिन जन्म वा मृत्यु भएको छ तर त्योदिन त्योतिथि वा नक्षत्र घडी थोरै भई अर्को तिथि वा नक्षत्र लागेको छ भने पात्रामा भोलिपल्टलेखेकै तिथि लाई लिएर प्रतिवर्ष मासिक श्राद्ध वार्षिक जन्मोत्सव आदि, त्यस्तै नक्षत्रलाई लिएर नामादिकरण गर्नु पर्दछ, गतेलाई लिएर जन्मोत्सव पितृश्राद्धआदि मान्नु हुदैन ।

९. श्राद्धको दिन कुन कुन कालमा कुन कुन श्राद्धगर्ने, पहिले त्यो दिनको पात्रामा दिनमान कतिघडी कति पला छ त्यसलाई उति उति पांच भाग लगाउने त्यसमा पहिलो माग प्रातः दोश्रो भाग सङ्गवः तेश्रोभाग मध्याह्न चौथोभाग अपराह्न र पांचौभाग सायाह्न हुन्छ । "पूर्वाह्णे दैविकं श्राद्धमपराह्णेतु पार्वणम् । एकोद्दिष्टन्तु मध्यान्हे प्रातर्वृद्धि निमित्तकम्" पूर्वभागमा, देवप्रीतिका निमित्त गरिने श्राद्ध अपराह्नकालमा पार्वणश्राद्ध मध्याह्नमा एकोद्दिष्टश्राद्ध, प्रातः कालमा विवाहादिमा गरिने आभ्युदयिकश्राद्ध गर्नु पर्दछ । "अकाले यत्कृतं कर्म विधिशौचविवर्जितम् । अकृतं तद्विजानीयात् पुनरिज्याश्रुतेर्वलात्" ॥ काल विधि पवित्रता नभई गरेको कर्म नगरे जस्तैहो वेदवचन अनुसार फेरी गर्नुपर्दछ । यो स्मृत्यन्तरको वचन हो । त्यसैले तोकेको समय पवित्रस्थान पवित्रब्राह्मण शास्त्रबमोजिमविधि श्रद्धा सबै कुरा हुन पर्दछ । आशौचले छेकिएमा कसैले आशौचान्तमा कसैले मासान्तमा गर्दछन् त्यसमा पनि "देयेतु पितृणांश्राद्धे आशौचं जायते यदा । आशौचे तु व्यतिक्रान्ते तेभ्यः श्राद्धं प्रदीयते" । आशौचपरेमा शुद्ध भएपछि श्राद्ध गर्नु यो ऋष्यश्रृङ्ग ऋषिको मत, "एकोद्दिष्टेतु संप्राप्ते यदि विघ्नःप्रजायते । मासेन्यस्मिंस्तिथौ तस्मिन् शुद्धे कुर्यात् प्रयत्नतः" एकोद्दिष्ट श्राद्धमा विघ्न परे शुद्ध भएपछि अर्को महिनाको त्यही तिथिमा श्राद्धगर्नु यो देवलको मत, यी २ मत परस्पर विरोधी होइनन् यौटाले आशौचपरेमा अर्काले विघ्नपरेमा भनेकोहुनाले आशौचपरेर रोकिएकोमा आशौचान्तमा गर्ने अरु आपत्ति विघ्नद्वारा रोकिएकोमा अर्को महिनाको त्यहीपक्षको त्यही तिथिमागर्ने निर्णय हेमाद्रिमा गरेकाले त्यही अनुसार गर्नुपर्दछ । पुत्र नभएकी विधुवाले पतिकोश्राद्धकोदिन स्त्रीले रजस्वला भएमा चोखिए पछिनै गर्नुपर्दछ मासान्तमा लैजान हूदैन ।

१०. यो पनि जानिराख्नु योग्य छ "अमावास्याक्षयो यस्य प्रेतपक्षेथवा पुनः । पार्वणं तत्र कर्तव्यं नैकोद्दिष्टं कदाचन" जसको क्षयतिथि औंसी छ अथवा सोह्रसराधभित्र छ भने त्यसको एकोद्दिष्ट नगरी एकपार्वण गर्नुपर्दछ, यो आपस्तम्बको वचन हुनाले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

औंसीमा अथवा आश्विन कृष्णपक्षभरि मृत्युभएका मातृ पितृहरूको एकपार्वणविधिले श्राद्ध गर्नु पर्दछ ।

११. अव कस कसलाई तर्पण गर्ने र सोह्रश्राद्धमा र तीर्थमा पिण्डदानगर्ने भन्नेतर्फ जाऔं यो कुरा स्मृतिचन्द्रिकाको आधारमा एकश्लोकले निर्णयसिन्धुमा वताएकै छ ।

"ताताम्वत्रितयं सपत्नजननी मातामहादित्रयं
सस्त्रि स्त्रीतनयादितातजननीस्वभ्रातरस्तत्स्त्रियः ।
ताताम्बात्मभगिन्यपत्यधवयूग् जायापिता सद्गुरुः
शिष्याप्ताः पितरो महालयविधौ तीर्थे तथा तर्पणे" ॥१॥

१२. पितादेखी ३ पुस्ता आमादेखी ३ पुस्ता अर्थात् पिता पितासह प्रपितामह्र माता पितामही प्रपितामही सपत्नमाता मातामह प्रमातामह वृद्धप्रमातामह मातामही प्रमातामही वृद्धप्रमातामही पत्नी छोरा छोरी जेठाबाबु, कान्छाबाबु मामाहरू आफना दाजुभाइ, र यिनका पत्नीहरू अर्थात् जेठीआमा, कान्छीआमा र माईजूहरू, भाउजूहरू, वुहारीहरू र फुपू सानीआमा ठूलीआमा, आफ्ना दिदी, वहिनीहरू, यी सबैका पति र पुत्रहरू, यसमा फुपू सानीआमा ठूलीआमा आफ्ना दिदी वहिनीहरू बाचेकै छन् खाली पति अथवा छोरामात्र परलोकभएमा द्वारलोपभएकोले यिनीहरूलाईमात्र तर्पण पिण्डदान गर्नु पर्दैन । शशुरा सासू गायत्री तथा दीक्षामन्त्र दिने गुरु मन्त्रसुनाएको शिष्य आफ्नो अत्यन्त हितकारक मित्र अथवा त्यस्तै मान्यजन, यिनीहरूलाई तर्पण, महालय र तीर्थश्राद्धमा पिण्डदान गर्नु पर्दछ ।

१३. अव महालयमा पितृत्रय र मातामहत्रयका पत्नीहरूलाई अलग पिण्डदान दिने कि नदिने, पितृव्यहरूलाई कसरी गर्ने, मातृनवमीश्राद्ध कसरीगर्ने यी विषयहरूमा विचार गरौं । "महालये गयाश्राद्धे वृद्धौ चान्वष्टकासुच । ज्ञेयं द्वादशदैवत्यं तीर्येप्रौष्ठे मघासुच॥ निगमवचनअनुसार १२ दैवतय सम्पत्तिछभने गर्ने "महालये गयाश्राद्धे वृद्धौ चान्वष्टका सुच । नवदैवतमत्रेष्ठं शेषं षाट्पौरुषं विदुः। । यो विष्णु धर्मोक्तिलाई मानेर हेमाद्रिकोमतमा ९ दैवत्यमात्रादित्रयलाईमात्र अलगपिण्डदानदिने मातामहीआदि ३ लाई सपत्नीकगर्ने निर्णयछ ।

१४. धर्मसिन्धुमापनि कसैले १२ दैवत्य मानेको छ तर विष्णुधर्मोक्ति र "अन्वष्टकासु वृद्धौच प्रतिसम्वत्सरं तथा । महालये गयायां च सपिण्डीकररााात्पुरा ॥ मातुःश्राद्धं पृथक्कार्यमन्यत्रपतिनासह" ॥ यो स्मृति अनुसार नवदैवत्य गरेहुन्छ भनेको छ ।

१५. १५औं शताव्दीका विशिष्ट विद्वान् महामहोपाध्याय रुद्रधरले वनाएको श्राद्धविवेकग्रन्थको श्राद्धविधिप्रकरणमा पित्रादित्रय मातामहादित्रयलाई मात्र पिण्ड दिने विधि लेखेको छ । अर्थात् द्विपार्वणमात्रको विधिछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१६. "स्वेन भर्त्रा समं श्राद्धं माता भुङ्क्ते सुधोपमम् । पितामही च तेनैव तेनैव प्रपितामही" ॥ वृहस्पतिस्मृतिः ।

"एकत्वं सा गता भर्तुः पिण्डे गोत्रे च सूतके ।
नपृथक् पिण्डदानंतु तस्मात् पत्नीषु विधते" ॥

१७. षट्त्रिंशन्मत, यी दुबैमतमा अमृतजस्तो पतिलाई दिएको पिण्डबाट माता पितामही प्रपितामही पनि भोजन गर्दछन् । पिण्ड गोत्र आशौच एकै हुनाले पतिकासाथ एकत्वभएकी पत्नीलाई अलगपिण्डदानगर्न पर्दैन ॥ अर्थात् द्विपार्वणगरे हुन्छ । "नयोषिद्भ्यः पृथक् दधादवासानदिनाद्क्रते । स्वभर्तृपिण्डमात्राम्यस्तृप्तिरासां यतः स्मृताः"॥ स्मृत्यन्तर एकोद्दिष्टवाहेक अरुश्राद्धमा पतिलाई दिएको पिण्डभागबाटै स्त्रीको पनि तृप्ति हुन्छ अलग पिण्डदान दिनु पर्दैन । "अन्वष्टकासु वृद्धौ च गयायां च क्षयेऽहनि । अत्र मातुःपृथक् श्राद्धमन्यत्र पतिना - सह" ॥ नवमीश्राद्ध वृद्धिश्राद्ध गयाश्राद्ध एकोदिष्टमा माताको अलगश्राद्ध अरुबखत पतिकासाथै अग्निपुराण, यी दुई मतबाटपनि द्विपार्वण सिद्धछ ।

१८. पारष्करगृह्यसूत्रको कातीयश्राद्धसूत्रव्याख्या श्राद्धकाशिकामा, द्विःपार्वणेतुकात्यायनः "कर्षू समन्वितंत्यक्त्वातथाधं श्राद्धषोडशम् । प्रत्याब्दिकंचशेषेषु पिण्डाःस्युःषडितिस्थिति" ॥ सपिण्डीकरण सोह्रमासिक वार्षिकश्राद्धलाई छोडेर ६ पिण्ड हुन्छन् । चतुः पार्वणेतु कात्पायनः "कुर्याद् द्वादशदैवत्यं प्रेतपक्षे तु सर्वदा । तथा तीर्थे गयायां च एष धर्मः सनातनः" महालयश्राद्ध तीर्थश्राद्ध गयाश्राद्धमा द्वादशदैवत्यगर्नु सनातनधर्महो । सुमन्तुः "गयायां च तथा तीर्थे प्रेतपक्षे विशेषतः । कुर्याद्द्वादशदैवत्यम् एकोद्दिष्टमतःपरम् । गयातीर्थ महालयमा विशेषगरेर १२ दैवत्यगर्नु अरुमा एकोद्दिष्ट गर्नु "संक्रान्तावुपरागेच बर्षोत्सव महालये । निर्वपेदिति पिण्डांस्त्रीनिति प्राह प्रजापतिः" ॥ संक्रान्ति ग्रहण वर्षोत्सव र महालयश्राद्धमा ३ पिण्डदिनु प्रजापतिको मतहो । "एवं विप्रतिपत्तौ व्यवस्था उच्यते" । "तत्रैकपार्वणचतूःपार्वणयो र्यथाक्रमंक्षयाहनवमीविषयत्वेन परिशेषाद् द्विपार्वणभेव पक्षश्राद्धेषु अवतिष्ठते तथा च वृद्धयाज्ञवल्क्यः, पुलस्त्यः, स्कन्दपुराणे, सूत्रकारोपि "दर्भेषु त्रीस्त्रीन् पिण्डं दद्यात्", यसरी परस्परविरोधभएमा व्यवस्था बताइन्छ भने र त्यस विषयमा एकपार्वण क्षयदिनमा, चतुःपार्वण मातृनवमीमा, बाकिरहेको महालयश्राद्धमा द्विपार्वणगर्नु पर्दछ । वृद्धयाज्ञवल्क्य पूलस्त्यः र स्कन्दपुराणमापनि यही मतछ गृह्य सूत्रकारलेपनि कुशमा पित्रादि ३ लाई र मातामहादि ३ लाई पिण्डदिनु भनेकोछभनि श्राद्धकाशिकाव्याख्यामा महालयश्राद्ध २ दैवत्यगर्ने भनेकोछ । "गयायां पुष्करे चैव तथैवान्वष्टकासु च । पितृमुख्येन कर्तव्यं पार्वराानां चतुष्टयम्" ॥ गया पुष्कर अन्वष्टकाहरूमा पितृमुख्यगरी चारपार्वरा गर्नु, यो वृद्धयाज्ञवल्क्यको वचनवाट मातृ नवमीमा ४ दैवत्य गर्नु पर्दछ । यसो गर्दा अन्वष्ठकासु नवमिःपिण्डैःश्राद्धमुदाहृतम्" । अन्वष्टकामा नौ पिण्डदिनु यो वचन विरुद्धछभनि शंकागर्न पर्दैन अन्चष्टकासु भनेर वहुवचनगरेपनि "कपिन्जलान् आलभेत" यो विधिवाक्य "मा हिंस्यात् सर्वा भूतानि" यो मुख्यविधि वाक्यसाथ विरोध भएकोले ३ कपिन्जलकोमात्र आलंभनगरेजस्तै यहांपनि ३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अन्वष्टका भनेर आग्निहोतृले गरिने अरुनै ३ अन्चष्टकालाई लिएको हो मातृनवमीलाई लिएको होइन, पुराणसमुदायमापनि "तामिस्रपक्षे नवमी या पुण्यातु नभस्यके । चत्वारः पार्वणाः कार्याः पितृपूर्वाः मनीषिभिः । आश्विनकृष्णपक्षको नवमीमा त पितृपूर्वक ४ पार्वण गर्नु भनेको छ । यसरी कातीयश्राद्धसूत्र व्याख्यामा मातृनवमीमा ४ विश्वेदेव ब्राह्मण ४ पितृ ब्राह्मण ९ भाग सिधागरी गर्ने निर्णयछ । चतुर्वर्गचिन्तामणि परिशेषखण्ड श्राद्धकल्पको देवताप्रकरणमा पार्वणश्राद्धमा मातामहादि त्रयलाई पिण्डदान गर्नपर्दैन भन्ने पूर्वपक्षमा कल्पसूत्रको र पुराणहरूको मत देखाएर पछि बाट सूत्रकारले त्रींस्त्रीन् पिण्डान् अवनेज्य दद्यात् ॥ तीनतीन यो दुईपटक उचारण बाट मातामहादिलाई पनि दिनुपर्ने देखिएकोले त्यस्तै मातामहानामप्येवं तन्त्रं वा वैश्वदेविकम् । पित्रादिलाई जस्तै मातामहादिलाई पनि दिनु विश्वदेव एकै भएपनि हुन्छ यो वचन । वेदको मन्त्रमा पित्रादित्रयको र मातामहादित्रयको नाम उल्लेख भएको पितरोयत्रपूज्यन्ते तत्र मातामहाअपि । आविशेषेणकर्तव्यं विशेषान्नरकं ध्रुवम् ॥ पित्रादित्रयको श्राद्ध गर्दा मातामहादित्रयको पनि श्राद्ध गर्नु पर्दछ । नगरेमा नरकको भोगगर्नु पर्दछ, धौम्यवचन, त्यस्तै कर्षूसमन्वितं मुक्त्वा तथार्घं श्राद्धषोडशम् । प्रत्याब्दिकं वा शेषेषु पिण्डाः स्युः षड् इति स्थितिः ॥ योकात्यायन वचनलाई देखाएर तदेवं षड्दैवत्यं मुख्यं पार्वणम् इति सिद्धम् । एवं पार्वणेनविनाक्रियमाणम् अष्टका संक्रान्ति ग्रहणाादि साधारणकालविहितं नित्यं नैमित्तिक काम्यं वा षड्दैवत्यमेव पार्वणेतिकर्तव्यतातिदेशात् अव यसरी मुख्यपार्वणश्राद्ध षड्दैवत्य (द्विपार्वण) गर्नु पर्ने सिद्ध भयो । पार्वण वाहेक गरिने अष्टका संक्रान्ति ग्रहणदिसाधारणकालमा गरिने नित्य नैमित्तिक काम्य जे श्राद्धभएपनि पार्वण अनुसार गर्नु भनेकोले षड्दैवत्य नै गर्नुपर्दछ । त्यहां सपत्नीक भनेर संकल्पवाक्य पनि देखाएको छ । यति निर्णयगरी पार्वणश्रद्धमा द्विपार्वणनै गर्नुपर्दछ भन्नेमा अरु मत्स्यपुराण व्रह्माण्डपुराण देवल पुलस्त्यआदिको मत यसैमा छभनि पुष्टिपनि गरेको छ । यसमा षड्दैवत्यभनेर पित्रादित्रय र मातामहादित्रयलाइ लिएको छ । चतुर्वगचिन्तामणि परिशेषखण्ड श्राद्धकल्पको पिण्डदान प्रकरणमा अत्र येषां गृह्यकारैरमावास्यादौ मातृश्राद्धं पृथग् विहितम् तै र्द्वादशदैवत्यं श्राद्धं कर्तव्यम् । पितरो यत्र पूज्यन्ते तत्र मातामहा ध्रुवम् । इति वचनात् मातामहश्राद्धेपि कर्तव्ये प्राप्ते "प्रकृतिवद् विकृतिः" इति न्यायात् पृथग्मातामहीवर्गस्याऽपि श्राद्धं कर्तव्यम् संमतंच शिष्टानां पितृश्राद्धे विकृतित्वं मातामहश्राद्धस्य । अतएव मातामहश्राद्धे पितृश्राद्धधर्मातिदेशः आपस्तम्बगृह्यमाष्यार्थ संग्रहकारेण दर्शितः, मातामहानामप्येवं श्राद्धं कुर्यात्प्रयत्नतः इति, अत्र मातामहीवर्गस्य मातामहेम्पःपश्चिमतःसर्वान्ते निवेशः, उक्तप्रायश्चात्र पदार्थानुष्ठानक्रमः । येषांतु गृह्यकारैरमावास्यायां मातृश्राद्धे पृथक् नोक्तम् तैरमावास्यादौ पित्राधुद्देशे क्रियमाणे सपत्नीकाभिधानं कर्तव्यम् यस विपयमा जसको गृहयसूत्रकारले औंसीआदिमा मातृश्राद्ध भिन्नै विधानगरेको छ । तिनीहरूले द्वादशदैवत्यश्राद्ध गर्न पर्दछ, जहां पितृहरू पूजिन्छन् त्यहां मातामहहरूपनि पूजिनु पर्दछ यस्तो वचनहुनाले मातामहश्राद्धपनि गर्नैपर्ने भएपछि प्रकृतिजस्तो विकृतिपनि हुने हुनाले मातामहीवर्गको अलगश्राद्ध गर्न पर्दछ । शिष्टहरूले पितृश्राद्धमा मातामहश्राद्धलाई विकृति मानेकोछ । यसकारराले नै मातामहश्राद्धमा पितृश्राद्धधर्मको अतिदेश आपस्तम्व गृह्यमाप्यार्थसंग्रहकारले मातामहको पनि पितृश्राद्ध जस्तै प्रयत्नपूर्वक श्राद्धगर्नुपर्दछ भनेर उल्लेख गरेकोछ । पिण्डदानमा मातामहीवर्गलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मातामहवर्गभन्दा पश्चिमतर्फ सवैकोपछाडी राख्नपर्दछ । यसविषयमा पदार्थ अनुष्ठानको क्रमवताई सकेजस्तै भयो । जसको त गृह्यसूत्रकारले औंसीमा मातृश्राद्ध भिन्नै वताएको छैन तिनीहरूले औंसीआदिमा पितृआदिको नामलिंदा सपत्नीक भनेर भन्नु पर्दछ अर्थात् षड्दैवत्य गरेहुन्छ । यसरी अलग अलग निर्णयगरी आफ्नो गृह्यसूत्र अनुसारगर्ने भनेको छ । अब यस विषयमा निर्णयमा जाऔं यसरी मत मतान्तरमा जौमिनिले विप्रतिषिद्धधर्मसमवाये भूयसां स्यात्सधर्मत्वम् परस्परविरोधी मतभएमा धेरैको जुन सहमतछ त्यही मान्नु अथार्त "महाजनो येन गत: स पन्था" ठूला ठूला सदाचारी धर्मज्ञहरूले जे गरेको छ त्यही गर्नु भन्नू भएकोछ । जावालिले श्रुतिद्वैधेतु यत्र स्यात्तत्र धर्मावुभौस्मृतौ । "स्मृति द्वैधेतु विषया: कल्पनीया: पृथक् पृथक् ॥ " दुई थरी श्रुति मिलेमा दुवैधर्म मान्य धर्मशास्त्रमा दुई मतभएमा भिन्ना भिन्नै मान्नुपर्दछ भनेकोछ । पारस्करगृह्यसूत्रको कातीयश्राद्धसूत्रमा, द्विदैवत्यनिर्णय गरेको कर्कगदाधरमाष्यमापनि यहीमतछ, यसलाई मुख्यमान्ने परम्परापनि छ । चतुवर्गचिन्तामणिमा पनि द्विपार्वणगर्ने हाम्रो गृहयसूत्र अनुसार निणर्य छ । धेरै ऋषिमुनिहरूको पनि यही राय छ । गर्नसक्ने क्षमता भएकाले सवैविधिपूर्ण गरी त्रिर्देवत्य, चतुर्दैवत्य गर्ने राय दिएकाछन् धेरैले द्विपार्वण नै गरेकाछन् । (अर्थात माताआदित्रय र मातामही प्रमातामही वृद्धप्रभातामहीत्रयको अलग अलग पिण्डदान नगर्ने सपत्नीक गर्ने) मीमांसामा पनि विरोधिमत्हरू भएमा धेरैलेमानेको मान्नु पर्दछ भनेकोछ । मनुले "येनास्य पितरो याता येन याता: पितामहा: । तेन यायात् सतां मार्ग तेन गच्छन्नदुष्यति ॥ बावु वाजेले जुनऋषिको वचनलाई लिएर जुनकिसिमको आचरणगरेका छन् त्यही किसिमले गरेमा योग्य हुन्छ, भनेकाले आफ्नो परम्परालाई लिनु योग्य छ । तर यसमा आजकाल पार्वणश्राद्धमा माताआदि ३ लाई अलग पिण्डदान गर्ने त्रिपार्वणमा ३ विश्वेदेवा ३ पितृब्राह्मण नराख्ने, मातृब्राह्मणको सिधादान पनि न गर्ने, त्यस्तै मातामही आदिलाई पनि अलग पिण्ड दिने, ब्राह्मणभाग र सिधाभाग नबढाउने यो चलन देखिएको छ, यो धर्मशास्त्र सम्मत छैन् । विभव भएमा माताआदि र मातामही आदिलाई अलग पिण्डदिनु उत्तमपक्ष हो तर विधिपूर्णनगरी गर्न राम्रो हुदैन । सामान जुटाउन नसके धेरै ऋषिहरूको संम्मत लोकमापनि सवैभन्दा प्रचलित द्वियार्वण गर्नुनै उचित देखिन्छ ।

१९. हामीहरूमध्ये मातृनवमीश्राद्ध गर्ने ज्यादै थोरै, तर्पण सिधादान ब्राह्मणभोजन गर्ने आधाजति र केही पनि नगर्ने पनि छन् । तर "गर्भधारणपोषाम्यां पितुर्माता गरीयसी १० महिनासम्म गर्भवोक्नु परेकोले र जन्मेपछि पनि पालन पोषण माताबाट हुने हुनाले पिता भन्दा माता ज्यादै पूज्यभनेर धर्मशास्त्रले र प्रत्यक्ष अनुभवपनि भएकोले मातृनवमीमा श्रद्धाभक्ति विधिपूर्वक १२ दैवत्य चतु: पार्वणश्राद्ध गर्नु पर्दछ । नगरेमा प्रायश्चित्त भागी हुन्छ । मातृनवमीमा श्राद्ध गर्दा नवदैवत्य त्रिपार्वणगर्ने चलनपनि छ यो पक्षमान्ने ऋषिहरू पनि छन् । जस्तै "अन्वष्टकासुनवमि:पिण्डै:श्राद्धमुदाहृतम् । पित्रादि मातृमध्यंच ततो मातामहान्तिकम् ॥ मातृनवमीमा पित्रादिपूर्व मात्रादि मध्य मातामहादिसपत्नीक अन्त्य गरी नौ पिण्ड दिनु । पारस्कर सूत्रमा भने १२ दैवत्यनै गर्ने निर्णय गरेको छ, यो मैले पहिले पार्वण निणयमा लेखिसकेको छु उत्तमपक्षपनि हो परम्परामा त्रिपार्वण गरेकोले पनि कुनै ऋषिको पक्ष लिएकै छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२०. अवमहालयमा कान्छाबाबु आदि पिण्डदिनपर्ने पितृहरूको विषयमा विचारगरौं । निर्णयसिन्धुमा हेमाद्रौ पुराणान्तरे उपाध्यायगुरुश्वश्रूपितृव्याचार्यमातुलाः । श्वशुरभ्रातृतत्पुत्र पुत्रर्त्विक्‌शिष्यपोषकाः ॥ भगिनीस्वामिदुहितृ जामातृभगिनीसुताः । पितरौ पितृपत्नीनां पितु र्मातुश्च या स्वसा ॥ सखिद्रव्यदशिष्याधास्तीर्थे चैव महालये । एकोद्दिष्टविधानेन पूजनीयाः प्रयत्नतः हेमाद्रिमा पुराणन्तर भनेर माथिश्लोकहरूमा वताएका उपाध्यायआदिको अर्थात् (पितृत्रय मातृत्रय मातामहत्रय मातामहीत्रय वाहेक अरुपिण्डभागीहरूको तीर्थश्राद्धमा र महालयश्राद्धमा एकोद्दिष्टविधिले गर्नु भनेकोले पार्वणकोविधि गर्नुपर्दैन । आजकाल हामीहरू मातृनवमी वाहेक महालयमा एकदिनमात्र श्राद्धगर्ने पक्षपनि भएकोले त्यही अनुसार पिताको तिथिपारी पार्वणश्राद्ध गर्दछौं, त्यसमा कान्छावा आदि तर्पणदिने सबको पनि पिण्डदान गर्दछौं । त्यो एकोद्दिष्ट विधिले गर्नुपर्दछ । यसमा पितृभक्त पुत्रहरूले अरु सबै पितृव्यआदि पितृहरूका निमित्त एकब्राह्मणभाग अलगराखी त्यसैमा सबै पितृव्यआदि पिण्डभागिहरूको अलग अलग हस्तार्घगरी एकभाग सिधा समेत पितृव्यादिपिण्डभागिसमस्तपितृभ्य इदमन्नं सजलं सोपस्करभक्षय्य तृप्तिहेतो र्युष्मभ्यं स्वधा भन्ने वचनपारी दिने गर्न असल हुन्छ । यो उत्तमपक्ष हो । यसलाई एक वोतामा पितृब्राह्मण र-एकभागसिधा बढी चाहिन्छ ।

२१. अब आभ्युदयिकश्राद्धमा त्रिपार्वण गर्नेकि चतुःपार्वणगर्ने पिण्ड दिनेकि नदिने यस विषयमा विचार गरौं । "महालये गयाश्राद्धे वृद्धौ चाऽन्वष्टकासु च । नवदैबत्यमत्रेष्टं शेषंपाट्पौरुषं विदुः" ॥ यो बिष्णु धर्मोक्तिले होमाद्रिमा नवदैवत्य भनेको छ । "मातृश्राद्धं तु पूर्वस्यात् पित्तृर्णा तदनन्तरम् । ततोमातामहानांच वृद्धौ श्राद्धत्रयं स्मृतम्" ॥ जावालिलेपनि नवदैवत्य मानेकोछ । अन्वष्टकायां यच्छ्राद्धं यच्श्राद्धं वृद्धिहेतुकम् । पित्रादीनां पृथग् दानं स्त्रीणां पिण्डः पृथक् पृथक्" ॥ स्मृतयन्तरमा अन्वष्टकार वृद्धिश्राद्धमा मातृआदिलाईपनि अलगअलग दिनुपर्दछ भनेर १२ दैवत्यगर्नु भनेकोछ । "पिण्डनिर्वपणं कुर्यान्नवा कुर्यात् विचक्षणः । वृद्धिश्राद्धे कुलाचारो देशकालाघवेक्ष्य हि" कुलाचार देशकालआदिलाई विचारगरेर पिण्डदान गरेपनि नगरेपनि हुन्छ यो भविष्यपुराणको बचनहो । यसरी नवदैवत्य र १२ दैवत्यमा दुवैथरि ऋृषिहरूकामत पाइन्छन् महामहोपाध्याय रुद्रधरले बनाएको "श्राद्धविवेक" ग्रन्थको आभ्युदयिकश्राद्धको विधिमा त्रिपार्वणको विधानछ । पिण्डदानगर्ने पक्ष छ । याज्ञवल्क्यमापनि "यजेत दधिकर्कन्धूमिश्रैःपिण्डान् यवैःक्रियाः" यो उल्लेखगरेर त्रिपार्वण र पिण्डदान विधानछ । कात्यायनाचार्यले बनाएको श्राद्धसूत्रको छैठौ कण्डिकाको गदाधरभाष्यमात धनधान्यपुत्रपशुआदिको वृद्धिकानिमित्तगरिनेवृद्धिश्राद्ध अग्न्याधानादि अभ्युदयनिमित्तगरिने आभ्यूदयिकश्राद्धभनि २ विभागगरी वृद्धिश्राद्धमा १२ दैवत्य आभ्युदयिकश्राद्धमा नवदैवत्यगर्ने निर्णय गरेकोछ । हामीलेगरिने आभ्युदयिकश्राद्धविधिमा संवैविधि नवदैवत्यलाईनै लिएर लेखिएको छ । हामीपनि त्यसै गर्दछौं, कसैको कुल परम्परामा १२ दैवत्यगर्नेगरेको छभने त्यो उत्तमपक्षहो । दुवैपक्ष मान्यछन् । पिण्डदिने र नदिनेमापनि कुलपरम्परामा दिनेगरेकाले पिण्डदान गर्ने र नगर्नेगरेकाले पिण्डदान नगर्ने दुवैपक्ष मान्यछन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२२. प्रतिवर्ष मरणदिनमा गरिने पितृमातृश्राद्धमा पनि एकपावर्णगर्ने र एकोद्दिष्टगर्ने विषयमा दुवैपक्षमा वचनपाइन्छन् । आफ्नो कुलपरम्परा अनुसार गर्नु पर्दछ । त्यसमा हामीहरूको एकोद्दिष्टनै गर्ने कुलपरम्परा भएकोले एकोद्दिष्टनै गर्ने । कसैको पिताले सन्यासलिएर देहत्यागगरेको भएत "एकोद्दिष्टंयतेर्नास्ति त्रिदण्ड ग्रहणादिह । सपिण्डीकराा भावात्पार्वणंतस्यसर्वदा" ॥ त्रिदण्डग्रहणगरेका सन्यासीको सपिण्डी नभएको हुनाले एकपार्वण गर्नु पर्दछ । औंसीमा र सोह्रश्राद्धमा मरणभएको त सबैले पार्वणनै गर्नुपर्दछ यो कुरा प्रमाणसहित माथि बताइसकेको छ ।

२३. वसन्तादिपूजाको विषयमा शास्त्रहरू अवलोकनगरी निम्न आफ्नो मन्तव्य प्रकट गरेकोछु । १५ शताव्दीका मिथिलानिवासी महामहोपाध्याय विशिष्टविद्वान् रुद्रधरले बनाएको श्राद्धविवेकनामको ग्रन्थमा पार्वण एकोद्दिष्ट आभ्युदयिकआदि सबै श्राद्धपद्धतिमा वसन्तपूजा कुनैपनि श्राद्धमा लेखेको छैन । श्राद्धचिन्तामणिकारले वसन्तपूजा गरेपछि पिण्डको अवघ्राण (सुंघनेकाम) गर्ने भनेका छन् । पारस्करगृह्यशूत्रको श्राद्धविधिको कण्डिकामा वसन्तपूजा विधानछैन । त्यसको कर्कभाष्यमापनि विधान छैन । गदाधरभाष्यमा नीवीविसर्गः, नमो वः इतिषडञ्जलिकरणम्, एतद्वः इति सूत्रदानम् पिण्डपूजनम् । (स्मृत्युक्तम्) कटिको मोटक फूल त्यागगरी "नमो वः पितरः" यस कण्डिकाले ६ पटकअञ्जलि जोडेर ढोकदिनु "एतत् वः" यो मन्त्रले सूत्रदिंनु स्मृतिविहित पिण्डपूजनगर्नु यो लेखेको छ । श्राद्ध काशिकाव्याख्यामा यसैको अर्थ गरेर "नीविं विस्रंस्यनमो वः इति मन्त्रेण षडञ्जलीन्करोतीत्यर्थः ननू अञ्जलिमिति एकत्वात् कथंषडञ्जलीन् इति षड्ऋतुनमस्काररूपत्वादञ्जलेः इत्यदोषः तथाच श्रुतिः "षट्कृत्वो नमस्करोति षड्वा ऋतवः पितरः" इत्यादि "एतद् वः" इति मन्त्रेण प्रतिपिण्डं सूत्राणि उपास्यति ददातीत्यर्थः ॥ "पिण्डोपयुक्तं पूजनान्तं कृत्वा चतुर्थ्यन्तसंकल्पेन धूपादीन् निवेदयेत्", कटिमाराखेको मोटकफूललाई खसालेर "नमो वः" मन्त्रले छपटक अञ्जलि जोड्नु अर्थहो अञ्जलिमा एकवचनहुनाले बहुवचन कसरी ऋतुहरूको नमस्कारस्वरूप अञ्जलीहुनाले दोषछैन, छ पटक नमस्कार गर्दछ छवटा ऋतु नै पितृहरू हुन् यो वेदवाक्य हुनाले, "एतद् वः" मन्त्रले प्रतिपिण्डमा सूत्रदान, पिण्डलायकपूजा सिध्याएर सङ्कल्पमा चतुर्थीविभक्तिअन्त्यमाहुने वाक्य उच्चारणगरी धूपदीपनैवेद्यादि निवेदन गरोस् भनेर लेखेको छ ।

२४. पदार्थक्रमश्राद्धप्रयोगविधि सामाप्तभएपछि पारस्करगृह्यसूत्रको कातीयश्राद्धसूत्रको तृतीयकण्डिकाको श्राद्धकाशिकाव्याख्यामा "अत्रैके ऋतुपूजनम् सव्येन इत्याहुस्तन्न" "आचम्योदक्परावृत्य नियम्य च शनैरसुन् । षड्ऋतून्वै नमस्कुर्यात् पितृनिवचमन्त्रवत्" "इति मनुवचनात्" सव्यभएर वसन्तादि ऋतुपूजागर्नु भनि कसैले भनेको छ तर त्यो ठिकछैन अर्थात् हुदैन किनभने पहिलेनै आचमनगरी उत्तरतर्फफर्की स्वासलाई रोकेर प्राणायाम गरेर वसन्तादि ६ ऋतुलाई ब्रह्मपुराणको "वसन्ताय नमस्तुभ्यं ग्रीष्माय च नमो नमः" इत्यादि मन्त्रले पितृजस्तैसंझी नमस्कारगरोस् पितृहरूलाईपनि नमो वः पितरः इत्यादि वेदकण्डिकाले नमस्कारगरोस् भनेर मनुले भन्नुभएको हुनाले यो उल्लेख छ । याज्ञवल्क्यस्मृतिमा र प्रमीताक्षरामा वसन्तपूजा छैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२५. मनुस्मृति ३ अध्याय २१७ श्लोकको कुल्लूकभट्टविरचितमन्वर्थमुक्तावलीको आधारमा पछि वसन्तपूजा गर्नुपर्दैन भनेर कातीयश्राद्धसूत्रको श्राद्धकाशिकाव्याख्यामा भनेको छ । यसमा निर्णयमाथिदेखाएका शास्त्रवचनादि अनुसार वसन्तादिपूजाको वारेमा प्राचीनआचार्यहरूको मतमा वसन्तादि ६ ऋतु र पितृलाई एकैस्वरूप मान्नुपर्ने देखिन्छ । "नमो वः पितरो रसाय" यस वेद कण्डिकावाटपनि यहीकुरा बुझाएको छ । मनुस्मृति ३।२१७ को मन्वर्थमुक्तावलीमा "वसन्ताय नमस्तुभ्यम् इत्यादिना षड्ऋतून्नमस्कुर्यात् पितृंश्च "नमो वः पितरः" इत्यादिमन्त्रयुक्तं नमस्कुर्यात्" "वसन्ताय नमस्तुभ्यम्" इत्यादिमन्त्रले ६ ऋतुलाई र "नमो वः पितरः" इत्यादिमन्त्रले पितृहरूलाई नमस्कार गरोस् भनेर वसन्तादिपूजापिण्डपूजाको साथैगर्ने कुराछ, त्यस्तै "षट्कृत्वो नमस्करोति षड् वा ऋतवः पितरः" ६ ऋतुहरू पितृ हुन् ६ पटक नमस्कार गर्दछ यो वेदवाक्यवाट पनि वसन्तादि ६ ऋतु र पितृहरू एकै हुन्भन्ने प्रमाणित हुन्छ । गदाधरमाष्यमा स्पष्टरूपले "अत्रैके ऋतुपूजनं सव्येन इतयाहु स्तन्न" कुनै आचार्यहरू सव्यभएर ऋतुपूजा गर्नु भन्दछन् । तर त्योगर्नु हुदैन भनेर पिण्ड उठाएपछिलाई निषेध गरेकोछ यो सबै विचार गर्दा पिण्डपूजाकै साथै ऋतुपूजागर्नु उपयुक्त देखिन्छ । त्यसोगर्दा पितृतृप्तिका निमित्त दिएको पिण्डमा पछि वसन्तपूजा कसरी भन्ने शङ्काको समाधान पनि हुन्छ । आजकाल हामीले अपनाएको श्राद्धविधिमा नम्रभएर पिण्डसुंघेर टपरिमा उठाईसकेपछि मात्र वसन्तपूजागर्नुभनेको शास्त्रसम्मत देखिदैन । सुंघनुलाई अर्धभक्षण भनेकाले उच्छिष्टपिण्डमा कसरी वसन्तपूजागर्ने यो सबैलाई खट्किने कुराछ । पहिले देखिनै श्राद्धकर्तावाहेक अरुभाइदाज्यूहरू बुहारीहरूसमेत भै श्रद्धा भक्तिपूर्वक सबैले गरिने वसन्तपूजा अवश्यनै गर्नपर्दछ तर कुनवखतगर्ने पिण्डपूजा साथैगरेमा उत्तमपक्ष, पछिनै गर्नेभन्ने पक्षमा पहिले पिण्डसुंघ्न हुदैन वसन्तपूजा सिध्याएपछिमात्र पिण्ड सूंघ्न पर्दछ श्राद्ध चिन्तामणिकारलेपनि यसै भनेका छन् । वसन्तादिस्वरूपबाट पितृको फेरी पूजा गर्नु "द्विर्वद्धम् सुबद्धम्" दुईपटक घुमाएर बांधेमा बांधेको बलियो हुन्छ यो नीति अनुसार पितृमा भक्ति श्रद्धा भएका बुहारीहरूबाट पनि वसन्तपूजा भक्तिपूर्वकगर्ने चलन भएकोले यो वसन्तपूजा लोकसंग्रह हो । "धर्म जिज्ञासमानानां प्रमाणं परमं श्रुतिः । द्वितीयं धर्मशास्त्रंतु तृतीयं लोकसंग्रहः ॥ धर्मजान्न खोज्नेका निमित मुख्यप्रमाण वेद हो दोस्रो धर्मशास्त्र तेस्रो लोकसङ्गह हो भनेकोले यसलाई लिनै पर्दछ । गीतामा भगवान्लेपनि "लोकसंग्रहमेवापि संपश्यन्कर्तुमर्हसि" । लोकसंग्रहलाईपनि विचारगरी कर्म गर्नुपर्दछ भन्नुभएको छ । खाली पिण्डावघ्राण, (पिण्ड सूंघ्नेकाम) वसन्तपूजा अगाडि गर्नुभएन ॥ पितृहरूमा श्रद्धाभक्ति वढाउने परिवारसहितकोवसन्तपूजा अहिलेकोसमयमा ज्यादै उपयुक्तछ । कर्मकाण्डी विद्वान्हरूबाट यो कुरा हृदयङ्गमगर्नु हुनेनै छभनि विश्वास लिएको छु ।

२६. पार्वणश्राद्धमा अग्नौकरण अर्थात् हवन् गर्दछौं, त्यसमा अपसव्यले हवनगरी वांकि रहेको हवनीयद्रव्य अर्थात् केरा घिउ चामल, तिलआदि सव्यभएर विश्वदेवब्राह्मणमा र अपसव्यभएर पितृब्राह्मणमा चढाउने विधि छ । त्यसमा अपसव्यभएर हवनगरी वांकी रहेको वस्तु देवब्राह्मणमा चढाउन नहुने खाली

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पितृब्राह्मणलाई मात्र चढाउने भनि केही विद्वान्हरूले त्यस्तै गरेका छन् श्राद्धविधि विपरीतगर्ने गरेका छन् । यसमा पनि विचारगरी सर्वसाधारणमा वोध गराउनु आवश्यक ठानी प्रस्तुत गरेको छु ।

क. "हुतशेषं प्रदद्यात्तु भाजनेषु समाहितः । यथालाभोपपन्नेषु रौप्येषु च विशेषतः"॥ याज्ञवल्क्य आचाराध्याय २३७ श्लोकको टीकामीताक्षरामा "प्राचीनावीती शुद्धमन्नम् उपसमाधाय हुत्वा हुतशेषं मृण्मयवर्जं यथालाभोपपन्नेषु विशेषतो रौप्येषु पित्रादिभाजनेषु दधात् न वैश्वंदेवभाजनेषु" अपसव्यले एकचित्त भई हवन गरेर बांकिरहेको हव्य माटाकोपात्र वाहेक जस्तो भेटिन्छ त्यसमा विशेषगरी चांदिको पितृब्राह्मणपात्रमा चढाउनु, वैश्वदेवमा नचढाउनु भनेको छ ।

ख. "अपसव्यमग्नौ कृत्वा सर्वमावृत्य विक्रमम् । अपसव्येन हस्तेन निर्वपेन् उदकं भुवि ॥ त्रीस्तू तस्माद् हविःशेषात् पिण्डान् कृत्वा समाहितः । ३ अध्याय २१४,२१५ श्लोक मनुस्मृतिमा अपसव्यभएर हवन गर्नु भनेको छ शेष ब्राह्मणपात्रमा चढाउनु भनेको छैन्, बरु वांकि भागले ३ पिण्ड वनाउनु भनेको छ ।

ग. महामहोपाध्याय रुद्रधरले वनाएको श्राद्धविवेकमा "तत्त् श्राद्धदेयान्नभागमानीय सघृतं तत्सव्येनैव प्राङमुखः पुटकादिस्थजले आहुतिद्वयं जुहुयात् । हुतशेषमन्नं किञ्चित् किञ्चित् सव्येन देवपात्रद्वये अपसव्येन पित्रादिपात्रेषु दत्वा पिण्डार्थं किञ्चित् अवशेषयेत्" श्राद्धमा दान गरिने ती ती अन्नको पहिलो भाग घृतसंहित लिएर घृतयुक्त त्यसअन्नलाई सव्यले नै पूर्व फर्केर दुनाको जलमा दुई आहुति होम गरोस् वांकि मध्ये अलि अलि सव्यले देव पात्र दुईमा र अपसव्यले पितृ आदि पात्रहरूमा चढाई पिण्डका निमित्त अलिकति बांकि राखोस् भनेको छ ।

घ. पारस्करगृह्यसूत्र परिशिष्ट श्राद्धविधिको तेस्रोकण्डिकामा "पिण्डपितृयज्ञवद् हुत्वा हुतशेषं दत्वा पात्रमालभ्य जपति "दर्शश्राद्वआदिमा बताए अनुसार हवन गरेर वांकि रहेको वस्तु चढाएर अन्नपात्रलाई दुइहातले ढाकेर पृथ्वी ते पात्रम्, इत्यादि मन्त्र जप्नु भनेको छ, यस पात्रमा चढाउनु भनि नतोकेकोले देवपात्र पितृपात्र दुवैमा चढाउन हुने देखिन्छ ।

ङ. उक्तकण्डिकाको कर्कभाष्यमा "हुत शेषं दत्वा" को व्याख्यामा "विशेषानवगमा त्सर्वेभ्यो देयम्"। विशेष केही नभनेकोले देवपितृ दुवैब्राह्मणलाई चढाउनू पर्दछ । भनेकोले दुवै थरि ब्राह्मणमा चढाउने निर्णय छ

च. उक्त काण्डिकाको गदाघरभाष्यको पदार्थक्रममा "हुतशेषानुल्लेखात् साधारण त्वात् दैवे पित्रे च देयम् इतिकर्काचार्यमतम्, कल्पतरुहेमाद्रिमिताक्षराकाराणां मते पित्र्ये एव एतदुमयं समूलम्" । हवन गरेर बांकिरहेको अन्नकोवारेमा केहिविशेष

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

न भनेकोले देवपात्र पितृपात्र दुवैमा चढाउनुभन्ने कर्काचार्यको मतछ । कल्पतरु हेमाद्रि मिताक्षराकार विज्ञानेश्वरहरूको मतमात पितृपात्रमा मात्र चढाउने निर्णय छ । यी दुवै शास्त्र सम्मत छन् ।

छ. शाठयायनिले "हुतेशेषं पूर्वं दैवे दत्वा पश्चात् पित्र्येदद्यात्" हवन गरेर बांकिरहेको द्रव्य पहिले देवब्राह्मणमा चढाएर पछि पित्तृब्राह्मणमा चढाओस् भनेको छ ।

ज. यमले "अग्रौकरणशेषन्तु पित्र्येतु प्रतिपादयेत् । प्रतिपाद्य पित्तृणांतु न दद्याद् वैश्वदेविके"॥ हवनवाट शेषरहेको द्रव्य पितृब्राह्मणमा चढाओस्, पितृलाई दिए पछि त देवब्राह्मणमा नचढाओस् भनेका छन् ।

झ. धर्मप्रदीपकमा "अग्न्यभावेतु विप्रस्य हस्ते हुत्वातु दक्षिणे । शेषयेत् पितृविप्रार्थं पिण्डार्थं शेषयेत्ततः" ॥ अग्नि नमिलेमात ब्राह्मणको दाहिने हातमा चढाएर पितृब्राह्मणका निमित्त र पिण्डकानिमित्त बांकि राखोस् भनेको छ ।

ञ. कातीयश्राद्धसूत्रको कृष्णमिश्रकृतश्राद्धकाशिकाव्याख्यामा "अत्र एके विवदन्ते" अग्नौकरणहोमश्च कर्तव्यमुपवीतिना । प्राङ्मुखेनैव देवेभ्योजुहोतीति श्रुतिःश्रुतौ ॥ अपसव्येन वा कार्यं दक्षिणाभिमुखेनच । निरुप्य हविरन्यस्मै अन्यस्मिन्नहिहूयते" ॥ इतिकात्यायनर्वचनात् । सव्येन जुहुयादग्नौ अग्नौकरण आहुती । "इति वृद्ध याज्ञवल्क्योक्तेश्च उभयथा वचनदर्शनात् साग्निः सव्येन निरग्निरपसव्येनेति तद्युक्तम् सूत्रकृता साग्निनिरग्न्यो रपसव्येनैव विधानात्" । यसवारेमा केहि विद्वान्हरू वखडा गर्दछन् । सव्यभएर अग्नौकरणहोमगर्नु पर्दछ, वेदले पूर्व फर्केर देवतालाई हवनगर्नु भनेको छ । अथवा दक्षिणाभिमुख भएर अपसव्यले हवनगर्नु पर्दछ । एकथरिलाई हविदिने निरुपणगरेर अरुथरिलाई हवनगर्नु हुदैन यस्तो कात्यायनको वचनहुनाले र अग्नौकरणका दुई आहुति सव्यले हवन गरोस् यस्तो वृद्धयाज्ञवल्कयले भनेको हुनाले पनि अग्निहोत्रिले सव्यले साधारणले अपसव्यले हवनगर्नेभनि विवाद गर्दछन् त्यो मत ठिक छैन । सूत्रकारले दुवै थरिलाईनै अपसव्यले गर्नु भनेको छ । त्यस्तै "स्वाहा स्वधा नमः सव्यंमपसव्यं तथैवच । आहुतीनां यथा संख्या सावगम्या स्वसूत्रतःस्वाहा स्वधा नमः सव्य अपसव्य हवनगर्नेसंख्या आफ्नोसूत्रवाट जान्नुपर्दछ, यो कात्यायनले भनेकाले र छन्दोगाजुहुयात् सव्येनापसव्येन याजुषा सामवेदीले सव्यले यजुर्वेदीले अपसव्यभएर हवन गरुन् वृद्धयाज्ञवल्क्यले भनेकोले पनि सामवेदीलेसव्यले यजुर्वेदीले असव्यले गर्ने भनि निर्णय गरेका छन् ।

२७. यसरी सबै आचार्यहरूको होम सव्यलेगर्ने कि अपसव्यले, होमको अवशेप देवपितृ दुवैमा चढाउने कि पितृब्राह्मणमामात्र, भन्ने विपयमा मतमतान्तर माथि प्रस्तुत गरि सकेको छ अव हामीले कुनपक्षलिने भन्ने विपयमा विचार गरौं ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२८. आफ्नाशाखासूत्रको आधार लिनपर्ने कुरा कात्यायनले भन्नुभएकोले हामीले मुख्य त्यसैलाई आधार मानेर कार्यगर्न उचित हुन्छ । "पिण्डपितृयज्ञवद् हुत्वा भनि सूत्रकारले भनेकाले र श्राद्धमा त्यसमा अपसव्यको विधान हुनाले अपसव्यले नै हवनगर्ने निर्णय ठिकछ । तर हुतशेषको बारेमा स्पष्ट छैन । कर्काचार्यले दुवै ब्राह्मणमा हुतशेष चढाउने निर्णय गरेका छन् । तर गदाधरले यो कर्काचार्यको मतभनेर अरुचि देखाएका छन् श्राद्धकाशिकाकार कृष्णमिश्रले अपसव्यले हवनगर्ने भनेका छन् । मनुस्मृति, याज्ञवल्क्य कल्पतरु हेमाद्रिमा पनि अपसव्यले हवनगर्ने भन्ने विधानहुनाले अपसव्यलेनै हवनगर्ने निर्णय योग्य देखिन्छ ।

२९. हवनगरेर वांकिरहेकोअन्नादि देवब्राह्मणमा चढाउने कि नचढाउने विषयमा कर्काचार्यको मत अलगभएपनि याज्ञवल्क्य मनु कल्पतरु हेमाद्रि गदाधर आदि प्रसिद्ध आचार्यहरूले अपसव्य भएर हवनगरि बचेको वस्तु संव्यभएर मात्र सबैकार्य गरिने विश्वेदेव ब्राह्मणमा चढाउन अयोग्य ठानी देवपात्रमा नचढाउने भनेको समुचित निर्णय मान्नु पर्दछ । ब्रह्माण्ड पुराणमापनि "अग्नौकरणशेषंतु न दद्याद् वैश्वदेविके । नहिस्मृता: शेषभाजो विश्वेदेवा:पुराणगै: । "होमगरि वांकिरहेको विश्वेदेव ब्राह्मणमा नचढाओस् । पुराणका विद्वान्हरूले विश्वेदेवलाई अवशेषस्वीकार गर्ने मानेका छैनन् भनि विशेषरूपले निषेध गरेकोपनि छ ।

३०. हाम्रो श्राद्धविधिमापनि अपसव्यभई दक्षिणफर्की बांयां घुडा टेकी हवनगर्नेवस्तुलिई पितृ बाह्मणहरूसितमात्र हवनगरौं भनि आज्ञा लिने विधान हुनाले देवब्राह्मणतर्फ सम्पर्कनै देखिदैन । श्राद्धविवेककार रुद्रधरआदि केहि आचार्यले सव्यले हवनगर्ने दुवैब्राह्मणतर्फ चढाउने पिण्डका निमित्तपनि अलिकति राख्ने रायदिएका छन् । यी आचार्यहरूको मतमा त सव्यले हवन गरेकोले देवब्राह्मणमापनि चढाउन उचितै देखिन्छ । तर धेरै विशिष्ट आचार्यहरूको मतलाई नै आधार मानी विषयवस्तुको समीक्षागर्दा अपसव्यले हवनगर्ने अवशेष पितृब्राह्मणमा मात्र चढाउन योग्य देखिन्छ ।

३१. पिण्डनिर्माणगर्ने नियम आर्द्रामलकमात्रांस्तु पिण्डान् कुर्वीत पार्वणे । एकोद्दिष्टेविल्वमात्रं पिण्डमेकंतु निर्वपेत् ॥ नवश्राद्धे स्थूलतरं तस्मात् पिण्डन्तु निर्वपेत् । तस्मादपि स्थूलतरमाशौचे प्रतिवासरम् ॥२॥ पार्वणश्राद्धमा नसुकेको अमलाजस्तो पिण्डहरू वनाएर पिण्ड दान गरोस् । एकोद्दिष्टमा वेलफलजत्रो एकपिण्ड देओस् । नवश्राद्धमा एकोद्दिष्टको भन्दा निकै ठूलो पिण्डहरू र त्यो भन्दापनि निकै ठूलो आशौचभरि गरिने श्राद्धमा पिण्डदान गर्ने विधान मरीचिले वताउनु भएको छ । "कपित्थस्य प्रमाणेन पिण्डं दद्याद् गयाशिरे । कयथको फलजत्रा पिण्डहरू गयामा दिनुभन्ने वचन छ । अर्को एककुरापनि जान्न योग्यछ । "गोत्रसम्बन्धनामानि यथावत्प्रतिपादयेत । विभक्तिभिस्तु संयुक्तंदीयते पितृदैवतम् ॥ "दत्तमक्षय्यतांयाति विपरीतमनर्थकम्" । "अक्षय्यासनयो: षष्ठी द्वितीयावाहनें तथा ॥ अन्नदाने चतुर्थीस्यात्शेषा:संबुद्धय: स्मृता: ॥ "गोत्र सम्बन्ध नामहरू विभक्तिजोडेर जस्ताकोतस्तो शुद्धउच्चारण गरोस् यसरी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पितृदेवतालाई दिएको वस्तुवाट पितृहरू संधै अघाउने हुन्छन् यसो गरेन भने अनर्थ हुन्छ अक्षयोदकदानमा र आसनदिंदामा षष्ठीविभक्ति जोड्न पर्दछ, आवाहन गर्दा द्वितीयाविभक्ति, अन्नदान सिधादानमा चतुर्थीविभक्ति अरुकार्यगर्दा सम्बुद्धि (संबोधन) विभक्ति मिलाउन पर्दछ । सङ्कल्पगर्दा संस्कृत शव्दहरू राम्ररी विभक्तिजोडेर अशुद्धनगरी स्पष्टउच्चारणगरी ह्रस्व दीर्घ षकार, शकार, सकार मिलाई गर्नुपर्ने आवश्यकता श्राद्धविषयक धर्मशास्त्रमा प्रतिपादन गरेको छ । विपरीतभएमा अर्थनै अर्को हुन्छ । शुद्ध उच्चारणगरेको शव्दमा ठूलो शक्तिरहेको हुन्छ । यसमा सावधान हुनु अति आवश्यक छ । यो कुरापनि जानि राखौ "श्राद्धीयान्नस्य संकल्पो भूमावेव प्रदीयते । हस्तेषु दीयमानंतु पित्तृणां नोपतिष्ठते ॥ श्राद्धसम्बन्धि अन्नसङ्कल्प गरी कुशतिलजलआदि भूमिमानै छोडनु पर्दछ, हातमा दिए त पित्तृहरूले पाउदैनन् ॥ यो धर्मप्रदीपको वचनहुनाले श्राद्धमा पितृब्राह्मणको सिधादान गर्दा सङ्कल्पगरी कुशतिलजल आदि पितृब्राह्मणमा नचढाएर भूमिमानै छोडनु पर्दछ ।"

कल्याराां भवतु सर्वेषाम् ।
इति श्राद्धविवेचनम् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आधुनिक समय र धर्म एकविवेचन

१. यो संसार परिवर्तनशील छ, संसारशब्द सम् उपसर्गपूर्वक गत्यर्थकसृधातुदेखि संसरति यस विग्रहमा अण प्रत्ययभएर बनेको राम्ररीसरिरहने अर्थहो । परिवर्तनहुनु यसको स्वभावैहो, हजारौं सयौं वर्षको त कें कुरा वर्ष महिना पक्ष हप्ताहरूपनि छोर्डो एकैदिनमा हामीले रोपेका बीउबिरुवाका अङ्कुरहरूबढेको हामीलेदेखेकाछौं । "जायते, अस्ति, वर्द्धते विपरिणमते, क्षीयते अपनश्यतीतिषड्भावविकारा:" जन्मनु, रहनु, वढ्नु, परिणतहुनु घट्नु, नाशहुनु सारापदार्थहरूको यी छ विकारहुन्छन् भनेर उपनिषद्मा वर्णनभएको पाइन्छ । अझ प्राच्यदार्शनिकहरूले त "प्रतिक्षराी परिराामिनो हि भावा ऋते चित्तिशक्ते:" सारा संसारका पदार्थहरू हरेक छिन छिनमा बदलिँदै जान्छन एक चैतन्यशक्ति ब्रह्मलाई छाडेर भनेर क्षणक्षणमै बदलिने मानेका छन । काल आफू परिवर्तन हुदै जान्छ सारा पदार्थलाईपनि परिवर्तन गराउंदछ किनभने कालयतीति काल:रायन्त कलधातुदेखि अचूप्रत्ययभएरबनेको छ । "कालस्रोतोजवेनाशुह्रियमाराास्य नित्यश: । परिणामिनामवस्थास्ता जन्मप्रलयहेतव:" ॥ "अनाद्यन्तवताऽनेन कालेनेश्वर मूर्तिना । अवस्थानैवदृश्यन्ते वियति ज्यौतिषामिव" । वारंवारंकालरुपी प्रवाहको वेगले छिटो छिटो बदलिराखेका उत्पत्ति नाशकाकारराभएका परिराातहुने पदार्थका क्षराक्षरामा परिरातभएका आकाशकाताराहरूको अवस्थानजानेजस्तै आदि अन्तरहित ईश्वररूपीकालले परिरातगराएका पदार्थहरुका अवस्थाहरु देख्न सकिदैनन् । अर्थात नदेखिनेगरी सबैपदार्थहरू क्षराक्षरामा परिवर्तन हुन्छन् । यी भागवत १२ स्कन्ध अध्याय ४का ३६, ३७ श्लोक हुन । गीतामा भगवान्लेपनि "अहमेवाक्षय:काल:" सधैंरहने काल मनैहुं भन्नुभएकोछ ।

२. पहिले पहिलेकासमयहरूमा जनसंख्या ज्यादैकम, उर्वराभूमि प्रशस्त, सजिलैसंग जीवननिर्वाह, शुद्धव्यवहार, सर्वत्र सदाचार, परोपकारी दयालु जनसमुदाय, सरलस्वभाव, शान्तवातावरण, शुद्धवायु, अतिथि तथा याचकदुर्लभता, सर्वत्र सन्तोष तथा शान्ति, थोरैसमयको परिश्रमवाट भरणपोषणपर्याप्त, धेरैधनसम्पत्तिथुप्र्याउने प्रथाको अभाव थियो, धर्मात्मालाइ व्रतोपवासनियमादिमा रहने समय मिल्दथ्यो । साधारण तरिकाले जीवननिर्वाह गरेर परिश्रमले कमाएका सद्द्रव्य धर्मकार्यमा लगाउन पर्दछ, मानवजीवन भोगविलासका निमित्त मात्र होइन । यस जन्ममा दान, धर्म, परोपकार, व्रत, उपवास, पाटीपौवा, धारा, देवालय आदि निर्माण गरी अर्को जन्ममा सुखभोगगर्नु पर्दछ भन्ने सद्भावना सबै आर्यावर्तका प्राणीहरूमा थियो । अर्थात् त्यागोन्मुखीप्रवृति थियो । राजाहरूपनि सत्यपरायण, पुत्रवत्, प्रजापालक, धर्मात्मा, कीर्तिबल, विवेकी, शौर्यशाली थिए । कुनै कुनै महापराक्रमीत विश्वजितनामको यज्ञगरेर आफ्नो भएको सारासम्पत्ति ३ दिनसम्म खानपुग्ने अन्नमात्र घरमा सञ्चय गर्ने सत्पात्रब्राह्मण दीनदरिद्र प्रजाहरूमा दानगर्ने दानवीर राजाहरूपनि हुन्थे, जस्तै रामचन्द्रका पिता दशरथराजाका पितामह दिलिपराजाका पुत्ररघुमहाराजले सर्वस्वदानगरी सकेको समयमा वरतन्तुऋषिसंग पढी स्नातकभए पछि कौत्सले गुरुलाइ दक्षिणादिन द्रव्यमाग्न आउंदा रघुराजालाइ अप्ठेरो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परेको कथा प्रसिद्धै छ । उनै रघुकुलका श्रीरामचन्द्रलेपनि सर्वस्वदानगर्ने प्रसङ्गमा सीताजीको दाइजोमापनि यौटा मङ्गलसूत्रभए पुग्दछभनेर अरुगहनासमेत सर्वस्वदानगर्नुभएको "वैदेहीच महाभागा सौमङ्गल्याऽवशेषिता" विदेहपुत्री सीतामहारानीको गहनाहरूमापनि एकमङ्गलसूत्र बांकीरह्योभन्ने रामायणमा उल्लेख छ । विक्रम सातौंशताव्दीका हर्षवर्धन राजा त हरेक ५।५ वर्षमा जम्मा भएको ढुकुटी दीनदु:खीको सेवामा सबै लगाउंदथे अर्थात् थुपार्ने प्रवृत्ति त्यहां सम्मपनि थिएन सबैमा त्यागको भावनारहेको थियो । भागवतमा "धर्माय यशसे ऽर्थायकामाय स्वजनाय च । पन्चधा विभजन् वित्तमिहाऽमुत्र च मोदते" कमाएकोधन धर्मकानिमित्त कीर्तिकमाउन, व्यवहारचलाउन, आफ्नो इच्छा पूरागर्न, आत्मीयजनको रक्षागर्न, यी पांच कुरामा खर्चगरेमा यसलोक परलोकमा आनन्दमिल्दछभनेको छ । त्यस्तै "यावद्भ्रियेत जठरंतावत्स्वत्वं हि देहिनाम् । अधिकंयोऽभिमन्येत स स्तेनो दण्डमर्हति "॥ जतिले बिहानबेलुका र अरु व्यवहार चल्दछ, त्यतिमात्र मानिसको धनजम्मागर्ने अधिकारछ । त्यहांभन्दा बढीथुपार्ने चोरजस्तै हो । त्यो सजायभागी छ । योपनि भागवत्कै उक्ति हो । थुपार्ने पवृत्तिलेनै राष्ट्रमा अशान्तिआउने क्रान्तिबढ्ने धनी गरीबको खाल्डो गहिरोहुने हामीले अनुभवगरेका छौं । यही सद्भावना अनुसार व्यवहार हुन्थ्यो ।

३. आजकोसमय त्यस्तो छैन, समयले धेरैकोल्टो फेरीसक्यो जनसंख्याको चाप जताततै बढ्यो, खेतिपातिगर्नपुग्ने जग्गाजमिन छैन, सेवाक्षेत्रपनि अपर्याप्त छन् । रोजगारीको समस्या बढेको छ । दिनभरि परिश्रम गर्दापनि परिवारको २ छाक टार्न धौ धौ छ । वातावरण दूषित छ, खाद्यवस्तुको महंगीले ढाड भांचेको छ, गास वास कपास सबैका निमित्त सुलभ छैन, भोक, रोग, शोकले व्याप्त गरेकोछ । राग, द्वेष, कलह, वैमनस्य, ईर्ष्या डाहआदिले मानिस आक्रान्त छन् । सर्वत्र स्वार्थै स्वार्थको पर्खालले घेरेको छ । मानिसमाथि उठेदेखि ननिदाएसम्म व्यावहारिककार्यरूपी भूतसवारभइ राखेको हुन्छ । आर्काको ठूलोहानि नोक्सानीगरी आफ्नो सानो फायदाहुन्छ भनेपनिगर्न मानिस हिचकिचाउदैन । लुट्नु, ठग्नु, अपहररागर्नु, ऋणनतिर्नु आदि त सर्वसाधारण जस्तैभए । बलात्कार, बालअपहरण, छोरी बहिनीको बेच बिखन इत्यादि जघन्य अपराधहरूपनि प्रशस्त हुन लागिसके । स्वार्थले अन्धाभएका दुराचारी वेपारीमहाजनहरू राष्ट्रभरका निरीहप्राणिहरूको स्वास्थ्यमा कुठाराघात गर्ने ज्यादै हानिकारक वस्तुहरूको मिसाओटगरी दूध, ध्यू, तेलआदि खाद्यपदार्थ विक्री वितरणगर्न थाले । मध्यमवर्गका मानिसहरू कष्टमयजीवन विताउन बाध्यभएका छन् । यस्तो विकरालसमयमा कस्ताधर्मकार्यगर्ने, कसरी पुण्यकमाउने भन्ने समस्या सबै सदाचारीहरूमा आउनु स्वाभाविकै हो । तर कराल कलिकाल आयोभन्दैमा धर्मपरायणता, सदाचारनिष्ठता, नैतिकता, सत्यता, परोपकारिता, त्यागशीलता, सहनशीलताआदि अमूल्य अलङ्कारहरूलाइ छोड्नु हुँदैन । हाम्रा प्रात: स्मरणीय पूर्वज ऋपिमुनिहरूले पछि पछिहुने समयकोपनि विचारगरी समय अनुसारको धर्ममार्ग बताएकै छन् ॥ "कले दोंषनिधेराजन् अस्ति ह्येको महान गुण: । कीर्तनादेव कृष्णस्य मुक्तसङ्ग:परं व्रजेत्" "कृते यद् ध्यायत:पुंसस्त्रेतायां यजतो मखै: । द्वापरे परिचर्यात:कलौ तद्धरिकीर्तनात्" ॥ धेरै दोपै दोप भएको कलियुगको पनि एउटा ठूलोगुण छ, यसकालमा भगवान्‌को कीर्तनवाटनै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विषयवासना त्यागगरी उत्तमगतिमा प्राप्त हुन्छ । सत्ययुगमा तपस्या त्रेतायुगमा यज्ञयागादि द्वापरमा भगवत्सेवाबाट जुनफल प्राप्तहुन्छ, कलियुगमा श्रद्धाभक्तिपूर्वक भगवान्को भजनकीर्तनबाट त्यो फलप्राप्तहुन्छ भनेर भागवतादिग्रन्थहरूमा उल्लेख छ ।

४. हो हामीहरूले पहिले आफ्नो शरीरको आरोग्यकानिमित्त ध्यानदिनु जरुरीछ । भनेकैछ "धर्मार्थकाममोक्षाणामारोग्यं मूलमुत्तमम्" धर्म, अर्थ, काम, मोक्ष यी ४ पुरुषार्थ रोगीले गर्न सक्दैन, व्यवहार चलाउन धनकमाउनै पर्दछ, त्यसका निमित्त प्रयासपनि गर्नु पर्दछ । त्यसका निमित्त स्वस्थ सवल हुनु पर्दछ, तर आफ्नो पसिनाको कमाइलाइ मात्र इच्छा गर्नु पर्दछ । त्यो कमाईपनि धर्मपूर्वक हुनुपर्दछ । त्यसरी जतिप्राप्त हुन्छ त्यसैमा सन्तोषलिन पर्दछ । अरुहरूको बढिचढि देखेर त्यस्तै हुनपाएहुन्थ्योभनि लालचा गर्नुहुदैन । त्यस्तै अरुलेगरेको दान धर्म व्रत उपवासआदि देखि आफूले गर्न सकिएन भनि आत्तिनपनि पर्दैन । संधै कमाएर जीवननिर्वाहगर्नेले कसरी व्रत उपवासआदि गर्ने, खानलाई धौ धौ हुनेले के दानभोजनादि दिने, यी कुरा त पुगिसरि भएका मानिसको कर्तव्य हो । तर आफूलेगर्नसकिने नगरिनहुने व्रत गर्नैपर्दछ । "अन्नस्य क्षुधितं पात्रं विवासा वसनस्य च" अन्नदानगर्न योग्य भोकाएको दरिद्रहो, बस्त्रदानको सुपात्र लाउन नपाउनेहो । खान लाउन नपाएका दुःखी दरिद्रीलाइ श्रद्धाभक्तिले जो सकेको अन्न कपडाआदि दानगर्नै पर्दछ । यिनीहरूलाइ थोरै दिएकोपनि धेरैदिएको फलप्राप्ति हुन्छ । धनीको एकहजार दानभन्दा आफ्नो छाक काटेर दिनेको एकरुपैंया धेरै हुन्छ । शौचस्नानादिले पवित्रभई समय नभए आधाघडिमात्र भगवान्को ध्यानस्मरण गरेहुन्छ । भगवान्को मूर्तिको आकार प्रकारहरू झलझलाकार हुनेगरी सर्वदा संझने प्रयास गर्नुपर्दछ । अरु बखतमा घरको काम अथवा अफिसको काम गर्दापनि मनले संझन सकिन्छ । मन्दिरआदिमा जान नपाएपनि संझिराखे फरकपर्दैन । भनेको जस्तो खान लाउन नपाउने कस्तो अभागीरहेछु भनि आफूलाइ धिक्कार्नेवानी छोडनु पर्दछ । आफ्नोऔगात अनुसार व्यवहारगरी कसैउपर रिसराग राख्नुहुदैन । सन्तोषी, सहनशील, धैर्यवान, विनयी हुन पर्दछ । यी गुणहरूलाई आश्रय गरेमा आफ्नो आफ्नो अभ्युदय (बढिवढाउ) स्वतः हुनेछ । शङ्कागर्न पर्दैन, सबैको कल्याण होस् सबै सुखी आनन्दी निरोगी हुन्भन्ने सद्भावनालिएर आफूलाई दोषगर्ने अपकारगर्ने मानिसहरू प्रतिपनि द्वेषभावनलिन सकेमात त्योभन्दा ठूलो व्रत, तीर्थ, उपवास, दान, धर्म, पुण्य हुनसक्तैन । विलासमय जीवन विताउनेतर्फपनि एकछिन विवेक बुद्धिले विचार गरौं, संयमी नभई विलासमय जीवन बिताउनेलाई जिभ्रोआदिको वशमापरी फायदा नहुनेबस्तु खानाले पिउनाले ठीक ठीकसमयमा सुत्ने उठ्ने नगर्नाले सिनेमा होटलआदि धाउनाले मोजमज्जा गर्नुनै जीवनको सारसंझी समय समयमा नियमितरूपले हितगर्ने आहार विहार नगर्नाले पछि शरीरमा ठूला ठूला सुगर क्यान्सर आदि रोगलागि सम्पत्ति औषधोपचारमा सिध्याई धन भएपनि रोगलेगर्दा खान पिउन नपाई जीर्ण जर्जर शरीरले दुःखमय जीवन र अकालमै कालकवलित पनि भई यमराजको अतिथि हुनपुगेका हामीले देखेकै छौं । संझौं धन धेरै भएपछि हामीलाईपनि घमण्ड आउनेछ, अहंपनाले अंगाल्दछ, दीनदरिद्रलाई तुच्छसंझने, हेयदृष्टिलेहेर्ने आफूलाई ठूलोव्यक्ति मान्ने, देवता गुरु मान्यजनलाई नमान्ने इत्यादि दुर्गुणले घेर्दछन् । दोश्रोकुरा धन धेरै कमाउन भष्ट्राचार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नगरि सकिदैन । त्यस्तो दुर्गन्ध द्रव्यअर्जेर त्यसवाट खाना पिनागर्नेको, जस्तो अन्नखायो त्यस्तो मनहुने हुनाले सद्बुद्धि सत्सङ्कल्प सद्विचार आउन सक्तैन । हो धन पैसा त चाहिन्छ, त्यो न भए व्यवहारै चल्दैन तर आफ्नो परिश्रमले कमाएको पैसामा मात्र लालचा राख्नपर्दछ ।

५. मानिसलाई जतिभएपनि पुग्दैन त्यो भन्दा धेरै धेरै धनीहुन इच्छा गर्दछ । परिश्रमीभएमा खाएको पची मस्तनिद्रालागि शरीरको स्वास्थ्य राम्रोहुन्छ, मन प्रसन्नहुन्छ, उत्साह बढ्दछ, रोगले आक्रमणगर्नसक्दैन, आनन्दमयजीवन बन्दछ, परिश्रमकोफल मीठोहुन्छ । त्यसैले ईशावास्योपनिषद्मा "कुर्वन्नेवेह कर्माणिजिजीविषेत्शतं समा:" सतकर्महरू गर्दै सयवर्षसम्मवाच्ने इच्छागरोस्भनेर कर्मयोगको उपदेशछ । यो पनि हामीले देखेकै छौं । हित अहितको विचार नगरी मनलागेको कुरा खाएर पिएर भुंडीहालेका धनीमानीहरू पसिना निकालेर मोटोपना घटाउन बिहान सबेरै दगुर्ने प्रशस्त देखिन्छन् । तिनीहरूले आफू स्वावलम्बीभई घर व्यवहारको कामगरी खानेवस्तुमापनि जिब्रोआदिलाई वशमा राखेकोभए घुम्नेसमय र औषधोपचारको खर्चगुमाउन पर्देन थियो, आरोग्यवान भई संधै मनप्रसन्न हुनेथियो । अर्को कुरा घरमा खानापकाउने मानिसको सद्भावना वा दुर्भावना पकाएकोवस्तुमा पनिपर्ने तथ्य वैज्ञानिकहरूले पनि स्वीकार गरेका छन् । पैसामाराखेका नोकरको कचकचगर्ने मालिकप्रतिके सद्भावनारहन्छ, जसरीभएपनि पकाएर अनमन्याउने इच्छामात्र हुन्छ । आफूले र शुभचिन्तक परिवारले पकाउंदा कुनै दुर्भावना हुदैन । सधै झगडागर्ने दम्पतीछन् भने त दुर्भावनाले पकाएको खाद्यपदार्थ दूषितभई स्वास्थ्यलाइ हानि गर्दछ । त्यसैले आफू र आफ्नो परिवारको श्रमबाट घरव्यवहार चलाऔं । कामगर्ने मानिस राख्न नसकेकोमा अलिकतिपनि बिस्मात नगरौं । आफ्ना पिता माता पति पत्नी पुत्र पुत्रीआदिलाई भगवान्कै अंशसंझी उनीहरूलाइ गरेको हेरविचार सेवाआदिपनि परमेश्वरकै पूजा सेवा होभन्ने सदविचार सद्भावना बढाउदै लैजाऔं । यसबाट सुख शान्ति सन्तोष आरोग्यआदि बढ्दैजानेछ । ईशावास्योपनिषद, गीता, योगवासिष्ट भागवत् आदि ग्रन्थहरूमा उपदेश गर्दा सबै प्राणीहरू भगवान् परमेश्वरका अंश हुन्, उनीहरूलाइ भगवान् नै सम्झेर सबैलाइ मान आदर सत्कारगर्ने वानीराख्नु पर्दछ भनेर विशेष रुपले आग्रह गरेको छ । अझ भागवत्मात चेतनशील प्राणीलाईमात्र होइन, अचेतन पृथिवी जल तेज वायु आकाश, रुख, लहरा, ढुङ्गाआदिलाईपनि भगवान्को शरीरमानेर नमस्कार गरोस् भनेको छ । यो दिव्य उपदेश सधैं संझीराखौं, परमेश्वरलाईपनि हरबखत संझीराखौं । भगवान्बाट सबै प्राप्तभएको प्रभुकोनै सबै वस्तुहो भनि मेरो धन सम्पत्तिहो भन्ने दुर्भावना त्यागौं । कुनै धर्मकार्य गर्दापनि आडम्वरगरी अरुलाइ म धर्मात्माछु भन्ने देखाउने विचारलिइ गरेका धार्मिक क्रियाकलापहरू सात्विक हुदैनन् राजस हुन्छन् यसबाट परमकल्याण हुदैन । कुनै कामना नगरी आफ्नो कर्तव्यसंझी श्रद्धाभक्तिविनयपूर्वक धार्मिककृत्यतर्फ अग्रसर हुनु पर्दछ । सदाचारी सज्जनहरू र साधुमहात्माहरूमा श्रद्धाभक्तिराखनुपर्दछ । सज्जनको सङ्गतको महत्त्वयसप्रकारछ "दर्शनध्यानसंस्पर्शैर्मत्सीकूर्मीच पक्षिणी । शिशून्पालयते नित्यं तथा सज्जनसङ्गति:" ॥ स्त्रीजाति माछा, कछुवा पक्षिहरूको स्तनहुदैन अर्थात् वच्चालाइ पियाउन दूधआउदैन तिनीहरूलाइ आमा मध्येका माछाले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हेरेर, कछुवाले हेरविचारले पंक्षिले पखेटाले ढाक्नालेनै भरखरका बच्चाहरूको पालन पोषण भएजस्तै, सज्जन र महात्माहरूको दर्शनस्पर्शनपादसेवाबाट साधारणमनुष्यहरूको पनि परमकल्याण हुन्छ । अर्थात् उनीहरूको उपदेश सङ्गतबाट भित्रीआंखा खुली आफूलाइ बिगार्ने दुर्व्यवहार दुर्भावना दुर्विचार हुन्भन्ने बोधभई यिनीहरूलाइ त्यागी दया क्षमा परोपकारिता विवेक आदि सदगुणतर्फ संलग्नभई आफ्नो जीवन सफलपार्न सकिन्छ । सत्सङ्गलाई निर्मलआंखा भनेको छ । "सत्सङ्गश्च विवेकश्च निर्मलं नयनद्वयम् यस्य नास्ति नरःसोऽन्धःकथं नस्यात् कुमार्गगः" सत्सङ्ग र विवेक निर्मल दुईआंखाहुन्, सत्सङ्ग र विवेक नभएको मानिस अन्धो हो उ कुवाटोतर्फ लाग्दछ ।

६. आजकाल यो दुःखकोकुरा भएको छ कि सज्जनहरू पाउन दुर्लभ हुन थालेको छ । नमिलेमा भगवान्को गुण, कीर्तन स्मरण, ध्यान, आदि भक्तिमार्गबाट हामीलाइ वहांले सत्कर्ममालाग्ने बुद्धि प्रदान गर्नु हुनेनै छ । मनुले भन्नु भएको छ "न देवा दण्डमादाय रक्षन्ति पशुपालवत्"॥ "यंतु रक्षितुमिच्छन्ति बुद्ध्या संयोजयन्ति तम्" गोठालोले लठ्ठी लिएर पशुलाइ तहलाए जस्तो देवताले गर्दैनन् जसलाइ रक्षागर्न इच्छा गर्दछन्, त्यसलाइ सदबुद्धिप्रदान गर्दछन् ॥ मनसा वाचा कर्मणा भगवान्को शरणमा परौं यही परमकर्तव्य हो । यो पनि हामीले जान्नु पर्दछकि काम, क्रोध, लोभ, मोह, मद, मात्सर्य अर्थात् कामना रिस लोभ मोह (अविवेक) मद (घमण्ड) मात्सर्य (अरुको असल नचाहनु) यी छ हाम्रा भित्रका शत्रु हुन । यिनीहरूको पछि लाग्नु हुंदैन, त्यसमा पनि पहिलेका काम क्रोध लोभ यी ३ त ज्यादै डर लाग्दा शत्रुछन् यिनीलाइ पर पन्छाउन पर्दछ, यिनीहरूको फन्दामा परेका मानिसहरूले गरेका कुकर्मबाट उनीहरूले पछि भोगेका दुष्परिणामहरू हामीले देखेकै छौं । अर्कोकुरा यिनीहरूबाट अलगनभई परमेश्वरमा भक्तिलाग्नपनि सक्दैन । यसलोकमा सुख, शान्ति, कीर्ति, सन्तोषप्राप्ति र परलोकमा परमकल्याण जसबाट हुन्छ त्यसलाइ धर्म मान्नु पर्दछ । काम क्रोधादिको बसमा परेको मानिसलाई यी सबैकुरा प्राप्त हुनसक्दैन । धर्मले नै संसार अडेको छ सबैले धर्म छोडे संसारनै रहदैन । चन्द्र सूर्य वायु आकाश पृथिवी जल आदिले आफ्नो धर्म छोडे के कस्तो गति होला शास्त्रले भनेकै छ । "धारणाद् धर्ममित्याहु र्धर्मो धारयते प्रजाः" संसारलाई अड्याएको हुनालेनै धर्मः भन्दछन्, धर्मले नै प्रजाहरूलाई धारणा गरेको छ । धारयति यस विग्रहमा धर्मशव्द वन्दछ । "न जातु कामान्नभयान्नलोभाद् धर्मं त्यजेज्जीवितस्याऽपि हेतोः । धर्मो नित्यःसुखदुःखे त्वनित्येजीवो नित्यो हेतुरस्याप्यनित्यः" । कहिल्यै पनि कामनाले अथवा डरले अथवा लोभले अथवा जीवन निर्वाहगर्न धर्मलाइ नछोडोस् किनभने धर्म नित्यछ । सुखदुःख अनित्यछन्, जीव नित्यछ । जीव हुनुपर्ने कारण अनित्य छ । अर्थात् सुखदुःख संसारमा आउंछन्पनि जान्छन्पनि यी घुमीरहनेहुन् । दुःखपर्‍योभनि आफ्नो धर्म छोड्नु हुंदैन । हरिश्चन्द्र राजाले ज्यादै ठूलो दुःख आपतपरी चाण्डालको दासभएर बेचिएरपनि आफ्नो धर्म सत्य नछोडेको प्राचीन इतिहास हामीले पढेसुनेका छौं । धर्मकर्मगर्न सजिलो उपाय कलिसन्तरणोपनिषदमा कलिकालमा थोरै आयु, थोरैबल, थोरैबुद्धि थोरै सम्पत्तिभएका दुःखपाईरहेका मर्त्यलोकका मानिसहरूको कसरि उद्धार हुन्छ भनि ब्रह्माजीकासाथ नारदमुनिले प्रश्नगर्दा वहांले भन्नुभयो हे नारद आदिपुरुष भगवान् नारायणको "हरे

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राम हरे राम, राम राम हरे हरे । हरे कृष्ण हरे कृष्ण, कृष्ण कृष्ण हरे हरे" । यस महामन्त्रमा उल्लेख भएका १६ नामरूपी मन्त्रको स्मरण कीर्तन भजन जप निरन्तर गर्नाले बादलले ढाकेको सूर्य बादल हटेपछि प्रकाशमान भएजस्तै अज्ञानरूपी अन्धकार नास भइ ज्ञानप्राप्त भएर आत्मा, मन, बुद्धि निर्मलभई अन्त्यमा उत्तम गतिप्राप्त हुन्छ । यो मन्त्रको साढे तीनकरोड जप गर्ने मानिसकोत ठूला ठूला हत्यागरेको महापापहरूको पनि प्रायश्चित्त हुन्छभनि ब्रह्माजीले भन्नु भएको छ । यस उपदेशलाइ सधैंसंझी हामी पनि नारायणको नामको स्मरणजप गर्दैरहौं । हामीलाइ पनि परमात्माले उत्तमगति निश्चय दिनु हुनेछ ।

७. हामीहरूले यस समयमा विशेषरूपले विचार गर्नुपर्ने कुरा यो छ कि, आजकाल धार्मिकक्षेत्रमा खालि वाहिर अरुलाइ देखाउने अर्थात् देखाउटी धर्ममात्र गरेर आफू धार्मिक छु भन्ने प्रसिद्धि गराउने भित्र भित्र अनैतिक भ्रष्टाचार, दुराचारगर्ने, यस्ता धेरै धार्मिकजनता देखिएका छन् । अर्काथरी, त्यसरी अनैतिककार्यमा सरीक नहुने, तर धार्मिक कार्य पूजा व्रत उपवास मन्दिरगमन आदिलाई आफ्नो खानु हिंड्नु सुत्नु आदि जस्तै दैनिक मासिकआदि कार्यहो भन्ने भावनाराखि तटस्थ जस्तोभइ केही फलको इच्छाराखि गर्दछन् । धर्मकार्यको समयमा बाहेक अरुसमयमा परमेश्वरको स्मरण कीर्तन आदि गर्दैनन् । हजारमा एकपनि छन् कि छैनन् ती सुत्ने समय वाहेक अरु समयमा निरन्तर भगवान्को साधारण स्मरण भजन कीर्तन मध्ये एक गर्दछन् । मनमा यो अमूल्य मानवजीवन पाएको बखत सत्कर्मगरी उत्तमगति प्राप्तगर्नु पर्दछ, भन्ने सद्भावना लिई राख्दछन् । यी ३ थरी मध्ये अघिल्ला थरीले गरेको धार्मिक कार्य त "अश्रद्धया हुतं दत्तं तपस्तप्तं कृतं च यत् । असदित्युच्यते पार्थ न च तत् प्रेत्य नो इह" ॥ अश्रद्धाले गरेको हवन दान तपस्या त्यस्तै अरु जे जे व्रत तीर्थादि गरिन्छन्, ती सबै देखाउटीका निमित्त मात्र गरेकाले असत् हुन् । ती न यस लोकमा न परलोकमा काम लाग्दछन् भनि गीता अध्याय १७ श्लोक २८ द्वारा भगवान्ले अर्जुनलाई उपदेश गरे अनुसार सित्तैं समय र धन खर्चगरि दुःख बेसाएंका मात्र हून् । दोस्रा खालकाले धर्मकार्यको महत्त्व सार नबुझि लहै लहैमा गरेकाले शास्त्रले बताए अनुसार फल प्राप्तिनभई स्वर्गादिको केही समय सुखभोगगर्न पाएपनि पुण्यसकिए पछि मर्त्यलोकमा झरी जन्म मरणआदि चौराशीको चक्कर खाईरहन्छन् । त्यसैले हामी तेस्रो थरिका धार्मिक कार्यगर्ने बन्न कोशिसगरौं । हामीलाइ ज्ञानयुक्त मनुष्यचोला दिने परमात्मा परमेश्वर प्रति हृदयदेखिनै भक्ति भावराखी फलको इच्छा नलिइ धर्मकार्य गरौं । तपाईं भन्नुहोला कसैलाइ पुत्र कसैलाइ धनसम्पति, कसैलाइ मानमर्यादा आदिको इच्छा भै राखेको, त्यो प्रभुसित किन न माग्ने भन्नुहोला, सर्वव्यापक अचिन्त्यशक्तिमान् चर अचर सारापदार्थहरूको छिन् छिन्को सबैकुरा जान्नसक्ने परमेश्वरलाई हाम्रो आन्तरिक भावना थाहा भएकै हुन्छ । व्यवहारमा पनि आफ्नो चाकरीगर्ने, माग्ने मानिसलाइ भन्दा नमाग्ने सेवकमाथि मालिक ज्यादै प्रभावित भई माग्नेकोभन्दा धेरै बकसआदि नमाग्नेले पाएको हामीले जाने सुनेकै छौं । भगवान्ले आफ्नो स्वार्थत्यागी सेवागर्ने अनन्यभक्तहरूलाइ थाहानपाइने गरी पालन पोषण गरि राख्नु हुन्छ । यो कुरा गीतामा भगवान्ले अर्जुनलाई उपदेश गर्नु भएको छ । धार्मिक क्षेत्रमा मात्र होइन,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सामाजिक र राजनीतिक क्षेत्रमापनि यी ३ थरिका मानिस हुन्छन् । तेस्रो थरिको मानिस त दुवैक्षेत्रमा पाउन गाह्रो भैसकेको छ । सबैजसो पहिलो थरिका मात्र भइ आफ्नो स्वार्थपूर्तिमा व्यस्त भइ राष्ट्रमा अनैतिकता, भ्रष्टाचार, दुराचार वढी देशनै अस्तव्यस्त भएको हामीले देखि राखेका छौं । हामी त्यस्तो स्वार्थी नवनौं । परमेश्वरसंग त्यतातर्फ लाग्ने कुबुद्धि नहोस्भनि निरन्तर प्रार्थनागरौं ।

८. हामीहरू लहैलहैमा लागेकाछौं । व्रत, पूजा, उपवास आदिकार्यको वास्तविक तात्त्विककुरा जान्नबुझ्न कोशिस गर्दैनौं । जस्तै हामीगृहस्थीमा धेरैजसो गृहिणीहरू सत्यनारायणको पूजागर्दछन् । सत्यनारायणपूजा भनेको सत्त्यनै नारायण हुनुहुन्छ, वाहांको पूजागर्नु भनेको सत्त्यबोल्नु, सत्त्यमा रहनु हो । कथामापनि सत्त्यनबोल्दा, सत्त्यमा नरहदा दुःखपाएका पछि सत्त्यमा रहेपछि सुखपाएका कुराहरू वर्णनछन् । तर सत्त्यनारायणको पूजागर्ने हामीहरू सत्त्यबोल्न र सत्त्यमा अडिगरहनेतर्फ कोसिस गर्दैनौं । सत्यनारायण भगवान् त सत्यको आश्रयगर्ने देखिनै प्रसन्न हुनुहुन्छ । सत्यनारायणको खासखास पूजा त सत्यबोली सत्यमा निष्ठा राखेमामात्र हुनसक्दछ । यो कुरा हामीहरूले राम्रोसित बुझ्नपर्‍यो । सत्यवादी हुने प्रयास नगरे किन सत्यनारायणको पूजागर्ने । सबैकुरा जानीबुझी गरेमात्र अभीष्टसिद्धि प्राप्तहुन्छ ।

९. हामी विचारगरौं, संसारमा देखिएका आफूले आत्मीय मानेका माता पिता स्त्री पुत्र पति आदि त्यस्तै आफू सितरहेका धन धान्य भूमि भवन श्रीसम्पत्तिआदि के संधै आफ्ना हुन्छन् ? आफू भन्दा अघिकाले चटक्क छोडेर जानपरेको छैन ? यी अस्थायी अनित्य वस्तुहरू जम्मागर्न दुराचार, भ्रष्टाचार, अनैतिककार्य र परपीडनगर्नु उचित छ? अवश्य छैन । आफ्नो भाग्य, सत्कर्म, सत्उद्योग, सत्प्रयास अनुसार जति मिल्दछ, त्यसैमा सन्तोष मान्नु पर्दछ भनेको छ "सन्तोषं परमं सुखम्" । सन्तोष नै ठूलो सुखहो । सन्तोष सन्तोष भनेर उद्योगनगरी आलस्यलाई प्रश्रयदिन चांहि किमार्थ हुँदैन । पसिना वगाएर आत्मोन्नतिका कार्यमा लागिरहन पर्दछ । आलस्य नगरी परिश्रमगर्ने मानिस कहिल्यैपनि दुःख पाउदैन । नीतिशास्त्रमा भनेको छ "षड्दोषाः पुरुषेरोह हातव्या भूतिमिच्छता । निद्रा, तन्द्रा भयं क्रोध आलस्यं दीर्घसूत्रता "॥ आफ्नोउन्नति चाहानेले अतिनिद्रा, तन्द्रा भय क्रोध आलस्य जुंसोपना यी ६ दोषहरूलाइ छोड्नुपर्दछ । आजकालको वैज्ञानिक युगमा वैज्ञानिक द्वारा आविष्कार गरिएका हितकारक विषयहरूको, जस्तै रेडियो, विजुली, औषधी, शल्यचिकित्सा, एक्सरे, टेलीफोन, टेलीभिजन, आदिको आश्रयं लिनै पर्दछ । अरु अहित कारक विलासका साधन जस्तै सेनिमा, नाचगान, मादकपदार्थ सेवन, पिकनिक, होटलभोजन आदि अधः पतन गराउनें सेवन गर्नें हुँदैन । धर्म मर्यादा संस्कृति, प्राचीन परम्परा आदिको संरक्षणगर्नु हाम्रो कर्तव्य हो । धर्म संस्कृति लुप्त भएपछि आफ्नो जातिको अस्तित्त्व पनि रहदैन । सदाचार, सत्चरित्र हाम्रो झलमल गराउने असाधारण अमूल्य गहना हुन् । यी गहना कहीं बजारमा लाखौंरुपैंया खर्च गरेपनि किनेर लगाउन पाइने होइन । यो सत्चरित्ररूपि गहनालाई अनास्था गर्नु हुदैन । सदाचारलाई वन्धन सम्झेर पहिलेनै यथेच्छाचरणमा लागेका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पाश्चात्त्यहरू राग, द्वेष, कलह, अशान्ति विषयवासना आदिको भुमरीमापरी अहिले आएर अव फेरिकसरी संयमी जीवन वनाउनेभनि पछुताउनलागेका छन् । हामीहरू आफ्नो हातमा सजिलैसित आएका सदाचाररूपि अमूल्यरत्नलाई हात हल्लाइ हल्लाइ फालि दिन्छौं भने यो भन्दा ठूलो विडम्वना अरु के हुन सक्छ । "आचारः परमो धर्मः" सदाचार नै ठूलो धर्म हो, सदाचारी भएपछि धर्म स्वतः सम्भव हुन्छ । "अद्रोहः सर्वभूतेषु कर्मणा मनसा गिरा । अनुग्रहश्च दानं च सतां धर्मः सनातनः" ॥ मन वचन कर्मले कुनैपनि प्राणिलाइ द्रोह नगर्नु, सवैमाथि अनुग्रहराख्नु, दानदिनु, सज्जनहरूले गर्नुपर्ने सनातनधर्म हो । यो महाभारतको उक्ति हो । विशेषगरेर दरिद्र दुःखपाएका मानिसलाई हेयदृष्टिले नहेरी दरिद्र नारायण हुन्‌भन्ने भावनागरी तिनीहरूको भोकले दनदनाई रहेको जठराग्निमा पसिनाले कमाएको थोरै अन्न भएपनि हवन गर्नुठूलो यज्ञ हो । अकिञ्चन रोगी, अपाङ्ग आदिको सेवा गर्नुपनि सानो सत्कार्य होइन । परमपुण्यदायक कार्य हो । यसका निमित्त धनचाहिने होइन, यो शारीरिकतपस्या हो । मातृभूमिको सेवागर्नु पनि सत्कर्म हो । हामीहरू जुन हावा पानी घाम छहारी अन्न आदि वाट हुर्क्यौं, जसवाट सत्कर्म गर्नसक्ने देह खडा भएकोछ, ती धर्तीमाता हाम्रीजननी माताजस्तै पूजनीया समादरणीया हुनुहुन्छ । वहांको तन मन धनले सेवागरी समृद्धशालिनी वनाउने सत्कार्य हामी सबैनेपालीहरूको हो । आजको परिस्थितिमा व्रत उपवास पूजा पाठ होम यज्ञ यागादि भन्दाचारवर्ण छतीसजातले परस्परमा स्नेह सद्भाव मित्रता आदि राखी परस्परमा मिलि जुली "जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी" आमा र जन्मभूमि स्वर्ग भन्दापनि माननीया छन्, यो वाल्मीकि रामायणमा रामले लक्ष्मणलाई भन्नुभए अनुसार जन्मभूमि राष्ट्रलाई नै सर्वोपरिमानी देश उत्थानमानै दत्तचित्तभई भ्रष्टाचार, दुराचार, कमिशनवाजहरुसित सावधान भइ देशविकासमा तन मन वचन धनले सवै एकजुटभई देशोत्थान महायज्ञमा लागेमा देशकोउन्नति अवश्यहुनेछ ।

१०. ७५ जिल्लाकै जनताजनार्दन देशविकास महायज्ञमा दीक्षितभएर सबैले जन्मभूमिको ऋणचुकाउनु परमकर्तव्य हो । यसबाट राष्ट्रभरका सबैलाइ सुखशान्ति मिल्ने हुनाले समसामयिक धर्मपनि हो । हुने खानेले धारा, ईनार, विद्यालय, धर्मशाला, बाटो घाटो, जीर्णदिवालय तथा पाटीपौवा आदि निर्माणगरि दिएर आर्थिक, साधारणले श्रमदानआदिगरी कायिक, वृद्धहरूले विवेक अनुभव होस् हौसलादिई वाचनिक, अशक्तहरूले मनले हर्षितभइ मानसिक, सहयोगगरी गरिवीको रेखामुनिरहेको आफ्नो देशलाई सबै हामी मिली विकसित देशमा परिणतगरौं । यो देशविकास महायज्ञ ठूलाठूला धर्मकार्यभन्दा कमछैन । यसवाट राष्ट्र विकसितभइ अरुहरूको विकसितराष्ट्रको दांजोमा जानेछ । अन्तरराष्ट्रिय स्तरमा नेपालको प्रतिष्ठा वढ्नेछ । देश स्वच्छ सुन्दर शान्त मनोहर हुनेछ । दीन दुःखीहरूको उद्धार हुनेछ, देशमा नङ्गा, भोका, दुब्ला, निर्धा, निन्याउरा कोही हुनेछैनन् । रोग भोक शोक राष्ट्रवाटै डांडोकाट्नेछन् । यस्तो लाखौंको परोपकारहुने परमपवित्र महायज्ञ सम्पन्नगरौं । भगवान्‌का अंश जनताजनार्दनको सेवाद्वारा परमेश्वरको जपतप सेवा पूजाभई यसकार्यमा संलग्न सवै महानुभावहरूको परमकल्याण हुनेछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

११. अव श्री ५ को सरकार, सांसदहरू (जनप्रतिनिधि), उच्चपदस्थप्रशासनिकक्षेत्रका कर्मचारीहरू महाजन, उद्योगपति, गण्य मान्य तथा धनी मानीहरूले स्वार्थ त्यागी यस महायज्ञमा तन मन धन वचनले आफ्नो कर्तव्य सम्झी पहिले अगाडि अगाडि लाग्नु पर्‍यो, जन विश्वास जित्नु पर्‍यो । अहिले जनतामा फैलिएका वितृष्णाहरूलाइ हटाउन पर्‍यो । अनि साधारण जनता पछिपछि लाग्ने छन्, देशोत्थान हुनेछ ।

१२. यो एउटा विषयपनि ज्यादै मननीय छ, हामीहरू ज्यादै विलासतर्फ ढल्कियौं, विलासमय जीवनमा पौडिखेलिरहेका पाश्चात्त्य देशहरूसित आदान प्रदान सम्पर्कआदि प्रशस्त वढेकोले उनीहरूको रहन सहनआदिमा आकर्षितभई आफ्नो राष्ट्रको आस्था कस्तो छ, हामीहरूको आर्थिकस्थिति कस्तो छ, हामी आर्यजातिहरूको संस्कृति मर्यादा, व्यवहार, रहनसहन कस्तो हुनुपर्दछ, इत्यादि मूल्य र मान्यताआदिलाई वास्तानगरी धनी मानी र भ्रष्टाचारीहरूले रहनसहन आदिमा र विवाहादि उत्सवमा रोवरवाफ देखाई फजुलखर्च वढाएर साधारण जनतालाई आपत्पारी राखेकाछन् । खास खास भन्ने हो भने ती सबै राष्ट्रको र साधारण जनताको शत्रुजस्तै भएकाछन् । उनीहरूले वरवधू र भोजआदिका निमित्त कालो धन उडाएकोले साधारणलाई कन्याको विवाहगर्न धौधौ परिसकेको छ । सामाजिक ऐनहरू एकातिर थन्किराखेका छन्, ऐनलाइ लागूगर्ने वर्गपनि यसैवर्गमा मुछिएको छ । शिक्षातर्फ लागेका छात्रहरू र शिक्षितहरू श्रमगर्न चाहदैनन् । जागीर रोजगारआदि ज्यादैकमी छ, वेकारी युवकवर्गहरूको जत्था वढ्दै गइरहेको छ, भ्रष्टाचारीहरूको हौसला बढ्दैछ । प्रशासनयन्त्रपनि त्यसबाट अछुतहुन नसकेकोले नियन्त्रण शिथिल छ । यी सबै राष्ट्रका समस्याहरूको समाधानगर्ने प्रशासनयन्त्र स्वार्थको भुमरि भित्र रुमल्लिएकोले बुद्धिजीविहरू मूकदर्शक हुन भएन । अलग अलग दलतर्फ नलागी तटस्थरही देशोत्थानरूपी महायज्ञमा एकजुट भई लाग्ने अवस्था आएको छ । राष्ट्रका कर्णधारहरू संलग्न भएमा साधारण जनता पछिपछि लाग्नेछन् । हामी बुद्धिजीविहरूकोपनि यसै धर्तिमा यहांकै पृथिवी, जल, तेज, वायु, आकाशबाट शरीर खडाभयो, यी पांच महाभूतहरूको आश्रयमानै जीवननिर्वाह गरिरहेकाछौं । यी आमाकाअरु सन्तानहरूपनि सहोदर हुन्, अत: राष्ट्रोन्नतिमा संलग्नहुनु, हाम्रो धर्म र कर्तव्यपनि हो । त्यसकारण स्वार्थको भुमरिमा नपरि, राजनीतिको दलदलमा नफसी, सवै प्राध्यापक, शिक्षक, चिकित्सकआदि बुद्धिजीवीहरू एकजुटभई एकढिक्का बनौं । प्रशासन, सेवाआयोग, प्राधिकरण, संस्थान, प्रहरी, सैनिक, व्यापारी, उद्योगपति, महाजनआदि कुनैबाटपनि सम्विधान मानवअधिकार नैतिकमूल्य र मान्यता आदिको उल्लङ्घनहुन लागेमा सशक्त आवाज उठाऔं । देशलाई विकसित राष्ट्रहरूको दांजोमा लैजाऔं, यस पवित्रकार्यमा चांडैनै संलग्नहोऔं, आफ्नो मातृभूमिको ऋणचुकाऔं । आफ्नो कर्तव्य पूरागरौं । यसरी अलग अलग दलतर्फ लाग्नुलाई गण्यमान्यहरूले राम्रो मानेका छैनन् ।

१३. यो एउटा विषयपनि ज्यादै मननीय छ । हामी आर्यजातिहरूमा मानव जीवनको मूल्य मान्यता, कर्तव्य, तथा शाश्त्रमर्यादा, शिष्टव्यवहार नैतिकता, इमान जमान, दया, क्षमा, त्याग, आध्यात्मिकचिन्तन, धर्म संस्कृति, आदि पहिले आर्यावर्तमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अविच्छिन्नरूपले चलिरहेका थिए । ती विषयहरूलाइ अहिले हामी छोड्दै छोड्दै जान लागेकाछौं । यी अमूल्य रत्नभूषणहरू रहेनन्भने आर्यजातिको के महत्त्व होला । यसको नाम निशाना नरहने समयसमेत पछि आउन असंभव छैन । यस्तो हुनामा तलका कारणहरू छन् ।

क. हामीलाइ उपयोगीहुने प्राचीनशिक्षाप्रणालीलाई त्यागी बालकालदेखिनै पाश्चात्त्य शिक्षादिलाएर बालबालिकालाई आफ्नो आर्यजातिको गौरवगाथा बोध नहुनु ।

ख. आफ्नो मर्यादा त्यागमयभावना परोपकारिताआदिलाई वास्तानगरी पाश्चात्त्यजातिको अनुसरणगर्दै विलासमय जीवनतर्फ अग्रसर हुनु ।

ग. वैज्ञानिकहरूले साधारण व्यवहारमा अनुपयोगी विलासका साधनहरू संसारभरी फैलाउनु ।

घ. आध्यात्मिकउन्नतिका साथै भौतिक उन्नति गरे मात्र राष्ट्रमा सुखशान्ति अमन चयन मैत्रीभाव दया क्षमा आदिको वृद्धि भई सबैको आनन्दमय जीवन वन्दछ भन्ने सद्भावना लुप्त हुनु ।

ङ. मानवमात्रमा स्वार्थीप्रवृत्तिबढी जसरीभएपनि धनजम्मागरी मोजमज्जागर्नु जीवनको सारहो भन्ने दुर्भावना बढ्नु ।

च. विधर्मीहरूले धर्मपरिवर्तनगरेमा दीन दरिद्र र तल्ला जातिहरूलाई रुपैयां जागीर बालशिक्षाआदिको व्यवस्था गरी धर्मपरिवर्तन गराई हाम्रो धर्मको निन्दा समेत गराउनु ।

छ. हाम्रा धर्मगुरुहरूबाट आफ्नो धर्मको प्रचार प्रसारतिर दृष्टि नदिनु ।

ज. श्री ५ को सरकार र उच्चपदस्थकर्मचारीहरूले पनि पाश्चात्त्य धर्मध्वजीहरूले देशभरि फैलाएको जञ्जालतर्फ दृष्टि नदिनु अर्थात् जानी जानी उपेक्षा गर्नु ।

झ. मन्त्रिमण्डल र सांसदहरू स्वार्थतर्फलागी राष्ट्रविकासतर्फभन्दा स्वविकासतर्फ दत्तचित्तभई आफ्नो धर्म संस्कृति मर्यादा आदि उल्लङ्घन गर्नु ।

ञ. राष्ट्रमा स्वार्थत्यागी, परोपकारी, जनहितकारी, देशभक्त, धर्मात्मा, दुःखदरिद्रसेवी, नैतिक, विवेकी, निष्ठावान्, महामानवहरूको अभावहुनु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ट. बुद्धिजीवीहरूपनि पाश्चात्त्य शिक्षा तर्फमात्र दीक्षितहुनाले यसलाई आंखा चिम्लिने हुनु ।

ठ. सरकारतर्फबाट धार्मिकस्वतन्त्रताको गर्दभनाद फैलाउनु ।

यी माथी उल्लेखभएका दुरवस्था हटाउनेतर्फ लाग्नुपनि हाम्रो परमकर्तव्य हो । राष्ट्रसेवा जनसेवा हुनाले समसामयिक कार्यपनि हो ।

१४. हेर्नुहोस् धनसम्पत्ति भएन, धर्मकर्मगर्न पाइएन भनि पिरोलिनु पर्दैन । धर्मगर्न पैसा चाहिंदैन, आफ्नो चरित्र सुधार्नसके धर्महुन्छ, अर्थात् सत्यबोल्नु, सबको भलोचाहनु, ईश्वरमा आस्थाराख्नु, कसैमा रागद्वेष नगर्नु, विनयी हुनु, चित्तप्रसन्न राख्नु, लोभी नहुनु, हिंसा नगर्नु, परोपकारी हुनु इत्यादि । सत्चरित्रवान्भएमा ठूलो धर्मात्मा हुन्छ । यस विषयका श्लोकहरू मनन गरौं ।

"लोभश्चेदगुणेनकिं पिशुनतायद्यस्ति किं पातकै:
सत्यंचेत् तपसाचकिंशुचिमनोयद्यस्ति तीर्थेनकिम्"॥

"सौजन्यं यदिकिं गुणै:स्वमहिमायद्यस्तिकिं मण्डनै:
सद्विद्या यदि किं धनैरपयशो यद्यस्तिकिं मृत्युना" ॥

लोभी छभने अर्को वैगुन चाहिंदैन अर्थात् लोभी क्रोधी पापीहुन्छ, चुक्लीचाक्ली लागाउंछभने त्यो भन्दा आर्को ठूलो पातक छैन, अर्थात् चुक्लीबाट अर्काको ज्यानमापनि खतराहुन्छ । सत्यवादी छभने अर्को तपस्या गर्नुपर्दैन अर्थात् सत्य बौल्नुनै ठूलो तपस्याहो । मन पवित्र छभने तीर्थ निरर्थक अर्थात् मनपवित्रभए तीर्थगर्न पर्दैन मन पवित्रहुने मानिस आफैं पवित्रछ । सौजन्य छभने अरु गुण वेकार अर्थात् सज्जन भएपछि विनय, क्षमा, दयाआदि गुणहरू स्वत: प्राप्त हुन्छन् । आफ्नो कीर्ति छभने सिंगारिनु पर्दैन कीर्तिचलेपछि त्यसैलेनै सिंगारिदिन्छ । सद्विद्या छभने धन निरर्थक अर्थात् विद्यानै धनहुन्छ । अपकीर्ति चलेको छभने मरण चाहिंदैन अर्थात् अपजसी मानिस मरेसमान हुन्छ ।

"वदनं प्रसादसदनं सदयंहृदयं सुधामुचो वाच: ।
करणं परोपकरणंयेषांकेषां न ते वन्द्या:"॥

मुख प्रसन्नताको घर, मन दयायुक्तवचन अमृतसमान, काम परोपकार छभने यस्तामानिस कसका वन्दनीय हुंदैनन् अर्थात् मुखहसिलो मनदयावान वोलीमीठो परोपकारी कामगर्ने मानिसलाई सबैले आदर सत्कार गर्दछन् । "प्रदानं प्रच्छन्नं गृहमुपगते संभ्रमविधि र्निरुत्सेको लक्ष्म्या मनभिभवगन्धा: परकथा: । प्रियंकृत्वा मौनं सदासिकथनं चाप्युपकृते श्रुते त्यन्तासक्ति: पुरुषमभिजातं कथयति" ॥ ठूलोदान पनि गुप्तरूपले गर्नु,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

घरमा आउनेको आदरसत्कारगर्नु, सम्पत्तिमापनि घमण्डीनहुनु, अरुको कुरागर्दा नहोच्याउनु, अर्काको उपकारगरी वयानगर्दै नहिड्नु । सभा मिटिङ्गमा परोपकारको कुरा उठाउनु, शास्त्रमाज्यादै प्रेमगर्नु, यस्तोगर्ने सबैका गण्यमान्य हुन्छन्, धनीमानीहरू घरमा आएका साधारणलाई त्यत्ति आदर सत्कार गर्दैनन् । पैसा भएका घमण्डी हुन्छन्, अरुको टीकाटीप्पणी गर्दछन्, मैले फलानालाई यति मद्दत गरेकोछुभनी ढुंग्री पिट्दै हिड्छन, स्वार्थी हुन्छन्, शास्त्रको वास्ता गर्दैनन् । यस्ता दुर्विचारभएका मानिस हामी नवनौं । हामी यस्तो वनौं "वाञ्छा सज्जनसङ्गमे परगुणे प्रीति र्गुरौ नम्रता विद्यायां व्यसनं स्वयोषितिरतिर्लोकापवादादभयम् । भक्ति:शूलिनि शक्तिरात्मदमने संसर्गमुक्ति: खलेष्वेतेयेषु वसन्ति निर्मलगुरााास्तेभ्यो नरेभ्यो नम:"॥ सज्जनसङ्गतको इच्छा, परगुणमा प्रेम, मान्यजनमा नम्रता, विद्यामा आसक्ति, धर्मपत्नीमामात्र प्रेम, लोकापवादवाट डर, शिवमा भक्ति, इन्द्रियवशगर्नमा जोड, दुष्टजनसंसर्ग त्याग, यी निर्मल गुणहरू जसमा छन् ती सबै पूज्य हुन्छन् । अर्थात् हामीपनि यस्तै बन्न कोशिस गरौं । देशमा सदभावना सद्विचार शान्ति मैत्री परोपकार सदाचार सद्व्यवहार नैतिकता आदि सद्गुण नभइ राष्ट्र जतिसुकै विकसित भएपनि विलासिताका वस्तुहरू वैज्ञानिकहरूले सुखसयल निमित्त जति तयार गरिदिएपनि सुख, आनन्द, अमनचयन शान्तिआदि आउन सक्तैन । यसको प्रत्यक्ष प्रमाण त अमेरिका वेलायतआदि विलासिताको उच्चशिखरमा पुगेका देशहरूमा विलासमयजीवन विताएरपनि आनन्द शान्ति सन्तोषनभई भौतारियेर यहां आएका हिप्पी र पर्यटकहरूको अवस्था विचार व्यवहार कथनआदिबाट हामीले थाहापाइसकेका छौं कि जति सुखका साधनहरू जम्मागरेपनि आत्मशान्ति आध्यात्मिकचिन्तनविना हुंदो रहेनछ भन्ने । अव थाहाभएको कुरालाइ मनन गरी विलासिता तर्फ नलागौं, सद्भावना सदविचार सत्सङ्कल्पलाइ अपनाऔं शुद्धवस्तुमात्र भोजन गरौं, राजस तामस वस्तुहरू परित्याग गरौं । आहारा शुद्ध नभई मन निर्मल हुदैन, खाएको अन्नको सारवाट मन वन्दछ यो कुरा नभुलौं । सत्वगुणी वनौं । मनशुद्ध नभई आध्यात्मिकचिन्तन मननतर्फ लाग्न सकिदैन । विलासतर्फ लागेपछि आलस्य वढ्दछ । आलस्यले मानिसलाइ अध:पतन गराइदिन्छ । यो कुरा मनमा राखिराखौं ।

१५. मानवको स्वभाव यस्तोछकि उ सधैं नयांकुरा नयां रहनसहन नयां वस्तुआदिको चाहना गर्दछ । तर त्यो नवीनता परिणाममा हितकारक छकि छैन विचारगरेर मात्र ग्रहणगर्न पर्दछ । अर्काको लहलहैमा लागेर त्यतातर्फ लाग्न हुदैन, पछि हितकारक नयांकुरा लिएमा वेसैहुन्छ । एकपटक विवेकको कसिमा जांचेरमात्र लिन पर्दछ । पुराना कुरामापनि विचारगरी हितकारीभएमात्र लिनपर्दछ । अर्थात विवेक भित्री निर्मलआंखा हो यो मानिसका निमित्त अति आवश्यक छ । यो आंखा छैनभने मानिस कुमार्गमा लाग्दछ । सदाचारमा रहनाले नैं यो नेत्र पाउन सकिन्छ, विवेक नभएकोलाइ अन्धो भनिदिए हुन्छ ।

१६. अव अतीव हितकारक अतीव उपयोगी यो कुरापनि जानी राखौं, हामी मानवमा आत्मशक्ति यतिछभनेर भन्न सकिदैन, तर त्यो अदृश्य अर्थात् अतिसूक्ष्मरूपले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रहेको छ, यसैलाइ आत्मतत्त्व अथवा शक्तितत्त्वपनि भन्दछन्, यो अतिसूक्ष्म परमाणुस्वरूप छ । यसमा अनन्तशक्ति छ, परमाणुमा अतिबलवत्त्व र अतिवेगवत्त्व भएको विजुलीमा अनुभवगरेकै छौं । यो आत्मतत्त्व त विजुलि भन्दापनि अतिसूक्ष्म छ । जोजो वस्तु जतिजति सूक्ष्महुन्छ त्यत्तित्यत्ति बलवान हुन्छ, यो कुरा भगवान्ले गीता अध्याय ३ को श्लोक ४२ मा सूक्ष्मरूपबाट प्रकाश पार्नुभएको छ "इन्द्रियाणि पराण्याहु रिन्द्रियेभ्य: परंमन: । मनसस्तु परा वुद्धिर्योवुद्धे: परतस्तु स:" ॥४॥ दृश्य पदार्थभन्दा इन्द्रियहरू सूक्ष्म छन्, त्यसभन्दा बुद्धि, बुद्धिभन्दा आत्मा सूक्ष्मछ त्यसको शक्तिअनन्त छ, तर त्यसलाई प्राप्तगर्न साधना चाहिन्छ । त्यस साधनामा लागेका पाश्चात्यविद्वान्हरूले त्यसवाट प्राप्तगरेका आश्चर्यजनक विज्ञानजन्यवस्तुहरू लोकोपकारक कल्याणदायक कार्यमामात्र लगाएकोभए यो लोक स्वर्गवन्ने थियो । तर धेरैशक्ति विध्वंसात्मककार्यमा लगाएका छन् । हामीहरूपनि अन्तर्मुखीवृत्तिलिई विलासमयजीवन त्यागी आइपरेका कष्ट बाधाहरू धैर्यसाथ सामनागरी "कार्य वा साधयामि देहं वा पांतयामि" देहत्याग गर्न परेपनि कार्यसिद्धिनगरी छोड्दिनभन्ने दृढभावनाराखी सांसारिक प्रपञ्चत्यागगरी साधनामा जुटेमा पहिलेका हाम्रा पूर्वजऋषि मुनिहरूले प्राप्तगरेजस्तै हामीपनिआत्मशक्ति जगाउन समर्थ हुनेछौं । यस्तो हामीमा रहेको आत्मशक्ति आजसम्म काममा लगाउन सकेका छैनन् । हामीहरू सुखशयलतर्फ लागेरनै यस्तो भएको हो । त्यागमयजीवनलाई अनुसरणगरी आत्मशक्ति प्राप्तगर्नेतर्फ जति सकिन्छ लागिपरौं, यसैमा हाम्रो परमकल्याण छ ।

१७. एउटाकुरा यो छ कि प्राचीनपरम्परामा धर्मको नाममा उल्लेख नभएका विषयपनि यहां धर्मकार्य अन्तर्गत परेको छ भन्ने आशङ्का धर्मपरायरा जनसमुदायमा पर्नसक्ला तर राम्ररी भित्री विवेकदृष्टिले हेरेमा यीसबै पहिलेपनि धर्म अन्तर्गतनै परेका थिए । प्राचीनकालमा १,२ अपवादलाई छोडी प्रशासकराजाहरू प्रजाहरू र आफ्ना सन्तानमा भेदभावनगरी प्रजाकल्याणकारक तथा देशोत्थानविधायक सवै कार्यहरू आफ्नो कर्तव्यसंझी नैतिकताका साथ सम्पादन गर्दथे, त्यागोनमुखी नि:स्वार्थी हुन्थे, वृद्धभएपछि राज्यनै त्यागी वानप्रस्थाश्रमको आश्रय गर्दथे । जनताहरूपनि वूढो भएपछि भएको श्रीसम्पत्ति छोरालाई सुम्पी एकान्तस्थलमारही भक्तिमार्गको आश्रय लिन्थे । सवैको त्यागोन्मुखी प्रवृत्ति थियो । प्रजाका जीवन निर्वाहका अत्यावश्यक वस्तुहरू देशोत्थानका सवै कार्यहरू राजाबाटनै हुन्थे । विस्तारै यो प्रथा हट्दै गयो अहिलेका प्रशासकहरू स्वार्थोन्मुखी संग्रहोन्मुखी भए । त्यसैले अहिले देशोत्थानमा हामीसबै लाग्नु परमकर्तव्य भैसकेको छ । धर्मभनेकै परोपकार दीन दरिद्र रोगी दु:खीको सेवा परहित सद्भावना सर्वत्रशान्ति शुद्धवातावरण राख्नु मातृभूमिको सेवागर्नु आदि हुन् । हेर्नुहोस हामीसवै जनताको प्रयासबाट देशविकासभएमा हाम्रा देशका दीन दरिद्र दु:खी र तल्ला जातिहरूको रोग भोग शोक आदिको अन्त्य हुनेछ । उनीहरूका साथै अरु मध्यमवर्गीय परिवारहरूमा पनि शुद्धवातावरण, अमन चयन शुद्ध खाद्यवस्तु आदिको सुपथमूल्यमा सुगमता भई हितनैहुने छ । हामीले अरु दान धर्म गर्दा २।४ जनाको मात्र उपकार हुने खालको दान धर्म गर्दथ्यौ, देशोत्थानको निमित्त तन मन धन श्रमआदि खर्चगर्दा राष्ट्रका करोडौ जनताको उपकार भई देशको गौरव बढी कत्रोधर्म उपार्जन हुने छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एकछिन विचार गरौ । यो देशोत्थान कार्य अरु यज्ञयाग आदि धर्मकार्य भन्दा कमनभएको एक अपूर्वमहायज्ञहो । यो महायज्ञका दीक्षित हामी सबै जनताहौ, यसमा मन वचन कर्मले सदा तत्परता भई लाग्न थालौ ।

१८. यसमा पनि होसियार होऔ यतातर्फलागी परमेश्वरको स्मरण कीर्तन चिन्तनतर्फ चटक्क छोड्नपनि हुदैन, हो थोरैसमय भएपनि प्रभुको चिन्तनमा समयदिऊं, माथि भनिसकेको कलिसन्तरणोपनिषदको विषय संझी कीर्तनलाई भवरोगनिवारक औषधीमानी सधै सेवनगरौ । हामी गृहस्थका निमित्त भक्तिमार्ग ज्यादै उत्तम छ ।

गृहकार्य गर्दा गृहिणीहरूले पनि परमेश्वरलाई संझन कठिन पर्दैन । अन्त्यमा परमकल्याणकारक तलको श्लोकद्वारा परमेश्वरसंग प्रार्थना गरौ ।

"सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः॥
सर्वे भद्राणि पश्यन्तु मा कश्चिद दुःखभाग् भवेत्॥

हे प्रभो सवै मानिस सुखी आनन्दी हुन्, सबै निरोगी हुन् सबैले जताततै भलाइ भलाइनै देखुन्, कुनै मानिस पनि दुःखी दरिद्री नहुन् । हामी सधै यही सद्भावना सत्सङ्कल्पलाइ निरन्तरता दिई राखौ" । देशभरिका सारा जनतामापनि यही सद्भावना फैलाउने प्रयासगरौ ।

कल्याणं भवतु सर्वेषाम्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आदर्शजीवन

१. परमेश्वरबाट सृष्टि भएका जलचर स्थलचर नभश्चरहरूमा आफ्नो केहि न केहि विशेषता त छँदैछ, त्यसमा पनि जसको जीवनचर्यालाई देखेर अरुहरू पनि जुन जीवनको प्रशंसा गर्दछन् अथवा आफ्नो जीवन त्यस्तै बनाउने इच्छा गर्दछन्, प्रयास गर्दछन्, जुन जीवन अरुहरूले अनुकरणगर्न लायकछ अथवा अरुहरूमा छापपार्दछ त्यो जीवनलाई आर्दशजीवन मानिन्छ ।

२. जस्तै- "अन्त:संज्ञा भवन्त्येते सुखदु:खसमन्विता:" यो मनुको उक्ति अनुसार अन्तश्चेतन भएको वृक्षलाई नै लिउं जसले आफ्नो सारा जीवन अथवा अवयवहरू भनौं परोपकारमानै लगाइ राखेको छ; छाया छहारी फलफूलैं काठ दाउरा पात हांगा आदिद्वारा घामले लस्त पारेका, वर्षाले चुटिएका, गरमले मुखसुखेका, देवताकोपूजागर्ने अथवा सुगन्धलिन चाहने, वासबनाउने, भातपकाउने, पतकरबाट मलबनाउने, वासवसने आदिलाई सधै उपकार गरेकै हुन्छ । त्यस्तै प्राणीमा उत्तमभएको मानवले पनि एकपल्ट अवश्य छोड्नै पर्ने शरीरको लालनपालनमा मात्र समय नबिताई तन मन धन र वचनद्वारा अर्काको उपकारआदि सदाचारमा तत्पर भई शास्त्रको नियमअनुसार आर्दशमयजीवन अपनाउन आवश्यक छ ।

३. हामी हिन्दुजातिले ईश्वरलाई र पुनर्जन्मलाई मानेका छौं र साथै हाम्रा पूर्वज प्रात:स्मरणीय ऋषि-महिर्षिहरूले भाविमानवको कल्याणकारी बाटो पहिल्याउनका निमित्त आजीवन तपस्या गरे । त्यसबाट दिव्यदृष्टिसम्पादनगरी भूत वर्तमान भविष्यत् तीनैकालका विषयहरूको ज्ञान प्राप्त गरे । त्यसैबाट पछिका सन्तान हामीहरूलाई अहिले आदर्शमय जीवन र पछि परमपुरुर्षाथ प्राप्तगर्न धेरै बाटाहरू बनाइदिए । हामीले गर्नुपर्ने नियमहरू बताए । त्यसमा पनि सत्य त्रेता द्वापर कलियुगमा मानवजातिको ज्ञानबलवीर्य आयुआदि कमैले कमहुदै जाने हुनाले युगयुग अनुसारको मानवले गर्नुपर्ने विधि-विधानहरू यथार्थरूपले निर्णय गरिदिए । जसलाई हामीहरू शास्त्रभनि आदरका दृष्टिले हेर्दछौं । ती विधानहरूलाई हामीहरूले श्रद्धा र विश्वासपूर्वक पालनागरेमा हाम्रो जीवन जरुर आर्दशमय बन्दछ, यसमा सन्देह छैन ।

४. आदर्शजीवन नभएमा स्वेच्छाचारी पुरुषको हृदयमा काम क्रोध लोभका विकार भएका ईर्ष्या द्वेष स्वार्थ आदिले ज्यादै उधुम मचाइरहेको हुन्छ, त्यो मानिसले दूषित वासनाले दन्दनाइरहेको असन्तोषको ज्वालाबाट आफूलाई सुरक्षित राख्न सक्तैन । सारा इन्द्रियहरूको पाशविक वृत्तिहरूलाई वशगर्न नसकी आफू इन्द्रिय र मनको दासबनेको हुन्छ । बाहिर तर्फ स्वच्छन्द फिंजिइराखेका मनको वृत्तिहरूलाई भित्रतर्फ केन्द्रितगर्न सकेको हुदैन । त्यस्तो जीवन परबाट अरुले देख्दा राम्रै देखिए पनि उसको आत्मामा शान्ति नहुनाले दु:खमय जीवन हो । मानिसको खास खास जीवन त्यसैलाई भनिन्छ,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जो थोरै समयको भएपनि ज्ञान क्षमा कीर्ति विनय आदि भूषणले पूर्ण भएको हुन्छ र जसको जीवनमा धेरै प्राणीको जीवन आश्रित हुन्छ ।

५. जबसम्म मानिसले असत्यभाषण असत्यव्यवहार असद्भावना तर्फ मन लगाएको हुन्छ, अर्थात् यी खराव विषयबाट मनलाई हटाउनु पर्दछ भन्ने सद्विचारतर्फ मनझुकेको हुदैन त्यहांसम्म मनको व्यापार कलुषितनै रहन्छ र आफ्नो अमूल्य मानवजीवनको महत्त्व बुझ्ने चेष्टा पनि नगरी त्यसै अलमलिइरहेको भन्नुपर्दछ । जव मानिसको सज्जनसंग सम्पर्क रहन्छ अनि उसको आचरण व्यवहार नियम आदिको छाप त्यसमा पर्न थाल्दछ, सदाचारको महत्त्व बुझ्न लाग्दछ, अनि उसलाई पनि सदाचारमा प्रवृत्तहुने प्रेरणा मिल्दछ र आदर्शमयजीवनमा पाइला राख्तछ । अन्तस्करणमा केहि प्रकाश फैलिन लाग्दछ, मनमा शान्ति र आनन्दको आभास पर्न थाल्दछ अनि अन्तस्करणमा शोक मोह भय कोध अशान्ति आदिको आसन डग्मगाउन थाल्दछ । अर्थात् यिनीहरूलाई हटाउने तर्फ मानिसको प्रवृत्ति वढ्दै जान्छ र अन्त्यमा उसको जीवनको कायापलट हुन्छ । यसरी सदाचारी बनेका उदाहरणहरू प्रशस्त पाइएकाछन् । अत:आदर्शमय- जीवन वनाउन सदाचारी सज्जन पुरुषहरूको सङ्गत परमावश्यक छ । परन्तु आजकाल संसारमा मानवको जीवन सङ्घर्षमय छ । असन्तोष अधैर्य निराशा उद्वेग द्वेष आदिले मानिसको अन्तस्करण खलबल्याइ दिएको छ । कर्तव्याकर्तव्यको विचार हुन छाडेको छ ।

सन्तोषाऽमृततृप्तानां यत्सुखं शान्तचेतसाम् ।
कुतस्तद्धनलुब्धानामितश्चेतश्च धावताम् ॥

६. हामी मानवका निमित्त सन्तोष नै अमृत हो, त्यसले हाम्रो विषयवासनारूपी विषलाई पचाइदिन सक्तछ । सन्तोषरूपी अमृतको पानगर्ने मानिस सानो दूधेवालखको जस्तो आनन्दमा रहन सक्तछ । त्यो बालखको अनुहार हेर्दैमा ऊ आनन्दमा मग्नभएको हामी अनुभव गर्दछौं र उसको त्यो आनन्दमय अवस्थामा लोभिन्छौ । सन्तोषी हुनसक्नु ठूलो कुरा हो । असन्तोपको फेरमा परेर मानवले अमूल्य स्वास्थ्यलाईनै गुमाएको छ । असन्तोपले भित्रभित्रै शरीरलाई जलाएर खोक्रो पारिसकेको हुन्छ ।

७. आफ्नो भाग्य अनुसार भएको धन सम्पत्ति आदिमा सन्तोष गर्नुपर्दछ । आफनोभन्दा धेरै धन-सम्पत्तिभएका मानिसहरूको रोबरवाफ ढांचा आदिलाई देखेर डाहगर्नु हुदैन । तर कीर्तिहुने, देशको गौरवराख्ने, ज्ञानबढाउने आदि असलकुरामा त भै गयो कंहा दु:खगर्ने भनेर सन्तोष लिनपनि हुदैन; हडवड गरेर तछाड मछाड पनि गर्नुहुदैन । धैर्यपूर्वक आफ्नो सामर्थ्य अनुसार लागि रहनु पर्दछ । पानीको एक एक थोपा खसेर पानीको गाग्रो भरिए जस्तै निरन्तर लाग्नाले कार्य सफल हुन्छ । एकान्तमा बसेर प्रार्थना स्तुति ध्यान पूजा पाठ आदि धार्मिक जीवनतर्फ लागेर आदर्शजीवन वनाउने एक वाटो छ । सबै प्राणीहरूमा प्रेमराखी तनमन धनले दीन दु:खी रोगीहरूका सेवामा तत्परहुनु, मातृभूमिको उन्नतिमा दत्तचित्त भई द्वेप कलह

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वैमनस्य असत्य आदिलाई त्याग्दै जाने अर्को बाटो छ । यी दुवै बाटामा दोस्रो बाटो पहिल्याउंदा केवल आफ्नो मात्र उन्नति नभएर जनताजनार्दनको उपकार र देशसेवा पनि राम्रो तरहले हुनसक्छ । आफ्नो स्वार्थ भन्दा परोपकारको महत्त्व बुझ्नु पर्दछ, यसका निमित्त राम बुद्ध आदि आर्दशपुरुषहरूको जीवनचरित्र संझनु पदर्छ । यो पनि यज्ञनै हो ।

८. दु:खको कुरा यो छ कि प्राचीन ऋषिमहर्षिहरूको नि:स्वार्थजीवन आर्यहरूको संस्कृति, आफ्ना राष्ट्रका विभूतिहरूको चरित्र, पूर्वजहरूको आर्दशमयजीवन पवित्र आचरण, उच्चविचार, धर्मपरम्परा मान्यजनको महत्ता, राष्ट्रियताको महत्त्व आदिको बोधगराउने हिन्दुजातिका परमपवित्र गीता -उपनिषद् रामायण महाभारत आदि ग्रन्थहरूको अध्ययन अध्यापनपरम्परा छैन, जुन ग्रन्थहरूको अनुशीलन गर्नाले हामीलाई आफ्ना कर्तव्यहरूको पूरापूर ज्ञान हुन सक्तछ । यी सबै कुरा आला-कांचा बालखहरूको मस्तिकमा छापपारिदिने गुरुहरू अथवा बाबुआमा दाजुदिदी आदि घरका मान्यजन हुन् । उनीहरूमा नै यी कुराहरूको विचारहुन छोडेको छ । किनभने हाम्रो शिक्षाप्रणाली धेरैसमय अगाडीदेखि पाश्चात्त्य सांचामा ढालियो, आफ्नो धर्म संस्कृति परम्परा आदिलाई कुठाराघात गर्ने शिक्षा चल्यो । यसबाट हामी पाश्चात्त्य रङ्गमा रङ्गियौं, हाम्रो जीवन विलासमय हुनलाग्यो र हामीले आफूलाई चिन्न छाड्यौं । यही हाड मासु छाला रगत बोसो आदिको पिण्डभएको पाञ्चभौतिक अर्थात् पृथ्वी अप तेज वायु आकाशबाट बनेको यही अनित्य शरीरलाई नै म भन्ने भावना हुदै आयो । आत्मा अजर अमर अविनाशी छ भन्ने भावना हरायो नास्तिक जनता धेरै भए ।

९. यो दुर्लभ मनुष्य चोला खालि अहिले मोजमजा उडाउन मात्र भगवान्‌ले दिनुभएको होइन, शरीर छोडेपछि अर्को जन्ममा अनन्तसुख प्राप्तिगर्नका -निमित्त हो पछिको बाटो विचार गर्नु पर्दछ, पछिलाई सामल जम्मा गर्नुपर्दछ । अहिलेको तीतो पछिको मीठो असल, भन्ने भावना रहेन । हुनपनि पुनर्जन्ममा नै आस्था नराखेपछि पछि पछिको कुरानै हरायो । होइन पछिको कुरा त छोडिदिउं, यसै जन्ममा पनि राम्रो आचरणभएको असल कामगर्ने मानिसको आदर कदर भैहाल्छ भन्ने संझेर असल आचरणमा मानिस लाग्न सक्नेछ भन्नेपनि सन्देह गर्नलागे । कारण जो मानिस भए नभएकोकुरा मिलाई अधिकारीवर्गमा विश्वास दिलाउछ, अगाडी बकुल्लाभगत बन्नसक्तछ पछाडी मौका परेमा बकुल्लाले माछालाई सलक्क निलेजस्तो गरेर राष्ट्रको हानी नोक्सानीलाई एकातिर पन्छाई कानून र अरुको आंखा बचाई लक्ष्मीको प्रिय वन्न हिचकिचाउदैन । जो माथिल्ला तहका अधिकारीहरू संग सांठ-गांठ हेलमेल राख्न सिपालु छ, नयां रीति-रिवाज मिलाएर दिग्बन्धनगर्न सक्तछ । त्यो योग्य ठहरिन्छ, त्यसको कदर हुन्छ र उसको गण्यमान्यमा गणना हुन्छ । खास-खास मर्यादावान् इमान्दार सत्यनिष्ठ देशभक्त मानिस त हांसको बथानमा वकुल्ला जस्तो भएर हस्सिमा उड्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१०. यस्तो संसारको वातावरण आयो । अब के गर्ने ? गतानुगतिकमा वहने अथवा सत्यमा अटल आस्थाराख्ने ? अहिलेत यसैको एक निर्णयमा पुग्नुपर्ने भयो । वास्तवमा पुनर्जन्म मानोस् वा नमानोस् आदर्शमय जीवनमा रहनाले नै कल्याण छ ? किनभने असत्यव्यवहारबाट गण्यमान्य गनिएको व्यक्ति थोरै समय मात्र फले-फुलेको हुन्छ । अन्यायले कमाएको सम्पत्ति जरुर स्थिर हुदैन, यसको उदाहरण हामीले प्रशस्त देखेका छौं । पछि त्यो व्यक्ति सबैले आदरदृष्टिले हेरिने हुदैन हो सत्यको कसी जाचिंन समय लाग्दछ, तर अन्त्यमा सत्यको विजय हुन्छ । भगवान्ले पनि गीतामा भन्नुभएको छ- "न हि कल्याणकृत् कश्चिद् दुर्गतिं तात गच्छति" ॥गीता ६,४०। "बाबु अर्जुन असलकाम गर्ने कुनै पनि मानिस दुःख पाउदैन । "आदर्शमयजीवनको परिणाास असल हुन्छ यसमा सन्देह छैन, खांलि त्यति समयसम्म धैर्यगरी रहन सक्नुपर्दछ । मनलाई संयमगर्न सक्नुपर्दछ । मनलाई संयमगर्न साधारण तरिकाले सकिदैन, विश्वास र उत्साहको ज्यादै आवश्यकता पर्दछ । धेरै मानिसहरू जति गरेपनि मनलाई वशमा राख्न सकिदैन, यस जुनिमा यस्तै भयो भनेर त्यसै हात खुट्टा छोड्दछन् । हुन पनि हो, पहिले पहिले मदिरा अफिम भाङ चुरोट आदि अम्बलहरू शुरुगर्दा उसलाई आनन्दनै लागेको हुन्छ, तर पछि पछि ऊ त्यस अम्बलको दास बनिहाल्दछ । इच्छा लागेको बखतमा ती वस्तुहरू नपाए ऊ छट्पटाउन लाग्दछ अनि ऊ स्पष्टनै भन्न थाल्दछ, कें गर्ने ? लह लहैले गर्दा अम्बलमा फसियो, खराब भनि जानिजानिकन पनि छोड्न सकिदैन । अझ अफिम आदि लागु पर्दाथ खाने मानिस त बरु भात खान नपाए केहि हुदैन तर यो नमिले वाच्न सक्तिन पनि निर्धक्कसंग भन्दछ । उसलाई यसो भन्न कत्ति पनि लाज नलाग्ने हुन्छ । किनभने उसले अम्बलको वशमा परेर लाजलाई पचाइसकेको हुन्छ । तर अम्बली भैसकेको मानिसले पनि त्यसरी निराशपनलाई आश्रय दिनु हुदैन । यस दुर्व्यसनलाई म नत्यागी छाड्दिन भनि दृढनिश्चय गरी कोशिस गरेमा विस्तारै विस्तारै त्याग्नपनि सकिन्छ । विश्वासले निर्बल वलवान हुन्छ, निरुत्साहीलाई उत्साही वनाउछ । विश्वासको ठूलो महत्त्व छ । विश्वासी सर्वत्र सफल हुन्छ, केवल विश्वास पूरापूर हुनुपर्दछ । मानिसले उत्साह र उम्मेद गरेर व्रिश्वासपूर्वक कामगर्दा पहिलेका मानिसले चिताउन पनि नसकेका कुराहरू आज मानवले गरिसक्यो । पाश्चात्त्य वैज्ञानिकहरूले आविष्कार गरेका चन्द्रलोकयान वायुयान टि.भि. रेडियो कम्प्यूटर आदि हामीले देखेकै छौ ।

११. पहिले देखिनै हाम्रो संस्कार यस्तो भैराखेको छ कि हामी खाली चक्षुरादि वहिरिन्द्रियहरूले प्रत्यक्ष गरेका विषयमानै विश्वास गर्दछौं । मनपनि अन्तरिन्द्रिय हो, यसको अनुभवलाई पनि विश्वास गर्नुपर्दछ । मनको विश्वासले नै ध्रुव प्रह्लाद आदि उच्चकक्षामा पुगे, मन शुद्ध नभई विश्वास हुदैन; मन शुद्ध गराउन भित्रको कालो पखाल्नु पर्दछ ।

१२. निरन्तर मनमा सद्भावना लिनाले र सत्कर्महरू गर्नाले धेरै समयको अभ्यास भएपछि मनलाई जस्तो पनि वनाउन सक्छौ । हामीले अनुभव पनि गरेका छौ, अभ्यास गरेको कुरा मनमा ज्यादै घुसिसकेको छ भने राती निदाएको वखतमा पनि त्यही वस्तु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देख्दछौं । मनको यो स्वभाव छ कि हामी उसलाई जुन दिशातर्फ लगाउंछौं । ऊ उतैतर्फ अविरल गतिले बढिरहेको हुन्छ । बाधक विचार आएपछि भने त्यस विषयबाट हटद्छ । निद्रा अवस्थामा बाधक विचार प्राय: आउन सक्तैन । त्यसैले सुत्ने समयमा सद्विचार गर्ने अभ्यास गऱ्यो भने निद्राभरि त्यसैको प्रभाव परिरहेको हुन्छ, त्यसको असर ब्युंझेको अवस्थामा पनि पर्दछ । अत: सुत्नुभन्दा पहिले मनमा कुनै प्रकारको पनि चिन्तालाई वास दिनुहुदैन, मन प्रसन्न हुनुपर्दछ ।

१३. मन इन्द्रियद्वारा विषयदेशमा गएर विषयाकारमा परिणत हुने कुरा शास्त्रले प्रतिपादन गरेकै छ । पानी कुलोबाट खेतमा पुगेपछि जस्तो आकारको खेत छ त्यस्तै रूपमा परिणत भएको हाम्रो आंखाले देखेकै छ ।

यत्र यत्र मनो देही धारयेत्सकलं धिया ।
स्नेहाद् द्वेषाद् भयाद् वापि याति तत्तत्सरूपताम् ॥
कीट: पेशस्कृतं ध्यायन् कुड्यांतेन प्रवेशित: ।
यातिं तत्सात्मतां राजन् पूर्वरूपमसंत्यजन् ॥
श्रीमद्भागवत ११ स्कन्धमा अ. ९

१४. कुमालकोटीले कीरालाई लगी आफ्नो गुंडमा हरवखत तर्साउने गर्दा रातोदिन त्यही कुमालकोटीलाई डरले देख्दा सम्झदा पछि अन्त्यमा त्यो कीरो कुमालकोटीमै मिल्दछ । यो कुरा श्रीमद्भागवत्‌को एकादशस्कन्धको नवौं अध्यायमा बयान गरेकै छ । त्यस्तै हामीले पनि मनमा संधै दुर्भावना चिन्ता भय आदिलाई प्रश्रय नदिंई असल कुरालाई मात्र चिन्तन गरी सद्भावना जगाउन सक्यौं भने जरुर सत्सङ्कल्पभएका हुन सकनेछौं । तर यतिले पुगेन, अब यति जम्मा गर्नुपर्दछ भनी लोभमा फंसेका अथवा मलाई त्यो संधै द्वेषगर्दछ, त्यसकोपनि विगारनगरि छाड्दिन, कसरी त्यसलाई विगारौं, बरु मेरो जति नोक्सान हुन्छ होस् भनि द्वेषको भावना जगाउदै छिद्र खोज्दै दुर्भावनामा लागेका मानिसले आर्कालाई विगार्दछु भन्दाभन्दै आफू विग्रेको थाहानै पाउदैन । शोक भय चिन्ता रोगको शिकार आफू बनिसकेको हुन्छ । यस्ताले अथवा विलासमयजीवन भएका मानिसले त के मनलाई वशगर्न सक्ला ? जुन मनलाई वशगर्न नसकेर अर्जुन पनि "रातोदिन वहिरहेको हावालाई रोक्नु जस्तै ज्यादै बलियो चञ्चलमनलाई वशगर्न सकिदैन" भनेर आत्तिएका छन् ।

चञ्चलं हि मन: कृष्ण प्रमाथिबलवद्दृढम्।
तस्याहं निग्रहं मन्ये वायोरिव सुदुष्करम् ॥
भगवद्गीता अध्याय ६ श्लो ३४ ॥

१५. मन चञ्चल भएको मानिसले कुनै पनि काम राम्रोसंग गर्न सक्तैन अथवा गर्न सके पनि त्यसलाई निकै प्रयास पर्दछ । किनभने मन स्थिरनहुनाले गर्नलागेको काम बीच बीचमा गडवड भइनै रहन्छ । विशेषगरेर हाम्रो अन्तस्करणमा दुर्भावनालाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्थानदिन हुदैन, दियौं भने अनेक प्रकारका अशुभभावनाका संस्कारहरू प्रतिदिन बढदै जान्छन् । अनि हाम्रो हृदयलाई ती खराव कुराले टम्म ढाकिदिन्छन् । पछि एक एक गरेर ती सबैलाई हटाउन ज्यादै मुस्किल पर्दछ । जस्तै एक वर्षसम्म प्रतिदिन खुत्रुकेमा हामीले एक एक मोहोर छिराउदै गयौभने हामीलाई सानोतिनो काम टर्ने रुपैयां जम्माहुन्छ । तर त्यसमा काम नलाग्ने गेगरेन अथवा ढुङ्गाको टुका राख्यौंभने पछि फाल्ने झन्झट मात्र पर्दछ । यस्तै प्रतिदिन हामी भान्सामा आगो बाल्दछौं, त्यसको धुवाले भान्सातर्फका माथिका दलिनहरू सबै कालाम्मे हुन्छन्, भान्सामा पनि धुवाले उकुसमुकुस पार्दछ । यदि हामीले बाहिर धुवा जाने आतसखाना भएको भान्साघर वनायौं भने भान्सा स्वच्छ र निर्मल रहन्छन् । त्यस्तै बीच बीचमा अनेक प्रकारका दुर्भावनाहरू मनमा उब्जिएमा पनि विवेकरूपी आतसखानावाट दुंभावनारूपी धुंवालाई निकालिदिनुपर्दछ ।

१६. मानव सुख र शान्तिका निमित्त कहिले शीतल ठाउंको खोजीमा व्यस्त हुन्छ, कहिले नंया सुन्दर स्थानमा गएर वस्तछ, कहिले मनोहर दृश्यावलोकनमा तत्पर हुन्छ, नयां नयां आर्कषक पदार्थहरूघरमा जम्मा गर्दछ, राम्रा राम्रा गानाहरू सुन्दछ र सिनेमाहलमा सामेल हुन्छ । यसरी मनले चाहेकोजत्ति चीज प्र्प्तगरे पनि वास्तविक इच्छापूर्ति हुदैन, किनभने इच्छाको लहर बढ्दै जान्छ । सबै कुरा इच्छाको अनुकूल हुनुपर्दछ, इच्छाको विरुद्ध भएमा उसले दुःखको अनुभव गर्दछ । इच्छागरेका कुरा पुग्दै गएछ भने उसले यस्ता यस्ता असंभव कुराको इच्छा गर्न थाल्दछ कि एकै छिनमा लण्डन पुगेर त्यहांको चहलपहल हेर्न, फेरि तुरुन्तै संयुक्त-राष्ट्रसंघको वहस सुन्न अथवा एकै स्थानमा रहेर संसारभरका सबै कुरा देख्न वा थाहपाउन इत्यादि । हुन त प्रयास गरेपछि असंभव चीज पनि संभव हुन्छ भन्ने उदाहरण त टेलिभिजन तयारि गर्ने र चन्द्रलोक यात्रा गराउनें वैज्ञानिकहरूबाट स्पष्ट भएको छ । तर भोगविलासमा डुवेका अल्छी मानववाट यो कुरा हुनसक्तैन, सानी प्रयासले र सानो खर्चले यी कुरा सिद्धभएका होइनन् । ती वैज्ञानिकहरूले आफ्नो साराजीवन त्यसैमा लगाएका छन्, ऐश-आराम घरवार परिवारको परवाह गरेका छैनन्, सारा इन्दियहरूलाई वशमा राखी त्यसैमा तल्लीन भएर कार्य सफल गरेका छन् र आत्मसंयमी बनेका छन् ।

१७. मनलाई वशमा राख्ने प्रयासगरेर अभ्यासगर्दै लगेमा असंभव छैन । सद्भावनातर्फ लगाउने कोशिस गरेमा त्यसतर्फ लाग्न सक्तछ । श्री पशुपतिनाथ प्रभुलाई संझन लगाए मनले संझन्छ, फेरि तत्कालै श्री वद्रीनाथ भगवान्को ध्यानगर्न लगाए त्यहीं पुग्दछ । उत्तिखेरै गोसाइंकुण्डमा पुग्न आज्ञादिए त्यहीं पुगेर मनोहर दृश्यमा मुग्धहुन्छ । मनलाई मात्रपनि त्यति दोषदिन योग्य छैन । हामीले मनलाई खराव कुराको अभ्यासमा मात्र लगाइराखेकाले नै असल विचारतर्फ नलागेर सत्सङ्कल्पको भावना हाम्रो हृदयमा रहन सकेन । सद्भावनाको अभ्यास पूरा भएपछि सत्सङ्कल्प तर्फ लाग्ने छ । जस्तै-कुनै मानिस आनन्दसाथ वसिरहेको वखतमा हात गोडा अथवा औंला आदि कुनै अवयव हल्लाइरहन्छ, फेरि त्यस वखतमा अरु आवश्यक कामपनि गरिरहेकै हुन्छ, अर्थात् मन अर्कै काममा व्यस्त भएको हुन्छ । तर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आफसे आफ भएको त्यो क्रियालाई छोडेको हुदैन । कसैले गोडा नहल्लाऊ भन्यो भने एक छिन त्यो हल्लाउने कामलाई छाडिदिन्छ । तर मन अर्कोकाममा व्यस्त हुनासाथ फेरि त्यो गोडा हल्लाउन थालिहाल्दछ । ए किन यसो गरेको भनी कसैले प्रश्न गरेमा मलाई थाहा छैन, मैले गरौ भनेर गरेको होइन्, यो आफसे आफ त्यसै भएको भनी ऊ जवाफ दिन्छ । त्यसो हुनाको कारण मानिसले पहिले त्यो कामको ज्यादै अभ्यास गरेको थियो, धेरै समय अभ्यास भएपछि त्यो स्वाभाविक भएर स्वत: प्रवृत्तभयो ।

१८. प्रतिदिन हामीले आसनमा वसेर आचमन गरेपछि गायत्री जप्न हातमा जनै वेर्ने गरेका छौ । त्यसकुराको अभ्यास हामीमा भैसकेकोले कारणवश अरु कामगर्न आसनमा वसेर आचमनगर्दा पनि मन अर्को तर्फ गएको बेलामा झट्ट जनैमा हात् पुगिहाल्दछ, यो अभ्यासको फल हो । त्यस्तै प्रतिदिन सद्भावना सद्विचार सत्कार्यतर्फ मनलाई लगाउदै गरेमा बिस्तारै बिस्तारै त्यस तर्फ अभ्यास हुदै जानेछ ।

१९. हामी जपगर्न लाग्दापनि कहिले अनेक कुराहरू मनमा खेल्न थाल्दछन् । तर ती कुराहरू हाम्रो इच्छाले आएका होइनन्, हामी त आफ्नो इष्ट देवताको ध्यानमा नै मन लागोस्भन्ने इच्छा गरेका हुन्छौं, तर ती इच्छा नगरेका विचारहरूले इष्टचिन्तनमा बाधा गराउछन् । मनमा विक्षेप पैदा गराउछन् । हामीले ती नचाहिने बाहिरिया कुरालाई मनमा धेरै स्थान दिदै राखेकाले नै तिनीहरूले हामीलाई बीच बीचमा सताइराखेका हुन् ।

२०. बिहान सवेरै शौच स्नानगरी शुद्धभई प्रसन्न मनले स्वच्छ निर्मल वातावरण भएको खुला एकान्तस्थलमा बसेर प्राणायाम अथवा नाकबाट लामो लामो श्वास प्रश्वास गरेर एकाग्र भएर पवित्र मन्त्रको उच्चारण गर्ने अभ्यास गरेमा अथवा कुनै देवताको मूर्तिलाई अगाडि राखी त्यही मूर्तिलाई मात्र लक्ष्य गरेर त्यस समयमा संसारलाई र आफूलाई समेत भुल्ने प्रयास गरेमा अथवा कुनै वस्तुलाई पनि लक्ष्य नगरी आंखा चिम्ली अखण्डशून्यको मात्र अभ्यास गर्दै सुख दु:ख मान अपमान हर्षशोक अनुराग विराग आफू अर्को दिन रात इत्यादि विचार नगर्ने अभ्यास गरेमा मनलाई स्थिर गराउन सकिनेछ ।

२१. जुन काम आफूले गर्न लागेको छ त्यस कामलाई मात्र एकाग्र भएर गरिरहनु पनि एक उपाय हो । जस्तै-नुहाउन लागेको छ भने त्यस वखतमा अरु कुनै कुरा नसंझि केवल स्नानबाट हुने फाइदा तर्फमात्र विचारगर्न, भोजनगर्न लाग्दा भोजनको विषयमा सावधानभई प्रसन्नमनले आफ्नो शरीरको बल वीर्य ओज आदिको वृद्धि हुदै गएको अनुभव गर्न, कुनै ग्रन्थको अभ्यास गर्न लागेको छ भने त्यसैमा लीन भएर त्यसको रहस्य बुझ्न मात्र प्रयास गर्न , अथवा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनन्याश्चिन्तयन्तो मां ये जनाः पर्युपासते ।
तेषां नित्याभियुक्तानां योगक्षेमं वहाम्यहम ॥
भगवद्गीता अध्याय ९ श्लोक.२२

"जो मानिसहरू हरवखत मलाईमात्र संझदै मेरो उपासना गर्दछन्, ममा आसक्तभएका तिनीहरूको सबै तर्फबाट म रक्षा गर्दछु" यो भगवान्को वाक्यमा दृढ विश्वास गरी हरवखत भगवान्को भरोसा गर्न । यसको दृष्टान्त त ध्रुव, प्रल्हाद, उद्वव, द्रौपदी, गजेन्द्र, गोपिनी आदि छँदैछन् । अभ्यासगर्दै लगेमा बिस्तारै बिस्तारै मन स्थिर हुदै जानेछ । मन स्थिर हुदै गएपछि मन दुर्भावना तर्फबाट हटी मानव सत्सङ्कल्प भएको हुन्छ । अनि उसको अन्तस्करणमा सद्भावनाको दियो हरवखत बलिरहन्छ र मन शुद्धभई उसको आदर्शजीवन बन्दछ, अनि त्यसले मानवजीवनको महत्त्व बुझ्दछ । यी सबै कुरा शास्त्रको नियम बमोजिम अभ्यास गर्नाले नै हुन सक्तछ । खाली आफ्नो विचार अनुसार काम गर्नाले सुख शान्ति प्राप्त भएर आदर्शजीवन बनाउन सकिन्न, यो निश्चित छ । आदर्शजीवन मात्र खास खास जीवन हो । साधारण जीवन भएमा त पशुकोजीवन र मानवको जीवनमा केहि फरकहुदैन । अतःसबैले आर्दशजीवन बनाउन प्रयास गर्नुपर्दछ । मनुष्यचोलालाई सफल गराउनुपर्दछ ।

२२. चौराशीँको चक्कर खाई पछि भगवत् कृपाबाट प्राप्त अमूल्य मनुष्यजीवन पशु जीवन बनाएर आत्मघाती बन्नु हुदैन । आत्यन्तिक शान्ति प्राप्त गर्न तर्फ लाग्नु पर्दछ । हामीले यो एउटा कुरा सधै मनमा राखौं, हाम्रा भित्री शत्रु भएका १.काम (कामना) २.क्रोध, ३.लोभ, ४.मोह(अविवेक), ५.मद(अहंकार), ६.मात्सर्य (अर्काको असल नचाहनु) । यी ६ मध्ये पहिले काम, क्रोध, लोभ यी ३ ज्यादै डरलाग्दा छन् । यिनीहरूसित होसियारभई ज्यादै इच्छा नगर्ने, रिस राग छोड्ने लोभी नहुने अभ्यास गर्नु पर्दछ । मानिसले कामवासना रिसको झोक र लोभमा फसी व्यभिचार हत्या लुट पीट आदिगरी आफ्नो जीवन जेल नेलमा विताई राखेका देखेका छौं । हामी यी देखि टाढै रहौं, परम दयालु परमेश्वरको भजन कीर्तन स्मरण आदिमा चित्त लगाई यस जीवनमा सबैको आदरणीय र अन्त्यमा उत्तमगति प्राप्तगरौं, भगवान्को श्रद्धा भक्ति विश्वासपूर्वक आश्रय लिएमा परम दयालु विश्वंभरवाट हामीलाई सद्बुद्धि प्राप्त भई हाम्रो इच्छा पूर्ण हुनेछ । यसमा सन्देह छैन, हामी परमकल्याणकारक यस सुमार्गमा लागीपरौं, यही मेरो सबैलाई करजोडी विन्ति छ ।

सबैको कल्याण होस

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संस्कृति

१. सम् उपसर्गपूर्वमा हुने कृ धातुलेखि क्तिन् प्रत्यय र भूषण अर्थमा सुट् गरेर बनेको संस्कृति शब्दको अर्थ हो भूषणभएको असल काम, त्यसैले जुनकाम असल र शोभित छ, त्यस कामलाई संस्कृति भनिन्छ । संस्कार र सदाचारपनि यसको अर्थ हुन सक्तछ । संस्कार कायिक वाचिक मानसिक हुन्छ, त्यसमा मानसिकसंस्कार प्रधान मानिन्छ । किनभनें मनको संस्कार गर्न अर्थात् मन शुद्धगराउन ज्यादै गाऱ्हो छ ।

२. मनुष्यमात्रमा काम क्रोध लोभ मोह आदि स्वत: सम्भव हुने हुनाले यी भित्रका शत्रुहरूको वशमापरी मानिस खराब काममार्पनि प्रवृत्त हुन्छ । त्यसैले खराब कामलाई हटाउन सम् उपसर्ग लगाएको हो । त्यसले असलभन्ने अर्थ बुझाएको छ । सो भएमा मन सत्सङ्कल्पयुक्त हुन्छ ।

३. मानिसले गनुपर्ने असलकाम कुन होभन्ने निर्णय त हामी आर्यका निमित्त हाम्रा पूर्वज ऋषिमहर्षिहरूले अवच्छिन्न योगाभ्यासद्वारा दिव्यदृष्टि सम्पादनगरी त्यसबाट प्राप्तभएको ज्ञानालोकले यसलोकमा र परलोकमा कल्याणप्राप्तिका निमित्त विधिनिषेधको नियम वताइदिएका छन् । त्यसैबाट निर्णय गर्नुपर्दछ । सामाजिक धार्मिक आर्थिक राजनीतिक वैयक्तिक सबै क्षेत्रमा ऐहिक र पारलौकिक अभ्युदय हुने ज्ञानेन्द्रिय कर्मेन्द्रिय मन बुद्धि आदिका कार्यहरूनै संस्कृति शब्दले व्यवहार गरिन्छन् । अत: संक्षेपमा सदाचारनै मुख्यमान्न सकिन्छ । संस्कृतिको मूलश्रोत वेद र वेदमूलक आर्ष धर्मग्रन्थ हुन् । दर्शन साहित्य सङ्गीत कला आचार संस्कार धार्मिककृत्य आदि संस्कृतिका अङ्ग हुन् । कुनै जाति वा वर्गविशेषको मानसिक र बौद्धिक विकाससित संस्कृतिले सम्बन्ध राख्दछ । संस्कृतिमा मानवजीवनको शक्ति र राष्ट्रिय आदर्शको गौरवमय मर्यादा रहेकोछ । संस्कृति आत्मोत्थानको चिन्ह, आत्मदर्शनको मार्ग, राष्ट्रको प्राण र स्वतन्त्रताको वास्तविक प्रतिष्ठा हो ।

४. संस्कृतिका दुई हागां छन्, मुख्यसंस्कृति र गौणसंस्कृति । वेद र आर्षधर्मग्रन्थ मूलक संस्कृति मुख्यसंस्कृति हो, जसको प्रथमस्थान गर्भाधानादि संस्कारले लिएका छन् । संस्कृतिको संस्कार अर्थहुनाले शुद्धगर्नु, सफागर्नु, चहकिलोगर्नु, आन्तरिक रूपको प्रकाशपार्नु अर्थहो । सफागर्दा चहकिलोपार्दा जुनसुकै वस्तुकोपनि सौन्दर्य बढेर आकर्षक भएको हामीले हाम्रा भोग्यपदार्थहरूमा अनुभव गरिरहेका छौं । त्यस्तै मानवको पनि धर्मशास्त्रविहित गर्भाधानादि संस्कारहरू विधिपूर्वक भएमा मानवमा रहेका सबै दोषहरूहटी शुद्धभई त्यसमा ज्ञानालोकको प्रकाशप्राप्त हुनेकुरा आश्चर्यजनक छैन । प्राकृतिक जुनसुकै वस्तुपनि संस्कार गरेरमात्र उपयोगी बनेको हाम्रो आंखाको सामुन्ने नै छ । जस्तै प्रकृतिले दिएको अन्नादिलाई हामीहरू संस्कारगरी स्वादिला बनाएर मात्र खाने गर्दछौं । अत:मानिसका आत्मिक संस्कारलाईनै वैदिकसंस्कार मानेको छ । जसको विधिपूर्वक वैदिकसंस्कार गरिन्छ, त्यसको मन र आत्मामा राम्रोप्रभाव पर्दछ । मानवको आभ्यन्तर गुणसमुदायनै मुख्यसंस्कृति हो । जो सुसंस्कृत छ, त्यसमा सद्भावना

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सच्चरित्रता दया परोपकार आदि सद्गुणहरू रहन्छन् । त्यस्तो पुरुष इन्द्रियको वशमापरेर मधुरभोजन सुन्दरवस्त्र सुन्दरमहल आदिमा लुब्ध हुदैन, खालि शरीरयात्रामा मात्र प्रसन्नहुने हुन्छ । मुख्यसंस्कृति धार्मिकविश्वासमा आधारित हुनाले यो अपनाउन सुगम छैन, साहस गरेमापनि प्रयाससाध्य छ । सांस्कृतिक आर्चायका आचरणको अनुसरण र अनुशीलन गर्नाले सांस्कृतिक तत्त्वको अभिव्यक्ति हुन्छ । शास्त्रको अविरोधि सांस्कृतिकपरम्पराको प्रवाह अवच्छिन्न चलिरहनालेनै आत्मकल्याण देशविकास र देशको सर्वोन्नति हुन्छ ।

५. मुख्य संस्कृतिमा अद्वैतभावना अङ्गहुनाले यो अहिंसा र दयामा आधारित छ । व्यावहारिक रागद्वेषबाट खराबकाम गर्नपनि कुनै तत्पर होला, तर त्यो स्वरक्षणात्मक हुन्छ, पराक्रमणात्मक हुदैन, किनकि "सर्वे भवन्तु सुखिन:" यो भावना रोम रोममा रहेको हुन्छ । पुनर्जन्ममा विश्वास भएकोले पनि ऊ अकर्तव्यबाट विमुख हुन्छ । वौदिकधाराबाट आएको आर्यसंस्कृतिमा स्थानभेदले केही रूपान्तर देखिएतापनि ती सबै गङ्गाजीमा पुगेका साना साना नदीहरूको नाम गोत नभएझैं वैदिकसंस्कृतिमै विलीन हुन्छन् ।

६. गौणसंस्कृति, समाजले असलठानेर प्राचीन कालदेखि भिन्नभिन्न देशमा व्यबहार गरेका ती ती देशमा हितकारक नीतिसङ्गत लौकिकव्यवहार आहार विहार आदि हो । यो संस्कृति हरेक देश र जातिको भिन्न भिन्न हुन्छ, तर आजकाल त सवर्त्र यातायात सुलभ भएकोले भिन्न भिन्न देश र जातिकोपनि परस्परमा आदान प्रदान गमन आगमनआदिको ज्यादैसंसर्ग बढेकोले गौणसंस्कृतिको संमिश्रणहुदै जान लागेकोछ । कंही कंही त सार्वभौमसत्तासम्पन्न बलवान्राष्ट्रको संस्कृतिले आश्रित दुर्वलराष्ट्रको संस्कृतिलाई दवाएकोपनि देखिन्छ । गौणसंस्कृति समाजको पुराना अनुभूति र वर्तमान अनुभूतिको संस्कारबाट हुन्छ, त्यसैले आजको र हजारवर्ष पहिलेको संस्कृतिमा धेरै अन्तर पाइन्छ । देश काल परिस्थितिले पनि अलग हुने हुन्छ । युगयुगदेखिनै मानव अनवरत चिन्तन र कर्ममा निरतहुदै आएको छ, उसको चिन्तन र कर्महरू कहिले प्राकृतिकप्रभावबाट प्रभावित कहिले आन्तरिक प्रेरणाले प्रेरित कहिले नानास्थल निवासीहरूको पारस्परिक सम्पर्कले सम्बद्ध हुन्छन् र संस्कार अनुसार साहित्य सङ्गीत कला आदिको सृजना हुन्छ । यी सबै कामलाई हामी संस्कृति भन्दैनौं । जुन कामहरू देशविशेषको समस्तसमाजमा शाश्वतअभ्युदयकारक अमीट छापलाग्ने हुन्छन् ती कामहरू मात्र अन्त्यमा देशको अथवा देशनिवासीहरूको एक अलगसंस्कृति बन्दछ । यो कुनै देशविशेषको सीमामा सीमित हुदैन, निरन्तर प्रगतिशील मानवजीवनपद्धति तथा मानव समाजको असंख्य भावनाहरूबाट वन्ने हो ।

७. सभ्यता शब्दको व्याकरण अनुसार 'सहभान्ति अत्र' (साथ साथै सुशोभित हुन्छन् जुन स्थलमा) यो विग्रहमा सहशब्दपूर्वक दीप्त्यर्थकभा धातुदेखि ड प्रत्यय र सहशब्दका स्थानमा स आदेशभई टाप्प्रत्यय भएर सभाशब्द वन्दछ । सभायां साधु: (सभामा वस्न योग्य) यस विग्रहमा य प्रत्यय भएर सभ्य शब्द वन्दछ । सभ्यस्य भाव: (सभामा वस्न योग्यको धर्म) यसअर्थमा तल् प्रत्यय र टाप् भइ सभ्यताशब्द वनेको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हो । सभामा बस्न सुहाउने मानिसका सदाचार रहनसहन सदविवेक वेशभूपा आदि भन्ने अर्थ हुन्छ । प्राचीनसमयमा राजाहरूले जनताका पीरमर्का उजुरीसुनी निर्णयदिने स्थानलाई सभा भनिन्थ्यो, आजकालको सर्वोच्चअदालत जस्तो हो । तर त्यस समयमा मुख्य न्यायाधीश राजानै हुन्थे । त्यसमा "व्यवहारान् दिदृक्षुस्तु ब्रांम्हणै:सहपार्थिव: । मन्त्रज्ञैर्मान्त्रिभिश्चैव विनीत:प्रविशेत्सभाम्" मुद्दाहरू छिन्नकानिमित्त विनयसम्पन्न राजा धर्मज्ञब्राह्मणहरू र न्यायविद रायदिनसक्ने मन्त्रीहरूलाई लिएर सभामा प्रवेशगरोस्, यो मनुवचन र "सभ्येनावश्यवक्तव्यं धर्मार्थसहितंवच: । श्रुताध्ययन सम्पन्ना: कुलीना:सत्यवादिन:। राज्ञा सभासद:कार्या: शत्रौमित्रेचये समा:"॥ सभामा वसेकाले धर्मपूर्वक पक्षपातनगरी सत्यमा आधारित आफ्नो रायप्रकट गर्नुपर्दछ, त्यसैले राजाले शत्रु मित्रमापनि भेदभावनराख्ने पढेका जान्नेसुन्ने बुझेका कुलीन सत्यवादी सभासद चुन्नु पर्दछ । यो याज्ञवल्क्य वचन अनुसारपनि सभ्यवन्न सदाचारी सत्यवादी शास्त्रमर्मज्ञ कुनैप्रलोभनमा नलाग्ने अनुभवी योग्य विद्वान्लेमात्र सक्नेहुनाले पहिले पहिले सभ्यता र संस्कृति पर्यायवाचक थियो । अहिले बस्ने खाने वोल्ने हिड्ने लाउने ढोग्ने उठने सत्कार गर्ने आधुनिक तरिका जानेको त्यसै अनुसार व्यावहारगर्ने तर धूर्तस्वार्थी पक्षपाती जे भएपनि सभ्यकहलाउन लागेकोले सभ्यता र संस्कृतिमा फरक आएको छ । वाह्यसंस्कृतिमात्र सभ्यताको समकक्ष हो । यसलाई मात्र संस्कृतिभन्ने सर्वोपरिमान्ने प्रचलन छ । यो योग्य होइन, संयमी आर्दशजीवनबनाइ सुख शान्तिकासाथ जीवनयापन गर्नसक्ने क्षमता आन्तरिक संस्कृतिमामात्र छ । वाह्यसंस्कृतिमामात्र लाग्नेकामनाको दासभइ इन्द्रियहरूको वशमापरी जसरी भएपनि सुखसयलका साधनहरू जुटाउन व्यस्त रहन्छ । त्यसबाट इच्छा झन झनबढी असत्यतर्फ पनि अग्रसर भईरहन्छ । शिवसङ्कल्प सदभावना र आत्मशान्ति मिल्दैन । अशान्तिको भुमरीमा रुमलिइरहन्छ, मानवजीवन नि:सार वन्दछ । यस कुरालाई हृदयङ्गमगरी विलासमयजीवन तर्फ नलागी निष्काम कर्मयोगको सबैले आश्रय लिनपर्ने समय आएको छ । हामी होसियार होऔं, आर्यजातिको धरोहर आन्तरिक संस्कृतिलाई बचाइ राखौं । वाह्यसंस्कृतिमापनि विधर्मीहरूको संस्कृतिलाई मिलजुल हुन नदिऔं । मानिसको सधैं नयां नयां कुरा र चालचलन रुचाउनेप्रवृत्ति भएकोले "प्रवृत्तिरेषा भूतानां निवृत्तिस्तु महाफला" भनेकोले नयांतर्फ लाग्दा यो सुमार्ग हो कि होइनभन्ने निश्चय गरेरमात्र प्रवृत्तिहुने, निवृत्तिमार्ग त राजमार्गनै भएकोले महाफलदायी छदैछ । बुद्विजीवीहरूलेपनि बाह्यसंस्कृतिकोमात्र गुणगान गर्ने यसैलाई मात्र सर्वोपरिमान्ने सरकारतर्फबाट पनि त्यसैलाईमात्र प्रोत्साहनदिने अन्धपरम्परा चलेको छ । यो सजिलो भएरपनि यसो भएको हुनसक्तछ ।

८. मनु याज्ञवल्क्य आदि प्राचीनमहर्षिहरूको उक्तिहेर्दा त्यससमयमा संस्कृति र सभ्यता समकक्षाका देखिन्छन्, तर आजकालको प्रचलनअनुसार सभ्यता धेरै तल्लो तहको देखिन्छ । किनभने सभा सोसाइटीमा आधुनिक सभ्यगनिएका समाजको प्रचलन अनुसार जो बस्ने उठ्ने बोल्ने खाने लाउने आदि व्यवहारमा निपुणछ, जसको हात गोडा मुख आदि शरीर सफा सुन्दर छ, केशको सौन्दर्य झल्किरहेको छ ? भेटमा र विदाइमा आधुनिक शिष्टाचार छ, सफा सुन्दर घर चोक वगैचा आदि छन्, त्यसलाई सभ्य र उपयुक्त कुराहरू र त्यस अनुसार व्यवहार गर्नु जान्नुलाई सभ्यता मानिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसमा वाह्यगुणमात्र छ आन्तरिकगुण छैन । भौतिक उन्नतिमामात्र लागेर आफ्नो स्वार्थमामात्र तत्पर अरुको आपद्दु:खको वास्ता नगर्ने छलकपट गरेरपनि धन कमाउन चाहने खाली राजदण्ड र समाजको आखा छल्नसके स्वार्थ साधनको निमित्त जेपनि गर्न नहिचकिचाउने पुरुषहरूपनि सभ्य कहलाउछन् । हुन त कुनै पुरुषमा वाह्यगुणहरूको साथै आन्तरिक गुणहरूपनि देखिन्छन्; तर आधुनिकसभ्य हुन आन्तरिकगुणहरू अनिवार्य छैनन् । त्यसैले युद्धका सामान शस्त्रअस्त्र वम सेना धन आदि बाह्यवैभवयुक्त राष्ट्रलाई सभ्य मान्दछन् । सभ्यता श्रेय होइन प्रेय हो । यो मनोविकारको द्योतकहो, किनभने सभ्यताको भौतिक विकाससित सम्बन्ध छ, त्यसैले सबैलाई मनपर्दछ । आन्तरिकगुणहरू श्रेयहुन्, यी यसलोक परलोक दुवैमा कल्याणकारक हुन्छन् ।

९. संस्कृतिको विषयमा सर्वप्राचीन आर्यसंस्कृति हो । गत्यर्थक र प्रापणार्थक ऋ धातुदेखि रायत् प्रत्ययभएर आर्यशब्द बन्दछ । गत्यर्थकलाई ज्ञानार्थक मानिएकोले प्राप्तगर्न योग्य जान्न योग्य आर्यशब्दको अर्थ आउंदछ । कर्तव्यमाचरन् समयगअकर्त व्यमनाचरन् । तिष्ठति प्रकृताऽऽचारे सबै आर्य इति स्मृत:॥ निवारणार्थमर्तीनाम् अर्तु योग्यो भवेतुय:अर्यते सततंचार्तै:सआर्य इतिकथ्यते। वृत्तेनहि भवेदार्यो नधनेननविद्यया । गर्नयोग्य कर्महरू राम्ररीगर्ने अकर्तव्यनगर्ने परम्पराप्राप्त आचारवानलाई आर्य मानिन्छ । जो दु:ख पाएका मानिसहरूको दु:ख हटाउन समर्थ हुन्छ, पीडित दु:खीहरूले सधै जसको आश्रय लिन्छन् । त्यसलाई आर्य भनिन्छ । सदाचारमा रहनालेनै आर्यवन्न सक्तछ, विद्या अथवा धनले आर्यवन्न सक्तैन । ज्ञानी तपस्वी सन्तोषी सत्यवादी जितेन्द्रिय: । दाता दयालु नम्रश्च आर्य:स्यादष्टभिर्गुणैः ॥ ज्ञान तप सन्तोष सत्यवचन इन्द्रियविजय दान दया विनय यी ८ गुणहुने आर्य मानिन्छ । अर्थभेदले विशेष्यवाचक विशेषणवाचक दुवै हुन सक्तछ । यसरी आर्यपदको निर्वचन गरेकाले पहिलेको समयमा सदाचारयुक्त शास्त्रज्ञ कतर्व्यपरायण परदु:खनिवारक पूज्यमान्यलाई लिनेगरेको देखिन्छ । एतस्मिन् आर्यावर्ते निवसन्त:कुम्भीधान्याअलोलुपाअगृह्यमाणकारणा: कस्याश्चिद् विद्याया: पारङ्गता:तत्र भवन्त:शिष्टा(आर्या) आर्यावर्तमावस्ने घैटाभरि भन्दाबढि अन्न संग्रह नगर्ने लोभ नभएका आफ्नो कतर्व्यसंझी कुनैविद्यामा पारभएका वहांहरू शिष्टआर्य कहलाउनु हुन्छभनि लक्षण पतञ्जलिले महाभाष्यमा गरेका छन् । आर्यावर्तश्चप्रागादर्शात प्रत्यक् कालकवनात् दक्षिणेन हिमवन्तम उत्तरेण पारियात्रम् भनेर आर्यावर्तको सीमा देखाएका छन् । मनुले आसमुद्रात्तु वैपूर्वात् आसमुद्राच्च पश्चिमात् । तयोरेवान्तरं गिर्योरार्यावर्तं पचक्षते पूर्वसमुद्रदेखि पञ्चिमसमुद्रसम्म र विन्ध्याचल र हिमालयको मध्यभागलाई आर्यावर्त मानेकाछन्, पछिका अमरकोशकारलेपनि आर्यावर्त:पुण्यभूमि मर्ध्यविन्ध्य हिमालयो: विन्ध्यपर्वत र हिमालयको मध्यभाग पुण्यभूमि आर्यावर्त हो भनेका छन् । यसैलाईलिएर सारस्वता:कान्यकुञ्जा गौडाश्च मौथिलोत्कला:। पञ्चगौडाभवन्त्येते विन्ध्या दुत्तरवासिन: ॥ सारस्वत कान्यकुञ्ज गौड मैथिल उत्कल यी पांचथरिका विन्ध्याचल देखि उत्तरतर्फ वस्ने ब्राह्मणहरूलाई गौडब्राह्मण भन्दछन । "द्राविडाश्चान्ध्रकर्णाट महाराष्ट्राश्च गुर्जरा: । पञ्चैते द्राविडा: प्रोक्ता विन्ध्याद् दक्षिणवासिन:" ॥ विन्ध्याचल पर्वतदेखि दक्षिणनिवासी द्राविड आन्ध्र, कर्णाट, महाराष्ट्र, गुर्जर यी पांचथरि ब्राह्मण द्राविड मानिन्छन् ॥ आर्यावर्तमा वस्ने गौडब्राह्मणहरू दक्षिणनिवासी द्रविडब्राह्मणभन्दा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आफूलाई उत्तम ठान्दथे । त्यसैले भगवान् पतञ्जलिलेपनि आर्यावर्तमा वस्ने ब्राहमणलाई मात्र शिष्ट अथवा आर्य मानेका छन् । आर्या आवर्तन्ते यत्र स आर्यावर्त: आर्यहरू जहां घुम्फिर वसोबास गर्दछन् त्यसलाई आर्यावर्त भनिन्छ । हामीहरूपनि कान्यकुब्ज निवासी गौडब्राह्मण हौं । सङ्कल्पगर्दा आर्यावर्तान्तर्गत नेपालाख्यदेशे आर्यावर्तभित्र पर्ने नेपाल देशमा भनेर गर्दछौं । आर्यावर्तको माथि वताएको लक्षणभित्र नेपालपनि पर्दछ । पछि पछि आर्यशब्दको अर्थवढी पति ससुरा सासूलाई आर्यपुत्र आर्य आर्याभन्ने चलन आएको हो । तर तिनीहरू आर्यभन्न सुहाउने होइनन्, आदरका दृष्टिले हेरिएका हुन् । सवभन्दा पहिलोजाति आर्यजाति हो । पहिलोधर्म संस्कृतिपनि यहीनै हो । मानिसले अनिवार्य गर्नुपर्ने सदाचरण अर्थात् दया परोपकार सत्यनिष्ठा सबैमा वन्धुभाव दीनदु:खी सेवा आदि धर्मनै आन्तरिक संस्कृति हो । यी कार्य गर्नाले अन्त:करण (चित्त) शुद्धहुने हुनाले आन्तरिक संस्कृति भनेको हो । आर्यजाति सृष्टिचक्रमा पहिलो हुनाले आर्यसंस्कृति प्रथमसंस्कृति हो । सासंस्कृति:प्रथमा विश्ववारा । संसार भरिका मानिसले लिने त्यही संस्कृति हो । यो वेदको उद्घोष छ । मनुलेपनि आर्यावर्तका सदाचारी ब्राह्मणहरूबाटनै अरु देशका मानिसहरूलेपनि आफूले गर्नुपर्ने सदाचार सिकून् भन्नुभएको छ । अहिले चलिराखेका बुद्ध यशु महम्मद कन्फुसीयस पलेतजरस्तर आदि धर्मपनि यसै आर्यधर्मका शाखाजस्तै हुन् । यी सबै समय समयमा मानवले खडा गरिएका पछिका धर्म हुन्, त्यसैले यिनीहरूको संस्कृतिपनि पछिको स्वत:सिद्ध हुन्छ । आर्यहरूलाई होच्याउन खोज्ने केहि पाश्चात्य इतिहासवेत्ताहरूले गत्यर्थकऋधातुबाट आर्यशब्द बनेकोले आर्य हिड्ने जाति हो । सबैतिर घुमिरहन्थे, मूलथलो भारतवर्ष होइन, पहिलो संस्कृतिपनि आर्य संस्कृति होइन, मिश्र देशाकोसंस्कृति हो इत्यादि मनगडन्ते लेखेका छन् । तिनीहरूको मुखमुद्रणपनि माथि दिएका प्रमाणहरूबाटनै भैसकेको छ । हाम्रा वेदवेदाङ्ग जानेकाभए त्यस्तो लेख्ने साहस गर्ने थिएनन् होला ।

१०. सवर्त्र विश्वमा निरन्तर भइरहेका सूर्य चन्द्र हावा प्रकाश अन्धकार आदि सबै देशकार सबै जनताकै साझाभएजस्तै मानवको आदिसंस्कृति समस्त संसारमा एकैथियो । त्यो आदिसंस्कृति आर्यसंस्कृति हो । किनभने यो वेदमूलक छ । आर्यजाति श्रुतिस्मृतिले ओतप्रोत छ । विश्वको प्रथम र श्रेष्ठमानव आर्यमानव हो । यही मानवको सन्ततिहरू सबै तिर फैलिए अन्यत्र विस्तार विस्तारै सदाचारहरू लोप हुदै गए । अहिले आर्यजातिका साथ अन्यजातिहरूको आचारहरू फरक परिसकेकोले ती अरुनै देखिन लागेका छन् । आर्यमानवको प्रारम्भिक अवस्था ज्यादै विकासित थियो भन्ने प्रमाण वेद उपनिषद् रामायण महाभारत आदिबाट स्पष्ट देखिएको छ । यसबारे मनुले-

एतद्देशप्रसूतस्य सकाशादग्रजन्मन: ।
स्वं स्वं चरित्रं शिक्षेरन् पृथिव्यां सर्वमानवा:॥

आर्यार्वत देशमा पैदाभएका ब्राह्मणहरूबाट पृथ्वीभरका सारा मानवहरूले आफ्नो आफ्नो चरित्र सिकून् भनेर घोषणा गरेका छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

११. आर्यहरूको संस्कृति शुक्लयजुर्वेदको चालीसौं अध्यायका आदिका दुई कण्डिकाले पनि संसारमा चेतन जड चरअचर जति छन् सबै ईश्वरबाट व्याप्त छन् । यसकारण त्यागपूर्वक भोग गर, यसमा आसक्त न होओ कसैको पनि धनमा लालचा नगर । यस संसारमा यसरी ईश्वरप्रीतिका निमित्त कामगर्दै सय वर्ष सम्म बांच्ने इच्छा गर । त्यागभावनाबाट गरिएका कामहरू तिमी मनुष्यमा लिप्त हुँदैनन् । यसको अलावा अर्को बाटो छैन यसरी प्रतिपादन गरेको छ । ईशावास्यमिदंसर्वं यत्किञ्च जगत्यां जगत् । तेनत्यक्तेन भुञ्जीथा मागृधःकस्यचिद्धनम् ॥ कुर्वन्नेवेह कर्माणि जिजीविषेत् शतंसमाः। एवं त्वयि नान्यथेतो ऽस्तिनकर्मलिप्यतेनरे ॥

१२. त्यससमयमा भौतिक उन्नतिलाईभन्दा आध्यात्मिकउन्नतिलाई उत्तम संभिन्थ्यो । वास्तवमा आध्यात्मिकभावना नभएको कोराभौतिक उन्नतिको के नतिजा हुन्छ भन्नेकुरा त अहिले हामीहरूको सामुन्ने वर्तमान भएरनै देखिएको छ । यंत्रो भौतिक उन्नतिले सुख शान्तिको बदला संसारभर अशान्ति र त्रासमात्र बढाएको छ, जुनत्रास साधारण हानिकारक नभएर राष्ट्रनै क्षणभरमा नष्टहुन सक्नेछ । आध्यात्मविद्या विद्यानाम् भनेर गीतामा भगवान्ले भन्नु भएको अध्यात्मविद्या हामी आर्यहरूको अमूल्य सम्पत्ति हो । जसलाई प्रातः स्परणीय हाम्रा पूर्वज महर्षिहरूले आफ्नो सारा जीवन त्यसैमा लगाएर तपस्याद्वारा प्राप्त गरेको हो । त्यो अमूल्यनिधिको संरक्षण गर्नु हाम्रो कर्तव्य हो ।

१३. यो निश्चित छ कि आदिकालमा मानव एकै थियो, ऊ दैवीगुण सम्पन्न थियो र उसमा ज्यादै आध्यात्मिकभावना थियो, सत्यदया तपस्याशौच यी ४ अङ्ग प्रधान थिए, मन्त्रद्रष्टा ऋषिहरूको कमी थिएन । त्यसैले वैदिकसंस्कृति सबभन्दा पुरानो मानवसंस्कृति हो । खास खास मानवमात्रको मूलभाषा संस्कृत, मूल ज्ञानग्रन्थ वेद उपनिषद्, मूलधर्म श्रुतिस्मृतिप्रतिपादित, मूलसाहित्य रामायण, मूलइतिहास महाभारत, मूलसंस्कृति मनु आदि महर्षिले धर्मशास्त्रमा देखाएको व्यवस्थानै हो र संस्कृतिमापनि प्रधान गर्भाधानादि संस्कारहरूनै हुन् । संस्कृतिलाई कार्यरूपमा परिणतभएको देखाउने ग्रन्थ रामायण हो, जसका पात्रहरूबाट संस्कृतिको आदर्श स्पष्टभएको छ । जसमा पितृभक्ति, स्वामिभक्ति, गुरुभक्ति, पुत्रस्नेह, भातृस्नेह, मातृस्नेह आदिको यथोचित पालनभएको छ ।

१४. पाश्चात्यहरूको सबैतर्फ दव्दवा बढेपछि हिन्दूहरूलेपनि आत्मवादनभएको पाश्चात्य शिक्षानलिएमा जीविकानचल्ने अवस्था पाश्चात्यहरूले पारेकोले हिन्दूहरू बाध्यभएर आफ्नो शास्त्रहरको अध्ययनछोडी पाश्चात्यशिक्षा लिनलागे । अनि हिन्दूहरूको मस्तिष्कमापनि विकासवादी भावना संस्काररूपले रहनलाग्यो । किनभने पाश्चात्य विज्ञानको चहकमहक बढ्दैगयो, आफ्ना आर्षग्रन्थहरूको ज्ञानपनि उनीहरूलाई भएन, सदाचार नियममा रहनपनि कठिन लाग्यो, पाश्चात्य सिद्धान्तको अनुसरण गर्दा सुखैले जीवनविताउन पाइयो इत्यादि कारणबाट पाश्चात्य-शिक्षादीक्षित हिन्दूवर्गको पनि त्यस सिद्धान्तमा आस्था बढ्दैगयो, त्यस्तै विद्वान्हरूको सबैक्षेत्रमा प्रवेशभयो, अनि आर्यशिक्षा लिने विद्वान्हरू हेय र आर्यशिक्षा शिक्षानैहोइनभन्ने भावना सर्वत्र फैलियो । विधि निषेधको बन्धननभई सजिलो हुनाले पाश्चात्य सिद्धान्तमा झुकेको हिन्दूबुद्धिजीवीहरूको वेद उपनिषद् रामायण महाभारत पुराण धर्मसंस्कृतिहरूमा अवहेलना

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अश्रद्धा र अनास्था बढ्न लाग्यो, यो दुःखको कुरा हो । यसैबाट आजकाल विश्वभर अशान्ति, हत्या, अत्याचार, भष्टाचार, बलात्कार आदि बढेको छ ।

१५. विकासवादी पाश्चात्यसिद्धान्तमा हिन्दूहरूलाई फसाउन उनीहरूको राजनीतिक स्वार्थको अलावा आर्यजातिको आदिकालदेखिको ज्ञान विज्ञान सदाचार संस्कृति सभ्यता बुद्धि विवेक शौर्य वीर्य त्याग तपस्या ऐश्वर्य आदिलाई खतमपारी आफू विश्वभरमा उच्चमानव बन्नु आफ्नोसंस्कृति प्राचीन सावितगर्नु आर्यहरूलाई पाषाणयुगी सिद्धगर्नु आदि स्वार्थ थियो ।

१६. शरीरनै जीवनको आदि अन्त्य र सर्वे सर्वा हो । विलासमयजीवनमा आवश्यक पर्ने चीजहरू बढाउनु र तिनीहरूलाई अनियमित र अनियन्त्रित गर्नु पाश्चात्य संस्कृतिको लक्ष्य छ । शरीर आत्मोन्नतिको साधनमात्र हो, शारीरिक उन्नतिगर्दै आध्यात्मिक उन्नतिगर्न जीवनका आवश्यकवस्तुहरू घटाउदै लैजानु र तिनीहरूलाई नियमित नियन्त्रित राख्नु हिन्दूसंस्कृतिको लक्ष्य छ । त्यसकारण उनीहरूको संस्कृतिमा आत्मविकासका निमित्त कुनै स्थान छैन, हिन्दूसंस्कृतिले विशाल तथा गम्भीर आदर्श राखेको छ । सर्वत्र मैत्रीभावना र शान्ति फैलाउने सन्देश दिएको छ ।

१७. पवित्र हिमालयको काखमारहेको आर्यावर्तको मुटु पुण्यभूमि नेपाल समस्त विश्वमा सार्वभौमसत्तासम्पन्न एकमात्र हिन्दूराष्ट्र हो । यहां पहिले याज्ञवल्क्य विश्वामित्र जनक आदि महर्षिहरूले कर्मयोग भक्तियोग ज्ञानयोगरूपी त्रिवेणीको पवित्रधाराले आध्यात्मिक आधिभौतिक आधिदैविक सन्तापले सन्तप्त प्राणीहरूलाई शान्तिको अमृत पिलाएर उनीहरूको शरीर वचन मनलाई पवित्र र शीतल पारेका थिए । उही हिन्दूराष्ट्रका प्रजा हामीहरूलेपनि उनै जनक आदिको आदर्शलाई अगाली ईश्वरप्रीतिको निमित्त काम गर्दै सय वर्षसम्म बाच्ने इच्छागर भन्ने वेदप्रतिपादित नियमलाई साकार गर्नु पर्दछ । सम्मिश्रण हुनलागेको हाम्रो संस्कृतिलाई आंफ्नो प्राणजस्तै प्यारो संझी हरतरहले यसलाई विकसित र शुद्ध राख्नु पर्दछ । हिन्दूधर्मावलम्बी राजा भएको हिन्दूराष्ट्रमा हिन्दूसंस्कृति आफ्नो शुद्धरूपमा रहन नसके कहां रहनसक्ला । तर यो दुःखको कुरा छ कि थोरै शताब्दीमामात्र सभ्य कहलाइएका विलासमयजीवनका पक्षपाती भौतिकउन्नतिलाईमात्र परमपुरुषार्थ मान्ने अनात्मवादी देशहरूको सभ्यतालाई नै संस्कृति संझेर उनीहरूको रहनसहन खानपान वेशभूषा आंदिको नक्कलगर्नुनै श्रेयसंझने एकवर्गपनि संस्कृतिको दुहाइ दिन्छन् । अर्कोतिर गौणसंस्कृतिलाई मात्र संस्कृति संझेर त्यसैको संरक्षण र सम्बर्द्धनमामात्र अधिकारीहरूको र पाश्चात्य शिक्षादीक्षित बुद्धिजीविहरूको पनि प्रयास भएको देखिन्छ । यसबाटमांत्र देशको उन्नति हुन सक्तैन । अतः मुख्यसंस्कृतिको सेवन प्रचारण र प्रसारणमा दत्तचित्त हुन सबैलाई अपिल छ । जसबाट देश नरेश प्रति भक्तिश्रद्धा बढी राष्ट्रमा भ्रष्टाचार दुराचार असत्य स्वार्थआदि समाजका हानिकारक कीटाणुहरू नास हऊन । पवित्र नैतिकताको सर्वत्र प्रचारभई देशसेवा र प्राणिमात्रमा दयारहने भावनाको वातावरण फैलियोस् । सबैतिर सुख शान्ति सद्भावनाको विकास भई सबैको आनन्दमयजीवन होस्, परमेश्वरसाथ मेरो यही प्रार्थना छ ।

कल्याणं भवतु सर्वेषाम्

卐卐卐

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उपासना समीक्षा

१. समीपार्थक उप उपसर्गपूर्वमा हुने वस्नु अर्थ भएको आस धातुदेखि ण्यासश्रन्थो यूच् यो पाणिनिसूत्रले युच्प्रत्यय भएर वनेको उपासना शब्दकोअर्थ उपास्यको नगीचमा वसेर सेवा गर्नु हो ।

२. संधै सवै अवस्थामा नगीचमा वसेर मन वचन कर्मले विधिपूर्वक सेवागर्नु उपासना भनी कुलार्णवतन्त्रमा उल्लेख छ ।

कर्मणा मनसा वाचा सर्वावस्थासु सर्वथा ।
समीपसेवाविधिना उपास्तिरिति कथ्यते ॥ कुलार्णवतन्त्रम्

३. जुन देवताको उपासना गरिन्छ ती देव उपास्य र जसले उपासना गर्दछ त्यो उपासक हो ।

४. शास्त्रवमोजिम उपास्यको निर्णयगरी नजीकमा गएर तेलको धारा जस्तै धेरै समय सम्म मनको वृत्तिलाई उपासकमा लगाइ रहनु उपासनाभनी गीता १२ अध्याय श्लोक ३ को शाङ्करभाष्यमा भनेको छ ।

५. शिव विष्णु गणेश सूर्य आदि देवहरूको अथवा काली तारा दुर्गा भगवती आदि देवीहरूको मन्त्र गुरुबाट लिएर मन्त्रदेवता अनुसार श्रद्धा भक्ति दृढविश्वासपूर्वक ध्यान जप पाठ पूजा कथाश्रवण कीर्तन आदि गर्नु उपासनाको प्रारम्भिक अवस्था र धेरै समयको अभ्यास पछि उत्तमकक्षामा पुगी पृथ्वी जल तेज वायु आकाश देव नर असुर भूत आदि सकल चराचर ब्रह्माण्डलाई हरवखत ध्येयरूप संझन सक्ने अवस्था प्राप्त हुनु उपासना हो ।

६. अक्षर अनिर्देश्य अव्यक्त व्यापक ब्रह्मको उपासना गर्ने पक्ष पनी छ, तर त्यसरी निरञ्जन निराकारको ध्यान हृदयाकाशमा स्थिरगर्न ज्यादै कठिन पर्दछ त्यसैले कुनै इष्टदेवताको उपासना गर्नु सरल मार्ग छ ।

७. उपासना वैदिक र तान्त्रिक दुवै किसिमका छन्, त्यसमा श्रुतिस्मृतिपुराण आदिले भेदोपासना र अभेदोपासनाको उल्लेख गरेका छन । सारा ब्रह्माण्ड परमेश्वरवाट खडा भएकोछ । कर्तुम् अकर्तुम् अन्यथाकर्तुं समर्थ परमेश्वरको आराधना गर्नु सारा प्राणिमात्रको परमकर्तव्य छ, यसरी आफूलाई परमात्माको सेवक संझी सेव्यसेवकभाव मान्नु भेदोपासना हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

८. तत्त्वमसि, अहं ब्रह्मास्मि इत्यादि भहावाक्यको मननद्वारा ब्रह्मस्वरूप आफूलाई संझनु अभेदोपासना हो । अधिकारीको भेदले दुवै उपयुक्त छन्, तर साधारण अवस्थामा भेदोपासना नै योग्य छ । भक्तिपनि उपासनाकै अङ्ग हो ।

श्रवणं कीर्तनं विष्णोः स्मरणं पादसेवनम् ।
अर्चनं वन्दनं दास्यं सख्यमात्मनिवेदनम् ॥

यो नवलक्षणा भक्तिजस्तै उपासनामापनि यही नियम देखिन्छ ।

९. ब्राह्मणका निमित्त गायत्रीको उपसना मुख्य र नित्योपासना मानेको छ । अरु वर्णहरूले पनि गुरुसम्प्रदायद्वारा दीक्षा मन्त्र लिएर उपासना गर्नुपर्दछ । कितापमा लेखेको मन्त्र खाली कण्ठस्थ गरेर देवोपासना सफल हुदैन ।

गायत्र्युपासना नित्या सर्ववेदैः समीरिता ।
यया विनात्वधःपातो ब्राह्मणस्यास्ति सर्वदा ॥

१०. भूशुद्धि, भूतशुद्धि, अङ्गन्यास, ध्यान विनियोग तथा मन्त्र र मालाको विशेष संस्कार पनि विधिपूर्वक गर्नुपर्दछ । शुद्ध सात्विक आहार नभई मनःशुद्धि र वचनशुद्धि हुनसक्तैन, यी दुवै कुरा नभई उपासनामा चित्त एकाग्र हुन सक्तैन । पवित्र तीर्थस्थल पुण्यक्षेत्र धर्मक्षेत्रहरूको पनि आवश्यक छ । एकान्त पुण्यस्थलमा ज्यादै अग्लो ज्यादै होचोपनि नभएको व्याघ्रचर्म मृगचर्म कम्बल आदि आसनमा वसेर शिर घांटि शरीरलाई सिधा पारी मन प्रसन्न गराई पूरक कुम्भक रेचकको विधिपूर्वक प्राणायाम गर्नुपर्दछ । यसले अग्निले फलामको मललाई साफ गरेजस्तै शरीरभित्रका दोषहरू हटाएर प्राणवायुको मार्गलाई सफा गराउंछ, शरीर स्वस्थराखी चित्तप्रसन्न गराउंछ । यसरी अन्तः शुद्धि भएमा उपासना सफल हुन सक्तछ । अग्निको उपासना गर्दा अग्निमा रहेको तातोपना, जलको सेवनले जलमा रहेको चिसोपना, मनुष्यमा आएजस्तै उपास्यदेवको उपासना गरे पछि तिनमा रहेको गुणहरू उपासकमा पनि आउन पर्दछ, अनिमात्र उपासक खास उपासक ठहर्छ । अन्तस्करण शुद्ध नभई त्याग नियम तपस्या यज्ञ आदि सफल हुदैनन् भनी मनुले भन्नु भएको छ ।

वेदास्त्यागाश्च यज्ञाश्च नियमाश्च तपांसि च ।
न विप्रदुष्टभावस्य सिद्धिं गच्छन्ति कर्हिचित् ॥

११. इन्द्रियका आनन्दहरूलाई मनले झलझली संझेको छ तर बलजफती इन्द्रियहरूलाई ती ती विषयमा फस्न दिएको छैन अर्थात् लोकापवादबाट बच्नमात्र ती विषयसुखका साधनलाई लिन सकेको छैन भित्र भित्र त्यसमा आसक्त छ भने त्यसले गरेको उपासना सिद्ध हुदैन । मनद्वारा इन्द्रियहरूलाई वशगरी आसक्त नभई अफ्नो साधनमा लाग्नाले कार्य सफल हुन्छ । यो कुरा श्रीमदभागवद्गीतामा उल्लेख छ ।

कर्मेन्द्रियाणि संयम्य य आस्ते मनसा स्मरन् ।
इन्द्रियार्थान्विमूढात्मा मिथ्याचारःस उच्यते ॥ गीता ३।६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१२. सालोक्य सामीप्य सारूप्य सायुज्य यी ४ मुक्तिमध्ये सामीप्यलाई उपासनाकै भेद मानेका छन् । उपासनाबाट चारै प्रकारको मुक्ति हुन्छ भनेर मुक्तिकोपनिषद्मा सवैको आधार मानेको छ ।

चतूर्विधा तु या मुक्तिर्मदुपासनया भवेत् । मूक्तिकोपनिषद्

१३. समुद्रबाट उठी समुद्रमै रही समुद्रमानै लीन हुने छाल समुद्रस्वरूप भएजस्तै सत्यसङ्कल्प अनन्तकोटी ब्रह्माण्डका नायक परमेश्वरबाट खडा भएर परमेश्वरको सत्तामा रही पछि परमेश्वरमा नै लीन हुने सारा प्रपञ्च परमेश्वरमय छ, परमेश्वरका अंश हुनाले सवै ब्रह्मस्वरूप हुन् भन्ने भावना दृढ गराउनु उपासनाको स्रोत हो । उपास्यदेवको हरवखत स्मरण गर्दा चित्तशुद्ध भएपछि हृदयमा निरन्तर उपास्यको दर्शन पाई अन्त्यमा उपासक उपास्यमय बन्दछ ।

१४. कुमालकोटीले कीरालाई आफ्नो गुंडमा ल्याई लंकीझंकि टोकाई आदिको कष्ट पाएको त्यस कीराले भय र उद्वेगले अहोरात्र कुमालकोटीलाई संझिराख्दा तन्मय भएको उपदेश श्रीमद्भागवत् ११ स्कन्ध अध्याय १० मा

यत्र यत्र मनो देही धारयेत् सकलं धिया ।
स्नेहाद्द्वेषादभयाद्वापि याति तत्तत्स्वरूपताम् ॥
कीट:पेशस्कृतं ध्यायन् कुडयां तेन प्रवेशित: ।
याति तत्सात्मतां राजन् पूर्वरूपमसंत्यजन् ॥भागवत ११।१०।२२(२३

१५. भगवान्को दर्शनगर्न जान नपाएका गोपिनीहरूको पहिले आफूले कमाएको पाप पुण्यकोभोग नसकी मोक्षनमिल्ने हुंदा भगवान्को दर्शनगर्न जान नपाएर उत्पन्नभएको सहिनसकिने सन्तापरूपी अग्निमा सारा पापहरू भस्म भए अर्थात् पहिले कमाएका पापहरूको भोगगर्न जति दु:ख सहनु पर्दथ्यो त्यो दु:ख भगवान्को विरहबाट भएको तापले पिल्सेर छटपटाउंदा कट्टिभयो । पुण्यको सुखभोग चाहिं भगवान्को हृदयाकाशमा दर्शन पाउंदा भएको अपार हर्षले चुक्ति भयो । पाप पुण्य दुवै बांकी रहेन । अनि भगवान्को ध्यान गर्दागर्दै गोपिनीहरू भगवान्मा लीन भएको कुरा दशमस्कन्धको २९ अध्यायमा वताएको छ । द्वेष भय आदिले सधैं परमेश्वरलाई संझने हिरण्यकशिपु शिशुपाल कंस आदिले पनि उत्तम गति पाएकै छन् । ती गोपीहरू खांदा सुत्ता कामगर्दा हिंडदा अर्थात् सवै वखतमा भगवान्लाई संझिरहन्थे । उपासना भनेको यस्तो हुनपर्दछ ।

१६. उपासनामा परमेश्वरको साक्षात्कारभएपछि मात्र उपासकले सच्चिदानन्द परमेश्वरको आनन्दस्वरूपको अनुभव गर्न थाल्दछ, जसको अगाडि संसारका सारा आनन्दहरू तुच्छातितुच्छ हुन्छन् । त्यसैले समाधिमा रहेको मानिसलाई भोक तिर्खाको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समेत ज्ञान हुदैन । परमात्मा आनन्दस्वरूप हुनुहुन्छ भन्ने कुराको यर्थाथ अनुभव उपासना गर्ने पुरुषले त्यस बखतमा पाउंदछ ।

१७. वैज्ञानिक यस युगमा विज्ञानबाट पाइने वस्तुहरू जम्मा गरेर स्वर्गको ऐश आराम यहींनै उपभोगगर्न पाइएको छ । ती वस्तुहरू पाउन प्रयास गर्नु छ, जीवनमा उपासनाको के उपयोग छ ? यो खानु हुदैन, यो लाउन हुदैन, यो गर्न हुदैन इत्यादि विधि निषेधको आडम्बर गरेर मीठो खानु राम्रो लाउनु मोजमजा गर्नु आदिबाट आफू ठगिनु मात्र हो । योग उपासना समाधि आदि धर्मकार्यमा लागेर आजकाल मानिसले के लछारेका छन् इत्यादि प्रश्न हामीहरूका समक्ष आउन लागेका छन् ? हो आजकाल सवै समाज विज्ञानाभिमुख भएको छ । यो कुरा विज्ञानबाट हुनसक्तैन भनेर कसैले कुनै कुरालाई पनि भन्ननसकिने अवस्था छ । व्यवहारमा चाहिने कुरा हामीलाई दिएर विज्ञानले सुखी बनाएको छ । जुन कुरा १०० वर्ष अगाडि अतर्क्य अलौकिक असंभाव्य मानिन्थे त्यस्ता टेलिभिजन कम्प्युटर चन्द्रलोकगमन आदि हाम्रा सामुमा आइपुगे ।

१८. विज्ञानसिद्ध वस्तुहरूबाट मिल्नेसुविधा अध्यात्मवादीहरूलाई पनि चाहिएकै छन् । सुखसमय पनि मनुष्यजीवनको पुरुषार्थ हो । विज्ञान सिद्धगर्ने मानिसहरू पनि कम होइनन् । हरबखत त्यसैविषयमा तनमनधन लगाएरमात्र विज्ञान सिद्धगर्न सकेका छन् । धनसम्पत्ति स्त्रीपुत्रादिमा आसक्तपुरुष वैज्ञानिक बन्न सक्दैन, विज्ञानको खोज एक किसिमको तपस्या हो । वैज्ञानिक तपस्वी जस्तै हुन् । केवल उनीहरूले दिएका वस्तुहरूको हामीहरूले राम्ररी उपयोगगर्न जान्नु परेको छ, अर्थात् विज्ञानका वस्तुहरूको नियमपूर्वक उपयोग गर्नुपर्दछ । खाली ती वस्तुहरूमा लुटपुटिएर आध्यात्मिक भावनालाई चटक्कै विर्सनु हुदैन । आध्यात्मिकविषयहरू पनि लोककल्याणका निमित्त ऋषिमुनिहरूले धेरै वर्षको तपस्याद्वारा प्राप्तगरेका अमूल्य महारत्न हुन् । आध्यात्मिकभावनाले परिपुट भएको भौतिकसुखनै ऐहिक र पारलौकिक कल्याणको साधक हुन सक्तछ ।

१९. विज्ञान केवल बाह्य इन्द्रियगोचर विषयहरूको मात्र विवेचना गर्दछ, आत्मानात्मविचार विज्ञानगम्य छैन । आत्मज्ञान नभएसम्म मानिसलाई आत्यन्तिकसुख हुन सक्तैन । भौतिक सुख क्षणिक र अन्त्यमा दुःखदायी हुन्छ । विज्ञानको र विलासको चरमसीमामा पुगेका अमेरिका निवासीहरू भौतिक सुखभोगबाट शान्ति नपाएर आध्यात्मिक भावना तर्फ ढल्किरहेका हामीहरूले देखेकै छौं । यही नै सवभन्दा ज्वलन्त उदाहरण मान्नु पर्दछ ।

२०. यस लोकमा सुख सयलका निमित्त स्त्री पुत्र धन जन आदिको आवश्यक परेजस्तै पारलौकिक सुख शान्तिका निमित्त आवश्यक वस्तुहरूपनि जम्मा गर्नु पर्दछ । ऐहिक सुखभन्दा पारलौकिकसुखको नै विशेषमहत्व रहन्छ । केवल भौतिक उन्नतिको साधनबाट चित्तशान्त हुन सक्तैन । असन्तोषीलाई अर्थ र काम यतिले पुग्ने भन्ने कुनै सिमानै छैन । आफूले पाएको जतिलाई असन्तोषी आंखाले देख्दै देख्दैन, बढी बढी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तर्फमात्र उ आंखा लगाउंछ । मानवकर्तव्य र सन्तोषको आश्रय नलिएसम्म मानिसलाई सुख शान्ति मिल्न सक्तैन । सन्तोषी सदा सुखी रहन्छ ।

२१. सबै कुरा शास्त्रविहित भएन भने उपासना सफल हुन सक्तैन । आफू नियमी, सदाचारी, श्रद्धालु र विश्वासीनवनी उपासनागर्नाले सिद्धिभएन भन्दैमा लाञ्छना लगाउनु योग्य होइन । उपासनाबाट नै नारद ध्रुव प्रह्लाद अम्बरीष आदिले उत्तमगति प्राप्त गरेकाछन् । देवता मन्त्र तीर्थ आदिमा सद्भावना भएमा मात्र सिद्धि हुन्छ । मन्त्रे तीर्थे द्विजे देवे दैवज्ञे भेषजे गुरौ । यादृशी भावना यस्य सिद्धिर्भवति तादृशी ॥ त्यस्तै अश्रद्धालु र सन्देहीबाट कार्य सिद्ध नहुने कुरा गीता अध्याय ४ श्लोक ४० मा पनि उल्लेख छ ।

२२. आंखाले हेर्न नभ्याइने विशाल वर पिप्पल आदिका रुखहरूलाई जरामा पानी हालिदिनाले त्यसका साराहांगाविंगा समेत हृष्टपुष्ट भएर आएजस्तै मनलाई उपासनारूपी पवित्र जलको सेचनले शरीरका पञ्चमहाभूत वहिरिन्द्रिय आदि सवैमारहेको दुर्भावनारूपी मल नाश भएर देहशुद्धि मनःशुद्धि वचनशुद्धिद्वारा उत्तममानव बन्न सक्तछ । आधुनिक वैज्ञानिकहरूको प्रयोगशालाजस्तै उपासना आंखाले नदेखिने भूत भविष्यत वर्तमान विषयहरूको वोध गराउने ज्ञानशाला हो । आत्मानात्मविवेक गराउने एक साधन हो, त्यसैले उपासनातर्फ दृष्टि लगाउनु सबैको निमित्त अनिवार्य छ । आजकाल आङ्गल भाषा सुशिक्षित मानिसहरू पनि यसो भन्दछन् यी सदाचार देवोपासना आदिको झमेलामा किन लाग्ने, यो एउटा नसा हो, यसमा मानिस लहै लहैबाट मात्र प्रवृत्त हुन्छन् । मन लागेको नखाई नहेरी शरीरलाई वास्ता नगरी हण्डर खाई सारा जीवन दुःखमय वनाई जीवनलीला समाप्त गर्दछन् । यसबाट कसले के लछारेका छन् र हामीलाई खानाका निमित्त अन्न, पिउन पानी, विश्रामका निमित्त निवास, लाउन लत्ता कपडा, इज्जत मान प्रतिष्ठा आदि आवश्यक छन् । त्यसमा हामीले परिश्रमगरी उच्चकक्षाको भोजन भवन वस्त्रभूपणादि विशिष्ट पदमान सुविधा आदि आफ्नो पुरुषार्थ द्वारा प्राप्तगरी सुखसुविधा आनन्द आदिका साथ जीवन विताउनु नै परमपुरुषार्थ हो । मीठो मीठो खाऊं राम्रो राम्रो लाऊं मन लागेको देखौं सुनौं पिऔं इत्यादि अन्तरात्माको इच्छालाई कुठाराघातगरी सबै इन्द्रियलाई रोकी रुखा सुखा खानु खस्रो धुस्रो लाउनु संधै अन्तरात्मालाई कष्टदिने नियममा जकडिएर अमूल्यजीवन विताउनु मानिसका निमित्त के उचित हो ? इत्यादि हो मानिसले सुख शान्तिका निमित्त प्रयास गर्नु पर्दछ, सुखभोगपनि गर्नु पर्दछ । तर यो वहिर्मुखी प्रवृत्तिले गर्दा मानिसलाई काम, क्रोध र लोभ आदिले आक्रमणगरी सुखप्राप्तिका निमित्त भ्रष्टाचार परपीडन परदमन परधनहरण आदि अनैतिककार्यमा प्रवृत्तभई हितकारक आहार विहारको वास्ता नगरी मनले चाहेको वस्तु खान पिउन देख्न सुन्न वोल्नमा मस्तभई कुमार्गले कमाएको दुर्गन्धि सम्पत्ति डरलाग्दा रोगले आक्रमण गरी औषधोपचार र मोज मज्जामा समाप्त पारी जीर्णशीर्ण शरीर वनाई अकालमै इहलीला समाप्त गरेका उदाहरणहरू हामीले देखेकै छौं ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२३. मानिस कामचार कामवाद कामभक्ष्य कामविलास तर्फ लाग्न कसैले नसिकाए पनि स्वत: प्रवृत्त हुन्छ । त्यसमा शास्त्रमर्यादामा रहेका मानिसहरू इन्द्रियहरूले कुमार्ग तर्फ तान्न खोज्दा होसियार भइ भविष्य अन्धकार हुने विषयतर्फ प्रवृत्त हुदैनन् । त्यसैका निमित्त परमेश्वर पुनर्जन्म सदाचार देवोपासना सत्यनिष्ठा आदिमा आस्था राख्न ज्यादै आवश्यक छ । दोश्रो कुरा हामीले चौरासीको चक्करखाई पछि भाग्यले शुभकर्म गर्नसक्ने सद्विवेकयुक्त मानवचोला पाएका छौं । अत: यस जन्मका लागि उपयोगीवस्तु मात्र जम्मा नगरी चोखो परिश्रमको मीठो फललाई मात्र वास्ता गरी परलोकमा सुख प्राप्तिका निमित्त पनि पुण्य कमाउन पर्दछ । भ्रष्टाचार आदि कुकर्म गरी कमाएको सम्पत्तिले किनेर खाएका अन्नादिबाट मानिसको मन शुद्ध हुदैन । मन शुद्ध नभई मानिस सन्मार्गमा प्रवृत्तहुन सक्तैन । त्यसैले आफ्नो पसिनाबाट आएको आर्जन थोरै भएपनि त्यसैमा रमाऔं । परिश्रमको फल मीठो हुन्छ । परिश्रमबाट शरीर हृष्टपुष्ट भई खाएको पची आरोग्यवान हुन्छ । अल्छीहरू मोटो भई गुनासो गरि राखेका देखेकै छौं ।

२४. उपासना बाट चित्तएकाग्रभएको मानिस अफिसमा कामगर्दा पनि एकचित्त भइ आफू भन्दा माथिका अधिकारीले लगाएको कार्य राम्ररी सम्पादन गरी चांडै पदोन्नति पाउन सक्तछ । त्यस्तैं गृहकार्यगर्ने महिला पनि धैर्यपूर्वक आफ्नो कर्तव्य संझी अल्छी नगरी राम्ररी कार्यसम्पादन गरी परिवारको स्नेहपात्र वन्न सक्तछन् । हो हामीले रातो दिन परिश्रम गर्दा पनि परिवारको पेटभर्न नसकिनेमहगीले ढाड भाचिएका छौं । तर पनि सदाचार धर्म संस्कृति मर्यादा आदि छोडन हुदैंन । २४ घण्टामा १ घडि मात्र उपासनामा लागी अरु समय अर्थोपार्जन र गृहकार्य कृषिकार्यमा संलग्न भएपनि त्यस बखतमा हामीले भित्रभित्रै मनले इष्टदेवलाई संझने अभ्यास गऱ्यौं भने वाहिरका हाम्रा इन्द्रियहरू बाह्यकार्यमा लागेपनि हाम्रो अन्तरात्मा देवताको उपसनामा संलग्न भइ हामी कल्याणदायक सत्कर्म तर्फलंकन समर्थ हुनेछौं । पछि पछि मन प्रसन्न हुदैंजान्छ, अर्थात् आत्मसन्तोष बढ्दछ । मनले मसक्क आट्नु पर्दछ, उपासनामा लागेकालाई नदेखिने गरी इष्टदेवले रक्षा गरि राख्नु हुन्छ । तर सन्देह अविश्वास लिएमापनि रक्षा हुदैन । श्रद्धा भक्ति र विश्वासका साथ कार्यसिद्धनगरि छोडदिन वरु ज्यान जाओसभनि दृढ निश्चय लिन्न पर्दछ ।

२५. गंगाजीको प्रवाह आविच्छिन्न रूपले समुद्र तर्फ लंकिए जस्तै उपासनामा साधकको मनपनि उपासकमा धारा प्रवाहले निरन्तर लागेको हुन्छ । तर यस्तो हुन थोरै समयको अभ्यास बाट हुदैन, सनकादि शुकदेव ध्रुव प्रह्लाद बुद्ध आदिको चरित्र संझी आधुनिक सच्चा महात्माहरूको अवस्था दृष्टि अवगतगरी सात्विक आहार सद्भावना सत्सङ्कल्प सत्सङ्ग संयम सत्यभाषण आदि नियममा रही श्रद्धा विश्वासका साथ अभ्यास गर्दै लगेमा अवश्य सिद्ध हुन्छ ।

२६. शास्त्रले भनेको छ हाम्रो आत्मा अजर अमर निर्गुण सत्‌चित् आनन्दस्वरूप सर्वशक्तिमान छ । न उसलाई भोक लाग्दछ, न तीर्खा न विषयवासना हामी त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आफ्ना पूर्वजन्मका संचितकर्मले आफूलाई विर्सी शरीर इन्द्रिय आदिलाईनै आत्मा संझी भ्रममा परिरहेका छौं । जपा कुसुम फूलको नगीचमा रहेको शुद्ध निर्मल स्फटिकमा फूलको प्रतिविम्बपरी रातो देखिएकोले झट्ट हेर्नेलाई रातो स्फटिक भन्ने झुटो भ्रमभए जस्तै हाम्री पनि म रोगी म बूढो म कानो म लङ्गडो मलाई भोक लाग्यो म दुब्लो म मोटो भएं इत्यादि शरीर प्राण वायु इन्द्रियहरूका भोक तीर्खा दुब्लो मोटो कानो आदि धर्म यी साथै रहेको आत्मामा अध्यास गरेर शरीर इन्द्रियलाई नै आत्मा हो भन्ने भ्रमले संझिराखेका छौं । पृथिवी अप् तेज वायु आकाश यी पञ्चमहाभूतबाट वनेको हाम्रो स्थूलशरीर र त्यसमा रहेका श्रोत्रेन्द्रिय चक्षुरिन्द्रिय आदिका दुब्लो मोटो कानो लंगडो आदि धर्म हुन आत्माका धर्म होइनन् । शरीर नाश भए पनि अजर अमर अविनाशी व्यापक आत्मा रही रहन्छ । सर्पले कांचूली फेरे जस्तै मानिसले पुराना थोत्रा कपडा फेरे जस्तै समय पुगेपछि थोत्रो पुरानो शरीर फेर्दछ । मल मूत्रले घेरिएको अन्त्यमा पोले खरानी फाले गीद्ध आदिले खाइ विष्टा गांडे किरा हुने तुच्छ विनाशी शरीरको पालन पोषणमा मात्र लागी अमूल्य जीवन फाल्नुहुँदैन । धर्मपूर्वक धन कमाई त्यसवाट सुख सयलगरी आनन्दपूर्वक सद्भावना सत्सङ्कल्प सत्कर्मले वस्न लाई त शास्त्रले दिएकै छ । तर आफ्नो स्वार्थका निमित्त अर्कालाई दुःख दिनु आर्कालाई विगारी आफू सप्रनु भ्रष्टाचार गर्नु राग द्वेष रिसलिनु यी किमार्थ पनि असल होइनन् । यसबाट न यस लोक न परलोकमा सुख हुन्छ । यस दुष्कर्मले अन्तरात्मामा कहिल्यै पनि शान्ति मिल्दैन । दुर्भावना राग द्वेष आदिलेपनि छोडदैन । शरीर अस्वस्थभइ दुःखमयजीवन वन्दछ ।

२७. परमेश्वरको उपासनामा लागेर आफ्ना सवै परिवार धन धान्य श्री सम्पत्ति आदि छोडनु भनेको होइन । हामीले अर्को जन्मलाई पनि पुण्यरूपि धन जम्मागरि राख्नु पर्दछ भनेको हो । स्वास्थ्यलाई वास्ता नगरी मनलागे अनुसार जथाभावी खाने पिउने विलास गर्ने सुत्ने आदि गरेमा त पशु र हामीमा के फरक भयो, हामी नै अन्तरात्माले विचार गरौं । हामीले वाहिरिया नाशवान तुच्छ यस शरीरलाई सिगार्ने पोशाक आभूषण मोति माणिक्य आदि जम्मा गर्ने तर्फ मात्र दृष्टि नदिऔं । यस जन्ममा सवैको सम्मान्य आदरणीय भई अर्को जन्ममा पनि कल्याणमयजीवन प्राप्तगरी गण्य मान्य वन्न पाउने संयम उदारता त्याग अहिंसा दया क्षमा सद्भावना परसेवा परोपकारिता आदि अमूल्य आभूषणहरू जम्मा गरी अन्तरात्मा लाई सिंगार्नेतर्फ लागौं ।

२८. परब्रह्मको अंश भएका आत्मस्वरूप हामीले अहिले गरेका कर्म अनुसार अर्को जन्म अवश्य लिन पर्दछ । हामीले परमात्मा परमेश्वरप्रति भक्तिभाव नराखी स्त्री पुत्र पति धनसम्पत्ति आदि बटुल्नमानै मस्त भयौं भने प्राणत्याग गर्ने समयमा पनि यी सवै दुःखले अर्जेका स्त्री पुत्र धनसम्पत्ति आदि छोड्न पर्ने भयो भनि आत्तिएको र व्यथाले असाध्य पीडा भैराखेको वखतमा परमेश्वरमा मनजान सक्तैन । प्राणत्याग गर्ने वखतमा मानिसले जस जसलाई संझन्छ त्यही अनुसार जन्म प्राप्त हुन्छ भन्ने शास्त्रवचन अनुसार उत्तमगतिप्राप्त हुदैन । त्यसैले पहिले देखिनै परमेश्वरकोभक्ति भावना उपासना आदिमा लागेर स्त्रीपुत्रादि र धनसम्पत्तिलाई यी जन्मनु भन्दा अगाडी थिएनन् मरेपछि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पनि पछिलाग्दैनन् भन्ने विचारगरी यिनीहरूमा आसक्ति त्यागगर्ने अभ्यासगर्दै प्रभुको शरणमा पहिले देखि परिराखेमा अन्त्यमा हामी परमेश्वरलाई संभ्कन समर्थ हुनेछौं । उत्तमगति प्राप्त भइ हाम्रो जन्म सफल हुनेछ ।

२९. हेर्नुहोस सवै प्राणीहरू नाङ्गै आउंछन नाङ्गै जानछन् यहां सधैंवस्न पाएका छैनन्, यो कुरा हामीले सयौं पटक आंखाले टुलुटुलु हेरी अनुभव गरि राखेका छौं । तर पनि हामी कहिल्यै मर्ननपर्ने जस्तोगरी असत्कर्मबाट अर्थात् भ्रष्टाचार परपीडन आदिबाट धन कमाउन तम्सन्छौं । यो कस्तो आश्चर्यलाग्दो छ, अव हामी यसवाट सतर्क होऔं । आफूले उद्योग गरि पसिनावाट कमाएको धनमानै सन्तोष रहौं, अन्याय अत्याचारबाट धन बटुली विलासमयजीवन विताउनेलाई हेयदृष्टिलेहेर्ने अभ्यास बढाऔं । त्यस्तो सुखभोगलाई परिणाममा हितकारक नहुनाले विषजस्तै संभ्कौं । मद्यमांस आदि तामसी आहारा छोडी शुद्ध सात्विक आहारा लिऔं । काम क्रोध लोभ मोह आदि दुष्टहरूलाई आफ्नो अगाडी पर्न नदिऔं । मनमा सधैं सद्भावना सत्सङ्कल्पलाई मात्र स्थान दिऔं । सधैं मन प्रसन्न राखौं अरुहरूलाई पनि सन्मार्गमा प्रवृत्त गराउन कोसिस गरौं । दुर्जनसंसर्ग परनिन्दा परापवाद परपीडन आदि त्यागौं । सके सम्म दरिद्र दुर्वल रोगीको सेवा गरौं, यिनीहरूलाई परमेश्वरको अंश संभ्कौं । आकारणकरुणावरुणालय अर्थात् निःस्वार्थ दयासागर परमात्मापरमेश्वरप्रति मनसा वाचा कर्मणा अनन्य श्रद्धाभक्ति विश्वास पूर्वक आत्मसमर्पण गरौं । यही हाम्रा निमित्त परमकल्याणकारक मार्ग हो । यसैबाट परमेश्वरले हामी उपर सदैव कृपादृष्टि राख्नुहुनेछ । हाम्रो जीवन सफल हुनेछ, यसमा सन्देह छैन ।

सवै प्राणीहरूको कल्याण होस् ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संस्कारको महत्व

१. संस्कारशब्द सम् उपसर्ग लागेको गर्नु अर्थ भएको कृ धातुदेखि भावअर्थमा घञ्प्रत्यय र सुट् आगम भएर वनेको हो । सम्परिभ्यां करोतौ भूषणे यस पाणिनिसूत्रले भूषण अर्थात् सिर्गानु अर्थमा सुट् आगम भएकोले संस्कार शव्दको अर्थ सुशोभित गर्नु हो ।

२. संस्कार दुई किसिमका छन् , लौकिकसंस्कार र वैदिकसंस्कार । शुद्धगर्नु , गुणपैदागर्नु, गहनाहरू उजिल्याउनु, कपडाहरू धोएर सफागर्नु र रत्नहरूलाई घोट्नु कांटछांट गर्नु, सुनलाई पोलेर सफागर्नु, ऐना आदिमा लागेका मलपुछी निर्मलगर्नु, घर द्वारआदि लिपपोतगर्नु, भत्केका देवमन्दिर आदिको जीर्णोद्धारगर्नु, खेतवारी आदिलाई खनजोतगर्नु इत्यादि लौकिक संस्कार हुन् ।

३. चरुआदि हवनीय द्रव्यलाई विधिपूर्वक पखालेर अदृष्ट विशेष पैदागरी हवनगर्न योग्य बनाउनु, मन्त्रमा सामर्थ्य आओस् भनी विधिपूर्वक मन्त्रको दशसंस्कार गर्नु, यज्ञस्थलको पञ्चभूसंस्कारगर्नु, गर्भाधान, पुंसवन, सीमन्तोन्नयन, चूडा आदि शास्त्रविहित संस्कारगर्नु इत्यादि वैदिक संस्कार हुन् ।

४. लौकिकसंस्कारको अर्थ पदार्थमा रहेका दोष मल अवगुणहरू हटाएर त्यो वस्तुलाई मनोहर उपभोगयोग्य वनाउनु । वैदिक संस्कारको अर्थ वस्तुमा विलक्षण अदृष्टविशेष पैदागर्नु र शरीर मन आत्मा आदिको शुद्धिगर्नु हो ।

५. परमेश्वरको इच्छाले खडाभएको यस संसारमा जति पदार्थहरू देखिएका छन् । ती पदार्थहरू आद्या शक्ति (प्रकृतिदेवीका) देन हुन् । मानवजाति पनि महामाया भगवतीको खेलौनानै हो, जडपदार्थ र चेतनपदार्थमा ज्यादै अन्तर हुनाले सृष्टिको आदिकाल देखिनै ज्ञानशक्तिको प्रभावले मानव जातिले उपभोगगर्ने पदार्थलाई संस्कारगर्ने तर्फ पाइला चाल्दै आएको देखिन्छ । मानवजाति आफ्नो स्वार्थ साधनका निमित्त नयां नयां वस्तुहरूको अन्वेषण र आविष्कार गर्दछ । त्यसैमा आनन्दको अनुभव लिन्छ । आविष्कार गर्न नसकेमा प्रकृतिले उपभोगगर्न दिएका वस्तुहरूमा नै संस्कारगरी अथवा कांटछांट गरी आफ्नो मनको प्रवल इच्छालाई शान्त गराउछ । सुन्दरपारेका ती वस्तुहरूलाई उपभोग गर्दछ । त्यसैले लोकव्यवहारमा प्रकृतिवाट पाएका वस्तुलाई प्राकृत र मानवले आफ्नो तर्फवाट संशोधन गरेका पदार्थलाई कृत्रिम भन्ने व्यवहार गरिन्छ ।

६. हुनत ईश्वरका अनुग्रहवाट पाएका प्राकृत पदार्थहरूमा कृत्रिम पना नभई स्वाभाविकता मात्र रहेकोले वनावटी वस्तु भन्दा प्राकृतपदार्थहरूको महत्त्व ज्यादै वढी छ, प्राकृत सौन्दर्यस्थलको अवलोकन गर्न तंछाड मंछाड गरी आउने आधुनिक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सभ्यदेशका पर्यटकहरूको वाह्रै महिनामा लागेको मेलाले पनि यो कुरा सिद्ध गरेको छ, तर वस्तुविशेषमा कृत्रिमपनाको पनि कम महत्व छैन ।

७. सर्वशक्तिमान् परमेश्वरबाट ज्ञानशक्तिको वरदानपाएको मानवजातिले प्राकृतपदार्थलाई संस्कार गरी भूमण्डललाई सौन्दर्ययुक्त मनोहर हराभरा पारी ईश्वरको सृष्टिलाई सिगार्न अघि सरेकोले सृष्टिकर्ता भगवान्लाई सघाउ गरेको देखिंन्छ ।

८. सृष्टिको आदिकालमा सवै संसार शून्यजस्तै नरो वा कुन्जरो वा केही नभएको थियो, एक अकेला ब्रह्माजी म कहांबाट आएं ? मैले के गर्ने ? इत्यादि मानसिक आन्दोलनको चक्करमा परिराखेकोले सर्वत्र कस्तो कस्तो अशान्त वातावरण उत्पन्नहुने अवस्था देखिन्थ्यो । केही समय पछि पनि कतै घनघोर डरलाग्दो कालो नीलो जङ्गलको दृश्य थियो त कतै तिर वारपार नदेखिने पानीको संसार देखिन्थ्यो । मानिसको आवादि बढ्दै जान धेरै समयलाग्नु स्वाभाविकै हो । त्यसमा पनि प्रजाहरू प्रशस्त बढून् भनेर प्रयासगर्ने प्रजापतिका सन्तानलाई नारदादि महर्षिहरूले वीचवीचमा गृहस्थाश्रमको झमेलामा नलाग, ब्रह्मचर्यपालन गर, ज्ञानमार्गमा लाग भनी वहकाइ दिनाले र कुनै कुनै सन्तानहरू आफ्नै इच्छाले गृहस्थाश्रममा नलागी योगी - भएकाले पनि सन्तान बढाउन धौ धौ परेको थियो ।

९. जति जति समय वदलिदै गयो त्यति त्यति मानवमस्तिष्क पनि परिवर्तन हुदै गयो । पहिले पहिले मानवहरूको दृष्टि बाह्यशरीरको संस्कारमा भन्दा अन्तस्करणको संस्कारतर्फ ज्यादागएको थियो, अन्तस्करण शुद्धभई मानिसहरू सन्मार्गमा प्रवृत्त हुन् भनी वैदिकसंस्कार शास्त्रले बताएको छ ।

१०. यहांनिर शंका उठ्न सक्छ कि संस्कार गरेका मानिसहरू मात्र योग्यहुने भए अहिले अमेरिका रुस आदिमा त्यत्रा त्यत्रा चन्द्रयान सम्म तयार गर्ने वैज्ञानिकहरू कसरी खडा भए त ? के तिनीहरूले वैदिकसंस्कार पाएका थिए ? भौतिक उन्नतिको चरमसीमामा पुगिसकेका पाश्चात्त्य देशहरूमा विज्ञानले गर्दा उनीहरूको जीवन भौतिकदृष्टिले ज्यादैं उच्चस्तरको छ । उनीहरूले प्राकृतपदार्थलाई संस्कारगर्ने तर्फपनि ज्यादै प्रगति गरिसके । अविकसित देशहरू उनीहरू जस्तो हुनपाए कस्तो हुन्थ्यो भनी चकचकाउछन् । कतिपय प्रकृतिको विरुद्ध अभियानमा पनि सरीकभई नयां नयां पदार्थ खडागर्न र अगम्यस्थलमा जानपनि समर्थभएका छन् । पहिले वैज्ञानिकहरूले १० वर्ष भित्र हामीहरू चन्द्रलोकको यात्रा पूरा गर्नेछौ भनी भविष्यवाणी बोल्दा त्यस समयमा उपहास नगर्ने मानिस कमै थिए होलान् ।

११. यस्तो शंका उठ्नु स्वाभाविकै हो तर उनीहरू साधारण मानिसजस्तो मनमोजी विलासी मानव भएकाभए अवश्य पनि वैज्ञानिक भन्ने कल्पान्तसम्म रहने भूषणले भूषितभएर मानवसमुदायका आदरणीय एवं दर्शनीय प्रियपात्र बन्न सक्ने थिएनन् । इन्द्रियहरूलाई वश गरेर एकाग्रभइ तन मन वचन धनले कुनै महत्वपूर्ण साधनामा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संलग्न रहदा अवश्य नै त्यो कार्य पूरा हुन्छ । सामान्य किसिमको सुख साधनलाई पनि वास्ता नगरी रातोदिन अन्वेषणकार्यमा लागेका वैज्ञानिकहरू संयमी छन् भन्ने कुरामा शङ्का रहन्न । तर यति हुंदाहुंदै पनि भन्नु पर्दछ कि तिनीहरूको साधना बहिर्मुखी मात्र छ । अन्तर्मुखी छैन । हामी को हौ, कहांबाट आयौ, किन आयौ ? कहां जान्छौ ? किन जान्छौ ? हाम्रो स्वरूप के हो ? इत्यादि आन्तरिकअन्वेषण तर्फ उनीहरूको दृष्टि गएको छैन । खाली भौतिक वस्तुको खोजमानै ती मस्तपरेका छन् । तर आध्यात्मिक भावनाले प्रश्रय नपाएको कोरा भौतिक उन्नतिले यत्रो चकाचक चौध गर्दा पनि राग, द्वेष घृणा ईर्ष्याहरू परस्परमा वढदै गएका छन् । विज्ञानको चमत्कारले अब संसारलाई नै एकै चिहान बनाउछ कि भनी मानवसमाज आज त्रस्त छ, शान्ति छैन । जति सुख विलासका साधनमिले पनि मानव अशान्तछ ।

१२. मानवले प्रकृतिबाट पाएको कपासलाई गेडानिकाली धागो काती कपडा तयारगरी, त्यसलाई कांटछांट गरी सिलाई टांक आदि राखेर मानिसको शरीरमा मिलाएर कोट कमिज आदि सुन्दर वस्त्र तयार गर्दछ । गहुंलाई फली पीठो पारी घिउ चिनि आदिको सहयोगबाट पूरी हलुवा जेरी आदि बनाउछ । दूधलाई संस्कार गरी देखदैंमा जिब्रो रसाउने मीठा मीठा मिठाईहरू तयार गर्दछ । संस्कार नगरेको गहुले जिब्रोलाई आकर्षण गर्न नसक्ने र कपासले मात्र अङ्गढाक्दा मानिसहरूले हंसी उडाउने कुरा सवैले अनुभव गरेकै छन् ।

१३. भूषणतर्फ दृष्टिदिदां पनि हीरा माणिक भनेका माटाभित्र दविएर पडिरहेका वस्तु हुन् । तिनीहरूलाई खानीवाट झिकी काट छांट गरी विग्रेका र नराम्रा भागहरू फाली घोटी चमकदार झलझलाकार गराएर औंठी टप आदिमा जडे पछि मात्र त्यसको विशेषशोभा र महत्त्व हुन्छ ।

१४. संसारमा संस्कार ज्यादै आवश्यक भएको कुरा कालले पनि परिपुष्ट गरी हामीलाई देखाई दिएको छ । जन्मना साथ मलमा मुछिएको अर्धचेतन, बोल्न र सङ्केत गर्नसम्म समर्थ नभएको अनजान प्राकृत बालकलाई संस्कारगर्दै मनोहर, शोभायुक्त र सबैको आंखालाई आनन्दपार्ने यौवन अवस्थामा पदार्पण गरेको समयले गराउछ ।

१५. सानो अवस्थामा औंलाले लुछेर फाल्न सकिने मौका पाएमा सानै पशुको पनि एक गांस सम्म नहुने वरपीपलको विरुवा कालले संस्कार गर्दा गर्दै अगम्य आंखाले सवैतर्फ हेर्न नभ्याउने हजारौ चरा चुरुङ्गीलाई गांस वासको व्यवस्था गर्ने विशाल र मनोहर रूपमा परिणत हुन्छ ।

१६. समयले संस्कार गर्दा छाया दाउरा फलफूल आदि द्वारा परोपकारको निमित्त मात्र जीवन पाएका पूर्णचेतन भएका मानिसहरूलाई पनि परोपकार महाव्रतको उच्चआदर्शको शिक्षा दिन उम्रेका हुन् कि भनी सम्भावना गर्न सकिने, आंप सुन्तला

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आदि वृक्षका फलफूलहरू आफ्नो पहिलेको टर्रो अमिलो सानो हरियो अवस्थाबाट अमृतमय स्वादिलो रस र मनोहर रूपलिई मानवको सेवाका निमित्त तत्पर हुन्छन् ।

१७. यसरी लौकिकसंस्कार यस लोकको सुख सयलका निमित्त आवश्यक छ भने वैदिक संस्कार त यसलोक परलोक दुवैका निमित्त उपयोगी छ । आफ्नो समाजमा अधिकार प्राप्तगर्न संस्कार गरेको हुनै पर्दछ । चूडा उपनयन संस्कार गरेको छैन भने त्यस्ता व्यक्तिको मानसिकस्तर त्यति उच्च हुदैन ।

१८. शरीर नै आत्मा हो, मरेपछि खरानी सिवाय केही रहदैन, अर्को ज़न्म छैन, जसरी हुन्छ आनन्दसाथ यस जीवनलाई विताउनु पर्दछ, कानूनलाई बचाएर जे पनि गर्नहुन्छ, विधिनिषेधको झमेलामा परेर शरीरलाई दुःखदिनु जिब्रोलाईठग्नू मूर्खता हो, मनले चाहेका वस्तुको उपभोग गर्नु पर्दछ, मोजमज्जा उडाउनु नै जीवनको सार हो भन्ने भौतिक धारणा भएका मानिसहरूका निमित्त वैदिक संस्कारको मर्म त्यति स्पष्ट नहोला तर आस्तिक जगत्का निमित्त यसको ज्यादै आवश्यकता छ । संस्कृतब्राह्मणका मुखबाट निस्केका शुद्ध उच्चारणभएका वेदका मन्त्रहरूमा अद्भुत शक्तिछ । त्यस्ता वेदका मन्त्रहरूको उच्चारण पूर्वक गरिएका वैदिक संस्कारहरूबाट प्रज्ञा, तेज, बल, आरोग्य, आयुष्य, मेधा आदिको वृद्धि हुनु आश्चर्यको कुरा होइन । मुख्य कुरा संस्कार गराउने ब्राह्मण सदाचारी वेदका मन्त्रहरूको उदात्त अनुदात्त आदिस्वर र कण्ठतालु आदि स्थानको विचारगरी शुद्ध उच्चारणगर्न सक्ने पवित्र हुनु पर्दछ । कार्यगर्ने मानिसलाई गर्न लागेको कुरामा श्रद्धा भक्ति विश्वास हुनु पर्दछ । सो नभई गरेको र विधि नपुगेको कुराबाट कहिल्यैपनि फल प्राप्ति हुन सक्दैन । यो कुरा गीता अध्याय १७ श्लोक २८ मा स्पष्ट उल्लेखछ ।

१९. लौकिक संस्कारकै विषयमा पनि पूरा संस्कार हुन सकेन भने संस्कार गरिएको वस्तु उपयुक्त हुन सक्दैन । धान कुट्न लाग्दापनि धान नसुकेमा अथवा धेरै सुकेमा चामल राम्रो बन्दैन । चामल पकाउंदापनि पानी धेरै अथवा थोरैभएमा राम्रो भुजा बन्दैन । दिव्यदृष्टि सम्पादन गरेका महर्षिहरूले हाम्रा निमित्त जो विधि विधान शास्त्रमा बताएका छन्, ती नियममारही शास्त्रको मर्यादा पालन गरेमा हाम्रो यस लोक परलोक दुवैमा ठूलो कल्याण हुनेछ ।

२०. मानव यस धरतीमा खाली मोजमज्जा उडाउन मात्र जन्मेको होइन, यसले धर्म अर्थ काम मोक्ष चारै पुरुषार्थप्राप्त गर्नुपर्दछ । खालि अर्थ र काममा मात्र आफ्नो जीवन अर्पियोभने पशुजीवनबाट त्यो कदापि मास्तिर उक्लन सकेको ठहरिदैन । भोगविलास र पेटभर्ने काम पशुले पनि गरेकै छ । धर्म र मोक्ष प्राप्तिका निमित्त मानव सधै प्रयत्नशील हुनु पर्दछ । त्यस तर्फ प्रवृत्ति गराउन वैदिक संस्कारहरूको आवश्यकता छ । मानिस शङ्का गर्दछ कि संस्कार गर्दैमा पुत्र पैदाहुने भए सबै छोरा पाउथे । ठीक हो तर गर्भाधान भएपछि श्रद्धा भक्ति विश्वास र विधिपूर्वक पुंसवनसंस्कार गर्‍योभने निश्चय पुत्र पैदा हुन्छ । कारण यो संस्कार गर्भाधान भएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दोश्रो महिनामा गरिन्छ । त्यसवेला सम्म गर्भ एक मांसपिण्डि मात्र वनेको हुन्छ । अर्थात् स्त्रीत्व पुंसत्व छुट्याउने अंवयवहरू बनेका हुदैनन् । स्त्रीमा छोरो नै भए वेश् हुने थियो भन्ने भावनात स्वतः सिद्ध हुन्छ । पढिने वेदका मन्त्रहरू अमोघशक्ति भएका छन् । आचारनिष्ठामा रही पवित्रआत्मा भएका वेदपढेका ब्राह्मणका मुखवाट मन्त्रको शुद्ध उच्चारण भयो भने त्यसको महत्त्व कम छैन । स्वस्तिवाचन पूर्वक ब्राह्मणहरूले दिएका आशीर्वादको पनि गर्भिणी स्त्रीमा प्रभाव पर्दछ । वरको जरा सोमलता आदि औषधी सेवनपनि यो संस्कारमा समावेश भएको छ । यसले पनि वातपित्त आदि दोषलाई नाशगरी वलवीर्य बढाएर मांसपिण्ड पुरुषाकारमा परिणत हुन मद्दत गर्दछ । श्रद्धा र विश्वास भएमा फलप्राप्ति अवश्य हुन्छ । मन्त्रका प्रभावद्वारा साधकहरूले ठूला ठूला कुरा सिद्धगरेको पाइन्छ, भावनाको जरुरत छ । भावनालेनै गर्दा ढुङ्गा आदि देवमूर्ति मानिआएको सबैले अनुभव गरिराखेकै छन् । यसमा आश्चर्यमान्ने कुरा छैन । उपनयन गरेपछि त्यो कुमार म ठूलोभए, पूजाकोठा भान्छाकोठा आदिको अधिकारीभए, मेरो इज्जत प्रतिष्ठा वढ्यो, सवले मान्ने प्रेम गर्नेभए आदि उमङ्ग बढीप्रसन्नता आनन्दीपना आएको सवैले देखेकै छ । विधिपूर्वक उपनयन संस्कार भई सन्ध्यावन्दनादि नित्यकर्ममा प्रवृत्त भईसकेपछि त सौम्य तेजिलो भव्य पनि भैहाल्छ । भावनामय संसारमा सदभावना राखे भावना साकार हुन धेरै समय लाग्दैन, त्रिकालदर्शी महर्षिहरूलाई वैदिकसंस्कारको महत्त्व थाहा भएरनै आफ्ना सन्ततिलाई यस तर्फ प्रवृत्त गराएका हुन् । वैदिक संस्कारहरू अतीवग्राह्य छन्, त्याज्य छैनन् । यो दुःखको कुरा छ कि, आजकाल सत्कर्म गर्दा कर्ता यजमानमा श्रद्धा भक्ति विश्वास सद्भावना आदि सात्विक तत्त्वहरू त्यस्तै गुरु आचार्य पुरोहित आदि पूज्य ब्राह्मणहरूमा सदाचार संयम सत्सङ्कल्प सत्यनिष्ठा सद्विद्या आध्यात्मिकभावना आदि हुन पर्ने गुणहरूपनि हराउदै गएकाले गरेकोसत्कर्महरू विधिपूर्वक नभई ती सत्कर्महरूबाट यथोचित फलप्राप्ति हुन छोडेको छ । यस संवेदनशील विषयलाई मनन गरी हामी दुवै पक्षले आफ्नो आफ्नो सदाचार नियममा रही आर्यधर्म पालनगरी वैदिक संस्कारको महत्त्व देखाऔं, आफ्नो अमूल्य मनुष्यजीवन सफल पारौं, आध्यात्मिक उन्नतिको वास्ता नगरी भौतिक उन्नति तर्फ मात्र लागी विलासमयजीवन विताएर पनि शान्ति नपाई राग द्वेष असन्तोष कलह ईर्ष्या आतङ्क आदिले संत्रस्त विदेशीहरूका अगाडि उच्च मानव बनौं । यही मानवकर्तव्य र कल्याणदायक मार्गपनि हो । अरुहरूलाई पनि यस विषयमा सचेत गराऔं । हे परमेश्वर हामी सबैलाई सद्बुद्धि प्रदान गर्नुहोस ।

ॐ नमो नारायणाय

इति समाप्तम्

Acc. 552 / 95

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रा. रामचन्द्र पौडेल

१. जन्म	वि.सं. १९७२ चैत्र शुक्ल पूर्णिमा ।
२. शिक्षा	नव्यव्याकरणाचार्य तथा साहित्याचार्य मध्यमा देखि आचार्य सम्मका १३ वर्षका सबै परीक्षामा प्रथम श्रेणी ।
३. जन्मस्थान	ललितपुर जिल्ला लुभू सिस्नेरी, लामाटार गा.वि.स. ।
४. निवासस्थान	ललितपुर उप महानगरपालिका, वार्ड नं. २, सानेपा ।
५. सेवा	व्याकरणाचार्य, साहित्याचार्य तथा संस्कृत एम.ए.मा प्राध्यापन तथा उप प्रधानाचार्य, आचार्य विभागीय प्रमुख, विश्व विद्यालय सभासद्, प्राज्ञिक परिषद्, सेवा आयोग विशेषज्ञ आदि ।
६. पदक	(क) महेन्द्र विद्याभूषण पदक, (ख) जनपद सेवा पदक, (ग) श्री ५ महेन्द्र शुभ राज्याभिषेक पदक, (घ) श्री ५ वीरेन्द्र शुभ राज्याभिषेक पदक ।
७. ग्रन्थ	संस्कृत व्याकरण तथा वैय्याकरण परिचय मौलिक, ऐतिहासिक, त्रि.वि.वि.बाट प्रकाशित ।
८. कृति	मर्यादा, सुरभि, हैमवती, ऋतम्भरा आदिमा अनुसन्धानात्मक निबन्ध १½ दर्जन भन्दा बढी प्रकाशित ।
९. सामाजिक कार्य	संस्कृत प्रसारिणी समिति, नारी विद्यापीठ, टीका विद्याश्रम मा.वि.को अतीतको संचालक र स्थानीय ढुङ्गेधारा सत्सङ्ग, भवन निर्माण र संरक्षण समितिको अद्यावधि अध्यक्ष, घरमा निःशुल्क अध्यापन आदि ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu